**DIRECTORATE OF DISTANCE EDUCATON**

**UNIVERSITY OF NORTH BENGAL**

**MASTER OF ARTS - NEPALI**

**SEMESTER-IV**

# विश्व साहित्यको सर्वेक्षण

**NEP(DE)-PG-C-402**

## BLOCK – 1

**UNIVERSITY OF NORTH BENGAL**

Postal Address:

The Registrar,

University of North Bengal,

Raja Rammohunpur,

P.O.-N.B.U.,Dist-Darjeeling,

West Bengal, Pin-734013,

India.

Phone: ( O ) +91 0353-2776331/2699008

Fax:( 0353 ) 2776313, 2699001

Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in

Wesbsite: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted,in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorised act in relation to this book may be liable to criminal prosecution and civil claims for damages. This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self-Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavours.

# विश्व साहित्यको सर्वेक्षण

## BLOCK 1

एकाइ **1** विश्व साहित्यका निर्माताहरूका साहित्यिक व्यक्तित्व र कृतित्वको परिचयात्मक अध्ययन........................................................................................... **7**

एकाइ - 2 व्यास, भास, कालिदास, भारवि, माघ, शूद्रक, वाणभट्ट, भवभूति, भर्तृहरि **25**........................................................................................... **34**

एकाइ **- 3** हिन्दी साहित्य, कवीरदास, सूरदास, तुलसीदास, भारतेन्दु हरीशचन्द्र, मैथिलीशरण गुप्त ........................................................................... **54**

एकाइ - **4** प्रेमचन्द, पन्त-प्रसाद-निराला, अज्ञेय, ............................................ **80**

एकाइ - **5 बङ्गला साहित्य, माइकल मधुसूदन दत्त, बङ्किमचन्द्र चट्टोपाध्याय** ........................................................................................... **99**

एकाइ - **6** शरच्चन्द्र चट्टोपाध्याय, रवीन्द्रनाथ ठाकुर, काजी नजरुल इस्लाम......... **122**

एकाइ - **7** फारसी साहित्यकार अमिर खुसरो, उमर खैय्याम र ग्रिसेली साहित्य अनि होमर, ........................................................................................... **142**

## BLOCK-2

एकाइ–8 अङ्ग्रेजी साहित्य, सेक्सपियर, वड्स्वर्थ

एकाइ–9 सेली, कलरिज, बर्नार्ड सा

एकाइ–10 फ्रान्सेली साहित्य, मोपासाँ, बाल्जाक, अमेरिकी साहित्यकार ह्विटम्यान

एकाइ–11 रुसी साहित्य फ्योदोर दस्तोएभस्की, आन्तोन चेखव

एकाइ–12 टल्स्टय, म्याक्सिम गोर्की, हेनरिक इब्सेन

एकाइ–13 लु स्युन, कावावाता यासुनारी ,बासो ,

एकाइ–14 स्यामुअल बेकेट ,बर्तोल्त ब्रेख्त ,लुइगी पिरान्डेलो

# BLOCK-1 विश्व साहित्यको सर्वेक्षण

**Introduction To The Block**

यस विश्व साहित्यको सर्वेक्षण, विश्व साहित्यका निर्माताहरूका साहित्यिक व्यक्तित्व र कृतित्वको परिचयात्मक अध्ययन अन्तर्गत रहेको यस प्रभाग - १ लाई हामी यसरी अध्ययन गर्न सक्छौँ–

**एकाइ – 1, विश्व साहित्यको सर्वेक्षण, विश्व साहित्यका निर्माताहरूका साहित्यिक व्यक्तित्व र कृतित्वको परिचयात्मक अध्ययन, संस्कृत साहित्य, बाल्मीकि**

यस एकाइमा विश्वसाहित्यको परिचय, विश्व साहित्यका निर्माताहरू साहित्यिक व्यक्तित्व, कृतित्व परिचयात्मक अध्ययन अन्तरगत संस्कृत साहित्यको संक्षिप्त सर्वेक्षण तथा बाल्मीकिमाथि अध्ययन अध्ययन गरिने छ।

**एकाइ – 2, व्यास, भास, कालिदास, भारवि, माघ, शूद्रक, वाणभट्ट, भवभूति, भर्तृहरि**

यस एकाइमा माथि उल्लेखित साहित्यकारहरूका साहित्यिक व्यक्तित्व र कृतित्वमाथि परिचयात्मक अध्ययन गरिने छ।

**एकाइ – 3, हिन्दी साहित्य, कवीरदास, सूरदास, तुलसीदास, भारतेन्दु हरीशचन्द्र, मैथिलीशरण गुप्त**

यस एकाइमा हिन्दी साहित्यको संक्षिप्त सर्वेक्षण अनि माथि उल्लेखित साहित्यकारहरूका साहित्यिक व्यक्तित्व र कृतित्वमाथि परिचयात्मक अध्ययन गरिने छ।

**एकाइ – 4, प्रेमचन्द, पन्तनिराला-प्रसाद-, अज्ञेय**

यो एकाइ हिन्दी साहित् अनि साहित्यकारको क्रमिक रूपमा रहेको अर्को एकाइ हो। यसमा हिन्दी साहित्यकार प्रेमचन्द पन्तनिराला-प्रसाद- र अज्ञेयका साहित्यिक व्यक्तित्व र कृतित्वमाथि परिचयात्मक अध्ययन गरिने छ।

**एकाइ – 5, बङ्गला साहित्य, माइकल मधुसूदन दत्त बङ्किमचन्द्र , चट्टोपाध्याय**

यस एकाइमा बङ्गला साहित्यको संक्षिप्त इतिहासको सर्वेक्षण गरिने छ। यसका साथै बङ्गला साहित्यकार माइकल मधुसूदन दत्त अनि बङ्किमचन्द्र चट्टोपाध्यायको साहित्यकारिता अध्ययन गरिने छ।

**एकाइ – 6 शरच्चन्द्र चट्टोपाध्याय नजरुल काजी ,ठाकुर रवीन्द्रनाथ , इस्लाम**

यस एकाइमा बङ्गाली साहित्यकारहरू शरच्चन्द्र चट्टोपाध्याय नाथरवीन्द्र , इस्लाम नजरुल काजी ,ठाकुरको साहित्यिक व्यक्तित्व र कृतित्वमाथि परिचयात्मक अध्ययन गरिने छ।

**एकाइ – 7 फारसी साहित्यकार अमिर खुसरो, उमर खैय्याम, ग्रिसेली साहित्य र होमर**

यस एकाइमा माथि उल्लेखित साहित्यकारहरूका साहित्यिक व्यक्तित्व र कृतित्वमाथि परिचयात्मक अध्ययन गरिने छ।

# एकाइ 1 विश्व साहित्यका निर्माताहरूका साहित्यिक व्यक्तित्व र कृतित्वको परिचयात्मक अध्ययन

**संरचना**

1.0 उद्देश्य

1.1 परिचय

1.2 संस्कृत साहित्यको संक्षिप्त सर्वेक्षण

- 1.2.1 वैदिक साहित्य युग
- 1.2.2 आर्ष साहित्य युग
- 1.2.3 पाणिनी साहित्य युग

1.3 लैकिक संस्कृत साहित्य

1.4 आधुनिक संस्कृत साहित्य

1.5 वैदिक वाङमय

1.6 संहिता, उपनिषद् र ब्रह्माण

1.7 संस्कृत गद्य साहित्य

1.8 पैराणिक वाङमय

1.9 बाल्मीकि

1.10 रामायण

1.11 उपसंहार

1.12 सार

1.13 अनुशीलन

1.14 अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ

1.15 मूल्यवृद्धिका निम्ति उत्तर

## 1.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईँ निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- विश्व साहित्यको परिचय
- संस्कृत साहित्यको परिचय

- संस्कृत साहित्यका विभिन्न कालखण्ड र त्यस समय लेखिएका रचनाहरू
- बाल्मीकिको साहित्यिक प्रवृत्ति
- रामायणको काव्यसौन्दर्य

## 1.1 परिचय

आज विश्वका विभिन्न देशहरूमा तुलनात्मक साहित्य अनि विश्व साहित्य विश्वविद्यालयहरूमा, अध्ययन -केन्द्रहरू आदिका पाठ्यक्रममा समावेश गरिएको पाइन्छ। विश्व साहित्य कुन, कस्तो किताबहरू राख्न सकिन्छ भन्ने प्रश्नको उत्तर सोझो रूपमा दिन सकिँदैन। साहित्यका विभिन्न विधाहरूमा राम्रा राम्रा किताबहरू धेरै लेखिएका छन्। विश्व साहित्यमा अङ्कित हुन मापदण्डहरू के के छ? जस्ता प्रश्न पाठको मनमा स्वतः भने भए पनि यसको उत्तर त्यति सजिलो छैन। तर विश्व साहित्य भनेर जुन पाठ्यक्रम बनाइएको छ त्यसमा समावेश गरिएका कृति र कृतिकारहरूले संसारलाई आफ्नो विचारधारा, सौन्दर्यशास्त्रले प्रभावित तुल्याएको देखिन्छ।

विश्व साहित्यको परिकल्पना पाश्चात्य तथा पूर्वीय दुवैतर्फका विद्वान्हरूले उत्सुकतापूर्वक गरेर देखाएका छन्। पाश्चात्य साहित्यमा विश्व साहित्यको परिकल्पना गर्ने साहित्यकार गेटेलाई मानिन्छ। गेटेले विश्व साहित्यलाई वेल्ट लिटरेचर नाम दिएर सर्वप्रथम विश्वसाहित्यको निर्धारण गर्न खोजेको पाइन्छ। पूर्वीय तथा भारतीय विद्वान्हरूमा रवीन्द्रनाथ ठाकुरले विश्वसाहित्यलाई 'युनिभर्सल लिटरेचर' विश्व साहित्यको संज्ञा दिएको पाइन्छ। विश्वभरिकै विभिन्न भाषाहरूको साहित्यिक, सांस्कृतिक तथा सौन्दर्यपरक प्रभावहरूको विश्व साहित्य अन्तर्गत अध्ययन र निरुपण गर्ने कार्य हुन्छ। अधिकांश विद्वान्हरूले विश्व साहित्यको तात्पर्य विश्वका कुनै पनि साहित्यका सारमूलक साहित्यिक इतिहासको अध्ययनले हो भनेका छन्। विश्व साहित्य अन्तर्गत साहित्यको विभिन्न आन्दोलनहरू मूल मूल प्रवृत्तिहरू आलोचना तथा समालोचनाहरू विभिन्न कालखण्डको विवरणहरू विश्लेषितहरू हुन आउँछन्। विश्व साहित्यमा यसको व्यापक अर्थ काल तथा प्रभाव आदि सन्निहित पाइन्छन्। विश्वका कुनै पनि क्षेत्रका विशिष्ट साहित्य कृतिलाई विश्व साहित्यको अध्ययनको आधार मानिन्छ। यस्ता साहित्यलाई श्रेष्ठ वा शास्त्र वा प्रौढ साहित्य भन्ने गरेको पनि पाइन्छ। मास्टर पिस लिटरेचर, (क्लासिक लिटरेचर) होमरको 'इलियड' र 'ओजिरी', दाँतेको (डिभाइन

कमेडी', बाल्ज्याकको 'कमेडी ह्युमन', मिल्टनको 'प्याराडाइज लस्ट', बायरनको 'डन जुवन', कालिदासको 'अभिज्ञान शाकुन्तलम्', रवीन्द्रनाथ ठाकुरको 'गीताञ्जलि', वाल्ट ह्विटम्यानको 'लिम्स अफ ग्रास' आदि विश्व साहित्यका श्रेष्ठ साहित्यिक उपलब्धि हुन्। विश्व साहित्यमा विश्व साहित्यका विशिष्ट कृति, विशिष्ट कृतिकार, विश्व प्रवृत्ति आदिलाई समान महत्त्व दिन्छ। देश, काल, योग्यता तथा तीव्रताका आधैरमा विश्व साहित्यको मूल्याङ्कन गर्न सकिन्छ।

विश्वसाहित्यमा दरिनलाई कुनै पनि साहित्यको गुण वा विशेषता नै त्यसको कारक तत्त्व बन्न सक्छ। कुनै पनि साहित्य वा साहित्यिक विचारधारा जसले विश्वलाई नै प्रभावित पार्न सक्छ भने त्यो पनि विश्व साहित्यमा अँटाउन पुग्छ। विश्व साहित्यमा अङ्कित हुनलाई एउटा भाषाको कृति अन्य भाषामा अनुवाद हुन आवश्यक देखिन्छ। आजा विश्व साहित्यमा विशिष्ट स्थान ओगटेका कृतिहरू धेरै भाषामा अनुवाद भएर पाठक समक्ष पुगेको पाइन्छ। संसारका विभिन्न भाषामा विभिन्न साहित्य लेखिएका छन्। ती साहित्यहरू तथा साहित्यकारहरूको परिचयात्मक सर्वेक्षण यहाँ गरिन्छ-

## 1.2 संस्कृत साहित्य

आज हामीसँग अनेकन भाषाहरू रहेका छन्। ती भाषाहरूमध्ये विश्वका सबैभन्दा पुराना भाषाहरू संस्कृत, ग्रीक र ल्याटिन, हिब्रू आदि पर्दछन्। भारोपेली भाषा परिवारमा संस्कृत भाषा सबैभन्दा जेठो मानिन्छ। संस्कृत भाषा मूलतः आर्यहरूको भाषा हो र यो आर्य समुदायमा निकै प्रचलित र समृद्ध भाषा हो। यो भाषाले प्रसिद्धिको शिखर प्राप्त गरेर आफूलाई देव भाषाका रूपमा समेत स्थापित गरेको थियो।

यो भाषाको समयावधि निकै प्राचीन रहे पनि इतिहासकाहरू यसको अस्तित्व ४५०० वर्ष पूर्वको समयावधि मान्छन् र यो भाषिक रूपमा नेपाली, हिन्दी, भोजपुरी, मैथिली जस्ता आधुनिक आर्य भाषाको पुख्यौली स्रोतका रूपमा रहेको पाइन्छ। वैदिक कालमा यो भाषा बोलीचालीको व्यवहारको भाषा र धार्मिक क्रिया संपादनको भाषा थियो। यो भाषा लोक भाषा स्तरीय भाषा हुँदै व्याकरण सम्मत शुद्ध भाषा भाषाका रूपमा संस्कार गरिएकोले यसलाई संस्कृत भाषा भनियो। पाणिनी कात्यायन पतञ्जली यसका व्याकरणकार हुन्। पाणिनीका

व्याकरण नियमको कात्यायन बररुचिले वार्तिक र पतञ्जलीले महाभाष्य लेखे। यसरी संस्कृत भाषा शुद्ध परिष्कृत संस्कारित भाषा बन्न पुग्यो।

कालान्तरमा यस भाषामा चिन्तन-दर्शन थपिए, साहित्य लेखिए। यो भाषामा वेद, ब्राह्मण, आरण्यक, उपनिषद्, आयुर्वेद, गणित, ज्योतिष-शास्त्र, अर्थ शास्त्र, राजनीति र साहित्य लेखिनका साथ सम्पन्न परम्पराले यस भाषाले धेरै माथिल्लो उच्चता प्राप्त गऱ्यो।

संस्कृत साहित्य रचनालाई आधार बनाएर यसको काल विभाजन निम्न प्रकारले गरेको पाइन्छ-

१. वेद तथा वैदिक साहित्य युग

२. स्मृति, पुराण र काव्यको युग

३. भाष्य र प्रकीर्ण रचनाको युग

वेद रचना युगलाई वैदिक युग भनियो। यो समयमा संस्कृत मूलतः दुई युगमा विभाजित भयो १. वैदिक संस्कृत युग र लौकिक संस्कृत युग। यस रूपमा वैदिक संस्कृत विशिष्ट संस्कृतका रूपमा प्रचलित रह्यो भने लौकिक संस्कृत कथ्य र व्यावहारिक प्रयोगका निम्ति प्रचलित भयो। विस्तारै लौकिक संस्कृतमा पनि रचनाहरू लेखिन थाले। यसै क्रममा बाल्मीकिबाट लौकिक संस्कतमा रामायणको रचना भएको भेटिन्छ। यसर्थ वेद बैदिक संस्कृत युग र वाल्मीकिको रामायणलाई लौकिक संस्कृत युगको रचना पनि भन्ने गरिन्छ।

वैदिक युग क्लिष्ट संस्कृतको युग रह्यो भने लौकिक संस्कृत युग सरल संस्कृतको युग रह्यो। फलस्वरूपमा वैदिक संस्कृत वेदहरू रचना गरिए भने लौकिक संस्कतमा साहित्य रचना र विविध विषयका ग्रन्थहरू प्रतिपादित भए भन्ने पाइन्छ। ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य अनुसार समग्रमा वैदिक साहित्य भन्दा लौकिक संस्कृतको भण्डार व्यापक विस्तृत र सम्पन्न भयो भने स्तरीयताका र गहनताका दृष्टिले वैदिक साहित्य पनि समृद्ध रहेको भेटिन्छ।

संस्कृत भाषामा साहित्य लेखिन थालेको समय वैदिक युग हो। प्राचीनतम साहित्यहरूमा वैदिक साहित्य, आप-साहित्य र त्यसपछि लौकि संस्कृत साहित्यको परम्परा विकसित भएको थाहा पाइन्छ। संस्कृत साहित्यले नै महाकाव्य, खण्डकाव्य, गद्य, पच, कथा, नाटक आदि विभिन्न विद्यागत साहित्यको प्रारम्भ र विकासका परम्परा प्रदर्शित गरेको देखिन्छ। संस्कृत साहित्यले परापूर्वककालको कला ज्ञान, सभ्यता, संस्कृति, इतिहास, जीवन, दर्शन, धर्म आदिको परिचय विश्व जनमानसलाई गराउँदै आएको थाहा हुन्छ। भौतिक र

आध्यात्मिक दुवै विषयमा संस्कृत साहित्यको क्षेत्र फराकिलो भएको देखिन्न। संस्कृत भाषामा लिखित वैदिक र लौकिक क्षेत्रका साहित्यहरू विकसित छन्। वैदिक संस्कृतमा 'संहिता' र ब्राह्मण'-को रचना भएका छन् भने लौकिक संस्कृतमा रमायण, महाभारत, पुराण, काव्य, अलङ्कार, रस रूपल एवं नाटक, कथा आदिको पर्याप्त रचना भएका पाइन्छन्। वैदिक संस्कृत भाषामा 'ब्राह्मण' पछि उपनिषद्, वेद आदिको गहन साहित्य निर्माण भएका छन्। विक्रमपूर्व सातौँ शताब्दीमा कात्यायानले 'वार्तिक' र पतञ्जलिले वि.सं. दोस्रो शताब्दीमा 'भाष्य' निर्माण गरी संस्कृत भाषा र साहित्यकं सद्दढ धरातल निर्माण गरिदिएको पाइन्छन्। सयौँ वर्षदेखि सम्प्रसारित र प्रचलित हुँदै आएको संस्कृत भाषाको साहित्यले विश्वभरि नै आफ्नो अद्वितीयता र विशिष्टतालाई परिचित पारेको देखिन्छ। संस्कृत साहित्यको उत्पत्ति सृष्टिकालदेखि नै भएको हो भन्ने विद्वानहरूका मत भेटिन्छन्। संस्कृत साहित्यको प्राचीन रूप वैदिक साहित्य मानिएको छ जसलाई श्रुतिकाल पनि भनिएको पाइन्छ। "विश्वराहित्यको रूपरेखा'-ग्रन्थ अन्तर्गत 'संस्कृत साहित्य'-शीर्षकमा प्रा. गोपालनिधि तिवारीको अनुसन्धानात्मक लेखअनुसार संस्कृत साहित्यको कालविभाजन यस्तो पाइन्छः-

१. वैदिक साहित्यकाल
२. आर्ष साहित्यकाल
३. पाणिनी-साहित्यकाल
४. लौकिक संस्कृत-साहित्य विकास काल
५. आधुनिक संस्कृत साहित्य काल

## 1.2.1 वैदिक साहित्यकालः

यस कालमा आदि, मध्य र आन्तिम युग गरी तीन काल बताइएको पाइन्छ। पहिले 'वेद' एउटै थियो र पछिबाट महर्षि व्यासले चारभागमा यसलाई निर्धारण गरेका हुन्। वेदका रचयिता व्यास नै हुन् भन्ने जनश्रुति रहेकाले तिनलाई वेदव्यास भन्ने गरेको पाइन्छ। वेद साहित्यमा ब्राह्मण, आख्यक, उपनिषद पर्दछन्। ब्राह्मण कर्मकाण्डपरक विषयहरू छन्, मन्त्र वा विधि यज्ञको व्याख्याहरू छन्। आख्याकमा वानप्रस्थ समयका नियमादि छन्। उपनिषदमा आत्मविद्या, आत्मज्ञान र ब्रह्मज्ञानका कुरा छन्। उपनिषदहरू बाह्रवटा छन्। ब्रह्म सत्य र जगत् मिथ्या भन्ने कुरा उपनिषदमा व्याख्यायित छन्। द्वैत अद्वैतवादका तथ्यहरू पनि उपनिषदमा पाइन्छ।

### 1.2.2 आर्ष-साहित्यकाल:

महर्षि बाल्मिकी र महर्षि व्यासले महाकाव्य, पुराण, इतिहास रामायण, महाभारत, श्रीमद्भागवत गीताजस्ता रचनाहरू रचेकाले यसकाललाई आर्ष-साहित्यकाल भनिएको पाइन्छ। आर्ष साहित्यकाललाई संस्कृतको उषाकाल भनिन्छ। रचना-कौशल, काव्य गरिमा, अर्थ-चमत्कार, शाश्वत्त-अथ, सुन्दर, भाषा तथा काव्य-शैलीका कारणले यो काल गौरवपूर्ण साहित्यकाल मानिन्छ।

### 1.2.3 पाणिनी साहित्यकाल:

यस कालमा संस्कृत साहित्य पाणिनीको 'आष्टाध्याय' व्याकरण-ग्रन्थबाट विशेष रूपमा निर्देशित पाइन्छ। व्याकरण र काव्य दुवैका निर्माता रहेका पाणिनीले यसकाललाई पूर्ण प्रभावित पारेका थिए भन्ने विद्वान्हरूको मत पाइन्छन्। यसकाललाई अवान्तर साहित्यकाल पनि भनिएको छ। पतञ्जालिको 'महाभाष्य'को चर्चा र व्याख्या पनि विशद रूपमा भएको छ।

## 1.3 लौकिक संस्कृत साहित्य विकासकाल

विक्रमको प्रथम शताब्दीदेखि अठाह्रौँ शताब्दीसम्मको अवधिमा गद्य, पद्य, नाटक, महाकाव्य, गीतिकाव्य, कला, नाटक आदिको पूर्ण प्रतिष्ठा कायम भएको पाइन्छ। कालिदास, भारवि, भट्टि, माघ, क्षेमेन्द्र, हर्ष आदिले यस कालमा प्रशस्त काव्य-नाटकादि रचना गरेर संस्कृत साहित्यको अपेक्षित विकास गरेका पाइन्छन्।

## 1.4 आधुनिक संस्कृत साहित्यकाल

उन्नाइसौँ शताब्दीपछिको काल आधुनिक काल मानिएको छ। भारत, नेपाल आदि देशका संस्कृत साहित्यकारहरूले प्रशस्त ग्रन्थहरू यस अवधिमा लेखेका छन्। महाकाव्य, नाटक एवं रूपक, गीतिकाव्य, धार्मिक, दार्शनिक आदि विषयका साहित्य-रचनाले यस अवधिलाई पूर्ण उर्वरका साथ व्यापकता प्रदान गरेको भेटिन्छ।

वेदमा कवि मनीषिः परिभूः स्वयम्भू भनिएको छ। अर्थात् वेदका कविता वा मन्त्र परिभ र स्वयम्भू हो। यसरी वेद रचना गर्नेलाई वेदमा विशेष महत्व दिएको छ। मनीषि र ऋषिका रूपमा यिनीहरू ख्याति प्राप्त छन्। वेद रचनाकर्ताको

सम्दर्भमा मन्त्रका द्रष्टा ऋषि हुन् कर्ता होइनन् भनेको भेटिन्छ। जेहोस् वेदको रचनामा ऋषिहरूको महत्वपूर्ण हात छ।

## 1.5 वैदिक वाङ्मय/साहित्यको रूपरेखा

वेद भन्नाले प्राचीनतम मन्त्र संहिता भन्ने बुझिन्छ। मन्त्र संहितामा भएको स्तुति यजन प्रक्रिया सङ्गीत र तन्त्र सम्बन्धी उच्च मन्त्रीय रूप नै चार वेदको वैदिक स्वरूप देखापर्दछ। वैदिक साहित्य भन्नाले ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद र यिनका उपवेद ब्राह्मण आदि पर्दछन्। यिनैलाई वैदिक वाङ्मयको रूप भन्न सकिन्छ। वैदिक साहित्यलाई मूलतः दुई युगमा विभाजन गरिएको छ १. वैदिक संस्कृत र २. लौकिक संस्कृत युग। वैदिक संस्कृतको प्रारम्भ आदि ग्रन्थ ऋग्वेदबाट र लौकि संस्कृतको प्रारम्भ आदि कवि बाल्मीकिको रामायणबाट भएको मानिन्छ।। वैदिक संस्कृत युगलाई इतिहासकारहरूले मोटामोटी दुई युगमा विभाजन गर्दै १. वैदिक युग र २. उत्तर वैदिक युगमा छट्याउँछन्। यसमा वेदका चार संहिताहरू वैदिक युगमा पर्दछन् भने उत्तर वैदिक युगमा ब्राह्मण ग्रन्थ आरण्यक र षड्वेदाङ्ग पर्दछन्। विषय र विचारका दृष्टिले वेद र वैदिक साहित्य अलग अलग प्रतीत हुन्छ। चार मन्त्र संहिता बुझिन्छ भने वैदिक साहित्य भन्नाले वेद विषयक बहु सामग्रीको बोध हुन्छ र वैदिक साहित्य भित्र ब्राह्मण, आरण्यक र उपनिषद् रूपमा पर्दछन्। उपनिषद् ग्रन्थपछिका रचनाका रूपमा मानिने षड्वेदाङ्ग पनि साहित्य भित्र गनिन्छ। मन्त्र ब्राह्मणयोर्वेद नाम धेयम् भनेर मन्त्र र ब्राह्मण ग्रन्थलाई वेद भनेको पाइन्छ। पञ्चको नाट्य वेदः भनेर पाँचौ वेद नाट्यवेदलाई सकारेको पाइन्छ। पछि आएर वेद भन्नाले ऋग्, यजु, साम, अथर्व भन्ने मात्र बझिन थालियो। वेद (मन्त्र संहिता) -का व्याख्या र महत्वलाई प्रतिपादन गर्ने ब्राह्मण आरण्यक र उपनिषद ग्रन्थहरू वेद नभएर वैदिक साहित्य हुन्।

संहितादेखि उपनिषद, आयुर्वेद, नाट्यशास्त्र, कोश, कल्प र मनस्मति आदिमा वेद शब्दको अर्थ हेर्दा वेद शब्द चार धातुबाट क्रमशः यसरी बनेको छ, १. विद् ज्ञाने २. विद् सत्तायाम् ३. विद् लु लाभे ४. विद् विचरणे। यस प्रकार चार अर्थमा देखापर्ने वेदको अर्थ हो ज्ञान। परम्परा अनुसार भन्नपर्दा ऋषि महर्षि द्वारा साक्षात्कृत अन्वेषित दृष्ट इश्वरीय ज्ञान नै वेद हो जसमा अपार ज्ञान राशिको गहन रूप फेला पर्दछ। विषयका दृष्टिले तिनमा असमानता थियो। प्राचीन समयमा सम्पूर्ण वेद मन्त्रहरूलाई सङ्ख्या र विषयका दृष्टिले क्रमबद्ध गरियो अलग

अलग विभाजन गरियो र समूह ऋक् युजस् साम त्रयी बेदाः भए। ऋच् प्रार्थना वा स्तुतिको पर्यायवाची शब्द हो। यो समूहको वेदलाई ऋग्वेद भनियो। ऋच्यते स्तूयते यया सा ऋक् तादृशानां ऋचानां सम्हः ऋग्वेदः अर्थात् वैदिक देवताहरूको स्तुति-प्रार्थन गरिएका मन्त्रहरूको समूह नै ऋग्वेद हो। यस किसिमको ऋच् नामक प्रथम वर्गमा प्राथनापरक स्तुतिपरक मन्त्रहरू राखिए। यजुस् नामक वर्गमा पूँजा सम्बन्धी मन्त्रहरू राखिए। यजति यजते अनेन इति यजुः अर्थात् जुन मन्त्रमा पूजा अर्थका सम्बन्धी विधान वर्णित भएका यजुस हुन्। यसमा गद्यात्मक मन्त्रहरू समावेश गरिए। सामन् नामक तेस्रो वर्गका मन्त्रहरू यज्ञका अवसरमा देवताहरूलाई प्रसन्न गराउन ऋषिहरूद्वारा गाइने मन्त्र पर्दछन्। साथै यज्ञको निर्विघ्न परिसमाप्ति सम्बन्धी मन्त्रहरू पनि पर्दछन्। सामन्को अर्थ समयति नाशयति विघ्नं इति सामन् तथा समयति सन्तोषयति देवान् अनेन इति सामन् भनी विध्न शान्ति र देव तष्टिका निम्ति प्रार्थना गरिएका मन्त्र नै सामन् हुन्। यस्ता मन्त्रहरूको सङ्गीत सम्बन्धी भागलाई सामवेद भनियो। यसरी प्रथम वर्गीकरण अनुसार यी वेद भए भने पछि यी तीन वर्गीकरणको पनि चतुर्धा वर्गीकरण गरियो। चतुर्धा वर्गीकरणमा चौथो वर्गीकरण अथर्ववेद हुन पुग्यो। भन्ने कुराको उल्लेख गर्दै विष्णु पुराणले आरम्भदेखि नै वेद थतष्पाद थिए भन्ने उल्लेख गरेको पाइन्छ। यी प्रत्येक वेदका चार भागहरू छन् सीहता ब्राहमण आरण्यक र उपनिषद्। संहिता देवस्तुति सम्बन्धी भाग हो जसलाई विभिन्न युगमा पढ्न सकिन्छ। ब्राह्मण –आरण्यक, उपनिषद् संहिताको व्याख्या र महत्व प्रतिपादन गर्ने सन्दर्भमा सृजित छन्। ब्राह्मण ग्रन्थमा मन्त्र विधि यज्ञको व्याख्या गरिएको छ भने आरण्यक ग्रन्थमा वानप्रस्था जीवन बिताउने वीतराग मनस्थितिको कर्म विधान प्रतिपादन गरिएको छ। उपनिरिषद् ग्रन्थमा वेद मन्त्रको दार्शनिक व्याख्या गरिएको छ।

## 1.6 संहिता, उपनिषद् र ब्राह्मणको परिचय

**क. संहिता**

अनेक ऋषि सम्प्रदाय र कैयौँ विद्वानहरूद्वारा विभिन्न युगका सङ्कलित र सम्पादित मन्त्रहरूको समूहलाई संहिता भनिन्छ। विपयवस्तुका आधारमा वर्गीकरण गर्दा संहिताको कालान्तरमा अनेक शाखाहरू बने। यसरी वेद मन्त्रलाई विभाजन गर्दा बनेका संहिताहरू नै वेद संहिता भनिए। जसको नाम

ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद गरी सङ्ख्या चारमा छ र यिनीहरू पनि अनेक शाखामा विभाजित छन्।

## ऋग्वेद संहिता

वेद मन्त्रहरूलाई विभाजित गर्ने क्रममा स्तुतिपरक छन्दोबद्ध मन्त्रहरूको समूह नै ऋग्वेद संहिता हो। ऋच्हरूको समूह भएका हुनाले ऋच सम्बन्धी वेद वा स्तुतिपरक पद्यात्मक वेद ऋग्वेद र त्यसको संहिता ऋग्वेद संहिता हो। ऋग्वेदका २१ संहिता भएको कुरा बताइए पनि वर्तमानमा एउटा मात्र संहिता उपलब्ध छ जो शाकल हो र यसका पनि पाँच शाखाहरू छन्। शाकल्य नामक विद्वानले शास्त्रार्थमा अन्य विद्वान्हरूलाई पराजित गरेर आफ्नो दृष्टिकोण अनुसार ऋग्वेदको सम्पदान गरे भन्ने पाइन्छ।

ऋग्वेद एक ग्रन्थ मात्र नभएर एक विशाल ग्रन्थ समूह हो। भाषा र साहित्य दबै दृष्टिले पनि वैदिक साहित्यमा ऋग्वेद महत्वपूर्ण ग्रन्थ मानिन्छ। यसलाई दुई प्रकारले विभाजन गरिएको पाइन्छ:

१. अष्टक, अध्याय र सूक्त।

२. मण्डल, अनुवाक र सूक्त।

पुरा ऋग्वेदमा आठ अष्टक र ६४ अध्याय छन्। दोस्रो प्रकारको विभाजन अनुसार समग्र ऋग्वेद दस खण्डमा विभक्त छ। यो विभाजन पहिलो भन्दा ऐतिहासिक का विभक्त दस खण्डलाई दस मण्डल भनिन्छ। मण्डलमा सङ्गृहीत मन्त्र समूहलाई अनवाक र अनुवाकभित्र सूक्त र ऋचाहरूको समूह फेलापर्दछ यस्ता ऋचाहरू १०५८० र सक्त १०२८ रहेका छन्।

ऋग्वेदका २१ संहिताहरू भएको उल्लेख पाइए पनि वर्तमान शाकल संहिता मात्रै उपलब्ध छ। साथै ऋग्वेदका शाखाहरू २७ छन्। विभिन्न ऋषि आश्राममा विभक्त अनेक शिष्य सम्प्रदायका नामबाट शाखाहरूको नाम रहेको देखिन्छ जुन जुन शिष्य सम्प्रदायले जुन जुन अङ्गको अध्ययन गरे त्यही नाम शाखाको रहेको पाइन्छ। ऋग्वेदमा जाति विभाजन छैन। त्यस समयमा सबै कुराहरू सामूहिक नै हुन्थे। यही सामूहिक अभिव्यक्ति शायद ऋग्वेद हो। ऋग्वेदमा प्रयुक्त क्रिया र विभक्तिका। आधारमा यसमा पाइने मन्त्रहरू अन्य वेदमा नपाइने भएकाले पनि ऋग्वेद सर्वप्राचीन ठहर्छ। ऋग्वेदको सुरुवात अग्निको प्रार्थनाबाट भएको छ। "अग्नि मीडे पुरोहित्" यसका पहिलो मन्त्र हो। स्तुतिपरक छन्दोबद्ध रचनाको समूह नै ऋग्वेद भएकाले यस ताक आफ्ना जीवनमा प्रत्यक्ष प्रभाव पार्ने प्राकृतिक

Notes

विषयमा नै स्तुति गरिएको पाइन्छ। ऋग्वेदमा अप्राकृतिक ईश्वरको कल्पना पाइँदैन। प्राकृतिक देवताहरू अग्नि, सूर्य, समुद्र आदिको स्तुति वर्णन प्रायः जसो भएको छ र एकेश्वरका रूपमा हेरिएको छ। उनीहरू काल्पनिक भूतले भन्दा प्राकृतिक बस्तबाटै त्रसित र मोहित हुन्थ र पुनजन्मर पूर्वजन्मको पनि चिन्तन ऋग्वेदमा पाईदैन। ऋग्वेदमा मात्र आत्मा र शरीरको उल्लेख छ तर पछिका ग्रन्थहरूमा झैँ आत्माको स्थिति, आवागमन इत्यादि बारे चिन्तन छैन। ऋग्वेदकालीन समाजमा कृषिका उन्नति नभए पनि सामान्य रूपमा धान र जौको उल्लेख हुनुका साथै पशुपालन प्रथा भने रहेको देखिन्छ।

साहित्यिक दृष्टिले पनि ऋग्वेद महत्वपर्ण देखापर्छ। ऋग्वेदका नासदीय सूक्त र उषः सूक्त काव्यात्मक दृष्टिले महत्वपूर्ण मूल्य राख्नका साथै काव्य बीज र नादय बाजका रूपमा पानि यसका पुरुखा उर्वशी संवाद, यमयमी संवाद सोम सयाँ संवाद जस्ता सूक्तहरू देखापर्छन्। यसमा आख्यानात्मकता र गाथा पाइनका साथै छान्दिक वैविध्यता समेत देखिन्छ। अभिव्यक्तिको स्पष्टता, सौन्दर्य चेतना, भावनाको तीव्रता, आलङ्कारिक प्रयोग विषयवस्तुमा प्राकृतिक विषयकै वर्णन र रहस्यात्मकताको वर्णन आवश्यक भौतिक वस्तुप्रतिको सचेत अभिव्यक्ति प्रस्तुत गर्दा भावात्मक र काव्यात्मक रूपमा प्रस्तुत भएका छन्। ऋग्वेदमा प्रभावकारी अभिव्यक्ति दिन र चित्रात्मकताको सृष्टि गर्न वा बिम्ब निर्माण गर्नको निम्ति अलङ्कार योजना गरिएको पाइन्छ। यसका साथै ऋग्वेदमा स्वाभाविक वर्णन पनि पाइन्छ। यसरी भाषिक साहित्यिक दृष्टिले समेत ऋग्वेद महत्वपूर्ण पूर्वीय साहित्यका रूपमा देखापर्छ।

**यजुर्वेद संहिता**

पूजा अथवा कर्मकाण्ड सम्बन्धी गद्यात्मक ऋचाहरूको समूह एवं दोस्रो संहिता यजुर्वेद संहिता हो। यजुष्को अर्थ पूजा हो। यो संहिता यज्ञगर्ने पूजा गर्ने कर्मकाण्ड प्रधान रचना हो। ऋग्वेदका मन्त्रहरू देवताको आह्वान गर्छन् निमन्त्रण गर्छन् भने यजुर्वेदका मन्त्रहरूको विषय यज्ञ आदि विधान सम्पन्न गर्नु हो। कुन पक्षमा कुन मन्त्र प्रयोग गर्ने भन्ने विधि यजुर्वेदको आफ्नो विधि हुन्छ।

सामवेद संहिता

गायनलाई साम भनिन्छ। यसका अवसरमा निमन्त्रणा गरिने देवतालाई बोलाउनका लागि उचित स्वरमा लयबद्ध रूपमा उद्गारद्वारा गाइने ऋचाहरूको समूह सामवेद संहिता हो। यसका धेरै शाखाका संहिताहरू भएको उल्लेख

पाइन्छ। सामको गायनमा १० स्वरको प्रयोग गरिन्छ। सङ्गीतको मूल स्रोत सामवेद मानिन्छ।

### अथर्ववेद संहिता

मारण मोहन उच्चाटन आदि अभिचार सम्बन्धी क्रियाको वर्णन गरिएको अथर्वा नामक ऋषिद्वारा हुनाले यसको नाम अथर्व भएको हो र तत्सम्बन्धी मन्त्रहरूको समूह अथर्ववेद संहिता हो। अथर्व संहिता बीस खण्डमा विभक्त छ जसलाई काण्ड भनिन्छ। काण्डभित्र प्रपाठक अनुवाक सूक्त र मन्त्रहरूको क्रमशः सन्निवेश गरिएको छ। यसरी अथर्ववेदमा २० काण्ड ३४ प्रपाठक ११ अनुवाक ७३१ सूक्त र ५८४९ मन्त्र छन्। यिनीहरूमा १२०० ऋचाहरू ऋग्वेदबाट लिइएका छन्। अथर्ववेदको छैटौ भाग गद्यमा छ। आदिका १३ काण्ड मारण मोहन क्रियासँग सम्बन्धित छन् भने १४ काण्ड विवाह विषयक मन्त्रको छ। १८ औँ काण्ड श्राद्ध विषयक र २० काण्ड सोमयागसंग सम्बन्धित छ। विषयका दृष्टिले अथर्ववेदलाई अर्थर्वन् र अङ्गीरस गरि दुई भागमा बाँडिएको पाइन्छ। औषधि तन्त्र मन्त्र टुना जादू अथर्वन् भागमा र मारण वशीकरण उच्चाटन अंगीरस भागमा पर्दछ। ब्रह्म पक्ष सम्बन्धी र ब्रह्म विद्या विषयक ऋचाहरू पाइने हुनाले अथर्ववेदलाई ब्रह्मवेद पनि भनिन्छ।

## ख. उपनिषद्

समग्र वैदिक साहित्यको अन्तिम रचना उपनिषद् मानिन्छ। उपनिषद शब्द उप+नि. सद्+क्विप प्रत्यय लागेर बनेको हो। यस सन्दर्भका सद् धातु अनेकार्थक छ जस्तै : विशरण विनास। गति ज्ञान प्राप्ति। र अवशान (शिथिल, समाप्ति) जस्ता अर्थ हुन्छन्। यी सबै अर्थबाट उपनिषद्को अर्थ हुन्छ सम्पूर्ण अनर्थलाई उत्पन्न गर्ने सासारिक क्रियाकलापलाई नास गर्ने संसारको कारण स्वरूप अविद्याका बन्धनलाई शिथिल गराउने र ब्रह्म ज्ञान प्रदान गर्ने विद्या नै उपनिषद विद्या हो। ब्राह्मण ग्रन्थदेखि लिएर उपनिषद् ग्रन्थसम्म सम्पूर्ण वैदिक साहित्य मन्त्र संहिताको व्याख्या रूप हुन्। उपनिषद् ग्रन्थहरूको सीधा सम्बन्ध मन्त्र संहितासँग भए पनि ब्राह्मण ग्रन्थको आलोचना पनि उपनिषद्मा गरेको पाइन्छ। उपनिषद् वैदिक भावनाका विकास रूप हुन्। कर्म र ज्ञान दवैको उद्भवना वेदमा वर्णित छ। कर्म भावनामा ब्राह्मण ग्रन्थहरू रचिए भने ज्ञान भावनालाई लिएर उपनिषद् रचिएका छन्।

ब्राह्मण ग्रन्थहरू कर्मकाण्डपरक भएकाले र तिनमा पशु हिंसासम्म गर्ने याज्ञिक विद्यान भएकाले यिनीहरू पुरोहितद्वारा प्रतिपादित भोगवादी नितान्त स्वार्थपूर्ण रचनाका रूपमा देखापरे। यस्ता विषयप्रति हेय दष्टिकोण राख्दै तिनको विरोधमा नयाँ युग र मान्यताका साथ ज्ञान भावनालाई लिएर उपनिषद्हरू देखापर्छ। वेदमा आत्मा पुनःर्जन्म र कर्मफलवादका बारेमा चिन्तन गरिएको छैन मात्र आत्मा र शरीर पृथक् हुन भनिएको छ। तर उपनिषदमा आत्मा परमात्मा पूर्वजन्म पुनर्जन्मका बारेमा चिन्तन गरिएको छ। धर्मको व्यापकता वेदहरूमा थियो भने ब्राह्मणमा सङ्कुचित स्वार्थपरक व्यक्तिगत अनि स्थूल पक्षप्रति मात्रै विचार गरियो। यस कारण ब्राह्मणकाल वैदिक धर्मको अवनतिको काल हो भने उपनिषद्काल वैदिक धर्मको चरमोन्नतिको काल मानिन्छ। उपनिषद्मा ज्ञान सूत्रको व्याख्या गरिएको छ जसबाट दर्शनको जन्म भयो र शङ्कर, मध्व, रामानुज, निम्बार्क वल्लभका विभिन्न अद्वैत द्वैत विशिष्टाद्वैत द्वैताद्वैत जस्ता वेदान्त दर्शनहरू देखापरे। त्यसैले उपनिषद्लाई वेदान्त पनि भनिन्छ।

**ग. ब्राह्मण**

संहितादेखि पछिको रचना ब्राह्मण मानिन्छ। यद्यपि "मन्त्र ब्राह्मणात्मको वेदः" भनेर ब्राह्मणलाई वेद भनिएको र "मन्त्र ब्राह्मणो यज्ञस्य प्रमाणम्" भनेर पक्षका प्रमाणका रूपमा दुबैलाई लिइए पनि संहितासँग नै सम्बन्धित "यज्ञो वै श्रेष्ठतम कर्म" भनेर यज्ञको प्रतिपादन र यज्ञ सम्बन्धी विधिको व्याख्या गर्ने ब्राह्मण संहिताभन्दा उत्तरवर्ती रचना मानिन्छ। शतपथ ब्राह्मणमा यज्ञ भनेको प्रजापति र प्रजापति भनेको ब्रह्मा भनेर उल्लेख। गरिएको छ जसबाट ब्रह्म अर्थात् यज्ञ विषयक प्रतिपाद्य ग्रन्थ भएको हुनाले ब्राह्मण भनिएको छ। अर्को दृष्टिमा यज्ञ यागादिको विधान गर्ने एकमात्र ब्राह्मण पुरोहितको निजी ग्रन्थ हुने हुनाले ब्राह्मण भनिएको हो। जे भए पनि ब्राह्मण त्यो वैदिक साहित्य हो जसमा वैदिक यज्ञका लागि वेद मन्त्रको प्रयोगको नियम उत्पत्ति विवरणपूर्ण व्याख्या गरिएको हुन्छ।

## 1.7 संस्कृत गद्य साहित्यको परम्परा

### अ) बृहत् कथा र लोक आख्यानको परम्परा

पूर्वीय लोककथाको आरम्भ ऋग्वेदकालदेखि नै भएको पाइन्छ। ऋग्वेदभित्रका विविध संवादमा पूर्वीय लोक आख्यानको प्रारम्भक आख्यानात्मक स्वरूप भेटिन्छ। यसरी ऋग्वेद कालदेखि सुरु भएको संस्कृत आख्यानको परम्पराको

विकास ब्राह्मण ग्रन्थहरूमा भएको छ र पछि गएर अनेक आख्यानहरू महाभारतमा सङ्कलित हुन पुगेको देखिन्छ। यसरी महाभारत प्राचीन संस्कृत लोक आख्यानको विशाल सङ्ग्रह बन्न पुगेको देखिन्छ। त्यसैले विद्वान्हरू महाभारतलाई अनेकौँ आख्यानको सुन्दर वनको संज्ञा दिन्छन्। यसमा कौरव र पाण्डवका मात्र कथा नभएर यिनीहरूसँग आबद्ध अनेकौँ उपाख्यानहरू सङ्गृहीत देखिन्छन्। यसरी पौराणिक कालसम्म समृद्ध हुँदै आएको लोक आख्यान सँगसँगै बृहत्कथाको लोक आख्यानको सङ्ग्रहको परम्परा रहिआएको छ। बृहत्कथाका सङ्कलक गुणाढ्य हुन् र यो प्राचीन लोक गाथाको सङ्ग्रहको रूपमा आएको बुझिन्छ। यसको रचना काल ईशाको पहिलो शताब्दीदेखि लिएर तेस्रो शताब्दीका बिच मानिन्छ। त्यो मुलकृति पैशाची भाषामा लेखिएको हुनुपर्ने र त्यसमा एक लाख श्लोक थिए तर त्यो मूल बृहत्कथा आज पाइन्न भन्ने बुझिन्छ। मूल बृहत्कथा गद्य वा पद्य केमा रचित थियो भन्नेबारे विद्वान्हरूमा अझै विवाद छ। त्यस विवादको कारण हो कश्मीरमा प्रचलित जनश्रुतिमा श्लोकबद्ध थियो भन्ने छ भने दण्डीले चाहिँ आफ्नो 'काव्यादर्श' मा यसको रूप गद्यात्मक भएको चर्चा गरेको पाइन्छन्। यसका तीन संक्षिप्त रूपान्तरहरू हाल प्राप्त छन्-

१. बुध स्वामीको बृहत्कथा श्लोक सङ्ग्रह

२. क्षेमेन्द्रको बृहत्कथा मञ्जरी

३. सोमदेवको कथा सरित्सागर

बृहत्कथाको यी संक्षिप्त रूपान्तरलाई हेर्दा यिनमा रहेका कथामा प्राचीन आर्य संस्कृति सुरक्षित रहेको पाइन्छ। यी लोक आख्यानहरूमा नियतिको अनौठो वातावरणको सिर्जना भएको देखिन्छ। एकातर्फ प्रेमको सुन्दर अभिव्यक्ति यिनमा भएको देखिन्छ भने अर्कोतर्फ सौताको रिस आमाको स्नेह पतिव्रता पत्नीको पति प्रेम, सच्चा मित्रको निस्कलङ्क मैत्रीभाव आदि मानवीय भावनाका आभव्यक्ति पनि भएको पाइन्छ। पशुपक्षी र अदृश्य शक्तिको सहभागिताको अद्भूत वर्णन पनि यसमा पाइन्छ। यी लोक आख्यानहरूको प्रमुख उद्देश्य चाहिँ लोक मनोरञ्जन नै रहेको छ। यसरी बहत्कथा भित्र विविध लोककथाहरू सङ्कलित भएकोले यसले एकातिर लोक जीवनलाई प्राप्त मनोरञ्जन प्रदान गर्दछ भने अर्कोतिर यसमा सङ्कलित कथा कतिपय उत्तरवर्ती संस्कृत कृतिहरूको रचनाका विषयवस्तुका लागि उपजीव्य बन्न पुगेको पाइन्छ। यसप्रकार संस्कृत लोक आख्यानको परम्पराको एउटा महत्वपूर्ण उपलब्धि यसलाई मान्न सकिन्छ।

## ख. नैतिक आख्यानको परम्परा पञ्चतन्त्र र हितोपदेश

संस्कृत साहित्यको काव्य नाटक या अन्य फुटकर पद्यमा समेत संस्कृत साहित्यकारहरूले कुनै न कुनै रूपमा नीति, आदर्श सदाचार आदिको अभिव्यक्ति दिएका छन्। यसरी आदर्शको अभिव्यक्ति दिने प्रकृति स्पष्ट रूपमा देखा पर्दछ। संस्कृत साहित्यमा देखिने यस नैतिक उपदेशात्मक प्रकृतिलाई मनोरञ्जनात्मकताका साथ नीति कथामा प्रयोग गरेको पाइन्छ। यस्ता नीति कथाको परम्परा खोज्दै जाँदा पनि यसको प्रारम्भ विन्द ऋग्वेदमै पाइन्छ। साथै छान्दोग्योपनिषदमा 'उद्गीथ स्वान्' भन्ने अर्को नैतिक कथा पनि पाइन्छ। यो परम्परा उपनिषद् कालसम्म पनि रहेको पाइन्छ। उपनिषद्काल पश्चात महाभारतमा पनि नीतिकथाहरू सङ्कलित छन्। विदुरका मुखबाट निस्केका अनेकौँ नीति कथाहरू यसमा सङ्गृहीत छन्। पुराणहरूमा पनि यस्ता नैतिक औपदेशिक कथाहरू पर्याप्त पाइन्छन्। यसै शृङ्खलामा पञ्चतन्त्र प्राचीन संस्कृत नैतिक आख्यानको महत्वपूर्ण उपलब्धिका रूपमा देखापर्दछ। यसको रचना ईशाको तेस्रो देखि पाँचौँ शताब्दी बिच भएको मानिन्छ। यसभित्र शिक्षाप्रद नैतिक आख्यानहरू सङ्गृहीत छन्।

### पञ्चतन्त्र

महिलारोप्य देशका राजा अमरशक्ति आफ्ना तीन मुर्ख छोराहरूलाई अल्पकाल मै नीतिशास्त्रमा पारङ्गत बनाइदिने शिक्षकका खोजीमा थिए। यो जिम्मा विष्णु शर्मा नामक ब्राहमणले लिए। उनले यस पञ्चतन्त्रको रचना गरेर ती मुर्ख राजकुमारहरूलाई छ महिना मै नीतिशास्त्रमा पारङ्गत बनाए भन्ने कथा पञ्चतन्त्रमा वर्णित छ। यसरी बुझ्दा पञ्चतन्त्र रचनाको उद्देश्य राजकुमारलाई नीति शिक्षामा निपुण बनाउन् थियो। यसको रचनाको खास उद्देश्य यही हो र यही नीतिशास्त्रको कुरा नै यसको वर्णित विषयवस्तु हो। पञ्चतन्त्रको मूलरूप १२ तन्त्रमा विभक्त मानिन्छ तर त्यसको मूल रूप आज प्राप्य छैन। प्राप्य पञ्चतन्त्रमा पाँच भाग छ। त्यसैले यसलाई पञ्चतन्त्र मानिन्छ र ती पाँच तन्त्रहरू हुन्:-

१. भित्र भेद २. मित्रलाभ ३. सन्धि विग्रह ४. लब्ध प्रणाश र ५. अपरीक्षित कारकम्।

यी मुख्य कथाहरूभित्र अनेकौँ गौण कथाहरू पनि समावेश छन्। यी कथाहरूभित्र पशुपक्षीहरू पनि सदाचार, राजनीति, कुटनीति र लोकव्यवहारमाथि ज्ञान रहेको छ। यसमा विनोदप्रियता पनि रहेको पाइन्छ।

यसमा ब्राह्मणहरूको लोभ र पाखण्डको व्यङ्ग्यपूर्ण उद्घाटन, चाटुकारको कपटकृति र छलछामको प्रकृतिको अभिव्यक्ति र यदाकदा स्त्री चरित्रको वर्णन पनि गरेका छन्। यी मानवीय दोषहरूको व्यङ्ग्यपूर्ण उद्घाटन पञ्चतन्त्रमा गरिएको छ। यसको शैली सरल र लोकोक्ति वा सूक्तिपूर्ण छ। त्यसैले यसमा प्रयुक्त पद्यहरू पनि लोकोक्तिपूर्ण सूक्तिमय र सरल छन। मुर्ख बालकलाई नीति शिक्षा दिने उद्देश्यले रचित भएकाले यसको भाषा पनि सुबोध छ।

### हितोपदेश

हितोपदेश, संस्कृत नीति कथा परम्परामा पञ्चतन्त्रपछि अर्को महत्वपूर्ण नैतिक आख्यान हो। नारायण पण्डितलाई यसको रचयिता मानिन्छ। यसको रचनाकाल १३-१४ औँ शताब्दी मानिन्छ। यसको रचना बङ्गालमा भएको थियो भन्ने पुष्टि भएको पाइन्छ। हितापदेशमा जम्मा ४३ कथाहरू सङ्गृहीत छन्। यसमध्ये २५ कथाहरू पञ्चतन्त्रबाटै लिइएको छ। यसको संरचना चार भागमा विभक्त छ। ती भाग हुन् - १) मित्र लाभ। सुहद भेद ३) विग्रह र ४ सन्धि। यीमध्ये प्रथम दुई भाग पञ्चतन्त्रसँग मिल्दाजुल्दा छन् भने तेस्रो र चौथो चाहिँ पञ्चतन्त्रमा एउटै भागका रूपमा आएका छन्। यसमा पञ्चतन्त्रका तुलनामा पद्यको प्रयोग बढी भएको देखिन्छ। पद्यको प्राचुर्यताले गर्दा हितोपदेशभित्रका कथाहरूका कथा प्रवाहमा बाधा पनि पुऱ्याएको पाइन्छ। तथापि यसको भाषा मिठो, सरल र सुबोध छ। यसमा प्रयुक्त पद्यहरू उपदेशपूर्ण छन् साथै यो नीतिकथाको प्रतिपाद्य विषय सदाचार, राजनीति र व्यवहार ज्ञान रहेको छ। यिनैलाई नैतिक आख्यानको मूल विषयवस्तु बनाएर सरल र सबोध भाषामा धर्म अर्थ र काम यी तीन वर्गको अभिव्यक्ति दिइएको छ।

## 1.8 पौराणिक वाङ्मय

आर्य संस्कृतिको उषाकालदेखि नै पुराणहरूको महत्व रहिआएको छ। आर्य सभ्यता तथा संस्कृतिलाई साधारण जनमानसमा पुऱ्याउन महत्वपूर्ण साधनका रूपमा यी पुराणहरू देखापरेका छन्। वेदमा भएको धर्मको अभिव्यक्तिले यिनै पुराणहरूमा आएर व्यापक रूप लिएको छ। वैदिक कालमा कर्म प्रधान ग्रन्थ ब्राह्मण जब कट्टर व्राह्मणवाद र कर्म काण्ड पद्धतिको स्थापना भयो तब त्यसलाई नितान्त हेय मानेर बौद्ध धर्मले जनाएको विरोध स्वरूप वैदिक धर्म क्षीण र प्रभावहीन बन्दै गयो। त्यस अवस्थामा विस्थापित प्रायः भइसकेको वैदिक धर्मलाई

यिनै पुराणहरूद्धारा पुनः स्थापना गर्ने महत्वपूर्ण कार्य भयो। त्यसैले पुराण वैदिक धर्मको पुनरुत्थान रूपमा देखा परेका छन्।

विद्वान्हरू अनुसार ब्रह्माद्वारा सर्वप्रथम चर्चित पुराण एक सय करोड श्लोकको थियो। यही विशालकाय पुराणलाई पछि सर्वाधिक रु सशक्त सार वस्तुको चयन गरी संक्षिप्तीकत गरेर इशाको प्रथम शताब्दितिर व्यास अठार भागमा विभक्त गरे। यही अठार भाग नै अष्टादश (अठार) पुराणका नामले प्रसिद्ध छन्। ती हुन् : १. मत्स्य पुराण, २. मार्कण्डेय पुराण, ३ भविष्य पुराण, ४. भागवत् पुराण, ५. ब्रह्माण्ड पुराण, ६. ब्रह्मवैवर्त पुराण, ७. ब्रह्म पुराण, ८, वामन पुराण, ९. वराह पुराण, १०. विष्णु पुराण, ११. वायु (शिव) पुराण, १२. अग्नि पुराण, १३, कूर्म पुराण, १४. स्कन्ध पुराण, १५. नारद पुराण, १६. पद्म पुराण, १७ गरुड पुराण। यी अठार पुराणका अतिरिक्त अठार उपपुराणहरूको पनि चर्चा भेटिन्छ। यी अठार पुराणहरूलाई सूत्रात्मक रूपमा यसरी पहिचान गर्न सकिन्छ- मद्वयं भद्वयं चैव वत्रयं व चतुष्टयम् अनाप लिङ्ग कुस्कानि पुराणनि प्रचक्ष्यते।

यी पुराणहरू धार्मिक विषयका अत्यन्त महत्वपूर्ण ग्रन्थ मानिन्छन्। तिनीहरूका प्रेरणा वा आद्य स्रोतका रूपमा दैवी शाक्तिलाई लिइन्छ। यिनीहरूमा आदि सृष्टि संसारको वैभव र विकासको विस्तार वर्णन भेटिन्छ।

पुराणहरू पौराणिक साहित्यको नामले अभिहित छन् तापनि यिनहिरूलाई विशुद्ध साहित्यका रूपमा स्वीकार गर्न सकिँदैन भन्ने मत विद्वान्हरूको पाइन्छ। किन कि सबै पुराणहरू आख्यान केन्द्रीका रूपमा देखा पर्छन् र साहित्यिक तत्त्व गौण छ। आख्यान केन्द्री नै भए पनि कतिपय पुराणहरूमा काव्य धर्मको रागात्मक तत्त्व सजिलै प्राप्त गर्न सकिन्छ। रचना शैलीका आधारमा हेर्दा पुराणहरू अधिकांश गद्य-पद्य छन् तापनि कतै कतै गद्य भाषाको प्रयोग पनि नभेटिने होइन। प्रायः सबै पुराणमा अनुष्टुप् छन्दको बाहुल्य पाइन्छ र सबै पुराण स्कन्ध र अध्यायमा विभाजित छन्।

## 1.9 बाल्मीकि

बाल्मीकिलाई महर्षि बाल्मीकि नाउँले चिनिन्छ। संस्कृतको आदि महाकाव्य 'रामायण'का रचयिता बाल्मीकि मानिन्छन्। यिनको समयका बारेमा विद्वान्हरूमा मत भिन्नता पाइने गर्छ तापनि यिनको समय लगभग ई.पू. पाँचौँ शताब्दीलाई मानिएको छ। बाल्मीकि एक तपस्वी थिए। उनले एकै समाधिमा

बसेर तपस्या गर्दा उनको शरीरमा धमीराले देवल लगाएको हुनाले उनको नाम बाल्मीकि रह्यो। किनभने संस्कृतको बल्मीकात् भव अर्थात् धमीराको गोलाबाट जन्म भएको भन्ने अर्थमा बाल्मीकि नाम रहन गएको हो। बाल्मीकिका बारेमा विविध जनश्रुति र किंवदन्तीहरू पाइन्छन्। जे भए पनि उनी अपूर्व मेधावी व्यक्ति थिए भन्न सकिन्छ।

प्राप्त जानकारीअनुसार रामायणका रचयिता बाल्मीकि अयोध्यामा बस्दथे। यिनले सप्तर्षिबाट दीक्षा पाएका थिए। यिनले दैवी शक्तिको पूजा गर्ने परम्परालाई अघि बढाए। दैवी शक्ति वा ईश्वरको पूजा गर्ने र त्यसमा आश्रित हुने प्रक्रिया पूर्वमा मात्र नभई पाश्चात्य जगत्मा पनि पाइने कुरा होमरका 'इलियङ' र 'ओडेसी' अनि बाल्मीकि 'रामायण'बाट थाहा हुन्छ। तापनि प्रकृतिलाई नै देवता मानेर पूजा गर्ने परम्परा वेदबाट सुरु भएको हो। त्यही परम्परालाई बाल्मीकिले अधि बढाए।

बाल्मीकि संस्कृत साहित्यका उच्च प्रतिभा थिए। उनले रामायण लख्रे प्रेरणा कहाँबाट पाए भन्ने कुरा- (१) बाह्य प्रमाण र (२) अन्तः साक्ष्य अन्तर्गत हेर्न सकिन्छ।

## क. बाह्य प्रेरक तत्त्व

बाल्मीकि एक दिन तमपसा नदीमा स्नान गर्न गएका बेला एक व्याधाले क्रौञ्चपक्षीको जोडामा भालेलाई वाणद्वारा मारिदिएको थियो। त्यसबाट उनी ज्यादै दुःखित, द्रवित र दयाभूत भए। उनले 'मा निषाद प्रतिष्ठांत्वगमः शाश्वतीः समा। यत्क्रोंव्याधिमिथुनादेकामअवधीः काममोहितम्' भन्ने श्लोक उच्चारण गरे। यही कारुणिक घटनाले उनलाई रामायण लेख्रे प्रेरणा मिल्यो भन्ने विद्वान्हरूको भनाइ पाइन्छ। रामायणमा पनि करुण रसकै अभिव्यक्ति भएको छ।

अर्को प्रसङ्ग छ, बाल्मीकि आफ्नो आश्रममा बस्दा रामद्वारा परित्यक्त सीता उनका आश्रममा बस्दथिन्। सीताका बाल्मीकि आश्रममा बस्दा दुई छोरा लव-कुश पनि साथै बस्दथे र तिनीहरूले रामकथा गाउने गर्दथे। त्यही लव-कुशले गाउने गरेको रामगाथालाई लिएर बाल्मीकिले रामायण रचना गरे भन्ने पनि भनाइ पाइन्छ।

## ख. आन्तरिक प्रेरक तत्त्व

समालोचक ईश्वरीप्रसाद गैरे अनि कृष्णप्रसाद आचार्यले आन्तरिक प्रेरक तत्त्वलाई चाहिँ कृति वा रामायणभित्र राखेर हेर्दै विराट् जीवन र जगत्को चित्रण गर्ने आतुरता नै रामायण लेख्रे आन्तरिक प्रेरक तत्त्व मानेको पाइन्छ। धार्मिक

Notes

विषयवस्तु प्रस्तुत गर्ने प्रतिबद्धता आदर्शमय जीवनको चित्रण गर्ने तत्परता आदि गौण आन्तरिक प्रेरक तत्त्वका रूपमा आउँछन्।

'मा निषाद' श्लोक अर्थगत निक्कै महत्वपूर्ण छ। यसको अभिधेय अर्थ व्याधा र व्यधाको प्रसङ्गबाट निषाद रावणलाई सम्बोधन गरेको व्यङ्ग्यार्थ बुझिन्छ। कुनै व्यक्तिलाई मारिहाल्नु भन्दा उसलाई मानसिक रूपले वा आन्तरिक रूपमा वेदना दिएर मरेतुल्य बनाउनु धेर पीडादायक रहन्छ। यस श्लोकको 'अवधि'-को 'वधि'-ले यहि कुरो जनाउँछ यसैले रावणजस्ता राक्षसलाई उसको कुकर्मबाट गुमेको प्रतिष्ठालाई व्यक्त गर्न खोजिएको छ। यस श्लोकलाई रामायणको रचनाका सन्दर्भमा जोड्न सकिन्छ। बाल्मीकिको यस कविताले चारवटा महत्वपूर्ण कुराहरूलाई देखाएको छ।

१. यो आदि कविताको रूपमा रहेको छ। यसलाई संस्कृत साहित्यको आदि कविता र रामायणको आदि बीजको रूपमा मानिन्छ।

२. यो शास्त्रीय छन्दको आदिम स्त्रोतका रूपमा रहेको छ- जसमा अनुष्टुप् छन्दको प्रयोग गरिएको छ। यसबाट नै सर्वप्रथम लौकिक छन्दको सुरुवात भएको शास्त्रीय छन्दको आदिम स्रोतका रूपमा यसलाई मानिन्छ।

३. यो वैदिक र लौकि संस्कृत साहित्यको विभाजन रेखा बनेको छ। लौकिक साहित्यको आरम्भ विन्दुका रूपमा यो रहेको छ। सर्वप्रथम वेदमै अनुष्टुप छन्द वर्णमात्रिक छन्दका रूपमा प्रयुक्त छ भने 'मा निषाद' मा त्यो रूप छैन। यसले करुण रसको महत्त्वलाई प्रतिष्ठापित गरेको छ। यस श्लोकमा करुणमा करुणात्मक अनुभूति छ। ध्वन्यालोकमा आनन्दवर्धनले यसलाई शोकको रूपमा व्याख्या गरेका छन्।

बाल्मीकिलाई यसले महाकाव्यात्मक अनुभूतिलाई अभिव्यक्ति दिनतर्फको उन्मुखतातर्फ बढाएको छ। त्यसैले यो अदिकविता रामायण महाकाव्यको आदिबीज बन्न पुगेको मानिन्छ।

रामायणको रचना इशापूर्व ५००/६०० शताब्दी मानिएको छ र बाल्मीकि रामायणमा रामको वर्णन मर्यादा पुरुषोत्तमका रूपमा गरिएको छ भने कतिपय स्त्रष्टाहरू रामको ईश्वरीय रूपमा चित्रण गर्छन्। बाल्मीकि लौकिक संस्कृत साहित्यका आदि र अपूर्व प्रतिभा हुन् यिनले आफ्नो आदि महाकाव्य रामायणमा आद्वितीय काव्यात्मक उपलब्धि हासिल गरेका छन्।

## ग. बाल्मीकिका प्रवृत्तिगत विशेषता

बाल्मीकिले महाकाव्य रामायण मात्रै लेखेका छन्। तर यस कृतिको व्यापकता महान् छ। यसै कृतिको अध्ययन गरी ईश्वरीप्रसाद गैरे अनि कृष्णप्रसाद आचार्यले आफ्नो पुस्तकमा निम्न प्रवृत्तिगत विशेषता छुट्याएका छन्-

## जनभाषाको महाकाव्य निर्माण

रामायण रचना हुनुभन्दा अगाडि वैदिक संस्कृत स्तरीय मान्छेहरूको उच्च भाषा थियो भने लोकमा सरल संस्कृत प्रचारित थियो यही लोकको सरल संस्कृतमा महाकाव्य लेखेकाले यिनलाई लौकिक भाषा तथा जनभाषामा महाकाव्य लेख्ने प्रथम जनमुखी महाकाव्य निर्माता भनिन्छ।

## शास्त्री छन्दका प्रयोक्ता

संस्कृतको जनभाषालाई स्तरीय रूपमा बाल्मीकिले प्रयोग गरेका छन्। यसक्रममा अनुष्टुप् छन्दको प्रयोगलाई शास्त्रीय रूपमा उपयोग गरेका छन्। शास्त्रीय रूपमा प्रयोग गर्दा अलङ्कृत सुसंस्कृत सरल सम्प्रेष्य र सहज रूपमा यसको रचना शैली निर्माण गरेका छन्

## करुण रसको उपयोग

बाल्मीकीले रामायणमा करुण रसलाई मूल रसका रूपमा प्रतिष्ठापित गरेका छन्। राम र सीताको वियोगान्तलाई काव्यात्मक परिणतिका रूपमा प्रस्तुत गरेका छन्। यसलाई आनन्दवर्धन शोक : श्लोकत्वमा गतः भनेका छन्। बाल्मीकिको करुण रसको चर्चालाई चर्चाको शिखरमा पुगेको प्रमाणित गर्छन्।

## अद्वितीय वर्णन शक्तिका प्रयोक्ता

बाल्मीकिको रामायणमा घटना वर्णनका साथै राजदरवार, नागरिक जनजीवन प्रकृति, नदी, ऋतु, आश्रम, सेना, चन्द्रोदय आदिलाई काव्यात्मक रूपमा उच्च किसिमले प्रस्तुत गर्नमा उनलाई विशेष क्षमता प्राप्त भएको छ। यस रूपमा यिनी वर्णन शक्तिका अद्वितीय प्रयोक्ता भएका छन्।

## मानवीय रूपको प्रतिष्ठा

बाल्मीकिले रामायणमा रामको मानवीय रूपको उच्च स्वरूपको प्रतिष्ठापन गरेका छन्। यिनी रामको चित्रण मानवीय दृष्टिले प्रस्तुत गर्छन् र रामको मानवीय रूपको चित्रणसँगै दशरथको सांसारिक माया-मोह राम-लक्ष्मणको भ्रातृप्रेम आदिमा मानवीय रूपको व्याख्या हुनाले यिनको रामायणमा मानवीय करुणा भेल बनेर प्रवाहित हुन सक्षम भएको छ।

## सूक्तिमय श्लोक रचना

मा निषाद -जस्तो सूक्तिमय श्लोकबाट कविहृद्य व्यक्त गर्ने बाल्मीकिले रामायणमा काव्यात्मक उच्चता प्रयोगसँगै सूक्तिमय श्लोक रचना प्रस्तुत गरेका छन्। उनका ती सूक्तिमय श्लोक रचना टड्कारो प्रवृत्तिगत विशेषता बन्न पुगेको छ।

## 1.10 आदि माहाकाव्य रामायणको विवेचना

अपूर्व प्रतिभाशाली साहित्यकार बाल्मीकीले रामकाव्यलाई महाकाव्यको रूप दिए। राम कथा एउटा कथ्य हो र यसलाई विभिन्न साहित्यिक रूप दिन सकिन्छ भने बाल्मीकिले चाहिँ महाकाव्यको रूप दिन रुचाए। बाल्मीकिले यस रामकथालाई तीन किसिमका स्रोतबाट प्राप्त गरेका देखिन्छन्।

१. श्रुति परम्परा प्राप्त

२. पूर्ववर्ती ग्रन्थमा संक्षिप्त उल्लेखित

३. गाथा लोक संस्कृति र परम्परामा जीवित

'वेद' वा श्रुति परम्परामा जीवित ग्रन्थमा पनि राम कथाको केही चर्चा भएको पाइन्छ। वैदिक साहित्यका ब्राह्मण र उपनिषद् जस्ता पूर्ववर्ती ग्रन्थहरूमा अनि बौद्ध ग्रन्थ 'दशरथ जातक' मा पनि रामकथाको बारेमा संक्षिप्त चर्चा पाइन्छ। यस्तै गरी गाथा र लोक संस्कृतिमा पनि राम कथा जीवित थियो भने लव-कुशले गाउने गरेको राम कथामा पनि राम कथा संरक्षित थियो।

यसरी विभिन्न रूपमा प्रचलित र जीवित रामकथालाई बाल्मीकिले आफ्नो प्रतिभाको बान्कीद्वारा महाकाव्यको रूप दिए। बाल्मीकि संस्कृत साहित्यमा महाकाव्य रचना गर्ने आदि प्रतिभा भएकोले उनलाई आदिकवि भनिन्छ। उनको यो आदिकविको उपाधि आनन्दवर्धन जस्ता विद्वान्ले दिएका हुन् भने बाल्मीकिले आद्य महाकाव्यको रचना गरेकाले लौकिक संस्कृत साहित्यका आदि महाकाव्यकार वा आदि कवि पनि उनलाई भन्न सकिन्छ।

भाषाको प्रकृति परिवर्तनशील हुन्छ। जब भाषाले साहित्यिक रूप लिन थाल्छ त्यसपछि भाषालाई व्याकरणबद्ध गरिन्छ। व्याकरणले पनि परिस्थिति अनुसार आफ्नो रूप फेर्दै जान्छ वा क्लिष्टताबाट विस्तारै सरलतातिर उन्मुख हुन्छ। रामायणको रचनापूर्व वैदिक भाषा र वैदिक साहित्य नै बढी प्रचलित थियो जुन क्लिष्ट किसिमको थियो। तर बाल्मीकिले त्यसबेला जन भाषालाई काव्यको रूप दिने सन्दर्भमा रोजे। यो जन भाषाले नै पछि लौकिक संस्कृतको रूपमा ग्रहण

गऱ्यो। यस किसिमको रचना गर्ने सन्दर्भमा आफ्ना काव्य रचना तीन किसिमबाट अघि बढ्यो। (क) सरल शैली (ख) आलङ्कारिक शैली (ग) शास्त्रीय छन्द। यसरी लौकिक संस्कृत शास्त्रीय छन्दको प्रवेश गराउने आदि प्रतिभा बाल्मीकि नै हुन्।

रामायण रचनाबाट आदि कवि बाल्मीकिलाई वर्णनको अपूर्व शक्ति भएको प्रतिभाको रूपमा पाइन्छ। उनका यही शक्तिले गर्दा उनले मावन- जीवनका विभिन्न पक्ष र प्रकृतिलाई साथ साथ समेटेर महाकाव्य रचना गरेको पाइन्छ। राजदरबार नागरिक जीवन, विभिन्न ऋतु चक्र, नदी, पर्वत, आश्रम, सेना, युद्ध आदि पक्षको वर्णन रामायणमा कलात्मक रूपले गरिएको पाइन्छ। रामकथाको माध्यमबाट रामायणको रूप दिने सन्दर्भमा समसामयिक इतिहास, राजा र प्रजाको सम्बन्धी वा पर्यावरणलाई सशक्त र सबल रूपमा प्रस्तुत गरिएको छ। यी बाह्य पक्षमा साथै मानव हृदयका क्रियाकलापसँग पनि बाल्मीकि त्यत्तिकै परिचित थिए र यसैले उनका रचनामा देखिने करुणामय दृष्टि आस्वाद योग्य पाइन्छ।

बाल्मीकिको रामायणका देखिने सबैभन्दा ठुलो पक्ष रामलाई मानव रामका रूपमा प्रस्तुत गर्नु हो। यहाँ मानवीय सन्दर्भमा रामको चित्रण गरिएको छ। यद्यपि एकाध ठाउँमा अलौकिक वर्णन पनि पाइन्छ नै। बाल्मीकिमा मानवीय मनोभावनाको सूक्ष्मतम् अङ्कन गर्ने क्षमता पनि उमा पाइन्छ। एकातिर आदर्श प्रतिमूर्ति, आदर्श नारी सीता र दुर्व्यवहार भएको कैकेयी, मन्थरा जस्ता नारीहरूको रामायणमा चित्रण छ। कैकेयीमा विद्यमान सौताप्रतिको ईर्ष्याले गर्दा रामले वनवास जानु परेको कथा, यस्ता क्रूर नारीहरूको वर्णन, कैकेयीको मनोविज्ञान रामायणमा निपुणताका साथ गरिएको पाइन्छ। कैकेयीको दुष्टताभन्दा बढी सीता र कौशल्या जस्ती आदर्श नारीहरूको चित्रणमा नै बाल्मीकि बढी रमाएका छन्। रामायणमा जति सीता र कौशल्याको चित्रण छ त्यति कैकेयी र मन्थराको छैन।

रस सृष्टिका दष्टिले बाल्मीकि मूलतः करुण रसका कवि हुन्। यो कुराको सङ्केत आनन्दवर्धनले ध्वन्यालोकमा गरेका छन्। उनका अनुसार रामायणमा आदिकविले करुण रसको सूचना गरेका छन्। राम र सीताको वियोग पर्यन्त करुण रसको परिपाक आफ्ना प्रबन्ध काव्यमा गरेका छन् भनेर ध्वन्यालोकको चौँथो अध्यायमा वर्णन गरिएको पाइन्छ।

निपुण सूक्तिकारका रूपमा परिचित आदि महाकविले महाकाव्य रचना गर्ने सन्दर्भमा केही महत्वपूर्ण सूक्तिहरूलाई पनि स्थान दिएका छन्।

"समृद्धि युक्ता पुरुषाः न सहन्ते परस्तवम्"

Notes

अर्थात् समृद्धशाली पुरुषहरू अर्काको स्तुति वा प्रशंसा सहन सक्दैनन

"उत्साहवन्तो हि पुरुषाः नव सीदान्ति कर्मस्"

अर्थात् उत्साह भएका मानिसहरू कर्ममा कहिल्यै पनि खिन्न हुँदैनन्।

यसरी सूक्तिहरूको संयोजन रामायणमा प्रशस्त गरिएको छ। यसका साथै राज्यका नीति निर्धारण सम्बन्धी चर्चा गर्न पनि बाल्मीकि चतुर छन् र ठाउँ ठाउँमा उल्लेख पनि गरेका छन्। रामायणमा बहुआयामिक जीवनको प्रतिबिम्ब पाइन्छ। जीवनका सामाजिक, आध्यात्मिक धार्मिक, आदर्शमय एवम् नैतिक जीवनको चित्रण गर्ने क्षमता बाल्मीकिमा रहेको छ।

यो कृति परवर्ती साहित्य कृतिको प्रेरणास्रोतका रूपमा रहेको छ। रामायणबाट प्रेरणा लिएर परवर्ती साहित्यकारहरूले विभिन्न साहित्यिक कृतिहरू रचना गरे। यसैले यसलाई उपजीव्य ग्रन्थका रूपमा पनि लिन सकिन्छ। रामायण प्रबन्धात्मक काव्य भएकाले यसमा ७ काण्ड वा २४००० श्लोक छन्। ती सात काण्डहरू- बाल, आयोध्या, आरण्यक, किष्किन्धा, सुन्दर, युद्ध र उत्तर हुन्। रामायणको सम्पूर्ण रचना बाल्मीकिले गरेका होइनन् भन्ने मत पनि देखिन्छ। कतिपय पाश्चात्य विद्वान्हरूले अनुसन्धान गरी रामायणको प्रथम र अन्तिम काण्ड बालकाण्ड उत्तर काण्डपछि जोडिएको हो मूल रूपमा अन्य पाँच काण्ड आयोध्या, आरण्य, किष्किन्धा, सुन्दर, युद्ध मात्र बाल्मीकिले बनाएका हुन् भनेका पाइन्छन्। अर्कोतिर भारतीय विद्वान्हरू भने सबै काण्ड बाल्मीकिले रचना गरेका हुन् भन्ने दावी गर्छन्। हाल उपलब्ध रामायणमा भनौँ बाल्मीकि रामायणमा अलौकिक कथाका अतिरिक्ति केही थप उपकथाहरू पनि समावेश गरिएको पाइन्छ। ती हुन् मन अवतार कथा कार्तिकेय जन्म कथा, गङ्गावतार, समुन्द्र मन्थन आदि जस्ता कथाहरू बालकाण्डमा र उत्तर काण्डमा पुरुरवा उर्वशी कथा बृत्तवन्ध कथा, नहुष कथा, शम्भु कथा जस्ता उपकथाहरू हुन्।

## क. बाल्मीकि रामायणको वर्षा वर्णन

महाकाव्य बाल्मीकि रामायणको साहित्यिक प्रौढता कति छ भन्ने नमनाको रूपमा वर्षा वर्णन देखा पर्दछ। प्रस्तुत वर्षा वर्णन उत्तरवर्ती साहित्यकारहरूका लागि उपजीव्य वस्तुका रूपमा रहेको छ। कालिदासको ऋतुसंहार र लेखनाथको ऋतुविचार पनि यसबाट प्रभावित छन् भन्ने मत पाइन्छ। लेखनाथको ऋविचार त्रातुसंहारबाट र अंशतः यसै वर्षा वर्णनबाट प्रभावित छ भन्ने विद्वान्हरूको मत पाइन्छ। वर्षा वर्णन मूलतः प्रकृति वर्णन हो। रामचन्द्रले वालीलाई मारिसकेर

सुग्रीवलाई त्यस ठाउँको राजाको रूपमा अभिषेक गरेपछि उनले गरेको वर्षा ऋतुको वर्णनको रूपमा यो आएको छ। यसमा प्रकृति उद्दीपनका रूपमा नभएर आलम्बनको रूपमा आएको छ। यसका साथै प्रकृति मानवीय चरित्रको सहधर्मी भएर पनि देखा परेको छ। यसबाट बाल्मीकिको काव्य कौशलको छटा स्पष्ट दिग्दर्शन हुन्छ। अर्कोतर्फ यसले प्राकृतिक सौन्दर्यको उदात्त वा शान्त सौम्य पक्षलाई बढी सङ्केत गरेको छ : क्रूर पक्षलाई होइन। अर्थात् रामको जीवन-यात्रालाई प्रकृतिको साहचर्य प्रदान गरेर प्रस्तुत गरिएको यस वर्षा वर्णनले बाल्मीकिको काव्यात्मक अनभूति स्पष्ट छर्लङ्ग्याउँछ।

"एषा धर्म परिक्लिष्टा नववारि परिप्लुता सीतेव शोक संतप्ता मही वाष्पं विमुञ्चति॥"

यस पद्यमा कवि बाल्मीकिले प्रकृति चित्रणको उपमाको रूपमा जीवनको बिम्ब प्रस्तुत गरेका छन्। यहाँ पृथ्वीलाई शोक सन्तप्त सीताको उपमा दिइएको छ। घामको असह्य तापका पीडाद्वारा पिरिएकी अनि नयाँ पानीद्वारा डुबेकी सिञ्चित पृथ्वी त्यसरी नै शरीरबाट बाफ उडाउन थालिन् जसरी शोकले व्याकुल बनेकी सीता बारम्बार आँसु झार्ने गर्छिन्। यहाँ उपमान उपमेय सम्बन्ध प्रकृति र मानव बिच देखाइएकाले उपमा अलहर छ।

"नील मेघाश्रिता विघुत्स्फुरन्ती प्रतिभाति मे स्फूरन्ती रावणस्याङ्के वैदेहीव तपस्विनी"

यस पद्यमा एकै साथ प्राकृति सौन्दर्य, सीता विरह र सीताको चरित्र अभिव्यक्त भएको छ। यो पनि रामचन्द्रले लक्ष्मणसँग वार्तालापका क्रममा प्रकृति वर्णन गर्ने सन्दर्भमा आएको पद्य हो। थोरै शब्दबाट नै धेरै कुरा व्यञ्जित गर्न सक्ने सामर्थ्य कविमा निहित रहेको हुन्छ भन्ने कुरा यस पद्यले स्पष्ट पार्दछ। अर्थ : नील मघात्रिता : नील मेघमा आश्रित भएर रहेको विद्यत = विजुली, रावणास्याङ्के = रावणको अँगालोमा, तपस्विनी सीता = तपस्विनी सीता, स्फुरन्ती इव = फुरे झैँ, स्फुरन्ती = चम्केको, मे = मलाई, प्रतिभाति = लाग्छ, भान हुन्छ। यहाँ बिजुलीको उपमा सीतालाई दिएर र कालो बादलको उपमा रावणलाई दिएर उपमा अलङ्कारको आयोजना गरिएको छ। विद्युत फुरणलाई सीताको दीप्तिको दृष्टान्त दिइएको छ त्यसैले यहाँ दृष्टान्त अलङ्कर पनि छ। यहाँ प्रकृतिका क्रियाकलापलाई मानवीय दृष्टान्त मात्र प्रस्तुत गरिएको छ।

विद्युत्पताका : सबलाकमाला :

शैलेन्द्र कूटाकृति संनिकाशा :

गर्जन्ति मेघा : समुदीर्ण नादा

मत्ता गजेन्द्रा इव संयुगस्था

यस पद्यमा प्रकृतिको चित्रात्मक दृश्य प्रस्तुत भएको छ। सबलाक माला = बकुलाको श्रेणी झैँ युक्त भएर, शैलेन्द्र कुटाकृति सन्निकाशा = पर्वत समूहको जस्तै आकार भएका, विद्‌युत्पताका = विद्‌युत्ध्वजा भएका, मेघाः = बादलहरू, संयुगस्था = युद्ध स्थलमा रहेका, मत्ता गजन्द्रा इव = मता हात्ती झैँ, समदीर्ण नादाः = उच्च ध्वनिका साथ, गर्जन्ति = गर्जन्छन्। यहाँ मेघको गर्जनलाई युद्ध स्थलको मत्ता हात्तीको गर्जनको उपमा दिइएकाले उपमा अलङ्कार छ। यस प्रकृतिको चित्रात्मक वर्णन गरिएको छ।

समुद्‌ बहन्तः सलिलाति भारं

वलाकिनो वारिधरा नदन्तः

महत्सु शृङ्गेषु मही धराणां

विश्रम्य विश्रम्य पुनः प्रयाति

यसमा प्रकृतिको मानवीय बिम्ब निक्कै राम्ररी प्रस्तुत भएको छ। यसको अर्थ पानीको गह्रौँ भारी बोकेर श्रेणीबद्ध वा पङ्क्तिबद्ध बनेर उड्दै गरेका गर्जदाँ बादलहरू पर्वतका ठुल्ठुला चुचुराहरूमा विश्राम गर्दै अगाडि बढ्दै फेरि थकाइ मार्दै अगाडि बढ्छन्। यहाँ प्रकृतिको एक भाग बादललाई मानवीय क्रिया (थकाइ मार्दै अगाडि बढ्दै) दिएर प्रकृतिको मानवीकरण गरिएको छ।

अहं तु हृत दारश्च राज्याच्च महतश्च्युतः

नदी कूलमिव क्लिन्न मवसीदामि लक्ष्मण :

यस पद्यमा रामले लक्ष्मणसँग आफ् पत्नी हरिएको र राज्यबाट च्यूत भएकोले यसबाट ठुलो विषाद भएको कुरा व्यक्त गरेका छन्। यसमा करुण भावको अभिव्यक्ति भएको छ। यहाँ उपमा अलङ्कारको प्रयोग भएको छ।

## 1.11 उपसंहार

विश्वका सबैभन्दा पुराना भाषाहरू संस्कृत, ग्रीक र ल्याटिन, हिब्रू आदि पर्दछन्। भारोपेली भाषा परिवारमा संस्कृत भाषा सबैभन्दा जेठो मानिन्छ। संस्कृत भाषा मूलतः आर्यहरूको भाषा हो र यो आर्य समुदायमा निकै प्रचलित र समृद्ध भाषा हो। यो भाषाले प्रसिद्धिको शिखर प्राप्त गरेर आफूलाई देव भाषाका रूपमा समेत स्थापित गरेको थियो। संस्कृत भाषा शुद्ध परिष्कृत संस्कारित भाषा

मानिन्छ। यस भाषामा चिन्तन-दर्शन थपिए, साहित्य लेखिए। यो भाषामा वेद, ब्राह्मण, आरण्यक, उपनिषद्, आयुर्वेद, गणित, ज्योतिष-शास्त्र, अर्थ शास्त्र, राजनीति र साहित्य लेखिनका साथ सम्पन्न परम्पराले यस भाषाले धेरै माथिल्लो उच्चता प्राप्त गरेको छ। वैदिक साहित्यमा विभिन्न वेद लगायत स्मृति, पुराण र काव्य भाष्य र प्रकीर्ण रचनाहरू यसमा लेखिएको पाइन्छ। यस साहित्यमा विभिन्न दार्शनिक, विद्वान, आचार्याहरू जन्मे भने वेद, पुराणदेखि रामायण, महाभारत जस्ता पुस्तकहरू रचना भएको पाइन्। विश्वसाहित्यको सर्वप्राचीन र विकसित साहित्य संस्कृत साहित्य नै रहेकोले अन्य भाषाका साहित्यमा तिनका अजस्र प्रेरणा अध्यावधि देख्न पाइन्छ। एक प्रकारले प्राचीन भारतीय परम्पराको धर्म, दर्शन, काव्य, रीतितिथि वा संस्कृति, जीवनशैली आदिको प्रतिविम्बित रूप नै संसकृत साहित्य देखिन्छ। संस्कृत साहित्यबाट विश्वसाहित्यलाई नै युगानुयुग प्रेरणा प्राप्त भइराखेको देखिन्छ।

संस्कृति साहित्यमा बाल्मीकिको रामायण विश्व साहित्यकै प्राचीन महाकाव्यका रूपमा भाषा, भाव, छन्द, अलङ्कार र रस व्यञ्जनाका दृष्टिले उत्कृष्ट महाकाव्य हो जो संस्कृत, पारवर्ती साहित्यका भास कालिदास अश्वघोषको प्रेरणा स्रोत बन्न पुगेको पाइन्छ।

## 1.12 सार

यस प्रखण्डमा विश्वसाहितको परिचय संस्कृत साहित्यको सर्वेक्षण, बाल्मीकि अनमि रामायणबारे जानकारी प्राप्त भयो। उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- □विश्वसाहित्यको स्वरूप निर्धारणमा संस्कृत साहित्यको भूमिका सर्वप्रमुख रहेको मान्न सकिन्छ।
- □ग्रीक, हिब्रू, आरमेनियन, युनानी, लेटिन आदि प्राचीन साहित्यले पाश्चात्य साहित्यको जग बसालेको देखिन्छ भने संस्कृत साहित्यले पूर्व र पश्चिम दुवैलाई प्रभावित र प्रेरित तुल्याएको पाइन्छ। वेद, उपनिषद्, रामायण, महाभारत पुराण, गीता आदि संस्कृत ग्रन्थले विशवसाहित्यकै गौरव तथा ज्ञानका असीमित भण्डार रहेको संस्कृत साहित्य अक्षय ज्ञानको भण्डार नै रहेको छ।

- संस्कृत भाषा र साहित्यको अध्ययनले भारतीय प्राचीन साहित्य, सभ्यता, संस्कृति र ज्ञानको गहनता, व्यापकता र शाश्वतता थाहा गर्न सुविधा पर्दछ।
- रामायणका रचयिता बाल्मीकि हुन्छ। उनले काव्यसौन्दर्यका श्रेष्ठ नमुना यसमा प्रस्तुत गरेका छन्।

## 1.13 अनुशीलन

1. संस्कृत साहित्यको अध्ययनबाट प्राप्त हुने उपादेयताहरू औँल्याउनुहोस्।
2. बाल्मीकिको काव्य-प्रतिभाको चर्चासँगै तिनको साहित्यिक उपलब्धिको मूल्याङ्कन गर्नुहोस्।
3. संस्कृत महाकाव्यको रूपमा रामायणको विश्लेषण गर्नुहोस्।
4. रामायणमा वर्णित वर्षा विचारमाथि टिप्पणी लेख्नुहोस् ।
5. वैदिक साहित्यबारे सबिस्तार चर्चा गर्नुहोस्।
6. संस्कृत गद्य साहित्यको विवेचना गर्नुहोस्।

## 1.14 अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ

| | |
|---|---|
| ताना सर्मा | पश्चिमका केही महान् साहित्यकार |
| ने रा प्र प्र | विश्व साहित्यको रूप-रेखा |
| राजनारायण प्रधान | विश्वका महान् साहित्यकारहरू |
| हंसपुरे सुवेदी | संस्कृत वाङ्गहय: संक्षिप्त अध्ययन |
| सुकुमार सेन(अनु. इन्द्र सुन्दास) | बङ्गला साहित्यको इतिहास |
| घटराज भट्टराई | संस्कृतका केही साहित्यकारहरू |
| बलदेव उपाध्याय | संस्कृत साहित्य का इतिहास |

यस अतिरिक्त विभिन्न पत्र-पत्रिका अनि वेभसाइट-विकिपिडिया पनि अध्ययन गर्न सक्ने छन्।

## 1.15 मूल्यवृद्धिका निम्ति उत्तर

नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –

1. ऋकवेद माथि चर्चा गर्नुहोस्।

________________________________________________

________________________________________________

______ (प्रश्न 1 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 1.5 खण्डमा उत्तर खोज्न सक्नेछन् )

2. पञ्चतन्त्रमाथि टिप्पणी लेख्नुहोस्।

________________________________________________

________________________________________________

______ (प्रश्न 2 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 1.7 खण्डमा उत्तर खोज्न सक्नेछन् )

3. बाल्मीकि कस्ता काव्यकार हुन्?

________________________________________________

________________________________________________

______ (प्रश्न 3 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 1.9 को खण्डमा उत्तर खोज्न सक्नेछन् )

4. उपनिषद् विषय जानकारी गराउनुहोस्।

________________________________________________

________________________________________________

______

(प्रश्न 4 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 1.6 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )

5. बाल्मीकिको काव्यप्रवृत्ति प्रस्तुत गर्नुहोस्।

________________________________________________

________________________________________________

______

(प्रश्न 5 को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 1.9 खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)

# एकाइ - 2 व्यास, भास, कालिदास, भारवि, माघ, शूद्रक, वाणभट्ट, भवभूति, भर्तृहरि 25

**संरचना**

2.0 उद्देश्य

2.1 व्यासको साहित्यिक परिचय

2.2 महाभारत

2.3 महाभारतको विसेषता

2.4 भासको साहित्यिक परिचय

2.5 भासका नाटकहरू

2.6 कालिदासको साहित्यिक परिचय

2.7 कालिदासका काव्य प्रवृत्ति

2.8 कालिदासका नाट्य प्रवृत्ति

2.9. भारविको साहित्यिक परिचय

2.10 माघको साहित्यिक परिचय

2.11 शूद्रकको साहित्यिक परिचय

2.12 वाणभट्टको साहित्यिक परिचय

2.13 भवभूतिको साहित्यिक परिचय

2.14 भर्तृहरिको साहित्यिक परिचय

2.15 उपसंहार

2.16 सार

2.17 अनुशीलन

2.18 अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ

2.19 मूल्यवृद्धिका निम्ति उत्तर

## 2.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- व्यासको साहित्यिक परिचय
- भासको साहित्यिक परिचय
- कालिदासको साहित्यिक परिचय

- भारविको साहित्यिक परिचय
- माघको साहित्यिक परिचय
- शूद्रकको साहित्यिक परिचय
- वाणभट्टको साहित्यिक परिचय
- भवभूतिको साहित्यिक परिचय
- भर्तृहरिको साहित्यिक परिचय

## 2.1 महर्षि व्यासको साहित्यिक परिचय

लौकिक संस्कृतको आदि ग्रन्थ बाल्मीकिकृत रामायण आदि महाकाव्य हो भने दोस्रो विशालकाय रचनाका रूपमा महाभारतलाई लिइन्छ। यसलाई शत शाहस्त्री संहिता पनि भनेको पाइन्छ। एक लाख श्लोक भएको महाकाव्य भएकोले यसलाई शत साहस्त्री संहिता भनिएको हो। विश्वको सबैभन्दा ठुला ग्रन्थ मानिने यस कृतिका रचयिता महर्षि व्यास मानिन्छन्। व्यास ऋषि भएकोले यसलाई पनि आर्ष महाकाव्यको संज्ञा दिइएको हो। महाभारतका रचयिता व्यास वैदिक संहिता ग्रन्थको सङ्कलन सम्पादन र वर्गीकरण गर्ने देखि लिएर अठार पुराणको रचना गर्ने व्यक्ति समेत व्यासका नामले सुपरिचित छन्। वैदिक कालदेखि लिएर लौकिक संस्कृत युगका पनि पुराणकालसम्म एकै व्यासले साराका सारा ग्रन्थको रचना गरे भन्ने कुरा विचारणीय देखिन्छ। अहिर्बुध्न्य संहितामा प्राचीनतम व्यासलाई वेद व्याख्याता र वेद वर्ग विधाता पनि भनिएको पाइन्छ। विष्णुको आज्ञाले व्यासले त्रयी (ऋक, यजु, साम) र हिरण्यगर्भले योगशास्त्र बनाए भन्ने कुरा उल्लेख छ। कतै कतै ब्रह्मालाई पनि व्यास भनिएको पाइन्छ भने कृष्ण द्वैपायनलाई पनि व्यास भनेको पाइन्छ। यसरी ब्रहमादेखि कृष्ण द्वैपायनसम्म आईपुग्दा व्यास नामधारी व्यक्तिहरू २७ देखि ३३ सम्म पुगेका पाइन्छ भने पछि गएर भारद्धाज र पराशरलाई पनि व्यास भनियो भन्ने पाइन्छ। अद्यावधि पुराणवाचक पण्डितलाई व्यास भन्ने गरिन्छ।

अतः व्यास व्यक्तिको नाम नभएर उपाधि सूचक कर्तृत्ववाची नाम हो भन्ने सिद्ध हुन्छ। शुरुमा वेदलाई टुक्रयाउने अर्थमा व्यास भनियो पछि गएर नयाँ रचना गर्नेलाई व्यास भनियो यस पछि गएर उपाधि परम्परा, शिष्य परम्परा आदिका रूपमा प्रयुक्त हुन पुग्यो। यस प्रकार व्यास कनै एक व्यक्तिको नाम नभएर एक परम्परा के नामका रूपमा रहेको कर्तृत्वबाची नाम हो। महाभारतका रचयिता

व्यासको नाम कष्ण द्वैपायन हो। जुन पराशर ऋषिका छोरा भएकाले उनलाई पराशर्य पनि भनिन्छ। महाभारत आदि पर्वको यसै पक्तिलाई हेर्दा-। "विव्यास वेदान्- यस्मात् स तस्मात् व्यास इति स्मृतः भनेर वेदको विभाजन गरेकाले उनलाई व्यास भनिएको हो भन्ने उल्लेख गरेको छ। यिनै कृष्ण द्वैपायन व्यासले कौरव र पाण्डवको जीवन गाथालाई यथार्थ र वास्त विकताको परिप्रेक्ष्यमा प्रस्तुत गरेका छन् र ब्राहमणकालदेखि जीवित रहेका उपाख्यान र गाथाहरूलाई महाभारतले सजीवता पूर्वक वर्णन गरेको छ।

## 2.2 महाभारत

महाभारत शत साहस्त्र संहिता हो। यस विराट् ग्रन्थका रचयिता एकै व्यक्ति हुन सक्छन् भन्ने कुरामा विद्वान्हरू सहमत छैनन्। त्यसैले विद्वान्हरूले के स्वीकार गरेको छन् भने महाभारतको यो विशाल काय रूप अनेक शताब्दीमा विकास हुदै आएर बनेको हो। प्राचीन समयमा भारतमा प्रचलित कौरव पाण्डवका जीवन सम्बन्धी वीर गाथाहरू र विभिन्न आख्यानहरूलाई एकत्र गरेर वेदव्यासले महाभारतलाई यो रूप प्रदान गरेका हुन्। यसका विकासका तीन रूप मानिन्छन् जय भारत र महाभारत यसमै रहेका कतिपय वर्णनहरूले यसको साध्य प्रस्तुत गर्दछन्। जय यसको सर्वप्राचीन मूल रूप हो। पाण्डवहरूको विजय वर्णन भएकोले यसको नाम जय रहेको हो। यसलाई इतिहास पनि भनिनछ। भनिन्छ, जयको विकसित र विस्तृत रूप भारत हो। यसमा युद्ध चर्चा पाइन्छ। आज उपलब्ध विराट आयाममा रहेको 'महाभारत' यसको विकास तेस्रो चरणमा देखापरेको मानिन्छ।

विद्वान्हरू अनुसार महाभारतको कथा वस्तुका तीन स्रोत मानिन्छ-

१. प्रचीन ऋषि र राजासँग सम्बन्धहरू घटना वा इतिहास

२. लोक संस्कृति

३. कवि कल्पना।

यसरी इतिहास र लोक सामग्रीको काँचो पदार्थलाई कवि कल्पनाले सम्मिश्रण गरेर महाकाव्यको रूपमा महाभारत रचना गरिएको छ।

## 2.3 महाभारतको विशेषता

१. भारतीय धर्म तथा तत्व ज्ञानको विश्वकोशका रूपमा महाभारत रहेको पाइन्छ। यसमा धर्मशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्र, कामशास्त्र तथा अध्यात्म शास्त्रको सारांश समाविष्ट रहेको छ।

२. महाभारत विश्वको बृहात्काव्य ग्रन्थ हो। यस्तो विशालकाय ग्रन्थ आजसम्म विश्वमा रचना भएको देखिएको सकेको छैन। अतः यो ग्रन्थ विश्वको आदि एवम् अन्त्य महाग्रन्थ मानिन्छ।

३. उत्तरवर्ती विभिन्न ग्रन्थका लागि यो उपजीव्य ग्रन्थ बनेको छ। महाभारतबाटै पञ्चरत्नको सृष्टि भएको मानिन्छ भने पञ्चरत्न मध्येको भगवत् गीता भारतीय संस्कृतिलाई विश्वमैँ चिनाउने एक महान् विशेषतायुक्त ग्रन्थ मानिन्छ।

## 2.4 नाटककार भासको साहित्यिक परिचय

वेदमा पाइने संवाद सूक्तहरू नाट्य बिजका रूपमा पाइन्छ। पुराण र महाभारतमा पनि नाट्य बिजका आख्यान-उपाख्यानहरू प्रशस्त भेटिन्छन्। मूलतः लौकिक साहित्यमा नाटकको सुरुवात भने ईसाको प्रथम शताब्दीमा संस्कृत नाटक रचना भएको पाइन्छ। अनुसन्धानकर्ताहरूअनुसार भास सर्वप्रथम लौकिक संस्कृतका नाटककार हुन्। उनले नै कलात्मक नाट्य धाराको सुरुवात गरेको पाइन्छ। कालिदास, शुद्रकहरू उनका उत्तरवर्ती नाटककार देखिन्छन्।

संस्कृत साहित्यको नाट्य परम्परामा भासको महत्वपूर्ण योगदान रहेको देखिन्छ। भासको समय एवम् स्थानका विषयमा आजसम्म कुनै निश्चित प्रमाण प्राप्त नभएकोले विद्वान्हरूका बिच मतैक्य पाइदैन। तापनि धेरैजसो विद्वान्हरू भासलाई ईशाको छैटौ शताब्दीपूर्वका मान्दछन्। यस्तै गरी उनले आफ्ना नाटकमा राजा उदयनको कथा बुनेकाले उनी उज्जउनीका निवासी थिए भन्ने केही अनुसन्धाताहरूको मत पाइन्छ। उनका नाटकमा पाइने भरत वाक्यको राजसिंह पदका आधारमा भास कुनै क्षेत्रीय राजाका आश्रित थिए भन्ने अनुमान ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्यको छ। भासको नाटक विश्लेषणबाट उनी ब्राह्मण धर्मको अभ्युत्थान भएपछिका हुन् भन्ने अनुमान गरिन्छ। उनी पनि कालिदासका जस्तै ब्राह्मण धर्मका पोषक देखिन्छन् र रामायण महाभारतबाट नाटकको कथानक चुनेका छन्। टी. गणपति शास्त्रीले भासका नाटकहरू प्रकाश ल्याएको थाहा लाग्दछ। उनले सन् १९१२, १३ तिर त्रिवेन्द्रमबाट भासका

नामबाट १३ वटा नाटकहरू प्रकाशित गरिदिए भन्ने थाहा लाग्छ। ती प्रकाशित नाटकहरू भासका थिए थिएन भन्ने कुरामाथि ३ वर्ग र मतहरू देखिन्छ-

क. पहिलो वर्गको मतमा सबै नाटक भासका हुन् भन्ने पाइन्छ। यस वर्गका विद्वान्हरूले नाटकको भाषा शैली भासको स्वप्नवासवदत्तमसंग मिल्छ भन्ने मत राखेका छन्। यस्ता मत राख्नेहरू गणपति शास्त्री, किथ र अय्यर पर्छन्।

ख. दोस्रो वर्गको मतमा यी प्रकाशित नाटकहरू भासका नभएर 'मत विलास प्रहसन' का रचयिता मृगेन्द्र वा आश्चर्य चुडामणीका रचयिता शील भद्रका हुन् र उनको रचना समय ७-८ औँ शताब्दीमा भएको हो। यो मत राख्नेहरूमा सिल्वोलेवी, विन्टरनिटज् सी. आर. देवधर पर्छन्।

ग. प्रकाशित यी नाटकहरू भासका हुन् तर यो मूल रूपमा नभई रङ्गमञ्च उपयुक्त बनाई संक्षिप्त रूपमा प्रस्तुत गरिएको हो। वस्तुतः धैरैजसो विद्वान्हरू १३ वटै नाटक भासकै मान्दछन्। तेस्रो वर्गको मतमा यस्तो किसिमको पाइन्छ।

## २.5 भासका प्रकाशित नाटकहरू

१) दुतवाक्य २) कर्ण भार ३) दुत घटोत्कच ४१ उरु भङ्ग ५) मध्यम व्यायोग ६) पंच रात्र ७) अभिषेक ८) बाल चरित्र ९। अविभारंक १०। प्रतिमा ११ प्रतिज्ञा यौगन्धरायण। १२। स्वप्नवासवदत्ता १३) चारुदत्त।

इतिहास प्रसिद्ध कथावस्तु, लोक कथात्मक कथावस्तु र कल्पनाप्रसूत कथावस्तु भासका नाटकमा पाइन्छ। यी तीनवटै प्रकारका कथावस्तुमा प्रशस्त निजी वैशिष्टय दिएर भासले नाटक रचना गरेका पाइन्छन्। यसर्थ उनका नाटकमा मौलिकतालाई प्रस्तुत गरिएको पाइन्छ भन्न सकिन्छ।

दुतवाक्यमा महाभारतको युद्ध हुनुअघि पाण्डवको दूत बनेर श्री कृष्ण कौरव कहाँ गएको कथा वर्णित छ। कर्णभारमा समय र स्थानको अन्वितिलाई पूर्णतया पालन गरिएको यसमा कर्णले परशुरामबाट पाएको दिव्य कवच कुण्डल युद्धको निकटमा ब्राह्मण रूप धारण गरी इन्द्र माग्न गएको कथा वर्णित पाइन्छ। दूत घटोत्कचमा नाटककारको स्वतन्त्र कल्पनाको यथेष्ठ समावेश भएको पाइन्छन् भने युद्धमा अभिमन्युको मृत्यु भएपछि श्री कृष्णले घटोत्कचलाई दूत बनाएर कौरवहरूको विनाश सन्निकट छ भन्ने समाचार कौरवहरूमा पठाएको र युद्ध भएको कथा छ। उरु भङ्गमा नाट्य शास्त्रको नियम विपरीत दुःखान्तमा टुङ्ग्याइएको छ। यसमा भीम र दुर्योधनको गदा युद्ध र दुर्योधनको उरू भङ्गको

कथा वर्णित छ। मध्यम व्यायोगमा भीमद्वारा राक्षसबाट एक ब्राह्मण पुत्रलाई बचाएको कथा छ। पंच रात्रमा महाभारतको कथालाई कल्पित रूप दिइएको छ। यसको अवसरमा द्रोणले दुर्योधनसँग दक्षिणा माग्दै पाण्डवलाई आधा राज्य देऊ भन्दा दुर्योधनले पाँच रातमा पाण्डव मिले राज्य दिन्छु भन्छन् र पाण्डव पाँच रातभित्र भेटिन्छन् र आधा राज्य प्राप्त गर्छन्। अभिषेक ६ अङ्कको नाटक छ। यसमा रामायणको किष्किन्धा काण्डदेखि युद्ध काण्डसम्मको कथा संक्षेपमा वर्णित छ। रावण वधपछि रामको राज्याभिषेकसम्मको कथा यसमा छ। बालचरित्र यस नाटकमा श्री कृष्ण जन्मदेखि कंश वधसम्मको कृष्णको बालचरित्रको कथा कवि कल्पनाद्वारा चमत्कारिकताका साथ वर्णित छ। अविमारक ६ अङ्कको लोककथामा आधारित नाटक हो। यसमा राजकुमार अविमारक र राजा कुन्ती भोजकी पुत्री करङ्गीका ममाझको प्रेमको कथा वर्णित पाइन्छ। यसरी नै प्रतिमा ७ अङ्कको नाटक हो। राम वनबासदेखि लिएर रावण वधसम्मको कथा यसमा छ। प्रतिमा यौगन्धरायण ४ अङ्कको यस नाटकमा कौशाम्बीराज उदयनको वासवदत्तासँगको प्रेम र विवाहको वर्णन छ। एकपटक उदयन नक्कली हात्तीको छलद्वारा अवन्तीराज महासेनबाट कैद गरिन्छन्। निपुण सह्गीतज्ञ भएकाले उदयन राजकुमारी वासवदत्ताका सङ्गीत शिक्षक नियुक्त हुन्छन्। दुवैमा प्रेम हुन्छ र मन्त्री यौगन्ध रायणका सहायताले वासवदत्तालाई लिएर त्यहाँबाट उदयन भाग्छन्। स्वप्नवासवदत्तमा उदयनका मन्त्री योगन्धरायणले महारानी वासवदत्ता लावणक वनमा जलेर मरेको झुठो खबर फैलाएको र मग धराज दर्शककी बहिनी पभावतीसँग विवाह गरिदिएको, वासवदत्ता मगधराज पुत्री पभावतीकहाँ राखिएकी हुन्छिन्, उदयनल सपनामा वासवदत्ता देख्छन्। वासवदत्ता र यौगन्धरायणले भेद खोल्छन् र नाटक सुखान्तमा टुङ्गिन्छ। चूरुदत्त लोककथामा आधारित ४ अङ्कको कल्पित नाटक हो। यसमा उज्जउनीका सार्थवाद ब्राहमण बारुदत्त र गणिका वसन्त सेनाको पवित्र प्रेमको कथा वर्णित छ।

नाटकीय संविधान वा वस्तुयोजना विभिन्न विशेषताहरू विषयवस्तुका विविध स्रोतको उपयोग भासले गरेका पाइन्छन्। यसका साथै उनले आफ्नो कल्पना र मौलिकताको समेत उपयोग गरेर वस्तुयोजनामा गतिमयता ल्याएका छन्।

## 2.6 महाकवि कालिदास

कलात्मक महाकाव्य परम्पराका उच्च प्रतिभा हुन् महाकवि कालिदास। किंवदन्ती अनुसार कालिदास महामूर्ख थिए। भनिन्छ, रुखको हाँगामा बसेर फेँद तर्फ काट्ने मुर्ख कालिदासलाई विद्वान्हरूले विद्यावतीसँग विवाह गराएपछि अपमान साथ घरबाट निस्केका कालिदास धनघोर विद्वान् बनेर तीन काव्य कुमार सम्भव, मेघदूत र रघुवंश लेख्न पुगे। यस्तै अझ भनिन्छ, समस्या पूर्तिमा बेजोड मानिने कालिदास दरवारबाट विशेष सम्मानित थिए र लङ्का जाँदा बेश्याबाट पराजित भएका थिए। यस्ता किंवदन्तीहरू प्रचलित भए पनि मूलतः कालिदास सानैदेखि प्रतिभाशाली व्याकरण, इतिहास, पुराण, काम शास्त्र, सङ्गीत र काव्यका विशेषज्ञ थिए।

कालिदासका दुईवटा महाकाव्य रहेका छन्, कुमार सम्भव, र रघुवंश। यस महाकाव्यमा शिव-पार्वती विवाह, कार्तिकेय जन्म र कार्तिकेयबाट तारकासुर वध जस्ता घटनाहरू कथानकका रूपमा रहेका छन्। दिलीपको राज्य व्यवस्था, दिलीपको वशिष्ठ आज्ञा अनुरूप गाई सेवा, रघुजन्म, रघुको युद्ध विजय पराक्रम, इन्दुमति स्वयंवर, अज विलाप दशरथ, राम र कुशदेखि अग्निसम्मको वंश वर्णन भएको रघुवंश कालिदासको अर्को महाकाव्य हो।

## 2.7 कालिदासको काव्य प्रवृति

कालिदास रामायण र महाभारतपछि विचित्र मार्गी महाकाव्यकार हुन्। कालिदासको महाकाव्यकारितामा विभिन्न विशेषताहरू रहेका पाइन्छन् जो निम्न छन्-

क. आर्य संस्कृतिको अभिव्यक्ति - पूर्वीय आर्य सभ्यताको गायनमा कालिदास दक्ष छन्। उनले आर्य संस्कृतिका यज्ञ, आजा-पूजा र षोडश संस्कार सहित धर्म, अर्थ र काम मोक्षजस्ता चतुर्विध पुरुषार्थ, देव ऋण, पितृ ऋण, आचार्य ऋण आदिलाई आफ्नो काव्यमा व्यक्त गरेका छन् र तपोवन र वृत्तिको पनि सुन्दर चित्र उपस्थापित गरेका छन्।

ख. सहरीया परिवेश उद्‌घाटन- रघु वंशमा अयोध्याको समृद्धशाली नागर वर्णन गरेर नागर परिवेशको उद्‌घाटन गरेका छन् भने आंशिक रूपमा गाउँको चित्रण पनि गरेका छन्।

ग. मनोविश्लेषणात्मकता- कालिदास सामाजिक धरातलबाट माथि उठेर समाज सापेक्ष मनोविज्ञानको प्रयोग कालिदासले गरेका छन्। विशेषतः रघुवंशको

इन्दुमतीको मनोविज्ञान अज विलाप, रति विलाप जस्ता सन्दर्भ मनोवैज्ञानिक दृष्टिले उल्लेख छन्।

घ. संक्षिप्तता र पूर्णता- मितव्ययी शैलीमा आकर्षक भावको ध्वनि गुञ्जितगर्नका साथै कालिदास थोरैमा धेरै भन्न सक्ने महाकाव्यकार देखिन्छन्। भाव कलाका दृष्टिले उनी विशिष्ट क्षमता भएका सफल महाकाव्यकार हुन्।

ङ. रस परिपुष्टता- शृङ्गार र शान्त रसलाई उनले परिपाकमा पुऱ्याउने काम उनका महाकाव्यहरूका पाइन्छन्। प्रमुख रूपमा शृङ्गार साथै त्यसपछि वीर, करुण, शान्त रसको परिपाक उनको रस विधान कला हो। प्रत्येक श्लोक रससिक्त र सम्पूर्ण कथनमा रस पुष्टि रहेको पाइने भएकोले उनी यस दिशामा विशिष्ट छन्।

च. उक्ति वैचित्र्य- विभिन्न अलङ्कारका माध्यमबाट उक्ति वैचित्र्य प्रस्तुत गर्न कालिदास खप्पिस छन्। उपमा, उत्प्रेक्षा, अर्थान्तरन्यास अलङ्कारका उनी सफल प्रयोक्ता देखिन्छन्। कालिदास कोमल कवितामा सार गर्भित सूक्ति प्रयोग पनि गर्छन्। अर्थात् कालिदासले रचेका स्लोकहरू सूक्तिमय छन्। कालिदासको बारेमा मात्लिनाथको टिप्पणी यस प्रकार छ - "कालिदासको शैली अङ्गुरको फल जस्ता छ भने भारविको नरिवल फल जस्तै छ।

## 2.8 नाटककार कालिदास

लौकिक संस्कृत साहित्यमा महाकाव्यकारका रूपमा प्रख्यात कालिदास नाटक लेखनमा पनि उत्तिकै सिद्धहस्त तथा परिचित छन्। संस्कृत नाटकसाहित्यमा महत्वपूर्ण योगदान दिने कालिदासको स्थान पनि उच्च रहेको पाइन्छ। महाकवि हुनका साथै कालिदास नाटकको क्षेत्रमा पनि सर्वोच्च स्थान रहेको छ। उनको 'अभिज्ञान शाकुन्तल' नाटकको कारणले मात्र पनि उनलाई संस्कृत नाटय साहित्यको इतिहासमा सर्वोच्च स्थानमा राख्न पुऱ्याएको छ।

### कालिदासका नाटकहरू

१) मालाविकाग्नि मित्रम् २) विक्रमोर्वशीय ३) अभिज्ञान शाकुन्तलम् हुन्छ। 'मालविकाग्नि मित्रम्' पाँच अङ्कको नाटक हो जसमा राजा अग्निमित्र र मालविकाको प्रणय कथा वर्णित पाइन्छ। लोककथा र प्रेमकथामा यो नाटक आधारित रहेको पाइन्छ। यसरी नै पाँच अङ्क भएको अर्को नाटक 'विक्रमोर्वशीय' हो। यसमा पुरुरवा उर्वशीको कथावस्तु प्रस्तुत गरिएको छ भने उनका प्रसिद्ध

नाटक 'अभिज्ञान शाकुन्तल' चाहिँ सात अङ्कको नाटक हो। दृष्यन्त र शकुन्तलाको प्रणय, वियोग र पुनर्मिलनको कथा यसमा वर्णित छ।

महाभारत र वैदिक आख्यान र लोककथासँग नजिक रहेका विद्वान कालिदासले आफ्नो नाटकहरूको कथावस्तुको स्रोत त्यहीँबाट टिपेको पाइन्छ। 'अभिज्ञान शाकुन्तलम्' उनतो सर्वाधिक प्रसिद्ध नाटक हो। उनको यस प्रसिद्ध नाटक महाभारतबाट टिपिएको छ। यसरी नै 'मालविकाग्नि मित्रम्' प्रसिद्ध लोककथामामाथि आधारित नाटक मानिन्छ। वैदिक आख्यान र विष्णु पुराणबाट 'विक्रमोर्वशीय'को कथावस्तु टिपिएको पाइन्छ। यसरी विविध क्षेत्रबाट लिइएका कथावस्तुलाई यथावत् रूपमा प्रस्तुत नगरी घटना, चरित्र आदिको समावेश गर्दै परिष्कृत र परिमार्जित गरी नाटकीयता प्रदान गर्नुले कालिदासलाई सफल बनाएको पाइन्छ।

## 2.9 भारविको साहित्यिक परिचय

किंवदन्ती अनुसार भारविलाई दक्षिण भारत निवासी मानिन्छ। विद्वानहरूनुसार भारवि कालिदासको कविप्रतिभाबाट प्रभावित थिए। भारविलाई कालिदास उत्तर र माघपूर्वका महाकाव्यकार मानिन्छ। भारवि वाणभट्टभन्दा पूर्वका थिए। प्राप्त प्रमाणहरू मध्ये ई. ६३४ को एहोलको शिलालेख र ई. ७७६ को पृथ्वी कोङ्गणीको दानपत्रमा भारविको नाम उल्लेख भएको पाइन्छ भने पृथ्वी कोङ्गणीको दानपत्रले छैटौ शताब्दीको अन्त वा सातौँ शताब्दिको प्रारम्भमा भारविले रचनाहरू गरेको देखाएको विद्वान्हरूको मत पाइन्छ। भारविलाई विद्वानहरूले कविभन्दा धेर विद्वान व्यक्तित्वका ध)नी मानेका छन्। भारवि पण्डित तथा राजनीतिका विशेषज्ञ भएको हुनाले यसो मानिएको हो। कवित्व पनि हुँदै नभएको भने होइन। उनी कलाचातुर्य र अर्थ गौरवले काव्यलाई भरिपूर्ण बनाउने कवि प्रतिभा हुन्, भनिएको पाइन्छ। उनको विद्वत्तापूर्ण व्यक्तित्वको प्रदर्शन "किरातार्जुनीयम्" को पञ्चम सर्गको यमक प्रयोग पञ्चदश सर्गको चित्रकाव्य प्रथम र द्वितीय सर्गको द्रौपदी भीम र युधिष्ठिरका उक्ति तथा तेह्रौँ र चौधौ सर्गको किरातदूत र अर्जुनका बिचको उक्ति प्रत्युक्तिमा भएको पाइन्छ। ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य अनुसार भारवि राजनीति शास्त्रका प्रकाण्ड विद्वान् थिए। उनको राजनीति विषयक ज्ञान प्रथम र द्वितीय सर्गको द्रौपदी, भीम र युधिष्ठिर बिचको वाद-विवादमा युधिष्ठिरका उक्तिमा मुखरित भएको पाइन्छ। दुर्योधनसँग तत्काल युद्ध गर्ने सल्लाह दिने भीमलाई युधिष्ठिरद्वारा बताइएको नीतिको मूल आशयमा

हतारमा र बिना सोची विचारी गरिने काममा अनेक विपत्तिहरूको सामना गर्नुपर्ने हुन्छ। युधिष्ठिर भीमलाई सम्झाउँदै भन्छन्, वीर पुरुषले आफ्नो प्रतिपक्षीमाथि विजय प्राप्त गर्नका लागि कोधलाई दबाएर प्रभुशक्ति, मन्त्रशक्ति र उत्साह शक्तिको सञ्चय गर्नु पर्छ। यस्तो नगर्ने व्यक्ति उक्त तीनै शक्तिबाट बञ्चित हुनुका साथै कृष्णपक्षको कलाहीन चन्द्रमा जस्तो बन्दछन्। यसरी सोच-विचारपूर्वक गरिएको कामबाट नै लक्ष्यित वस्तु प्राप्त गर्न सकिने अनि क्रोधको दमन गर्दै शक्तिको सञ्चयबाटै विपक्षीमाथि विजय प्राप्त गर्न सकिने जस्ता राजनीति विषयक ज्ञान दिलाउने भारविको विद्वता महान् रूपमा देखापर्दछ। भनिन्छ, भारवि कामशास्त्रका पण्डित थिए। कालिदास जस्ता रसिक कवि नभई उनी कामशास्त्रका पण्डित थिए। भारविको शृङ्गार वर्णनलाई हेर्दा उनी शृङ्गारका भावपक्षका कवि नभई शृङ्गारका कलापक्षका कवि हुन पुगेका पाइन्छन्। भारवि अलङ्कार, छन्द आदिमा पूर्ण अधिकार राखेर तिनमा रहेको निपुणतालाई देखाउँछन्। रसमय शैलीको सरल स्वाभाविकताबाट पर हटेर विद्वता र उग्र पाण्डित्य प्रदर्शनी गर्ने भारविमा आलङ्कारिक चमत्कार प्रदर्शनीमा पनि उत्तिकै रुचिरहेको पाइन्छ।

अर्थ गौरव भारविको कवि व्यक्तित्वको मूलभूत विशेषता हो। थारै शब्दमा अर्थको गौरवलाई प्रकट गर्ने सामर्थ्य उनको विसेषता मानिन्छ। कला पक्षका कवि भारविले “भाखेरर्थगौखम्" भन्ने विशेषता प्राप्त गरेका छन्। कल्पनाको उडान, कला प्रदर्शन वा विद्वत्ता प्रदर्शनले नभएर अर्थगाम्भीर्यपूर्ण शैलीले नै उनी ओजस्वी कवि बन्न पुगेको मानिन्छ।

## 2.10 माघको साहित्यिक परिचय,

सोमनाथ सिग्देलले माघलाई विक्रमाब्दको ७३० तिरको कवि भनेर बताएका छन्। संस्कृत महाकाव्य परम्पराका तेस्रो चरणका भारविपछिका उल्लेख्य र श्रेष्ठ महाकाव्यकारहरू मध्ये माघ पनि एक हुन्। उनले आफ्नो जीवनीबारेमा आफ्नै महाकाव्यमा परिचय दिएकोले अन्योलता नदेखिने विद्वान्हरूको मत पाइन्छ। उनी एक सम्पन्न परिवारमा जन्मिएका थिए। महाकाव्यकार माघले ‘शिशुपाल वध’ शीर्षक एक मात्र महाकाव्यको रचना गरेका छन्। यस महाकाव्यको रचनाद्वारा उनले भारविको काव्य परम्परालाई अझ सशक्त र समृद्ध बनाएका छन्। ‘भारविको शोभा तबसम्म चम्कन्छ, जबसम्म माघको उदय हुदैन। माघको

उदय भएपछि भारविको कान्ति केही गौण वा धमिलो भएर गएको छ। यसको अर्को अर्थ सूर्यको कान्ति तबसम्म चम्कन्छ, जबसम्म माघ आउँदैन। माघ महिना आए पनि सूर्यको कान्ति धमिलिन्छ' भन्ने विद्वान्हरूको यस किसिमको भनाइबाट उनले भारविकै काव्यकलाको अनुसरण गरेर भारविलाई नै उछिनेका छन् भन्ने कुरा बुझिन्छ।

माघले भारविले जस्तै महाकाव्यको पनि सर्ग आरम्भ र सर्ग अन्तमा 'श्री' शब्द प्रयोग गरेका छन्। यस कुराले उनले भारवि प्रणालीकै अनुसरण गरेको कुरालाई पुष्टि गर्ने समालोचकहरूको भनाइ पाइन्छ। समालोचकहरू अझ भन्छन्, वर्णनको क्रममा पनि भारवि र माघमा समानता फेला पर्छ। यी दुवै महाकाव्यकारले आफ्नो महाकाव्यको प्रथम सर्गमा दूतको प्रसङ्गको वर्णन गरेका छन्। यसरी माघले भारविकै अनुसरण गरेर महाकाव्य लेखेको जस्तो देखिन्छ तापनि उनको "शिशुपालवध" महाकाव्य किरातार्जुनीयम् भन्दा सशक्त छ।

## 2.11 शूद्रक,

इन्द्राणी गुप्त नै शुद्रक हुन् भन्ने विद्वान्हरूको मत पाइन्छ। उनको एक मात्र पुस्तक मृच्छकटिकम्को प्रस्तावनामा यही राजा शुद्रक नाटककार भएको उल्लेख छ। राजा शूद्रकले आन्ध्रजातीय राजकुमार स्वातीलाई परास्त गरी एक वर्ष उज्जैनमा शासन गरेको कुरा पनि उल्लेख पाइन्छ। कृतिगत रूपमा संस्कृत नाटक साहित्यमा 'शाकुन्तल' पछि 'मृच्छकटिकम्' नाटकको चर्चा निक्कै पाइन्छ। यस आधारमा मृच्छकटिकका रचनाकार शुद्रक भास र कालिदासपछिका प्रभावशाली नाटककार देखिन्छ।

मृच्छकटिकम् दस अङ्क भएको रूपकको एक भेद प्रकरण नाट्य कृति मानिन्छ। यो चारुदत्ता र वसन्त सेनाको प्रेमको कथामाथि आधारित रहेको मानिन्छ। कथाअनुसार ब्राह्मण चारुदत्तसँग वैश्य कुलमा उत्पन्न वसन्त सेनाको प्रेम हुन्छ। राजा पालकको सालो शकारले बसन्त सेनालाई चाहन्छ। वसन्त सेनाले शकारलाई अस्वीकार गर्दा शाकारले बसन्त सेनालाई मूच्छित हुनेगरी पिट्छ र त्यो दोष चारुदत्तमाथि लगाउँछ। मुद्दा न्यायालयमा पुगेपछि चारुदत्तलाई प्राण दण्ड सुनाइन्छ। यस्तैमा राज्य विद्रोहपछि आर्यक राजा हुन्छन्। आर्यकलाई कुनै दिन मद्दत गरेको चारुदत्तलाई आर्यक सहयोग गर्न चाहन्छ र चरुदत्त र बसन्त सेनाको विवाह हुन्छ। यही सुखान्त कथावस्तुमा नाटक टुङ्गिन्छ।

हास्य रस मिश्रित शृङ्गार रस प्रधान नाटक मृच्छकटिकम् माथि दण्डी, वामन, बराह, कालिदासप्रभृत्तिले चर्चा गरेको पाइन्छ। उनीहरूले नाटकीय कार्यव्यपार, संवाद, अभिनेयता आदिले यसलाई अत्यन्त शिल्पशोधित बनाएको बताइएको पाइन्छ। नायिका प्रधान यस नाटकमा ब्राह्मण, धूर्त, गरिब, चोर, वेश्या -जस्ता बहुविध सामाजिक पात्र छन्। तत्कालीन समाजको चित्रण यसमा पाइन्छ भने सरल, समासयुक्त शैली र कवित्व एवं नाट्य शैलीको सुन्दर रूप यसमा देख्न पाइने विद्वान्हरूको मत पाइन्छ। गतिशील कथानक सरस प्रवाहयुक्त शैली यसमा भेटिन्छ। भावको मार्मिक चित्रणमा शुद्रक सिद्धहस्त थिए भन्ने यसबाट बुझिन्छ। सुन्दर भाव, रमणीय उपमा, रोचक कल्पनामा नाटकमा छताछुल्ल पोखिएको पाइन्छ। मनोहर कथोपकथन प्रकृतिको विचित्र वर्णन अवस्थाको सटीक चित्रण शुद्रकको मृच्छकाटिकका विशेषता हुन्। नाटककार शूद्रकले आफ्ना नाटक मृच्छकटिकममा आफ्नो समयका ऐतिहासिक, सामाजिक, राजनैतिक आदि घटनाक्रमलाई जीवन्त पारेको विद्वान्हरूले उल्लेख गरेको पाइन्छ।

## 2.12 वाण भट्टको साहित्यिक परिचय

दण्डीपछिका संस्कृत गद्यकाव्यकार वाण भट्ट हुन्। गद्य काव्य रहेका छन् – ''हर्ष चरित्र'' र कादम्बरी' का रचनाकार वाण भट्ट सातौँ शताब्दीका तत्कालीन सम्राट हर्षवर्द्धनका राजसभामा थिए भन्ने बुझिन्छ। 'सुबन्धु'बाट थालिएको गद्य शैलीको प्रौढ र विकसित रूप वाणभट्टमा देखिन्छ। संस्कृत काव्य शास्त्रमा आख्यायिका भनिएको ''हर्ष चरित्र'' उनको प्रथम गद्य कति हो। आख्यायिक सम्बन्धी समग्र सिद्धान्त "'हर्ष चरित्र''मा र समग्र कथाको सिद्धान्त 'कादम्बरी'मा गर्न सकिन्छ। सुरुमा आर्या छन्दको प्रयोग, प्रसिद्ध वा मिश्रित आख्यानको प्रयोग भएको विधा आख्यायिका हो भने पूर्णतः मौलिक विषयवस्तु भएको कथा हो। यसरी मूलतः कथा र आख्यायिकाको भिन्नताको मूल आधार विषयवस्तु हो। 'हर्ष चरित्र'मा आठ उच्छवास छन्। प्रारम्भका तीन उच्छ्वासमा वाणभट्टको आत्मकथा प्रस्तुत पाइन्छ भने अन्य पाँच उच्छवासमा हर्षवर्द्धनको जीवनचरित्र प्रस्तुत पाइन्छ। यो वाण भट्टको पहिलो गद्यकाव्य भएर पनि यसले वाणको अद्भूत वर्णनशैलीको परिचय दिएको विद्वान्हरूले मानेका छन्। 'कादम्बरी' वाणभट्टले अपूर्ण अवस्था मै छाडेका थिए पछि उनका पुत्र भूषण (पुलिन्दा)-ले पुरा गरेको किताबहरूमा

उल्लेख पाइन्छ। कादम्बरीको पूर्ति वाणको र उत्तरार्द्ध वाणपत्रको रचना मानिएको पनि पाइन्छ। कादम्बरीलाई समग्र संस्कृत साहित्यको परम्परामा सर्वोत्कृष्ट गद्यकाव्यका रूपमा मानिन्छ। पुण्डरी र चन्द्रमा यसका नायक हुन्। शुक र शूद्रकको वार्तालापका माध्यमबाट यसको विषयवस्तु वा कथावस्तु प्रस्तुत भएको छ। चाण्डाल कन्याबाट राजा शूद्रककहाँ शुक ल्याएको र शुक आफ्नो शूद्रकको पूर्वजन्मको सम्पूर्ण घटनाहरू शूद्रकलाई सुनाउँछ। त्यस वर्णनबाट के थाहा पाइन्छ भने शुक आफ्नो पुण्डरिक थियो र उसकी प्रेमिका महाश्वेता थिई भने शूद्रक चन्द्रमा थियो र उसकी प्रेमिका कादम्बरी थिई। विभिन्न जीवनका उतार- चढावका कारणबाट र श्राप प्रतिश्रापका कारणबाट उनीहरू वैशम्पायन र चन्द्रपीडका रूपमा दोस्रो जन्म बिताउँदै यो जन्ममा शुक र शूद्रकका रूपमा रहेका छन्। शुकले यो कथा शूद्रकलाई सुनाई सकेपछि ती आफ्ना वास्तविक रूपमा आउँछन् र पुण्डरिक र महाश्वेता अनि चन्द्रमा र कादम्बरीको पुनर्मिलन हुन्छ र यसैमा यसको कथा समाप्त हुन्छ।

कादम्बरी वाणभट्टको मौलिक कथा रहेको विद्वान्हरूको मत पाइन्छ। त्यसैले यसलाई साहित्य शास्त्रले पनि कथा विद्याका रूपमा स्वीकार गरेको छ। यस कथालाई वाण भट्टले निक्कै रोचक, कलात्मक रूपमा प्रस्तुत गरेका छन्। यसैले यसलाई संस्कृत साहित्यमा सर्वोत्कृष्ट गद्याख्यान र उपन्यास पनि भन्न सकिन्छ। यसका मूल कथावस्तुभित्र अनेकौँ उपकथाहरू संयोजित छन्। अनेकौँ उपकथासँग मूल कथावस्तुलाई परस्पर संयोजित गरेर विकसित तुल्याएका छन्। यसरी मूलकथाभित्र अनेकौँ उपकथाहरू संयोजित गरिएकाले यसको कथावस्तु जटिल छ। त्यस जटिल कथावस्तुको विकास कलात्मक र स्वभाविक रूपमा भएको छ। प्रर्याप्त कौतुहलता र औत्सुक्यको निर्वाह भएको छ। यसका पात्रहरू पनि सजीव छन्। पात्रका मनोवृत्तिहरूको अध्ययन वा निरीक्षण गरेर समग्र मानवीय मनोवत्ति के अध्ययन यसमा गरिएको पाइन्छ। कल्पनाद्वारा पात्रको चरित्रलाई अलौकिक बनाएर प्रस्तुत गरिएको छ। यसरी अतिरञ्जित चरित्रको वर्णन यसमा भएको पाइन्छ। अनेकौँ जन्मका स्मृतिहरू पात्रका मनभित्र रहनु अतिरञ्जनात्मकता हो। वाण भट्टले जीवनका विविध अनुभवलाई यसमा प्रस्तुत गरेका छन् भन्न सकिन्छ।

वाणभट्टको प्रतिभाले कथावस्तुको संयोजन कलात्मक बनाएके र यसैको कारण यो सर्वोत्कृष्ट गद्यकाव्यको रूपमा प्रस्तुत भएको मानिन्छ। वाण भट्टका प्रवृत्तिलाई हेर्दा गद्यकाव्यकार वाण भट्टले शृङ्गार रसलाई परिपाकमा पुऱ्याएको पाइन्छ। रस

प्रवणता वाणको विशेषता हो। उनी सरस रूपमा कथावस्तुलाई प्रस्तुत गर्दै नायक नायिकाको पुनर्मिलन गरेर संयोग शृङ्गारलाई परिपुष्ट पार्न सिपालु छन्। उनी कथालाई कलात्मक बनाएर वा सिँगारेर प्रस्तुत गर्छन्। यसैले कला सौन्दर्य उनको अको विशेषता हो। उनको अभिव्यञ्जना वक्रोक्तिमय छ। उनका समग्र संवाद, कथोपकथन वक्रोक्तिका माध्यमबाट अगाडि बढेका छन्। उनका पदावलीहरू र वाक्यहरू अनुप्रासयुक्त र समासित छन्। यस्ता अनुप्रासमय र समासित लामा लामा पदावलीहरू उनको यस कृतिभरि पाइन्छन्। अलङ्कार प्रयोगका दृष्टिले वाणले उपमा र दीपक अलङ्कारको सुन्दर प्रयोग गरेका छन्। यसले वाण भट्टको कलालाई सुन्दर बनाएको छ।

## 2.13 भवभूतिको साहित्यिक परिचय

नाटककार भवभूति संस्कृत नाटकको उत्तरवर्ती शास्त्रीय धाराका एक विशिष्ट प्रतिभा मानिन्छ। भवभूति वेद र दर्शनका अगाध विद्वान् थिए। त्यस्तै यिनी उपनिषद् तत्वका पनि परम्वेत्ता थिए। यिनी अद्वैत वेदान्तका पक्षधर थिए। यसका साथै योगशास्त्रको पनि उनलाई उत्कृष्ट ज्ञान थियो। यनको समय आठौँ शताब्दीको उत्तराद्ध मानिन्छ। उनले आफ्नो कृति 'महावीर चरित्र' -को प्रस्तावनामा आफ्नोबारे केही उल्लेख गरेका छन्। जस अनुरूप उनी विदर्भ देशका थिए। उनी नीलकण्ठ र जतुकर्णीका पुत्र थिए उनको खास नाम श्री कण्ठ थियो। श्री कण्ठ पदलाञ्छने भवभूतिर्नाम् भनेर उल्लेख भएको कारण यस आधारमा यति भए पनि यत्रतत्र भवभूति नाम नै प्रयुक्त भएकाले उनको खास नाम भवभूति नै थियो भन्ने बुझिन्छ।

### क. भवभूतिका नाटकहरू

भवभूतिले तीनवटा नाटकहरू विभिन्न विषयमाथि आधार गरी लेखेका छन्। 'महावीर चरित्र', पूर्वराम कथामा आधारित नाटक हो। यसरी नै 'मालती माधव' लोक कथामा आधारित नाटक मानिन्छ। "उत्तर राम चरित्र' उत्तर राम कथामा आधारित उनको सबैभन्दा सुन्दर नाटक हो। महावीर चरितमा पूर्व रामकथामा अर्थात् राम विवाहदेखि रावण वधपछि अयोध्या फर्केसम्मको कथा र उत्तर राम चरितमा उत्तर रामकथा अर्थात् रामको राज्यरोहणदेखि सीताको परित्याग सम्मको चित्रण पाइन्छ। मालती माधवमा मालती र माधवको प्रणय कथा प्रस्तुत

छ। उपकथानक मकरन्द र दमयन्तीको प्रणय कथा पनि यसमा छ। समग्रमा मालती माधव शृङ्गार रसले पोषित नाटक हो।

भवभूतिको नाटय कला विषयमा अध्ययन गर्नुपरे उनको उत्तर राम चरित्र हेर्न सकिन्छ। उनका अन्य दुई नाटय कृतिहरू पनि छन् तथापि उत्तर राम चरित्रले प्राप्त गरेको विशिष्टताका तुलनामा ती केही तल देखिन्छ भन्ने मत समालोचकहरूको पाइन्छ। अतः मुख्यतः भवभूतिको नाटयकलाको परिचय दिन उत्तर राम चरित्र समर्थ छ।

भवभूति परम्परा सापेक्ष नाटककार हुन्। 'वियोगान्तं ननाटकम्' भन्ने नाटकको परम्परित मान्यतालाई आत्मशात् गर्दै भवभूतिले मूल कथामा वियोगान्त भए पनि आफ्नो मौलिक कल्पनाद्धारा उत्तर राम चरित्रलाई सुखान्त बनाएका छन्। भवभूति मूलतः भाव प्रवण कवि हुन्। अतः कवि भवभूति भाव प्रवणले नाटकलाई पनि अछुतो रहन दिएको छैन। भावहरूको स्निग्ध चित्रण छ साथै पर्याप्त पद्यको प्रयोग भएकाले उत्तर राम चरित्र झन्डै गीति-नाटक बन्न पुगेको छ भन्ने समालोचकहरूको भनाइ पाइन्छ। मलती माधव आभ्यासिक नाटक भएकाले यसमा घटना शिथिल छ। यति भएर पनि चरित्र चित्रणमा वैधानिक पद्धतिमा गरेका हुनाले पर्याप्त चित्रात्मक छन्। भवभूति प्रकृति चित्रणमा पनि सफल छन्। उनले प्रकृतिका आन्तरिक बाह्य दुवै पारालाई लिएका छन्। प्रकृतिको उज्यालो पक्ष भन्दा उग्र, भयङ्कर र विषम पक्षमा उनको बढी रुचि देखिन्छ। दण्डकारण्यको वर्णन उत्तर रामचरित्रको प्रकृति चित्रणको विशिष्ट नमुना मानिन्छ। यस्तै मालती माधवको मशान वर्णन पनि उल्लेखनीय मानिन्छ। रस सिद्धि भवभूति नाटय कलाको अर्को वैशिष्य हो। उनी अनेक रसका सिद्ध कवि हुन्। उनले आफ्ना नाटकमा वीर रसको सजीव चित्रण गरेका छन्। यस्तै मालती माधवमा शृङ्गार रस परिपाक गरेका छन्। कतिपय विद्वान्हरूले भवभूतिलाई कालिदास भन्दा पनि विशिष्ट कोटिका मानेका छन्। भनिएको पाइन्छ, कालिदास आदिमध्ये भवभूति ठुला कवि हुन्, जसरी पारिजात आदि वृक्षहरूमा सिउँडीलाई महावृक्ष मानिन्छ।

## 2.14 भर्तृहरिको साहित्यिक परिचय

भर्तृहरिलाई ई. पूर्व प्रथम शताब्दीका संस्कृत साहित्यका एक महान कवि मानिन्छ। एक थरिका विद्वान्हरूले भर्तृहरि कालिदासकालीन अर्थात् प्रथम

शताब्दीका कवि हुन् भनेका पाइन्छन्। भर्तृहरिलाई संस्कृतका महान् वैयाकरण मान्ने विद्वानहरूको जमात पनि पाइन्छ। त्यसरी नै केही पश्चिमी विद्वान्हरूले यिनी यात्री इत्सिडको भ्रमण वृत्तान्त अनुसार भर्तृहरि एक बौद्ध मार्गी हुन् भनेका छन्, तर कुनै पनि कथनहरू प्रामाणिक मानिएको छैन। भर्तृहरिले आफ्नो काव्य प्रतिभाको प्रदर्शन आफ्नी तीन शतकहरूबाट गरेका छन्। तीनै शतकहरूमा मनुष्य जीवनका लागि चाहिने आवश्यक भैतिक सुधारको अपेक्षा गरिएको छ। लालित्यबाट कविताका प्रत्येक सूक्तिहरू नै मूल्यवान रहेका पाइन्छन्। नैतिक आचरण र आध्यात्मिक चिन्तनका दर्शनहरू पनि परिलक्षित हुन्छन् अतः यिनै कारणले भर्तृहरिको काव्य रचनाको प्रसिद्धि चिरस्थायी बन्न गएको थाहा हुन्छ। संस्कृत साहित्यका कालिदास, भास, शूद्रक, भवभूति, वाणभट्ट साथै सबन्ध जस्तै भर्तृहरिको काव्य उपलब्धि विशिष्ट रहेको देखिन्छ।

प्रचीन संस्कृत साहित्य तथा भारतीय साहित्यका निर्माताका रूपमा भर्तृहरिको योगदान अविस्मरणीय छ। नेपाली साहित्यमा माध्यमिककालीन काव्य परम्परामा भर्तृहरिको काव्य आदर्शलाई आत्मसात गरी कुनै कविले भर्तृहरि निर्वेद ग्रन्थको रचना गरेको थाहा पाइन्छ।

भर्तृहरि संस्कृत साहित्यमा शतकका रचयिताका नाउँले चर्चित छन्। तिनका तीन शतकहरू निम्न प्रकार छन् - (१) शृङ्गार शतक (२) वैराग्य शतक (३) नीति शतक। यी तीनैवटा कृतिहरूबाट भर्तृहरिलाई पर्याप्त लोकप्रियता प्राप्त छ।

**क. शृङ्गार शतक**

काव्य कविता अन्तर्गत एक सयवटा लामा -छोटा पद्य रचनाहरू समावेश छन्। प्रस्तुत रचनामा सम्मोहनका कुराहरू, त्यसबेलाका राजकीय विलासपूर्ण जीवन शैलीहरू, विभिन्न कामुक वृत्तिहरू, ललित कलाका प्रसङ्गहरू, खेल र मनोरञ्जनका प्रसङ्गहरू, रङ्गीन तथा मनोहरपूर्ण रोमाञ्चक घटनाहरू आदिलाई कवितात्मक रूप दिइएको पाइन्छ। यद्यपि शृङ्गार रसको सर्वोपरि व्याप्ति देखिन्छ। उल्लेखनीय प्रस्तुत कविता रचनामा नारी चरित्रको उदाङ्गो वर्णन गरिएको पाइन्छ। त्यति मात्र नभएर सूक्ष्म अति सुक्ष्म मनोरञ्जनक पक्षहरूलाई पनि वर्णन गरिएको पाइन्छ। प्रस्तुत शतकबाट पुरुषहरूभन्दा नारीहरू धेरै मायावी आग्रही साथै बिलासी हुन सक्ने चित्रण पनि गरिएको पाइन्छ। संस्कृत साहित्यमा प्रचलित वाण भट्ट र सबन्धका गद्य पद्यमय शैलीलाई अङ्गार शतकमा भर्तृहरिले स्वभाविकतापूर्वक समन्वय गरेका देखिन्छन्।

### ख. वैराग्य शतक

प्रस्तुत रचना पनि त्यत्तिकै लोकप्रिय देख्न पाइन्छ। जसअन्तर्गत आदर्शवादी भावना तथा दुःख वा दीनहीनता जस्ता भावना अङ्कित पाइन्छ। सांसारिक जीवनमा मनुष्यलाई विभिन्न व्याधिहरूले सताउने, आय -व्ययको चिन्ताले सताउने साथै आत्मसम्मानको बोधले त्रस्त पार्ने जस्ता वैराग्य भावनाहरू अङ्कित पाइन्छन्। मनुष्य जीवनमा आइपर्ने उदासिनता, असन्तोष, करुणा जस्ता कुराहरूबाट उन्मुक्तिको चाहना गर्ने तथा शान्ति चाहने वैरागी भावनाको भरमार भएको प्रस्तुत शतकबाट भर्तृहरिले मनुष्य जाति धर्मभीरू हुन्छन् र त्यही तथ्य बुझ्नलाई आतुर रहेका हुन्छन् भन्ने धारणालाई पनि व्यक्त गर्न खोजेका देखिन्छन्। प्रस्तुत शतकबाट मनुष्यले निररन्तर रूपमा भगवान्को नाम शिव शिव जप्दै व्यतीत गर्नुपर्ने आह्वान पनि गरेका देखिन्छन्। मनुष्यको दृष्टि सृष्टिको प्रत्येक पदार्थसँगै समदृष्टि हनुमान भन्ने केन्द्रीय धारणा पनि यी शतकहरूमा निहित पाइन्छ। वैराग्य शतकका माध्यम सांसारिक विषयहरूको आकर्षण र तिनको निस्सारता थाहा गर्न सकिन्छ भन्ने भर्तृहरिको आशय दपाइन्छ।

### ग. नीति शातक

भतृहरिको अर्को काव्य नीति शातकको रूपमा चर्चित पाइन्छ। परोपकार, वीरता, साहस, उद्योग, उदारता तथा उदात्त मनोभावनाहरूको स्वभाविक प्रकटीकरण प्रस्तुत शतकमा पाइन्छ। प्रस्तुत शतकको केन्द्रीय आशय के थाहा पाइन्छ भने जुन व्यक्तिले यो दुर्लभ मनुष्य चोला पाएर पनि सद्गुणहरूको सञ्चय गर्दैन त्यो व्यक्ति मुर्ख जस्तै उपहासस्पद हुन्छ। त्यसबाहेक स्वजन तथा आत्मीयहरूप्रति उदारता, पराय मानिसहरूप्रति दयामाया, दुष्टहरूसँग मैत्री भावना, उपेक्षितहरूसँग उदारता, सत्रुहरूसँग वीरता आदि जस्ता भावनाहरू व्यक्त गरिनु पर्छ भन्ने भर्तृहरिको आशय देखिन्छ। भोगविलासितादेखि पर सांसारिक जीवनमा नैतिक चरित्र निर्माण गरेर मनुष्य जातिले आफ्नो जीवन कृतार्थ पार्नुपर्छ भन्ने पनि प्रस्तुत शतकको थप आशय भेटिन्छ। मनुष्य जीवनलाई नैतिक चरित्रको सुधारबाट सहज र सार्थक बनाउन सकिन्छ भन्ने धारणा पनि भर्तृहरिले व्यक्त गरेका देखिन्छन्।

## 2.15 उपसंहार

संस्कृत साहित्यको निर्माणमा असङ्ख्यौँ साहित्यिक प्रतिभाहरूको योगदान उल्लेखनीय रहेको। छ। माथि आलोच्य रहेका व्यास, भास, कालिदार, भर्तृहरि, भवभूति, शूद्रक, वाणभट्ट र माघ आदिका योगदानले संस्कृत साहित्यले पूर्ण प्रतिष्ठा र गौरव हासिल गरेको देखिन्छ। वेद, रामायण, महाभारत, पुराण उपनिषद् तथा लौकिक साहित्यका निर्माणमा उक्त प्रतिभाहरू बाहेक अरू पनि प्रतिभाहरूको भूमिका उल्लेखनीय प्रतीत हुन्छ।

## 2.16 सार

यस प्रखण्डमा विश्वसाहित तथा संस्कृत साहित्यका निर्माता व्यास, भास, कालिदार, भर्तृहरि, भवभूति, शूद्रक, वाणभट्ट र माघ तथा उनीहरूका रचनाबारे जानकारी प्राप्त भयो। उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- व्यास महाकाव्य महाभारतका निम्ति प्रतिष्ठित छन्।
- भारतीय धर्म तथा तत्व ज्ञानको विश्वकोशका रूपमा महाभारत रहेको पाइन्छ। यसमा धर्मशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्र, कामशास्त्र तथा अध्यात्म शास्त्रको सारांश समाविष्ट रहेको छ।
- भास इतिहास प्रसिद्ध कथावस्तु, लोक कथात्मक कथावस्तु र कल्पनाप्रसूत कथावस्तुलाई नाटकमा प्रयोग गर्ने नाटककार हुन्। यी तीनवटै प्रकारका कथावस्तुमा प्रशस्त निजी वैशिष्ट्य दिएर भासले नाटक रचना गरेका पाइन्छन्।
- छन्दोबद्ध, सूक्तिमय, अलङ्कारले भरिपूर्ण रसात्मक काव्य अनि नाट्य सृजनामा कालिदास बेजोड साहित्यकार हुन्। उनी लौकिक संस्कृत साहित्य निर्माणका एक स्तम्भ देखिन्छन्।
- मृच्छकटिकका रचनाकार शुद्रक भास र कालिदासपछिका प्रभावशाली नाटककार देखिन्छन्।
- ''हर्ष चरित्र'' र कादम्बरी' का रचनाकार वाण भट्ट सातौँ शताब्दीका तत्कालीन सम्राट हर्षवर्द्धनका समयका विशिष्ट साहित्यकार मानिन्छ।
- नाटककार भवभूति संस्कृत नाटकको उत्तरवर्ती शास्त्रीय धाराका एक विशिष्ट प्रतिभा मानिन्छ। भवभूति वेद र दर्शनका अगाध विद्वान् थिए। त्यस्तै यिनी उपनिषद् तत्वका पनि परम्वेत्ता थिए।

- भर्तृहरिले आफ्नो काव्य प्रतिभाको प्रदर्शन आफ्नो तीन शतकहरूबाट गरेका छन्। तीनै शतकहरूमा मनुष्य जीवनका लागि चाहिने आवश्यक भैतिक सुधारको अपेक्षा गरिएको छ। लालित्यबाट कविताका प्रत्येक सूक्तिहरू नै मूल्यवान रहेका पाइन्छन्।

## 2.17 अनुशीलन

1. महाभारतको अध्ययनबाट प्राप्त हुने उपादेयताहरू औँल्याउनुहोस्।
2. ब्यासको काव्य-प्रतिभाको चर्चा गर्नुहोस्।
3. कालिदासको साहित्यिक उपलब्धि र मूल्याङ्कन गर्नुहोस्।
4.शूद्रकको साहित्यिक परिचय लेख्नुहोस् ।
5. नाटककार भासको नाट्यकारिता प्रस्तु गर्नुहोस्।
6. भर्तृहरिका शतकहरूबारे जानकारी गराउनुहोस्।

## 2.18 अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ


| | |
|---|---|
| ताना सर्मा | पश्चिमका केही महान् साहित्यकार |
| ने रा प्र प्र | विश्व साहित्यको रूप-रेखा |
| राजनारायण प्रधान | विश्वका महान् साहित्यकारहरू |
| हंसपुरे सुवेदी | संस्कृत वाङ्मय: संक्षिप्त अध्ययन |
| सुकुमार सेन(अनु. इन्द्र सुन्दास) | बङ्गला साहित्यको इतिहास |
| घटराज भट्टराई | संस्कृतका केही साहित्यकारहरू |
| बलदेव उपाध्याय | संस्कृत साहित्य का इतिहास |


तथा, क. आलोच्य कवि नाटककार वा गद्यकारका अतिरिक्त श्रीहर्ष, भट्टि, भारवि, माघ, पाणिनि, कल्हण, अश्वघोष, विशाखदत्त, राजशेखर, सुबन्धु, दण्डी आदिको योगदानबारे चर्चा आवश्यक। ख. संस्कृति महाकाव्य-परम्पराको ऐतिहासिक सर्वेक्षण-आवश्यक।

ग. संस्कृत नाट्य-परम्पराको धारावाहिक विकासक्रमको अवलोकन अपेक्षित।

घ. संस्कृत साहित्यमा प्रयोज्य रस, अलङ्कार, ध्वनि आदि वाद वा सूत्रहरूको व्याख्या- आवश्यक।

ङ. संस्कृत साहित्यको विधागत अवलोकन एवं व्याख्या।

यस अतिरिक्त विभिन्न पत्र-पत्रिका अनि वेभसाइट-विकिपिडिया पनि अध्ययन गर्न सक्ने छन्।

## 2.19 मूल्यवृद्धिका निम्ति उत्तर

नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –

1. नीति शतकमाथि चर्चा गर्नुहोस्।

___

___

(प्रश्न 1 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 2.14 खण्डमा उत्तर खोज्न सक्नेछन् )

2. शृङ्गार शतकमाथि टिप्पणी लेख्नुहोस्।

___

___

(प्रश्न 2 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 2.14 खण्डमा उत्तर खोज्न सक्नेछन्)

3. वाणभट्ट कस्ता काव्यकार हुन्?

___

___

(प्रश्न 3 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 2.12 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

4. कालिदासको नाट्यकारिता विषय जानकारी गराउनुहोस्।

___

___

(प्रश्न 4 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 2.8 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )

5. भवभूतिको नाट्यप्रतिभा कस्तो थियो मूल्याङ्कन गर्नुहोस्।

___

___

(प्रश्न 5 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 2.13 खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)

# एकाइ - 3 हिन्दी साहित्य, कवीरदास, सूरदास, तुलसीदास, भारतेन्दु हरीशचन्द्र, मैथिलीशरण गुप्त

**संरचना**


3.0 उद्देश्य

3.1 हिन्दी साहित्यको परिचय

3.2 कवीरदास अनि उनको साहित्यिक परिचय

3.3 सुरदासको साहित्यिक परिचय

3.4 गोस्वामी तुलसीदासको साहित्यिक परिचय

3.5 तुलसीदासको कृतिहरू

3.6 भारतेन्दु हरिश्चन्द्रको साहित्यिक परिचय

3.7 मैथिलीशरण गुप्ताको साहित्यिक परिचय

3.8 मैथिलीशरण गुप्ताका कृतिहरू

3.9 मैथिलीशरणको काव्यगत विशेषता

3.10 उपसंहार

3.11 सार

3.12 अनुशीलन

3.13 अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ

3.14 मूल्यवृद्धिका निम्ति उत्तर


## 3.0 उद्देश्य

यस एकाइको अध्ययनपछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- हिन्दी साहित्यको आदि काल, मध्य काल अनि आधुनिक काममा देखा परेका विविध धारणा विचार तथा साहित्यको अवस्था।
- कवीरदासको साहित्यिक व्यक्ति, उनका रचना तथा त्यसको विशेषता
- सूरदासको साहित्यिक व्यक्ति, उनका रचना तथा त्यसको विशेषता
- तुलसीदासको साहित्यिक व्यक्ति, उनका रचना तथा त्यसको विशेषता
- भारतेन्दुको साहित्यिक व्यक्ति, उनका रचना तथा त्यसको विशेषता

- मैथिलीशरण गुप्तको साहित्यिक व्यक्ति, उनका रचना तथा त्यसको विशेषता

## 3.1 हिन्दी साहित्यको सङ्क्षिप्त परिचय

हिन्दी साहित्यको आरम्भ आठौँ शताब्दीतिर भएको मानिन्छ । यो त्यो समय हो जब सम्राट हर्ष वर्द्धनको मृत्युपछि देशमा अनेक छोटा छोटा शासन केन्द्र स्थापित भएको थियो अनि ती सबै एकार्कासँग सङ्घर्षरत गरिरहेका थिए। विदेशी मुसलमानहरूसँग पनि उनीहरूको टक्कर भइरहन्थ्यो। हिन्दी साहित्यको विकासलाई सुविधाका निम्ति विद्वान्हरूले निम्न प्रकारले हेरिएको पाइन्छ।

- आदिकाल (वि. सं १३७५ भन्दा पहिला)
- भक्ति काल (वि. सं १३७५-१७०० सम्म)
- रीति काल (१७००-१९०० सम्म)
- आधुनिक काल (वि. सं १८५०-१९०७९ सम्म)
- नव्योत्तर काल (वि. सं १९८० पश्चात् )

आदिकाल हिन्दी साहित्यको आदिकाल आलोचकहरूले १४०० ईसवीभन्दा पूर्वको काल मानेका छन् जब हिन्दी भाषाको उद्‌भव हुँदै थियो। हिन्दीको विकास यात्रा दिल्ली, कन्नौज अनि अजमेर क्षेत्रहरूमा भएखो मानिन्छ। पृथ्वीराज चौहानले त्यस समय दिल्लीमा शासन गर्थे भने चन्दबरदाई नामक उनका एक दरबारी कवि थियो भन्ने उल्लेख पाइन्छ। चन्दबरदाईका रचना 'पृथ्वीराज रासो' पाइन्छ। यसमा उनले आफ्नो मित्र पृथ्वीराजको जीवनगाथा लेखेका छन्। 'पृथ्वीराज रासो' हिन्दी साहित्यमा सबैभन्दा बृहत् रचना मानिन्छ। कन्नौजका अन्तिम राठोर शासक जयचन्द थिए जो संस्कृतको ठुलो संरक्षक रहेको मानिन्छ।

क. भक्ति काल

हिन्दी साहित्यको भक्ति काल वि. सं. १३७५ देखि १५०० सम्म मानिएको पाइन्छ। यो काल प्रमुख रूपले भक्तिभावनाले ओतप्रोत रहेको काल मानिन्छ। इस काललाई समृद्ध बनाउने दुई काव्य-धारा रहेको छ - १. निर्गुण भक्तिधारा तथा २. सगुण भक्तिधारा।

निर्गुण भक्तिधारालाई अझ दुई हिस्सामा बाँटेर हेरिएको पाइन्छ- सन्त काव्य, जसलाई ज्ञानाश्रयी शाखाको रूपमा चिनिएको पाइन्छ, यस शाखाको प्रमुख कवि कवीर, नानक, दादूदयाल, रैदास, मलुकदास, सुन्दरदास, धर्मदास आदि रहेका छन्।

निर्गुण भक्तिधाराको दोस्रो हिस्सा सुफी काव्य पाइन्छ। यसलाई प्रेमाश्रयी शाखा पनि भनिएको पाइन्छ। यस शाखाको प्रमुख कवि मलिक मोहम्मद जायसी, कुतुबन, मन्झन, सेख नबी, कासिम शाह, नुर मोहम्मद आदि देखिन्छ।

भक्तिकालको दोस्रो धारा सगुण भक्ति धारा रहेको पाइन्छ। सगुण भक्तिधाराको अझ दुई शाखा पाइन्छ, रामाश्रयी शाखा तथा कृष्णाश्रयी शाखा। रामाश्रयी शाखाको प्रमुख कवि तुलसीदास, अग्रदास, नाभादास, केशवदास, हृदयराम, प्राणचन्द चौहान, महाराज विश्वनाथ सिंह, रघुनाथ सिंह आदि हुन्।

कृष्णाश्रयी शाखाको प्रमुख कवि सूरदास, नन्ददास, कुम्भनदास, छितस्वामी, गोविन्द स्वामी, चतुर्भुज दास, कृष्णदास, मीरा, रसखान, रहिम आदि हुन्। यस धाराका चार प्रमुख कविहरू जसले आफ्नो आफ्नो धारालाई प्रतिनिधित्व गरेको पाइन्छ।जो निम्न छन्-

कवीरदास (१३९९)-(१५१८)
मलिक मोहम्मद जायसी (१४७७-१५४२)
सूरदास (१४७८-१५८०)
तुलसीदास (१५३२-१६०२)

ख. रीति काल (१७००-१९००)

रामचन्द्र शुक्ल अनुसार हिन्दी साहित्यको रीति काल संवत १७०० देखि १९०० सम्म मानिन्छ अर्थात् सन् १६४३ देखि १८४३ सम्म यो काल चलेको पाइन्छ। रीतिको अर्थ बनिबनाउ बाटो वा पहिलेबाटै तयार गरिएको परिपाटी। यस काललाई रीतिकाल भनियो किन भने यस कालमा अधिकांश कविहरूले शृङ्गार वर्णन, अलङ्कार प्रयोग, छन्द बद्धता आदिका प्रयोग पाइन्छ। तर घनानन्द, बोधा, ठाकुर, गोविन्द सिंह जस्ता रीति-मुक्त कविहरूले भने आफ्नो रचना रीतिकालीन यी गुणहरूबाट टाढा राखेको पाइन्छ। केशव (१५४६-१६१८), बिहारी (१६०३-१६६४), भूषण (१६१३-१७०५), मतिराम, घनानन्द, सेनापति आदि यस युगका प्रमुख रचनाकार मानिन्छन्।

ग. आधुनिक काल (१९०० ईस्वीपछि)

आधुनिक काल हिन्दी साहित्य पिछली दुई शताब्दीमा निक्कै विकास भएखो पाइन्छ। यस समय गद्य तथा पद्यमा अलग अलग विचारधाराहरूका विकास भएको पाइन्छ। यसलाई काव्यमा छायावादी युग, प्रगतिवादी युग, प्रयोगवादी युग अनि यथार्थवादी युग गरी चार नामले चिनिएको पाइन्छ भने गद्यमा यसलाई, भारतेन्दु युग, द्विवेदी युग, रामचन्द शुक्ल एवम् प्रेमचन्द युग तथा अद्यतन युगको नामले चिनिएको पाइन्छ।

अद्यतन युगको गद्य साहित्यमा अनेक यस्ता साहित्यिक विधाहरूको विकास भयो जो पहिले अस्तित्वमा थिएन कि त थिए पनि यस समयमा आएर जति विकसित न भएको थियो त्यति विकसित बनेको थिएन जसलाई साहित्यको एक विधाकै रूपमा उभ्याउन सकियो। फलस्वरूप डायरी, यात्रा विवरण, आत्मकथा, रूपक, रेडियो नाटक, पटकथा लेखन, फिल्म आलेख इत्यादि यस बेलामा विकसित भयो।

घ. नव्योत्तर काल (सन् १९८०पछि)

नव्योत्तर कालमा विभिन्न विचारधाराहरू हिन्दी साहित्यमा आएको पाइन्छ- एक, पश्चिमको नकल छोडेर आफ्नो वाणी प्रदान गर्नु; दुई, अतिशय अलङ्कारबाट टाढा रहेर सरलतातिर जानु; तीन, जीवन अनि समाजका प्रश्नहरूमाथि व्यापक विमर्श बुन थालेको पाइन्छ।

ङ. हिन्दीका विभिन्न बोलीहरूको साहित्य

भाषाको विकासक्रममा अपभ्रंशबाट हिन्दीतर्फ आकर्षित भारतका अलग अलग स्थानहरूमा अलग अलग भाषा-शैलीहरू जन्मिएको पाइन्छ। ती क्षेत्रीय भाषाहरूभन्दा हिन्दी अधिक विकसित भाषा भएको कारण हिन्दीलाई भाषाको मान्यता प्राप्त थियो भने अन्य बोलीमै सीमित रहेको थियो। तरै पनि हिन्दीका महान् कविहरू जस्तै तुलसीदासले 'रामचरित मानस' अवधी भाषामा लेखे अनि अनि सूरदासले आफ्नो रचनाहरूका निम्ति ब्रज भाषा चयन गरेको पाइन्छ। यसरी नै विद्यापतिले मैथिली अनि मीराबाईले राजस्थानी भाषा अप्नाएको पाइन्छ।

हिन्दी साहित्यको ऐतिहासिक-विकासक्रमको रूपरेखा निक्कै दीर्ध आयामको रहेको छ। भारतको राष्ट्रिय भाषा भएको कारण यसको साहित्य पनि व्यापक रहेको छ। आधुनिककालमा विभिन्न विद्वान्हरू विभिन्न विचारधारालाई सुन्द

साहित्यिक रचनाका रूपमा प्रदान गरेका छन्। विभिन्न समयमा विभिन्न साहित्यिक रचना सृजना गरेर साहित्यको विकासमा योगदान पुऱ्याएका छन्। हिन्दी साहित्यको व्यापकताले विश्वसाहित्यलाई पनि प्रभाव पारेको पाइन्छ। विश्व साहित्य निर्माणमा हिन्दी साहित्यो योगदान पनि स्मरणीय रहेको पाइन्छ।

## 3.2 कवीरदास अनि उनको साहित्य

भक्ति साहित्यको निर्गुण शाखामा सन्त कवीरदासले जुन लोकप्रियता प्राप्त गरेको थियो, त्यो प्रसिद्धि उनीभन्दा अघि न पछिको साहित्यकारले प्राप्त गर्न सक्यो। उनका समाकालीन भक्त कविहरूले पनि धेरै सम्मानका साथ कवीरको नाम लिएको साथै उनीबाट प्रभावित पनि भएको देखिन्छ। आज पनि धेरै सङ्ख्यामा कवीरको अनुयायी देखिन्छन्। कवीरको जन्म काशी ई.पू. **१४५६** मा भएको थियो। उनको जन्मबारे एउटा प्रचलित किंवदन्ती छ, त्यो के हो भने स्वामी रामानन्दले एकपल्ट भुलवश आफ्नो भक्त ब्राह्मणकी विधवा कन्यालाई पुत्रवती हुने आशीर्वाद दिएका थिए। फलस्वरूप त्यस कन्याबाट एउटा बालकको जन्म भयो। तर लोकभयले गर्दा त्यस बालकलाई लहरताराको तालावछेउमा फ्याँकिदिन्छ। नीरू नामक मुसलमानले त्यस बालकलाई आफ्नो घर लगेर त्यस बालकको पालन-पोषण गर्न थाल्छ। कालान्तरमा यही बालक कवीरदासको नामले प्रसिद्ध भए। बालकालदेखि नै कवीर हिन्दु भावमा भक्ति गर्ने प्रवृत्ति स्पष्ट देखिन्थ्यो। 'राम राम' जाप गर्दै यसैलाई गुरुमन्त्र मान्दै स्वयम्लाई रामानन्दको शिष्यको रूपमा चिनाउन थाले। अनेकौँ साधुहरूको सतसङ्गमा कवीरले ज्ञान आर्जन गरे। जसमा नाथ-सिद्ध परम्पराको जोगी, वैष्णव साधु अनि सूफी फकिर सामेल थिए। यी सबैको विचारहरूले कवीरमाथि सम्यक प्रभाव पाऱ्यो जसले गर्दा राम स्वामी रामानन्दको साकार राम नभएर राम ब्रह्मको प्रतीक बन्न गयो।

कवीरले सबै मतहरूलाई आत्मसात गर्दै तर आफ्नै सिद्धान्त अनुरूप अघि बढे। उनले अद्वैतको अवधारणा भारतीय ब्रह्मवादबाट लिए भने वैष्णवबाट अहिंसा साथै ईश्वरको वास हुने विचार लिए। नाथ-सिद्धबाट उनले अन्तरसाधनाको विधि ग्रहण गरे भने सूफी फकिरहरूबाट प्रेमको तत्व लिए। उनी अत्यन्त प्रखर बुद्धिका स्वामी थिए। अशिक्षित हुँदाहुँदै पनि उनले आफ्नो काव्यमा अनेक सुन्दर अनि चमत्कारी बिम्ब अनि रूपकहरूको प्रयोग गरेर सामान्य मानिसमा आफ्नो ज्ञान अनि भक्तिको उदारहण प्रस्तुत गरेका छन्। उनको काव्यको प्रमुख विषय

विभिन्न धर्महरूमा व्याप्त कुरीति वा अन्धविश्वासहरूको विरोध गर्दै आफ्नो विचारहरूको प्रचार गर्नु हो। यसक्रममा उनले तत्कालीन समाजमा फैलिएको कुरीति, कुविचारहरूको कडा विरोध गरे। यसै कारणले उनको गणना धर्मसुधारकहरूको साथ गरिन्छ। हिंसाप्रति पनि उनले विरोध गरेका छन्।

कवीरको काव्य-भाषालाई रामचन्द्र शुक्ल सधुक्कडीले यसरी व्यक्त गरेका छन्, जसमा तत्कालीन र्स्वस्वीकृत काव्य-भाषा ब्रजको साथै अवधी, खडी बोली, राजस्थानी अनि पन्जाबीको प्रयोग भेटिन्छ। यसबाट उनको सत्सङ अनि देशाटनको स्पष्ट परिचय पाइन्छ। काव्यमा प्रयुक्त प्रतीकहरूमा एकापट्टि वैष्णवहरूप्रति माया, तत्वमसि, पञ्चभूत, अष्ट-मैथुन छ भने अर्कोपट्टि हठयोगीहरूको चन्दन, सुर, नाद, विन्दु आदि प्रतीक पाइन्छ। सुफी परम्पराको दाम्पत्य प्रेम पद्धतिको पनि अनुकरण उनले धेरै ठाउँमा गरेका छन्।

## 3.3 साहित्यिक परिचय

कवीरदास अशिक्षित भएखो भाव उनले स्वयं कवीर - बीजकको एउटा शाखामा बताएका छन्। न कहिले कलम, कागज, स्याहीको स्पर्श गरेको छ, भनेका छन्। सन्त मतको समस्त कविहरूमध्ये कवीर सबैभन्दा अधिक प्रतिभाशाली एवं मौलिक मानिन्छ। छन्द वा अलङ्कारको ज्ञानबिना नै उनले कविताहरू उत्कृष्ट, उत्तम कोटिका लेखेका छन्। उनको कविताहरूमा सन्देस एउटा मुख्य प्रवृत्ति देखिन्छ। यी सन्देसहरू आउँदो भविष्यको पिँढीका निम्ति प्रेरणा, पथ-प्रदर्शन तथा संवेदनाको भावनाको प्रतीक देखिन्छ। अलङ्कारले सुसज्जित नहुँदा - नहुँदै पनि उनको सन्देस काव्यमय देखिन्छ।

कवीर जन्मदेखि नै विद्रोही प्रकृतिले समाज - सुधारक एवं प्रगतिशील दार्शनिक तथा आ़वश्यकता अनुसार कवि थिए। उनले आफ्नो काव्य रचनाहरू यस प्रकार व्यक्त गरेका छन् कि यसमा उनको व्यक्तित्वको पूर्ण प्रतिबिम्ब विद्यामान देखिन्छ। कवीर भावनको अनुभूतिले युक्त, उत्कृष्ट, रहस्यवादी, जीवनको संवेदनशील संस्पर्ष गर्ने तथा मर्यादाको रक्षक कवि थिए। आफ्नो काव्यमा कृतिको माध्यमद्वारा पथभ्रष्ट समाजलाई उचित मार्ग निर्देश गर्थे। उनले आफ्नो रचनाहरूमा सहजतालाई प्रमुख स्थान दिएका छन्। उनको काव्यको आधार यथार्थ देखिन्छ।

कवीरको प्रतिपाद्य शैलीलाई मुख्य रूपमा दुई मागमा बाँट्न सकिन्छः

१. रचनात्मक,

२ आलोचनात्मक

रचनात्मक विषय अन्तर्गत सत्गुरु, नाम, विश्वास, धैर्य, दया, विचार, अवधारणा, क्षमता, सन्तोष आदिमा व्यावहारिक शैलीमा भाव व्यक्त गरिन्छ। आलोचक, सुधारक, पथ प्रदर्शक अनि समन्वयकर्ताको रूपमा उनको दोस्रो प्रकारको काव्यशैली देखिन्छ। यस पक्षमा उनले चेतावनी, कुसङ्गत, माया, मन, कपट, कामिनी आदि विषयमाथि विचार प्रकट गरेका छन्।

कवीरको रचनाहरूको बारेमा यसो भनिन्छ कि संसारको वृक्षहरूमा जति पात छ तथा गङ्गामा जति बालुवाकण छ, त्यति नै सङ्ख्यामा उनको रचनाहरू पाइन्छन्। विभिन्न समीक्षक तथा विचारहरूको अध्ययनबाट कवीरको विभिन्न सङ्ग्रहहरूको निम्नलिखित काव्य रूप पाइन्छ।

साखी, पद, रमैनी, चौँतीसा, वावनी, विप्रमतीसी, वार, थिँती, चाँवर, बसन्त, हिडोला, बेलि, कहरा, विरहुली, उलटवाँसी।

**साखी**ः साखी रचनाको परम्पराको प्रारम्भ गुरु गोरखनाथ तथा नामदेवदेखि भएको मानिन्छ। साखी काव्यरूप अन्तर्गत गोरखनाथको जोगेश्वरी साखीलाई प्रथम रचना मानिन्छ। कवीरको अभिव्यञ्जना शैली धेरै शक्तिशाली मानिन्छ। आफ्नो साखीहरूमा कवीरले दोहा छन्दको प्रयोग सर्वाधिक गरेक छन्। नीति, व्यवहार, एकता, ज्ञान, अनि वैराग्य आदिको प्रयोग साखीमा गरेका छन्। सन्त कवीरको साखी, निर्गुण साखीको साक्षात्कारबाट उत्पन्न भावोन्मत्तता, उन्माद, ज्ञान अनि आनन्दले ओतप्रोत छन्। ब्रह्म विद्या बोधिनी, उपनिषद्को जनसंस्करण अनि लोकानुभवले युक्त उनको साखी रचना प्रसिद्ध छन्। यसमा संसारको असारता, माया मोहको मृगतृष्णा, कामक्रोधको क्ररतालाई पर्याप्त यसमा प्रस्तुत गरेका छन्। यसमा सांस्कारिक क्लेश, दुःख अनि आपदहरूलाई मुक्त गर्ने जानकारीको भण्डार पाइन्छ। सन्त कवीरको सिद्धान्तहरूको जानकारीको सबैभन्दा उत्तम साधन उनको साखीलाई मात्र सकिन्छ। लौकिक अनि परालौकिक भाव प्रदान दुवै प्रकारको साखीको रचना कवीरले गरेका छन्।

**रमैनी :** रमैनीमा सन्त कवीरले चौपाइ दुई छन्दहरूको प्रयोग गरेका छन्। रमैनी कवीरको सैद्धान्तिक रचना हो। यसमा परम्तत्त्व, रामभक्ति जगत् अनि ब्रह्म इत्यादिको बारेमा विस्तारपूर्वक विचार प्रस्तुत गरेका छन्।

**चौँतीसा :** चौँतीसा नामक काव्यरूपमा केवल "कवीर बीजक" -मा मात्र प्रयोग गरिएको छ। भनिन्छ, यसमा देवनागरी वर्णमालाको स्वर वर्णलाई छोडेर केवल व्यञ्जन वर्णको प्रयोग गरेर रचना सृजना गरेका छन्।

**बावनी :** बावनी त्यो काव्य रूप हो जसमा दुईपदको प्रारम्भ नागरी लिपीको बावन (**५२**) वर्णको प्रत्येक लिपिको साथ क्रम हुन्छ। बावनीलाई यसको सङ्गीत अनुसार गाइन्छ। विषयहरूको दृष्टिबारे यी रचनाहरू अध्यात्मिकताले परिपूर्ण ज्ञात हुन्छ।

**विप्रमतीसीः** विप्रमतीसी नामक काव्य रूप पनि केवल "कवीर बीजक" -मा पाइन्छ। यसमा ब्राह्मणहरूको मिथ्याभिमानको आलोचना गरेको पाइन्छ। यसको सम्बन्ध विप्रमति (ब्राह्मणको बुद्धि) सँग  गरिन्छ। ब्राह्मणहरूको मतिको आलोचना गर्नका निम्ति तीस पङ्कतिहरूको गठन गरी बनेको काव्यरूपलाई विप्रतीसी भनिन्छ।

**बार** : हप्ताको सात बार (दिन) - हरूको नामलाई क्रमशः प्रयोग गरेर उपदेशात्मक रचनाहरूको काव्यरूपलाई बार भनिएको छ। यस प्रकारको काव्यरूपको प्रयोग केवल आदिग्रन्थमा पाइन्छ।

**थिँती** : यस प्रकारको काव्यरूपको प्रयोग थिँतीहरूको अनुसार छन्द रचना गरेर साधनाको कुराहरूको वर्णन गरिन्छ। सन्त कवीरको यस काव्यरूपमा प्रयोग पनि केवल आदिग्रन्थ भएको पाइन्छ।

**चाँचर** : चाँचर प्राचीन कालदेखि नै प्रचलित काव्यरूप हो। कालीदास तथा बाणभट्टको रचनाहरूमा चाँचरी गीतको उल्लेख पाइन्छ। प्राचीन कालमा यसलाई चर्चरी वा चाँचरी भनिन्थ्यो। सन्त कवीरले यसलाई आफ्नो रचनाहरूमा उल्लेख गरेका छन्। "कवीर बीजक" -मा यस काव्यरूपको प्रयोग पाइन्छ। कवीरको समयमा यस काव्यरूपको पूर्ण प्रचलन थियो। कवीरले यसको प्रयोग आध्यात्मिक उपदेशलाई जनसाधारण समक्ष पुऱ्याउनका निम्ति प्रयोग गरेको पाइन्छ।

**बसन्त** : सन्त कवीरको एक अर्को काव्यरूप बसन्त हो। "बीजक", "आदिग्रन्थ" अनि "कवीर ग्रन्थावली" तीनैमा यसको प्रयोग देखिन्छ। बसन्त ऋतुमा हर्षोल्लासका साथ गाउने गीतलाई फागु, धमार, होली वा बसन्त भनिन्छ। लोकप्रचलित काव्यरूपलाई ग्रहण गरेर आफ्नो उद्देश्यलाई जनसाधारण समक्ष पुऱ्याउनका निम्ति यसको प्रयोग गरेको देखिन्छ।

**हिँडोला** : सावनको महिनामा नारीहरूको हिँडोला झुल्नका साथ -साथै गीत पनि गाउने गरिन्छ। यसै गीत विभिन्न स्थानहरूमा हिँडोलाको नामले प्रचलित छ। सन्त कवीरले यसै प्रचलित काव्यरूपलाई आफ्नो ज्ञानोपदेशको साधन बनाएको पाइन्छ। सन्त कवीरले सम्पूर्ण संसारलाई एउटा हिँडोलाको संज्ञा दिएका छन्। भ्रमको हिँडोला बनेको, पाप - पुण्यको खम्बा, माया नै मेरू, लोभको मरूषा, विषयको भँवरा, शुभ -अशुभको डोरी तथा कर्मको पटरीले बनिएको आदि जस्तै कुराहरूको प्रयोग गरेका पाइन्छन्।

**बेलि** : सन्त कवीरको बेलि उपदेश -प्रधान काव्यरूप हो। यस अन्तर्गत सांसारिक मोह ममतामा फँसेको, बाँधेको मानवलाई उपदेश दिएका छन्। "कवीर बीजक"- मा दुईवटा रचनाहरू बेलि नामले प्रचलित छन्। यसको पङ्क्तिको अन्तमा 'हो रमैया राम टेक'- लाई घरि घरि दोहोराइएको छ।

**कहरा** : कहरा काव्यरूपमा क्षणिक संसारको मोहलाई त्यागेर रामको भजन गर्न प्रोत्साहन दिइन्छ। यसमा रामलाई सर्वोपरि मान्दै अतिरिक्त अन्य देवी - देवताहरूको पूजा गर्नु व्यर्थ हो भन्दै रचना रचेका छन्।

**बिरहुली** : बिरहुलीको अर्थ सर्पिणी हो। यो शब्द बिरहुलबाट बनेको हो। यसको अर्थ साँप हुन्छ। यो शब्द लोकमा साँपको विषलाई अलग गर्नका निम्ति गाउने गीतलाई लिएर प्रयुक्त हुन्छ। यो गरुड मन्त्रको प्राकृत नाम हो। गाउँमा यस प्रकारको गीतलाई बिरहुली भनिन्छ। मनरूपी साँपले टोकेटेपछि कवीरले बिरहुलीको रचना गरेका छन्।

**उलटवासी**ः अभिव्यञ्जनात्मक शैलीमा लेखिएको काव्यरूप उलटवासी हो। यसमा आध्यात्मिक कुराहरूलाई लोक विपरीत ढङ्गमा वर्णन गरिन्छ। यसमा वक्तव्य विषयको प्रस्तुति एक विशेष ढङ्गमा गरिन्छ। विचार तथा भावका साथ काव्यरूपको क्षेत्रमा कवीरलाई आदर्श गुरिको रूपमा चिनिन्छ। परवर्ती सन्तहरू तथा भक्तहरूले उनको विचार अनि भावनाको साथ काव्यरूपलाई उपनाएका छन्। उनको रचनाहरूमा साङ्केतिक, प्रतीक, पारिभाषिक प्रतीक, सङ्ख्यामूलक प्रतीक, रूपात्मक प्रतीक तथा प्रतिकात्मक उलटवासीहरूको सुन्दर उदारहण पाइन्छ।

## 3.4 सूरदासको साहित्यिक परिचय

सूरदासको प्रामाणिक रचनाहरू तीन प्रकारका छन्- सूरसागर, सूरसारावाली र साहित्य -लहरी। सूरसागरमा सूर सम्बन्धी महत्वपूर्ण रचनाहरू पाइन्छ भने सूरसारावली अनि साहित्य- लहरी यसकै पूरक मानिन्छ। सूरसागरको खास अंशहरूको सङ्ग्रहित रूप साहित्य - लहरी हो। सूरदासको सबैभन्दा महत्वपूर्ण कृति सूरसागरलाई मानिन्छ। सूरसागरले एउटा महाकाव्यमा हुनुपर्ने समस्त विशेषताहरूलाई समेटेको छ। महाकाव्यको संरचना, युग अनि परिवेश अनुरूप बदली रहन्छ। भारतीय काव्य- परम्परामा बाल्मीकिको रामायाणदेखि लिएर आधुनिक कथामा कामायानीको महाकाव्य तत्त्वको कसौटी एक जस्तो छैन। महाकाव्यको आन्तरिक अनि बाह्य नियामक तत्त्वहरूको आधारमा सूरसागरलाई महाकाव्यको श्रेणीमा राख्न सकिन्छ। यो जीवनको सामूहिक भाव अनि अनुभूतिहरूको महाकाव्य हो। काव्यशास्त्रको मान्य धारणालाई पनि कृतिले सम्पूर्ण रूपमा पूरा गर्दछ। भ्रमरगीतलाई केही आलोचकहरूले खण्डकाव्यको संज्ञा दिएका छन्भने कहिले यसलाई स्वतन्त्र रूपमा लेखिएको मुक्तक गीतहरूको सङ्कलन मान्दछन्। सूरदासले भ्रमरगीतमा विभिन्न प्रकारको काव्य- रूप अनि काव्य प्रकारका प्रयोग गरेका छन्। गीत, सङ्गीत अनि नृत्य कलाको शैली सृजनात्मक प्रयोग गरेर सूरदासले सफलतापूर्वक समन्वित काव्यरूपको रचना भ्रमरगीत गरेको पाइन्छ।

## 3.5 महाकवि सूरदासको सौन्दर्यबोधको विविध आयामः

**क. सौन्दर्य चेतना** : सौन्दर्य चेतनाको विविध आयाम हुन्छ। सौन्दर्य - बोध अत्यन्त व्यापक शब्द हो। सम्पूर्ण विश्व अनन्त सुन्दरताले भरिपूर्ण छ। कतैतिर कलाहरूको कलात्मकताले मनलाई आकृष्ट गर्छ भनेर अर्कोतिर साहित्यिक सौन्दर्यले मनमा नयाँ भाव एवं नयाँ विचारलाई उत्पन्न गराइदिन्छ। यस प्रकारको सौन्दर्य बोधको क्षेत्र अत्यन्त व्यापक अनि विस्तृत देखापर्दछ।

**ख. दिव्य सौन्दर्य :** दिव्य सौन्दर्यको तात्पर्य उदात्त अनि अलौकिक सौन्दर्य हुन्छ। दिव्य सौन्दर्य मानवीय सौन्दर्य भन्दा माथिको वस्तु हो। दिव्य सौन्दर्यमा उदात्तताको भाव प्रमुख हुन्छ। सूरदासले काव्यमा श्रीकृष्ण अनि राधाको दिव्य सौन्दर्यको प्रतिनिधित्व गरेका छन्। कृष्ण अवतारको कथाको माध्यमबाट कृष्णको दिव्य सौन्दर्यको वर्णन गरेका छन्। श्री कृष्ण परम् सौन्दर्यको मूर्ति हो

Notes

जसको सामुन्ने अप्सराहरूको सौन्दर्य पनि विरूप देखा पर्दछ। श्री कृष्ण सुखको धाम तथा पूर्ण कामको रूपमा वर्णित छन्। सुख, रस, रूप, गुण, यौवन, शक्ति, यश, आनन्द, दया, विद्या, बल, चतुरता अनि कलाको राशीको रूपमा सूरदासले श्री कृष्णलाई चित्रित गरेका छन्।

**ग. मानवीय सौन्दर्य :** मानव विधाताको सर्वश्रेष्ठ रचना मानिन्छ। सुरदासले आफ्नो काव्यमा कृष्णलाई एक शृङ्गारिक पुरुषको रूपमा प्रस्तुत गरेका छन्। सूरदासले कृष्णको बाल अनि किशोर दुई रूपको वर्णन गरेका छन्। उनले कृष्णको बाह्य रूपको सहज स्वभाव चित्रण गरेका छन्।

**घ. नारी सौन्दर्य :** नारी सौन्दर्यको प्रतिमूर्तिको रूपमा मानिन्छ। सारा सृष्टिका सम्पूर्ण सौन्दर्य नारी सौन्दर्यमा समाहित हुन्छन्। नारीहरूको बाहिरबाट जति आकर्षण हुन्छ भित्रबाट त्यति नै भावमय अनि आनन्दमयी हुन्छ भन्ने सूरदासले वर्णन गरेका छन्। उनले नारीलाई दुई रूपमा वर्णन गरेका छन्।

**१. बाह्य सौन्दर्य र २. आन्तिरक सौन्दर्य**

सूरदासले नारीको बाह्य सौन्दर्यको निरूपण गर्दा अङ्ग - प्रत्यङ्ग, वेशभूषा, आभूषण आदिलाई महत्व दिएका छन्।

**ङ. प्राकृतिक सौन्दर्य :** मानव र प्रकृति एकाअर्कामा चिर सम्बन्धित छ। प्रकिृतिले मानवलाई आफ्नो सौन्दर्यबाट आकर्षित गरेका छन्। वस्तुतः मानवले प्रकृतिको काखमा खेल्दै सौन्दर्यको अनुभूति गरेका छन्। सूरदासले आफ्नो काव्यमा प्रकृतिको अनेक देनहरूको वर्णन गरेका छन्। उनले आफ्नो काव्यमा प्रकिृतको विस्तृत चर्चा गरेका छन्।

**च. कलागत सौदर्य :** कलालाई मानव संस्कृतिको उपजको रूपमा मानिन्छ। सूरदासले आफ्नो काव्यमा शब्दको माध्यमबाट अनेक सौन्दर्यमय चित्रहरूको सृष्टि गरेर आफ्नो कलागत चातुर्य दर्शाएका छन्। राग -रागिनी, वाद्य, यन्त्र, नृत्यकला आदिको विस्तृत विवेचना उनले आफ्नो काव्यमा गरेका छन्।

**छ. भाव सौन्दर्य :** रूप - कुरूप, सत्य - असत्य राम्रो नराम्रो आदि परिस्थितिहरूको निरूपण भावको आधारमा गरिन्छ। महाकवि सूरदासले आफ्नो काव्यमा प्रेम साधनालाई एकमात्र लक्ष्य ठानेका छन्। उनको प्रेम साधनाको आधार सौन्दर्य अनि सिद्धि आनन्दलाई मान्नसकिन्छ। भ्रमरगीत

प्रसङ्गमा गोपिनीहरूको प्रेमद्वारा सूरदासले प्रेम साधनाको स्वरूपलाई स्पष्ट पारेका छन्।

**ज. शिल्प सौन्दर्य :** सौन्दर्य अनि शिल्पको नितान्त अनिवार्य सम्बन्ध छ। यी दुवैबाहेक काव्यको कल्पना गर्न सकिँदैन। यदि सौन्दर्य काव्यको आभ्यान्तरिक चेतना हो भने शिल्प त्यस चेतनालाई चित्रित गर्ने बाह्य उपदान हो। महाकवि सूरदासले ब्रजभाषालाई अपनाएर जनमानसलाई रससिक्त गरेका छन्। उनले आफ्नो प्रतिभा एवं कलाद्वारा यसलाई सङ्गीतमय सुमधुर अनि सम्पन्न बनाउनका निम्ति सार्थक प्रयास गरेका छन्। सूरदासको भाषामा पालि, अपभ्रंश -बाहेक गुजराती, राजस्थानी, पन्जाबी, खडी बोली, हरियाणी, अवधी, कन्नोजी, बुन्देलखन्डी, अरबी, फारसी शब्दहरूको सुन्दर प्रयोग भएको देखिन्छ। वस्तुतः सूरदासको शब्दभण्डार व्यापक देखिन्छ जसको माध्यमबाट कविले काव्य - लालित्यलाई उजागर गर्ने महत्वपूर्ण प्रयास गरेका छन्। उनले आफ्नो भाषामा तत्सम, तद्‌भव, देशज, आरबी, फारसी शब्दहरूको प्रयोग गरेका छन्। उनेल ध्वन्यात्मक शब्दहरूको प्रयोग पनि आफ्नो काव्यमा गरेका छन्।

**झ. वाधारा - लोकोत्ति सौष्ठव** : सूरदासले भाषालाई सशक्त प्रभवोत्पादक एवं प्रौढ बनाउनका निम्ति वाग्धारा एवं लोकोत्तिको प्रयोग गरेका छन्। वाग्धाराको प्रयोगले काव्य- लालित्यमा श्रीवृद्धि भएको छ भने लोकोत्तिहरूको ठिक प्रयोगले काव्यमा सुनमा सुगन्ध थप्ने काम भएको छ।

**ञ. शब्दशक्ति सौष्ठव :** शब्दको बोधक शक्तिलाई शब्दशक्ति भनिन्छ। भारतीय काव्यशास्त्रमा शब्दशक्तिलाई तीन प्रकारका बताएका छन्- अभिधा, लक्षणा, व्यञ्जना। कविले लक्षणा शब्दशक्तिको प्रयोग क्रियापद, विशेषण अनि क्रिया विशेषणको रूपमा गरेका छन्।

# 3.6 गोस्वामी तुलसीदासको साहित्यिक परिचय

गोस्वामी तुलसीदासले आफ्नो जीवनकालमा १२ ग्रन्थ लेखेका छन्। उनलाई संस्कृतको कवि हुनाले नै हिन्दी भाषाका सर्वश्रेष्ठ कविमध्ये एक मानिन्छ। गोस्वामीलाई मूल संस्कृतको आदि काव्य रामायणको रचयिता बाल्मीकिको अवतार हो भन्ने गरेको पनि लौकिक चर्चा सुन्न पाइन्छ। तुलसीदासद्वारा विरचित 'रामचरितमानस' संस्कृत आदि काव्य बाल्मीकीय रामायणको अवधी भाषान्तर हो उक्त 'रामचरितमानस' -लाई सम्पूर्ण उत्तर भारतमा भक्ति भावले पढ्ने

गरिन्छ। गोस्वामीको अर्को काव्य 'विनय' पत्रिकाले पनि निकै महत्वपूर्ण स्थान प्राप्त गरेको पाइन् छ।

## 3.7 तुलसीदासका कृति

श्रीरामचरितमानस, कवितावली, विनयावली, दोहावली, पार्वती-मङ्गल, विनय पत्रिका, गीतावली, श्रीकृष्ण गीतावली, जानकी –मङ्गल, बरवै रामायण, रामज्ञा प्रश्न,

**प्रसिद्ध रचनाहरू**

हनुमान चालीसा, बजरंग वाण, हनुमानबाहुक, रामलला नहछू, तुलसीदास के दोहे, श्री रामायण जी की आरती, श्री रामचंद्र कृपालु भजु मन (रामचन्द्र जी की आरती)

गोस्वामी तुलसीदास (**१५११ - १६२३**) हिन्दी साहित्यका महान् कवि थिए। उनको जन्म सोरोँ सुकरक्षेत्र, वर्तमानमा कासगन्ज उत्तरप्रदेशमा भएको थियो। केही विद्वान् उनका जन्म राजापुर जिला बाँदा वर्तमानमा चित्रकूट भएको मान्दछन्। 'श्रीरामचरितमानस' -को कथानक रामायणबाट लिएर सो काव्य रचना गरिएको छ। 'रामचरितमानस' लोकग्रन्थ हो अनि यसलाई उत्तर भारतमा बढो भक्तिभावका साथ पढिने गरिन्छ। महाकाव्य 'श्रीरामचरितमानस' लाई विश्वका १०० सर्वश्रेष्ठ लोकप्रिय काव्यमा ४६ औँ स्थान प्राप्त भएको मानिन्छ।

### संस्कृतमा पद्य-रचना

संवत् १६२८ मा उनी हनुमानका आज्ञा लिएर अयोध्यातर्फ घएको बताइन्छ। त्यस समय प्रयागमा माघे मेला लागेको थियो र उनी त्यहाँ केही समयका निम्ति बसेका थिए। यस पर्वको छ दिनपछि एक वटवृक्षमुनि उनलाई भारद्वाज अनि याज्ञवल्क्य मुनिको दर्शन भएको चर्चा पाइनम्छ। त्यहाँ त्यताक त्यही कथावाचन भइरहेको थियो जुन कथा उनले सुकरक्षेत्रमा आफ्नो गुरुबाट सुनेका थिए। माघे मेला समाप्त भएपछि तुलसीदास प्रयागबाट पुन: फर्केर काशी आए अनि त्यहाँको प्रह्लादघाटमा एक ब्राह्मणमा बसेका थिए।त्यहाँ बसेको समयमा उनको आन्तरिक हृदयमा कवित्व-शक्ति प्रस्फुरण भएको चर्चा छ। अनि त उनले संस्कृतमा पद्य-रचना गर्न सुरु गरेका थिए। भनिन्छ दिनमा उनले जति पद्य रचना गर्थे, त्यसो रात्रिबेला हुन सक्दैन थियो। यस्तो उनीसँग भइरहन्थ्य। यस्तो भएको आठौँ दिन तुलसीदासले एक सपना देखे। सपनामा भगवान शङ्करले उनलाई "तिमी आफ्नो

भाषामा काव्यरचना गर" भन्ने आदेश भयो। तुलसीदासको निद्रा जसै खुल्यो भगवान् शिव अनि पार्वती उनको सामु प्रकट थिए। तुलसीदासले साष्टाङ्ग प्रणाम गरे। यसबाट प्रसन्न भएर शिवले भने "तिमी अयोध्या गएर बस अनि हिन्दीमा काव्य रचना गर। मेरे आशीर्वादले तिम्रो कविता सामवेदको समान फलपूर्ण हुनेछ।" यति भनेर गौरीशङ्कर अन्तर्ध्यान भए। तुलसीदास दास उनको आज्ञा शिरोधार्य गरी काशीबाट अयोध्या गए।

## 'रामचरितमानस' -को रचना

संवत् १६३१ मा रामचरित्रमानस लेखन प्रारम्भको चर्चा पाइन्छ। चर्चा अनुसार दैवयोगले यस वर्ष रामनवमीको दिन त्रेतायुगमा राम-जन्मको भएको कुराहरू दोहोरिएका थिए दिन था। त्य दिन प्रातः समय तुलसीदासले 'श्रीरामचरितमानस' को रचना प्रारम्भ गरेका थिए। दुई वर्ष, सात महिन अनि छब्बीस दिनमा यो अद्भूत ग्रन्थ लेखिसकिएको थियो। संवत् १६३३ को मार्गशीर्ष शुक्लपक्ष मा राम-विवाहकै दिन सातौँ काण्ड पूर्ण भएको थियो।

भगवान्को आज्ञाले तुलसीदास दास काशी गए। त्यहाँ उनले भगवान् विश्वनाथ अनि माता अन्नपूर्णालाई 'श्रीरामचरितमानस' सुनाए। राति पुस्तक विश्वनाथ मन्दिरमा राखेका थिए। प्रात:काल जब मन्दिरको द्वार खोलियो तब पुस्तकमा "सत्यम् शिवम् सुन्द्रम्" लेखिएको थियो जो भगवान् शङ्करले लेखेका हुन् भन्ने किंदन्ती पाइन्छ।

यो कुरा काशीका पण्डितहरूमा फैलिएपछि उनीहरूका मनमा ईर्ष्या उत्पन्न भएको बताइन्छ। उनीहरू दल बनाएर तुलसीदासको निन्दामा जुटेका थिए भने त्यस पुस्तकलाई नष्ट गर्ने प्रयास गरेको पनि थाहा ला९ग्दछ। तुलसीदासले आफ्नो कारणले भगवान्लाई कष्ट पुगेको सोचेर कुटीको सारा समान लुट्न दिएको अनि पुस्तक चाहिँ आफ्नो मित्र टोडरमल (अकबरको नौरत्नमध्ये एक) कहाँ राख्न दिएको थाहा लाग्छ। यसपछि उनले आफ्नो विलक्षण स्मरण शक्तिले अर्को प्रति लिखे। त्यसैको आधारमा अन्य प्रतिलिपिहरू तयार गरे। उक्त पुस्तक प्रचार दिनोदिन बढ्दै गएको थियो।

मधुसूदन सरस्वती नामका महापण्डितले यस पुस्तक पढेर आफ्नो सहमति दिन काशीका पण्डितहरूलाई बिन्ती गरे। मधुसूदन सरस्वतीले प्रसन्न भएर यसरी टिप्पणी पनि लेखिदिए।

आनन्दकानने ह्यास्मिंजंगमस्तुलसीतरुः।

कवितामंजरी भाति रामभ्रमरभूषिता॥

अर्थात्, "काशीको आनन्द-वनमा तुलसीदास साक्षात् घुमफिर गर्ने तुलसीको पौधा हो। उसको काव्य-मञ्जरी बडो मनोहर छ, यसमाथिर श्रीराम रूपी भँवरा सदा भ्रमण गरिरहन्छ।"

संवत् १६८० मा श्रावण कृष्ण तृतीया शनिबारका दिन तुलसीदासले "राम राम" जप्दै आफ्नो शरीर परित्याग गरिदिए।

### तुलसी-स्तवन

तुलसीदासको हस्तलिपि अत्यधिक सुन्दर थियो भन्ने चर्चा छ। उनको जन्म-स्थान राजापुरको एक मन्दिरमा 'श्रीरामचरितमानस' को अयोध्याकाण्डको एक प्रति सुरक्षित राखिएको छ। उसै प्रतिका साथ राखिएको कवि मदनलाल वर्मा 'क्रान्त' को हस्तलिपिमा तुलसीको व्यक्तित्व एवम् कृतित्वलाई रेखाङ्कित गरेर राखिएको बताइन्छ। हिन्दी अकादमी दिल्लीको पत्रिका इन्द्रप्रस्थ भारतीले सर्वप्रथम प्रकाशित गरेको थियो। यसमा पहिलो छन्द सिंहावलोकन छ जिसकी विशेषता योछ कि प्रत्येक चरण जुन शब्दमा समाप्त भएको हुन्छ त्यपछि आएको शब्दको सुरुवात त्यसैबाट प्रारम्भ भएको पाइन्छ। प्रथम तथा अन्तिम शब्द पनि एकै रहेको हुन्छ। काव्यशास्त्रमा यसलाई अद्भूत छन्द भनिएको पाइन्छ।

आफ्नो १२६ वर्षको दीर्घ जीवन-कालमां तुलसीदासले कालक्रमानुसार निम्नलिखित कालजयी ग्रन्थहरूको रचना गरेका छन् -

रामललानहछू, वैराग्यसंदीपनी, रामाज्ञाप्रश्न, जानकी-मंगल, रामचरितमानस, सतसई, पार्वती-मंगल, गीतावली, विनय-पत्रिका, कृष्ण-गीतावली, बरवै रामायण, दोहावली अनि कवितावली।

लगभग चार सय वर्षपूर्व तुलसीदासले आफ्नो कृतिहरू रचना गरेका थिए। आधुनिक प्रकाशन-सुविधारहित त्यस कालमा पनि तुलसीदासको काव्य जन जनमा पुगेको हुन्थ्यो। यो उनको कवि रूपमा लोकप्रिय बनेको भन्ने अनि कविक्षमताको प्रत्यक्ष प्रमाण हो।

## 3.8 भारतेन्दु हरिश्चन्द्र (१८५०-१८८५ ई.)- को साहित्यिक परिचय

आधुनिक हिन्दी साहित्यका जन्मदाता, बहुमुखी प्रतिभाका धनी भारतेन्दु हरिश्चन्द्रको जन्म **९** सितम्बर **१८५०** मा बनारसको एक प्रतिष्ठित परिवारमा

भएको थियो। उनको वास्तविक नाम 'हरिश्चन्द्र' थियो। 'भारतेन्दु' उनको उपाधि हो। भारतेन्दु आधुनिक हिन्दी साहित्यका साथसाथै हिन्दी थियेटरका पनि पितामह भनेर चिनिन्छ।

पिता गोपालचन्द्र स्वयं कवि थिए। हरिश्चन्द्र पनि बालापनदेखि नै कविता रचनामा लागेका थिए। स्वाध्ययनबाट हिन्दी, गुजराती, मराठी, राजस्थानी, बङ्गला, उर्दू तथा अङ्ग्रेजी सिकेका थिए। यतिधेरै प्रतिभाका धनी हरिश्चन्द्र **३५** वर्षको अल्पायुमै स्वर्गवासी भएका थिए।

हरिश्चन्द्र आफ्नो देशप्रतिको प्रेम, साहित्यप्रेम तथा ईश्वरप्रेमका निम्ति प्रसिद्ध छन्। उनले प्रुचर मात्रामा साहित्य-सेवा गरेका छन् भने उनले आफ्नो कार्यबाट अन्यलाई पननि धेरै प्रभाव पारेका छन्। नेपाली साहित्यका युगपुरुष मोतीराम भट्टले बनारस बसाईमा हरिश्चन्द्रलाई नभटेको भए नेपाली साहित्यको इतिहासमा मोतीराम भट्टको अध्याय खाली हुने थियो, सायद। हरिश्चन्द्रका **१७५** ग्रन्थहरू रहेको बताइन्छ जसमा **६९** उपलब्ध रहेको पाइन्छ। मौलिक नाटक 'सत्य-हरिश्चन्द्र', 'भारत-दुर्दशा', 'वैदिकी हिंसा', 'हिंसा न भवति' आदि रहेको पाइन्छ।

हिन्दी साहित्यको माध्यमिक कालमा नाटक लेखन र मञ्चनतर्फ लेखककहरूको विशेष रुचि बढेको देखिन्छ। यस कालमा जनसाधारण प्रचलित लोक-नाट्य अनि अभिजात र शासक वर्गका निम्ति पर्सियाली थियेटर चलेको पाइन्छ। तर भारतीय लोक-नाट्यमाथि पर्सियाली थिएटरको अधिपत्य बढेको कारण हरिश्चन्द्र चिन्तित थिए। लेखक -कविहरू अभिजात वर्गका र शासक-परिवारका मानिसकै रुचि अनुकूल नाटक लेख्न र मञ्चित गराउनतर्फ प्रयत्नशील रहेको बुझिन्छ। यसो भएको कारण आलोचकहरू जातीय लोकनाट्य परम्परा लुप्त हुँदै गएको अनि उर्दू र फारसीका नाटकको बोलबाला बढ्दै गएको मान्छन्। यसो हुँदा भारतेन्दु हरिश्चन्द्रजस्ता लेखककहरूले पर्सियाली थियेटरको विरोधमा आवाज समेत उठाएको बुझिन्छ। उनीहरूले ‘बन्दर सभा’ -को संज्ञा दिए पर्सियाली थियेटरकै एउटा प्रकारको रूपमा प्रचलित ‘इन्दर-सभा’ -लाई व्यङ्ग्य गरेका छन्।

उनले अनेक उपन्यास अनि लेख लेखे यसका साथै प्रचुर सम्पादन कार्य पनि गरेर साहित्यको सेवा गरेका छन्। 'कवि वचन सुधा, 'हरिश्चन्द्र म्यागेजिन तथा स्त्रिहरूका निम्ति 'बालबोधिनी’ पत्रिकाहरू निकालेका थिए। ब्रजभाषा तथा खडी बोली दुवैमा उनले कविता लेखेका पाइन्छन्। परम्परागत कविता सङ्ग्रह 'भक्ति-सर्वस्व', 'प्रबोधिनी', 'प्रेम-सरोवर', 'सतसई-शृङ्गार' आदि तथा अन्य अनेक नवीन काव्य कृतिहरू 'सुमनाञ्जलि, 'सुन्दरी-तिलक' तथा 'पावस कवित्त सङ्ग्रह' आदि

प्रकासित छन्। यसमा देश-भक्ति तथा समाज-सुधार सम्बन्धी कविताहरू प्रशस्तै रहेका पाइन्छन्। उनले अनेक प्रकारका खडी बोलीको प्रचार -प्रसार पनि गरेका छन्। **१८८०** मा काशीको विद्वन्मण्डलीले उनलाई 'भारतेन्दु' उपाधिले विभूषित गरेका थिए।

'इन्दर सभा' उर्दूमा एक प्रकारको नाटक हो। पर्सियाली थिएटरप्रति आकृष्ट इन्दर सभामाथि व्यङ्ग कस्दै लेखेको यो विरोध गरिएको कविता यस्तो रहेको देखिन्छ-

**बंदर सभा (हिन्दी)**

आना राजा बंदर का बीच सभा के
सभा में दोस्तो बंदर की आमद आमद है
गधे औ फूलों के अफसर जी आमद आमद है
मरे जो घोड़े तो गदहा य बादशाह बना

उनले देशको गरिबी, पराधीनता, शासकहरूको अमानवीय व्यवहार, शोषणको चित्रणलाई नै आफ्नो साहित्यको विषय बनाएका छन्। हरिश्चन्द्र कवि, व्यङ्ग्यकार, नाटककार, पत्रकार, सम्पादक, गद्यकार, कुशल वक्ता अनि समाज सेवक थिए। उनी अङ्ग्रेजी, संस्कृत, मराठी, बङ्गला, गुजराती, पन्जाबी अनि उर्दू भाषाहरूका ज्ञाता थिए। उनले 'हरिश्चन्द्र पत्रिका', 'कविवचन सुधा' अनि 'बाल विबोधिनी' पत्रिकाहरूको सम्पादन पनि गरे। उनका काव्य रचनाहरू भक्तसर्वस्व, प्रेममालिका (१८७१), प्रेम माधुरी (१८७५), प्रेम-तरङ्ग (१८७७), उत्तरार्द्ध भक्तमाल (१८७६-७७), प्रेम-प्रलाप (१८७७), होली (१८७९), मधुमुकुल (१८८१), राग-सङ्ग्रह (१८८०), वर्षा-विनोद (१८८०), विनय प्रेम पचासा (१८८१), फुलको गुच्छा (१८८२), प्रेम-फुलबारी (१८८३), प्रेमाश्रु-वर्षण, कृष्णचरित्र (१८८३), दानलीला, तन्मय लीला, सुमनाञ्जलि, बन्दर सभा (हास्य व्यङ्ग्य) अनि बाख्रा विलाप (हास्य व्यङ्ग्य) आदि प्राप्त छन्।

## 3.9 मैथिलीशरण गुप्तको साहित्यिक परिचय

मैथिलीशरण गुप्त हिन्दी साहित्यका प्रसिद्ध कवि थिए। हिन्दी साहित्यका इतिहासमा उनी खडी बोलीका प्रथम महत्त्वपूर्ण कवि हुन्। उनलाई साहित्य जगत्मा 'दद्दा' नामले सम्बोधन गरिने गरेको पनि देखिन्छ। उनका कृति भारत-भारती (**१९१२**) भारतका स्वतन्त्रता सङ्ग्रामका समयमा धैरै प्रभावशाली सिद्ध

भएका थिए अनि यसै कारण महात्मा गान्धीले उनलाई 'राष्ट्रकवि' -को पदवीले अलङ्कृत गरेका थिए। भारतमा उनका जयन्ती ३ अगस्तको दिन 'कवि दिवस' -को रूपमा मनाइने गरिन्छ। उनको यस्तै योगदानको कदर गरी सन् १९५४ मा भारत सरकारले उनलाई पद्मभूषण प्रदान गरी सम्मानित गऱ्यो।

महावीर प्रसाद द्विवेदीबाट प्रेरणा प्राप्त गरेर गुप्तले खडी बोलीलाई आफ्नो रचनाहरूको माध्यम बनाए अनि आफ्नो कविताद्वारा खडी बोलीलाई एक काव्य-भाषाका रूपमा स्थापित गर्ने अथक प्रयास गरे। यसप्रकार ब्रजभाषा जस्तो समृद्ध काव्य-भाषालाई छोडेर समय अनि सन्दर्भ अनुकूल भएको कारण नयाँ कविहरूले यसलाई नै आफ्नो काव्य-अभिव्यक्तिको माध्यम बनाएको पाइछ। हिन्दी कविताको इतिहासमा गुप्तको यो योगदान सबैभन्दा ठुलो योगदान मानिन्छ। घासीराम व्यासले भनेका छन्, "पवित्रता, नैतिकता अनि परम्परागत मानवीय सम्बन्धहरूको रक्षा गुप्तको काव्यको प्रथम गुण हो, जो 'पञ्चवटी' -देखि 'जयद्रथ वध', 'यशोधरा' अनि 'साकेत' सम्ममा प्रतिष्ठित एवं प्रतिफलित हुन पुगेको पाइन्छ। 'साकेत' उनका रचनाका सर्वोच्च शिखर हो।

मैथिलीशरण गुप्तको जन्म ३ अगस्त १८८६ मा पिता सेठ रामचरण कनकने अनि माता काशी बाईको तेस्रो सन्तानको रूपमा उत्तरप्रदेशको झाँसीनजिक चिरगाउँमा भएको थियो। उनका माता अनि पिता दुवै वैष्णव थिए। विद्यालयमा खेलकुदमा अधिक ध्यान दिएको कारण उनको पढाई अधुरो रहेको थियो। रामस्वरूप शास्त्री, दुर्गादत्त पन्त आदिसे उनलाई विद्यालयमा पढाएका थिए। घरमा नै हिन्दी, बङ्गला, संस्कृत साहित्य अध्ययन गरेका थिए। मुन्सी अजमेरी ले उनलाई मार्गदर्शन गराएका थिए। १२ वर्षको उमेरमा ब्रजभाषामा 'कनभोलिता' नाम कविता पहिलोपल्ट रचना गरेका थिए। आचार्य महावीर प्रसाद द्विवेदीका सम्पर्कमा उनी आएका थिए। उनका कविताहरू खडी बोलीमा मासिक "सरस्वती" मा प्रकाशित सुरु भएको थियो।

उनको प्रथम काव्य सङ्ग्रह "रङ्गमा भङ्ग" तथा पछि "जयद्रथ वध" प्रकाशित भएको पाइन्छ। उले बङ्गाली काव्य ग्रन्थ "मेघनाथ वध", "ब्रजाङ्गना" -को अनुवाद पनि गरेका छन्। सन् **१९१२ - १९१३** मा राष्ट्रिय भावनाले ओत-प्रोत "भारत भारती" रचना गरेर प्रकाशित गरे। यसबाट उको लोकप्रियता सर्वत्र फैलियो। संस्कृतका प्रसिद्ध ग्रन्थ "स्वप्नवासवदत्ता" का अनुवाद पनि प्रकाशित गराए। सन् १९१६-१७ मा महाकाव्य 'साकेत' रचना आरम्भ गे। स्वतः प्रेसको स्थापना गरी आफ्नो पुस्तकहरू छापना सुरु गरे। 'साकेत' तथा 'पञ्चवटी' आदि अन्य ग्रन्थ सन्

१९३१ मा पूर्ण गरे। यसै समय उनी राष्ट्रपिता गान्धीजीका निकट सम्पर्कमा आए। 'यशोधरा' सन् १९३२ मा लेखे। **१६** अप्रैल **१९४१** को सत्याग्रहमा भाग लिएको कारण उनी पक्रा परे पछि छुटे। सन् **१९४८** मा आगरा विश्वविद्यालयले उनलाई डी.लिट.को उपाधिले सम्मानित गरिएको थियो। उनी १९५२-१९६४ तक राज्यसभाका सदस्य मनोनित भएका थिए। १९५४ मा साहित्य एवं शिक्षा क्षेत्रमा पद्म भूषणले सम्मानित गरियो। १२ दिसम्बर १९६४ को दिन हृदयघातको कारण हिन्दी साहित्यको जगजग हलेको तारा सधैँलाई अस्त भयो।

मैथिलीशरण गुप्तको महाकाव्य, १९ खण्डकाव्य, काव्यगीत, नाटिकाहरू आदि प्रकाशित छन्। उनको काव्यमा राष्ट्रिय चेतना, धार्मिक भावना अनि मानवीय उत्थान प्रतिबिम्बित छन्। 'भारत भारती' -का तीन खण्डमा देशका अतीत, वर्तमान अनि भविष्य चित्रित पाइन्छ। उनी मानववादी, नैतिक अनि सांस्कृतिक काव्यधाराका विशिष्ट कवि थिए। हिन्दीमा लेखन आरम्भ गर्नुभन्दा पहिला उनले 'रसिकेन्द्र' नाम राखेर ब्रजभाषामा कविताहरू, दोहा, चौपाई, छप्पय आदि लेखे। ती रचनाहरू **१९०४-०५** बिच वैश्योपकारक (भोलिकत्ता), वेङ्कटेश्वर (बम्बई) अनि मोहिनी (कन्नौज) जस्ता पत्रिकाहरूमा प्रकाशित भए। उनका हिन्दीमा लेखिएका कृतिहरू इन्दु, प्रताप, प्रभा जस्ता पत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ। प्रतापमा विदग्ध हृदय नाम गरेर उनले अनेक रचनाहरू प्रकाशित तुल्याए।

## 3.10 मैथिलीशरण गुप्तका कृतिहरू

**महाकाव्य-** साकेत, यशोधरा

**खण्डकाव्य**- जयद्रथ वध, भारत-भारती, पञ्चवटी, द्वापर, सिद्धराज, नहुष, अञ्जलि अनि अर्घ्य, अजित, अर्जन अनि विसर्जन, काबा अनि कर्बला, किसान, कुणाल गीत, गुरु तेग बहादुर, गुरुकुल, जय भारत, युद्ध, झङ्कार, पृथ्वीपुत्र, वक संहार, शकुन्तला, विश्व वेदना, राजा प्रजा, विष्णुप्रिया, उर्मिला, लीला, प्रदक्षिणा, दिवोदा, भूमि-भाग

**नाटक**- रङ्गमा भङ्ग, राजा-प्रजा, वन वैभ, विकट भट, विरहिणी, वैतालिक, शक्ति, सैरन्ध्री, स्वदेश सङ्गीत, हिडिम्बा , हिन्दू, चन्द्रहास

**संस्कृत-** स्वप्नवासवदत्ता, प्रतिमा, अभिषेक, अविमारक (भास), रत्नावली (हर्षवर्धन)

**बङ्गाली**- मेघनाथ वध, विहरिणी वज्राङगना (मधुसूदन दत्त), पलासीका युद्ध (नवीन चन्द्र सेन)

**फारसी**- रुबाइयात उमर खय्याम (उमर खय्याम)

**कावितासङ्ग्रह** - उच्छवास

पत्रावली आदि।

# 3.9 मैथिलीशरण गुप्तको काव्यगत विशेषता

मैथिलीशरण गुप्त स्वभावले नै लोकसङ्ग्रही कवि थिए अनि आफ्नो युगको समस्याहरूप्रति विशेष रूपले संवेदनशील रहने गर्थे। उनका काव्य एकातिर वैष्णव भावनाले परिपोषित पाइन्छ भने अर्कातिर जागरण तथा सुधारको युगको चेतनाको, राष्ट्रिय नैतिक चेतना आदिले अनुप्राणित पनि पाइन्छ। लाला लाजपत राय, बाल गङ्गाधर तिलक, विपिनचन्द्र पाल, गणेश शङ्कर विद्यार्थी अनि मदनमोहन मालवीय उनका आदर्श थिए। महात्मा गान्धी भारतीय राजनैतिक जीवनमा आउनपूर्व नै गुप्तको युवा मन तत्कालीन क्रान्तिकारी विचारधाराबाट प्रभावित रहेका थिए।। 'अनघ' भन्दा पूर्वका रचनाहरूमा, विशेष गरी ‘जयद्रथ-वध’ अनि ‘भारत भारती’ -मा कविका क्रान्तिकारी स्वर सुनाइदिएको छ। पछिमा महात्मा गान्धी, राजेन्द्र प्रसाद, अनि विनोबा भावेका सम्पर्कमा आएपछि उनी गान्धीवादलाई व्यावहारिक पक्ष बनाउन पुगे र सुधारवादी आन्दोलनहरूका समर्थक बने।

**क. राष्ट्रियता तथा गान्धीवाद**

मैथिलीशरण गुप्तका जीवनमा राष्ट्रियताका भाव धेरै पाइन्छ। यसै कारण उनका सबै रचनाहरू राष्ट्रिय विचारधाराले ओतप्रोत पाइन्छ। उनी भारतीय संस्कृति एवं इतिहासका परम भक्त थिए। तर अन्धविश्वास अनि थोत्रा आदर्शमाथि उनको विश्वास थिएन। उनी भारतीय संस्कृतिका नवीनतम रूपको कामना गर्दथे।

गुप्तका काव्यमा राष्ट्रियता अनि गान्धीवादको प्रधानता पाइन्छ। जसमा भारतका गौरवमय अतीतका इतिहास अनि भारतीय संस्कृतिको महत्ता ओजपूर्ण ढङ्गमा प्रतिपादन गरिएको पाइन्छ।

गुप्तले आफ्नो काव्यमा पारिवारिक जीवनको महत्ता पनि यथोचित प्रदान गरेका छन् भने नारीहरूलाई पनि विशेष महत्व दिएका छन्। उनले प्रबन्ध काव्य

तथा मुक्तक काव्य दुवै रचना गरेका छन्। शब्दशक्ति तथा अलङ्कारका प्रशस्त प्रयोगका साथ उखान, तुक्काकाको पनि पर्याप्त प्रयोग गरेको पाइन्छ।

**ख. दार्शनिकता**

दर्शनको जिज्ञासा आध्यात्मिक चिन्तनदेखि अभिन्न भएर पनि भिन्न हो भनिन्छ। मननशील आर्यसुधिहरूको यो एक विशिष्ट चिन्तन प्रक्रिया हो अनि उनीहरूको तर्कपूर्ण सिद्धान्त नै दर्शन हो। यस प्रकार आध्यात्मिकता यदि सामान्य चिन्तन हो भे षडदर्शन ब्रह्म जीव, जगत् आदिका विशिष्ट चिन्तन हो। अतः दार्शनिक चिन्तन पनि तीन मुख्य दिशाहरू हुन् - ब्रह्म - जीव - जगत्। गुप्तका दर्शन उनको कलाकारका व्यक्तित्व पक्षको परिणाम नभएर सामाजिक पक्षको अभिव्यक्तिकरण हो। उनी बहिर्जीवनका द्रष्टा अनि व्याख्याता कलाकार हुन्, अन्तर्मुखी कलाकार होइनन्। कर्मशीलता उनको दर्शनको केन्द्रीयता हो।

गुप्तका परिवारमा वैष्णव भक्ति भाव प्रबल थियो। प्रतिदिन पूजा-पाठ, भजन, गीता-पठन आदि हुने गर्दथ्यो। यही कारणले गुप्तजीका जीवनमा आध्यात्मिक संस्कारको बीजका रोपिएको थियो जो बिस्तारे अङ्कुरित भएर रामभक्तिका रूपमा वटवृक्ष बन्यो।

'साकेत'- को भूमिकामा निर्गुण परब्रह्म सगुण साकारका रूपमा अवतरित भएको पाइन्छ। आत्मश्रय प्राप्त कविका लागि जीवनमा नै मुक्ति सिद्धता प्राप्त गर्न सकियो भने मृत्यु न त विभीषिका बन्छ न त त्यसले भय वा शोक दिन सक्छ। गुप्तले 'साकेत' -मा रामप्रति आफ्नो भक्ति -भावना प्रकट गरेका छन्। 'साकेत' -मा मुख्य रूपमा उनको प्रयोजन उर्मिलाको व्यथा चित्रण गर्नु थियो। तर यसका साथमा रामको भक्ति-भावनाका गुण गाउन पनि पछि हटेका छैनन्। 'साकेत' -मा हामी जस्तो रामचरित्रको दर्शन गर्न पाउँछौँ त्यसमा आधुनिकताको छाप रहेको भेटिन्छ, तर चित्रित राममा आदि दैविक रूपको सादृश्यता पनि दर्शाउनु 'साकेत'को मूल उद्वोश्य देखिन्छ। जुन युगमा रामको व्यक्तित्व ऐतिहासिक महापुरुष या मर्यादा पुरुषोत्तममै सीमित राखिएको थियो गुप्तले वैष्णव भक्तिद्वारा आकुल बनेर त्यस रामको पुकार गरेका छन्। आलोचकहरूले 'साकेत'-लाई पूजाको एक फूल हो जो आस्तिक कविले आफ्नो इष्टदेवको चरणमा चढाएका हुन्। रामको चित्राङ्कनमा गुप्तले जीवनका रहस्य उद्घाटन गरेका छन्।

**ग. नारीको महत्ता प्रतिपादन**

नारीहरूको दुरावस्था तथा दीनदुखी अनि असहायहरूको पीडाले मैथिलीशरण गुप्तको हृदयमा करुणाको भाव भरिदिएको देखिन्छ। उनका अनेक काव्यग्रन्थहरूमा नारीहरूको पुनर्प्रतिष्ठा एवं पीडिताप्रति सहानुभूति झलकिएको पाइन्छ। नारीहरूको दशालाई व्यक्त गरिएको पाइन्छ।

भनिन्छ, आचार्य महावीर प्रसाद द्विवेदीका कविताको उर्मिला विषयक उदासीनताका विमर्शले गुप्तलाई साकेत महाकाव्य लेखने प्रेरणा प्राप्त भएको थियो। भारत वर्षमा गुन्जिने 'हाम्रो भारती'को प्रार्थना गर्ने कवि कवि कालान्तरमा विरहिणी नारीहरूका दुःखले द्रवित बनेको देखिन्छ। परिवारमा रहेका पतिवियुक्ता नारीको पीडालाई निक्कै गम्भीरताका साथ गुप्तले आफ्नो रचनाहरूमा व्यक्त गरेका छन्। उनको वियोगिनी नारी पात्रहरूमा उर्मिला (साकेत महाकाव्य), यशोधरा (काव्य) अनि विष्णुप्रिया (खण्डकाव्य) प्रमुख देखिन्छ। उनका करूण विप्रलम्भ तीनै पात्रहरूमा सर्वाधिक मर्मस्पर्शी देखिन्छ। उनको जीवन सङ्घर्ष, उदात्त विचार अनि आचरणको पवित्रता आदि मानवीय जिजीविषा अनि सोद्देश्यतालाई प्रमाणित गरेको पाइन्छ। गुप्तका यी तीनै विरहिणी नायिकाहरू विरहको तापमा पाइन्छ। यसरी तापमा रहेको भए पनि ती पात्रहरू आफ्नो तन-मनलाई भस्म हुन नदिएको अनि उज्ज्वल देखिन्छन्। साकेतकी उर्मिला रामायण अनि रामचरितमानसको सर्वाधिक उपेक्षित पात्र हो। यस विरहिणी नारीको जीवनवृत्त अनि पीडाको अनुभूतिहरू विशद वर्णन गरिएको पाइन्छ। उर्मिला लक्ष्मणकी पत्नी हुन् अनि आफ्नो चारै बहिनीमा ऊ एक मात्र यस्ती नारी हुन् जसको हिस्सामा चौध वर्षको पतिवियुक्ता र अनेक दुःख परेको छ। उनका अन्य तीनै बहिनीमा सीता रामका साथ, माण्डवी भरतका सान्निध्यमा तथा श्रुतिकीर्ति शत्रुघ्नकासँग जीवनयापन गर्न सक्छन्। उर्मिलाको जीवनवृत्त अनि उसको विरह-वेदना सर्वप्रथम मैथिलीशरण गुप्तको लेखनीबाट साकार भएको बताइन्छ।

गुप्तले आफ्नो काव्यको प्रधान पात्र राम अनि सीतालाई नबनाएर लक्ष्मण-उर्मिला अनि भरतलाई बनाएका छन्। गुप्तले साकेतमा उर्मिलाको चरित्रलाई जुन विस्तार दियो त्यो अप्रतिम छ। कविले उसलाई 'मूर्तिमति उषा', 'सुवर्णको सजीव प्रतिमा', 'कनक लतिका', 'कल्पशिल्पीको कला' आदि अलङ्कारहरू दिएर शारीरिक सौन्दर्यको अनुपम झलक प्रस्तुत गरेका छन्। उर्मिला प्रेम एवं विनोदले परिपूर्ण हास-परिहासमयी रमणी देखिन्छे।

**घ. प्रकृति वर्णन**

मैथिलीशरण गुप्तद्वारा रचित खण्डकाव्य 'पञ्चवटी' -मा सहज वन्य जीवनप्रति गहिरो अनुराग अनि प्रकृतिका मनोहारी चित्र पाइन्छ। प्रकृतिसँग सादृश्य देखाएर अनेकन सुन्दर बिम्बहरू मिलाएर कवितालाई सशक्त अनि सम्प्रेषणीय बनाएर गुप्तले प्रस्तुत गरेका छन्। जीवन र प्रकृतिको तालमेल गराएर जीवनका निम्ति प्रकृति भन्ने कुरा कविताहरूमा दर्शाएको पाइन्छ। कवि बाँचेको गाउँठाउँको परिवेशलाई कल्पनाको कुची लगाएर सुन्दर भारतको निर्माण कवितामा पाइन्छ।

**ङ. भाषा शैली**

मैथिलीशरण गुप्तको काव्यभाषा खडी बोली हो। यस विषय उनले बेजोड योगदान दिएका छन्। भावाभिव्यक्त गर्नका निम्ति गुप्तसँ अत्यन्त व्यापक शब्दावली थियो। उनका प्रारम्भिक रचनाहरूको भाषा हेर्दा तत्सम बहुलता पाइन्छ। यसो भएकोले साहित्यिक सौन्दर्य कला उति देखिँदैन। तर 'भारत-भरती' -को भाषामा खडी बोलीको रमाइलो पराकाष्ठामा पुऱ्याइएको पाइन्छ। गुप्तको काव्भाषा क्रमशः विकासको गतिमा पाइन्छ। संस्कृतका शब्दभण्डारबाट आफ्नो भाषाका भण्डार पर्याप्त भरेको पाइन्छ। यसो भए पनि 'प्रियप्रवास' -को भाषामा संस्कृत बहुला शब्दप्रयोग भएको देखिँदैन। यसमा प्राकृत रूप माथि उठेको पाइन्छ। भाव व्यञ्जनाको स्पष्टता अनि प्रभावपूर्ण बनाइएकोले उनका रचनाहरू पाठकप्रिय बनेका छन्। उनका काव्य भाव तथा कला पक्ष दुवै दृष्टिले सफल बनेको पाइन्छ।

मैथिलीशरण गुप्तको लेखन शैलीमा पनि विविधता झल्किन्छ। तर प्रमुख रूपमा भने प्रबन्धात्मक इतिवृत्तमय शैली नै देखिन्छ। उनका अधिकांश काव्य यसै शैलीमा छन्। 'रङ्गमा भङ्ग', 'जयद्रथ वध', 'नहुष', 'सिद्धराज', 'त्रिपथक', 'साकेत' आदि प्रबन्ध शैलीमा लेखिएका छन्। यो शैली पनि 'खण्ड काव्यात्मक' तथा 'महाकाव्यात्मक' गरी दुई कतिसिमको पाइन्छ। 'साकेत' महाकाव्य हो तथा अन्य सबै काव्य खण्डकाव्यात्मक रहेको पाइन्छ।

गुप्तको शैली विवरण शैली पनि देखिन्छ। 'भारत-भारती' अनि 'हिन्दू' यस शैलीमा लेखिएको पाइन्छ। 'गीत शैली' पनि उनले प्रयोग गरेका छन्। नाटकीय प्रणालीको अनुगमन पना प्रयोग गरेको पाइन्छ। 'अनघ' यसको राम्रो उदाहरण हो। आत्मोद्गार प्रणाली गुप्तले 'द्वापर' -मा प्रयोग गरेक छन्। नाटक, गीत, प्रबन्ध, पद्य अनि गद्य सबैको मिश्रण गरी 'मिश्रित शैली' -मा 'यशोधरा' रचना गरेका छन्। उनको शैलीको सबैभन्दा ठुलो विशेषता व्यक्तित्वको झलक पाउनु हो।

## 3.10 उपसंहार

भारतीय साहित्यमा हिन्दी साहित्य प्रमुख साहित्य देखिन्छ। संस्कृत छोडेर अन्य भरचतीय साहित्यहरू हिन्दी साहित्यको छेउछाउ अनि पछि पछि विकास भएको पाइन्छ। भारत आफैमा बृहत् देश भएकोले अनि हिन्दी भाषा साष्ट्र भाषा भएकोले यसको व्यापकता निक्कै ठुलो छ। यसैले हिन्दी साहित्यको पनि व्यापकता निक्कै ठुलो छ। यसको दीर्घ मियादी साहित्यिक यात्रा रहेको छ भने विश्व साहित्यको निर्माणमा पनि यसको योगदान निक्कै ठुलो पाइन्छ। यस साहित्यका साहित्यकारहरू कवीरदास, तुलसीदास, सूरदास, भारतेन्दु हरिश्चन्द्र, मैथिलीशरण गुप्तहरूको योगदान विशेष हिन्दी साहित्यको प्रथमिक कालीन साहित्य नर्माणमा देखिन्छ। अध्यात्म, दर्शन र देशप्रेमलाई उनीहरूले कृति मार्फत प्रसुत गरेका छन् भने ईश्वर भक्ति उनीहरूको रचनाको मुख्य विषय देखिएको छ।

## 3.11 सार

यस प्रखण्डमा हिन्दी साहित्यको संक्षिप्त सर्वेक्षणात्मक इमतिहास तथा भारतेन्दु हरिश्चन्द्र, तुलसीदास, कवीरदास, सूरदास र मैथिलीशरण गुप्तको साहित्यिक व्यक्तित्व र रचनाबारे जानकारी प्राप्त भयो। उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- भारतीय साहित्यमा हिन्दी साहित्यको ठाउँ सबैभन्दा ठुलो देखिन्छ।
- भारतीय धर्म तथा तत्व ज्ञानलाई पहिले चरणका कविरचनाकारहरूले आफ्ना रचनामा समेटेका देखिन्छन्।
- तुलसी, कवीर, सूरदासहरू भक्तिधाराका कविहरू देखिन्छन्।
- तुलसी दासले रामको कथावस्तुलाई काव्यात्मक रूप दिएर काव्य सृजना गरेको पाइन्छ।
- छन्दोबद्ध, सूक्तिमय, अलङ्कारले भरिपूर्ण रसात्मक काव्य सूरदासले लेखेका पाइन्छन्।
- हरिशचन्द्रले हिन्दीमा पारसी थिएटरको प्रभाव रोक्न बन्दर सभा समेत लेखेका छन्।
- मैथिलीशरण गुप्तको काव्यभाषा खडी बोली हो। यस विषय उनले बेजोड योगदान दिएका छन्।

## 3.12 अनुशीलन

१. हिन्दी साहित्यको इतिहास अध्ययनबाट प्राप्त हुने उपादेयताहरू औँल्याउनुहोस्।

२. सुरदासको काव्य-प्रतिभाको चर्चा गर्नुहोस्।

३. कवीरदासको साहित्यिक उपलब्धि र मूल्याङ्कन गर्नुहोस्।

४. भारतेन्दुको साहित्यिक परिचय लेख्नुहोस्।

५. मैथिलीशरण गुप्ताको साहित्यिक देन प्रकाश पार्नुहोस्।

## 3.13 अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ


नगेन्द्र हिन्दी साहित्य का इतिहास

रामचन्द्र सुक्ल हिन्दी साहित्य का इतिहास

Prof. S.K Ghosh (ed) An Integrated History of Indian Literature

१. "मैथिली शरण गुप्त" (एचटीएमएल). मिलनसागर. अभिगमन तिथि ३ जनवरी २००७.

४. "Padma Awards" (PDF). Ministry of Home Affairs, Government of India. २०१५. Archived from the original (PDF) on १५ November २०१४. Retrieved २१ July २०१५.

५. "Rashtrakavi Maithili Sharan Gupt". अभिगमन तिथि २० अप्रैल २०१९.

६. "मैथिलीशरण गुप्त#प्रमुख नाटक". bharatdiscovery.org. अभिगमन तिथि २० अप्रैल २०१९.

८. "चारुचन्द्र की चंचल किरणें". kavitakosh.org. अभिगमन तिथि २० अप्रैल २०१९.


तथा क. हिन्दी साहित्यको ऐतिहासिक सर्वेक्षण-आवश्यक।

ख. पूर्वीय साहित्यमा प्रयोज्य रस, अलङ्कार, ध्वनि आदि वाद वा सूत्रहरूको व्याख्या- आवश्यक।

यस अतिरिक्त विभिन्न पत्र-पत्रिका अनि वेभसाइट-विकिपिडिया पनि अध्ययन गर्न सक्ने छन्।

# 3.14 मूल्यवृद्धिका निम्ति उत्तर

नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –

1. श्रीरामचरितमानसमाथि चर्चा गर्नुहोस्।

(प्रश्न 1 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले **3.4** खण्डमा उत्तर खोज्न सक्नेछन्)

2. बन्दर सभामाथि टिप्पणी लेख्नुहोस्।

(प्रश्न 2 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले **3.6** खण्डमा उत्तर खोज्न सक्नेछन् )

3. सुरदास कस्ता काव्यकार हुन्?

(प्रश्न 3 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले **3.3** को खण्डमा उत्तर खोज्न सक्नेछन्)

4. मैथिलीशरण गुप्तको काव्यगत विशेषता विषय जानकारी गराउनुहोस्।

(प्रश्न 4 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले **3.9** अन्तर्गत उत्तर खोज्न सक्नेछन् )

5 हिन्दी साहित्यको प्राथमिक कालको साहित्यमाथि चर्चा गर्नुहोस्।

(प्रश्न 5 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले **3.1** खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)

# एकाइ - 4 प्रेमचन्द, पन्त-प्रसाद-निराला, अज्ञेय,

**संरचना**

4.0 उद्देश्य

4.1 प्रेमचन्दको साहित्यिक परिचय

4.2 प्रेमचन्दका साहित्यिक कृतिहरू

4.3 सुमित्रा नन्दन पन्तको साहित्यिक परिचय

4.4 जयशङ्कर प्रसाद

4.5 सूर्यकान्त त्रिपाठी 'निराला'

4.6 अज्ञेयको साहित्यिक परिचय

4.7 अज्ञेयका प्रमुख कृतिहरू

4.8 उपसंहार

4.9 सार

4.10 अनुशीलन

4.11 अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ

4.12 मूल्यवृद्धिका निम्ति उत्तर

## 4.0 उद्देश्य

यस एकाइको अध्ययनपछि तपाईँ निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- प्रेमचन्दको साहित्यिक परिचय र उनको साहित्यकारिता
- पन्त-प्रसाद-रालाको साहित्यिक योगदान अनि हिन्दी साहित्यको निर्माणमा उनीहरूको योगदान
- अज्ञेयको साहित्यिक परिचय, कृतित्व र योगदान

## 4.1 प्रेमचन्दको साहित्यिक परिचय (१८८०-१९३६)

सन् १८८० को जुलाई १८ का दिन प्राचीन काशी, वर्तमानको बनारसी अन्तर्गत पान्डेपुर अञ्चलको लमही नामक गाना स्व. आनन्ददेवी र स्व. अजाब रायका

परिवारमा जन्मेका थिए। सन् १९६६ को १७ सितम्बरका दिन प्रायः २६ वर्षको उमेर बाँचेर देहावसान भएका मुन्सी प्रेमचन्द हिन्दी साहित्यका एक विशिष्ट साहित्यक प्रतिभा हुन साथै भारतीय साहित्यका निर्माता पनि हुन्।

बाल्यकालमै आमाको मृत्यु भएपछि बाबुले सानीआमा बिहे गरेका थिए। फलस्वरूप पारिवारिक प्रपञ्चबाट अलग हुन खोज्द प्रमचन्दले केही आफन्त र शुभचिन्तकहरूका सहयोगमा गोरखपुर महाविद्यालयबाट बी.ए.सम्मको शिक्षा प्राप्त गरेका थिए। 'साहित्यलाई नै जीवनको साँचो दर्शन र मानवताको प्रतीक' मान्ने प्रेमचन्दले वास्तवमा तेह्र वर्षको उमेरदेखि नै साहित्य क्षेत्रमा अनुराग देखाउँदै विभिन्न विषयका रचनाहरू अनुरत् सृजना गर्न सकेका थिए।

## 4.2 प्रेमचन्दका साहित्यिक कृतिहरू

प्रेमचन्द सन् १९०५ देखि सन् १९३५ सम्म साहित्य साधनामा एकाग्र रहेका थिए। य़तिका समयसम्म उनले भिन्न पुस्तकहरू रचना गरेका छन्-

**कथासङ्ग्रह :** १. सप्त सरोज, २. नवनिधि, ३. प्रेम पूर्णिमा, ४ प्रेम पच्चीसी, ५. प्रेम प्रसून, ६. प्रेम प्रतिभा, ७ प्रेम द्वादशी, ८. अग्नि समाधी, ९. सगर यात्रा, १०. सुप्त सुमन ११. प्रेम सरोवर, १२. प्रेरणा, १३. नवजीवन, १४. कुकुरको कथा, १५. सरोवर, १६. जङ्गलका कृपाहरू, १७. पाँच फुल।

माथि उल्लेखित कृतिहरूका आधारमा प्रेमचन्दको साहित्यिक योगदान अवलोकनीय प्रतीत हुन्छ। कथाकारका रूपमा प्रेमचन्दले एक हजारभन्दा अधिक कथाहरू लेखेका थाहा पाइन्छ। 'मानसरोवर' कथा सङ्ग्रहमा छ सयभन्दा अधिक कथाहरू सङ्कलित छन्। उक्त कथा सङ्ग्रह ८ वटा खण्डहरूमा प्रकाशित पाइन्छन्। हिन्दी साहित्यका आलोचकहरू अनुसार प्रेमचन्दले जति कथाहरू हिन्दी साहित्यमा लेखेका छन् व्यक्ति अरू कुनै कथाकारले लेखेका छैनन। फलस्वरूप प्रेमचन्दलाई हिन्दी कथा साहित्यका 'कहानी सम्राट' मानिन्छ। विभिन्न विषयका आफ्ना कथाहरूमा प्रेमचन्दले मानव जीवनका सूक्ष्म घटनाहरूलाई सजीव रूपमा अङ्कन गरेका छन्। सत्यता र यथार्थको चित्रण गर्नु नै उनको कथाकारिताको वैशिष्ट्य देखिन्छ जस अन्तर्गत सामाजिक विविध क्रियाकलाप सांस्कृतिक, धार्मिक साथै आर्थिक विभिन्न पक्षहरूलाई मनोवैज्ञानिक र दार्शनिक दृष्टिले हेरेर तिनको समाधान र उत्थान

खोज्नु प्रेमचन्दको कथाकरिताको विशेष उद्देश्य देखिन्छ। प्रेमचन्दका कतिपय कथाहरू विश्व साहित्यकै श्रेष्ठ कथाका रूपमा उल्लेखनीय ठहरिएका छन्। 'मानसरोवर'-मा सङ्गृहीत 'कफन' कथा प्रेमचन्दको विश्व चर्चित कथा मानिन्छ। यस अन्तर्गत कुनै एउटा दरिद्र समाजको अवहेलित र शोषित पक्षलाई यथार्थ रूपमा चित्रण गरी मानवीय सहानुभूति र संवेदना व्यक्त गरिएको पाइन्छ। निम्न वर्गीय समाजका विभिन्न समस्याहरू, प्रेमका प्रसङ्गहरू, बाल-मनोविज्ञानका कुराहरू, प्राणी विज्ञानका तथ्यहरू, प्रकृति तथा पर्यावरणका विभिन्न पक्षहरूलाई प्रेमचन्दले आकर्षणयुक्त ढङ्गमा कथाको रूप प्रदान गरेका छन्। प्रेमचन्दको कथा लेखनमा आफ्नै प्रकारको लेखनशैली देख्न पाइन्छ। सरस, सहज र स्वाभाविक भाषाशैलीलाई आत्मसात गरेर कथा लेख्ने प्रेमचन्दमा कथाहरूमा ग्रामीण जनजीवनका भाषाका शब्दहरू प्रशस्त भेटिन्छन। विभिन्न कथा सङ्ग्रहहरू प्रकाशमा आए पनि 'मानसरोवर' कथा सङ्ग्रहकै कारण प्रेमचन्दको कथाकारिता विशिष्ट रहेको देखिन्छ। यद्यपि समाजका दलित शोषित पक्षलाई प्रगति उन्मुख ल्याउन प्रेमचन्दको उपन्यासको उद्देश्य रहेको देखिन्छ। यसबाहेक लोकोक्ति उपमा, अलङ्कार, हास्य-व्यङ्ग्य तथा शैल्पिक चातुर्य देखाएर आफ्ना उपन्यासहरूलाई पठनीय र प्रभावकारी बनाउनमा प्रेमचन्द सचेत रहेका देखिन्छन्। सरल तर सबल वाक्य -विन्यास प्रयुक्त शैलीमा देखिने प्रेमचन्दको उपन्यासहरूका भाषा सुबोधगम्य, आकर्षक तथा मनमोहक रहेको पाइन्छ। हिन्दी साहित्यकार प्रेमचन्दको उपन्यासकारिता एउटा छुट्टै महत्त्वको विष पनि रहेको छ। हिन्दी उपन्यास साहित्यलाई नौलो मोड, नौलो दिशा र व्यापकता प्रदान गर्ने श्रेय प्रेमचन्दलाई नै रहेको छ। हिन्दी उपन्यास साहित्य विधागत इतिहासलाई निक्यौल गर्दा अधिकांश विद्वान्हरू प्रेमचन्दकै औपन्यासिक उपलब्धिलाई आधार मान्दछन्। अतः हिन्दी उपन्यास साहित्यको विभाजित कालखण्ड यसप्रकार पाउन सकिन्छ :-

(क) प्रेमचन्द पूर्वको उपन्यास साहित्य।

(ख) प्रेमचन्द युगीन उपन्यास साहित्य।

(ग) प्रेमचन्दोक्त उपन्यास साहित्य।

हिन्दी साहित्यको पहिलो प्रकाशित मौलिक उपन्यास लाला श्री निवासदार लिखित १८८१ मा प्रकाशित 'परीक्षा गुरु' मानिन्छ। त्यसपछि लेखिएका उपन्यासहरूमा प्रेमचन्दबाट १९०६ देखि विभिन्न पृष्ठभूमिमा उपन्यासहरू देखिन्छन्। यसमध्ये प्रेमचन्दको 'सेवासदन' उपन्यास उल्लेखनीय पाइन्छ।

रचनाकालको हिसाबले पहिलो मानिएको 'सेवासदन' उपन्यासमा तत्कालीन राजनैतिक र सामाजिक समस्याहरूलाई चित्रण गरिएको देख्न पाइन्छ। यस अतिरिक्त नागर जीवन साथै मध्यम वगीय समाजका गतिविधिलाई प्रस्तुत उपन्यासमा प्रमुखता दिएको पाइन्छ।

कतिपय आलोचकहरूले भनेका छन् - 'तत्कालीन भारतीय समाजमा विभिन्न परिवारहरू र तिनमा व्याप्त कुरीतिहरू साथै त्यसबाट उत्पन्न हुने भयानक दुष्परिणामलाई सजीव रूपमा प्रस्तुत गर्नु उक्त उपन्यास अत्यन्त सफल रहेको देखिन्छ।' अर्को उपन्यास 'प्रेमाश्य' -मा भारतीय ग्रामीण जगजीवनको सजीव चित्रण वर्णित पाइन्छ। पुरानो सामन्ती र जामिनदारी प्रथाको सजीव चित्रणा वर्णित पाइन्छ। पुरानो सामन्ती र जमिनदारी सभ्यता कसरी ह्रासोन्मुख भएर गएको छ, वास्तवमा सम्झौतावादी पद्धतिद्वारा समाजका निम्ति विभिन्न विषमताहरू हटाउन सकिन्छ भन्ने परोक्ष सन्देश यस उपन्यासमा निहित छ। अर्को उपन्यास 'रङ्ग भूमि' -मा हिन्दू, मुसलमान, इसाई, जैन आदि धर्मावलम्बीहरू जो श्रमिक वा किसानहरू छन्, तिनीहरूमाथि पुँजीपति वर्गको दमन र शोषण रहेको सजीव चित्रण वर्णित पाइन्छ। प्रस्तुत उपन्यासमा केही जटिल आन्तरिक तथा बाह्य दुवै प्रकारका अनुभवहरूलाई सकेसम्म प्रकट गर्ने चेष्टा गरेका देखिन्छन्। 'कायकल्प' उपन्यासमा एउटी नारीको अतृप्त काम बासनाको नग्न चित्रण प्रदर्शित छ। जसबाट तत्कालीन समाजको नारी-जीवनको यथार्थ गतिविधि पनि उदाङ्गो पारिएको छ। विद्वान् आलोचकहरूले यस उपन्यासलाई अलौकिक कथाको पृष्ठभूमिमा लेखिएका उपन्यासको संज्ञा दिएका छन्। एक प्रकारले असङ्गत र विशृङ्खल मानसिकतालाई देखाउन प्रस्तित उपन्यास सफल रहेको देखिन्छ। अर्को चर्चित उपन्यासहरूमा 'गोदान' प्रेमचन्दको अन्तिम साथै सफल औपन्यासिक कृति मानिन्छ। प्रस्तुत उपन्यासमा निम्नमध्यम वर्गीय समाजका एउटा पुरुष पात्रलाई लिएर तत्कालीन भारतीय समाजका सुधार गर्ने अभिप्राय राखिएको छ। उपन्यासको कथा प्रभावमय साथै भाषाशैली चित्ताकर्षक र मनोरम पाइन्छ। उपन्यासलाई कतिपय विद्वान्हरूले हिन्दी साहित्यका आदर्शोन्मय यथार्थवाद देखाउने आधार नै 'गादान' उपन्यास हो, भनेका पनि देखिन्छन्। यसबाहेक निर्मला, कर्मभूमि, प्रतीक्षा, गगन, दुर्गादास, मङ्गलदास आदि उपन्यासहरू पनि सामाजिक पृष्ठभूमिमा नै लेखिएका सफल उपन्यास मानिन्छन्। तथापि ती उपन्यासहरूमा नारी मनोविज्ञानलाई यथाशक्य प्रकाश पार्ने उद्देश्यहरू मानव समाजका विभिन्न

पक्षका विश्लेषण साथै मानवीय उद्धार गर्ने प्रचेष्टा नै प्रेमचन्दका औपन्यासिक विशिष्टता रहेका मात्र सकिन्छ। कतिपय विद्वान्हरू प्रेमचन्दका उपन्यासहरू सामाजिक उपदेशात्मक रहेको पनि ठान्दछन्। सुधारवादी प्रवृत्तिमा आफ्ना उपन्यासहरूलाई प्रस्तुत गर्न खाज्ने प्रेमचन्द समकालीन उपन्यासकारहरूमा प्रौढ उपन्यासकार मानिन्छ। जयशङ्कर प्रसाद, विश्वम्बरनाथ शर्मा, चण्डीप्रसाद हृदयेश, चतुर सेन शास्त्री, जैनेन्द्र वृन्दावन लाव बर्मा, रिस्कचरण जैन, रामवृक्ष बिनपुरी, जैनेन्द्र कुमार इलाजोशी, प्रताप नारायण श्रीवास्तव, भगवती प्रसाद बाजपेयी, गोविन्द बल्लभ पन्त, भाववती चन्द्र बर्मा, सूर्यकान्त त्रिपाठी 'निराला' आदि उपन्यासकारका समकालीन प्रेमचन्द आफ्ना औपन्यासिक कृतिहरूका सफलताका कारण बेजोड प्रतित हुन्छन्।

भारतीय हिन्दी साहित्य परम्परामा आदर्शोन्मुख यथार्थवादी परम्परालाई स्थापना गर्ने र त्यसलाई पराकाष्ठमा पुऱ्याउने श्रेय प्रेमचन्दलाई नै दिइन्छ। साहित्यका विभिन्न विधाहरूमा समान्तर रूपमा कलम टलाए पनि प्रेमचन्दको साहित्यिक व्यक्तित्व कथाकार र उपन्यासकारका रूपमा गरिमामय पाइन्छ। तथापि पत्रकारिताको क्षेत्रमा 'हंस' पत्रिकाको नियमित प्रकाशन र प्रचार-प्रसारको कारणले त्यस क्षेत्रमा पनि प्रेमचन्दको साहित्यिक भूमिका अग्र पङ्क्तिमा देखिन्छ।

आफ्ना साहित्यिक कृतिहरूका माध्यम निम्नवर्गीय परिवार माझको अन्तर्विरोध, औद्योगिक र राजनैतिक विषमताको प्रभाव, दुर्वल आर्थिक पक्ष, मनोवैज्ञानिक चिन्तन साथै संवेदात्मक भावनालाई प्रेमचन्दले अत्यन्त प्रभावशाली ढङ्गमा व्यक्त गर्न सकेकाले प्रेमचन्दले नै प्रयोगपरक उपन्यास लेखनको थालनी गरेको भन्ने कुरा आलोचकहरूले चर्चामा ल्याएका देखिन्छन्। प्रथम पुरुष शैलीका लेखन प्रक्रियालाई प्रथमोप्रथम प्रस्तुत गर्ने श्रेय प्रेमचन्दलाई नै दिइएको पाइन्छ। सम्भवतः प्रेमचन्दको युग हिन्दी साहित्यमा उल्लेखनीय र महत्वपूर्ण युग मानिन्छ। असङ्ख्यौँ समकालीन तथा परवर्ती साहित्यकारहरूमा प्रेमचन्दको साहित्यिक प्रभाव अक्षुण्ण रहेको देख्न पाइन्छ। नेपाली साहित्यका सन्दर्भमा लैनसिंह बाङदेल, शिवकुमार राई, गुरुप्रसाद मैनाली, इन्द्रबहादुर राई, इन्द्र सुन्दास, रमेश विकल प्रभृतिहरूमा प्रेमचन्दको साहित्यिक प्रभाव प्रत्यक्ष परोक्ष प्रेरणाको कारण बन्न गएको देखिन्छ।

## 4.3 सुमित्रा नन्दन पन्तको साहित्यिक परिचय

काव्य मार्फत प्रकृतिको गूढ रहस्यलाई सहजताका साथ उद्घाटित गर्दै सङ्घर्षशील जीवनलाई हिन्दी साहित्यको व्यापक मानवीय सांस्कृतिक तत्वलाई अभिव्यक्ति गर्ने कोसिस हिन्दी साहित्यको छायावादी युगको चार सम्तम्भहरू मध्ये एक सुमित्रा नन्दन पन्तले गरेका छन्। हिन्दी साहित्यलाई दिएको उनको योगदान अवस्मरीणय छ।

**क. प्रारम्भिक जीवनः**

सुमित्रा नन्दन पन्तको जन्म अल्मोडा जिल्ला (हाल बागेश्वर) पहिले उत्तरप्रदेश, (वर्तमान उत्तराखण्ड) -को कौसानीमा २० मई १९०० मा भएको थियो। जन्म भएको केही घन्टापछि नै उनको आमाको देहान्त भएको कारण उनको पालन-पोषण उनकै हजुरआमाले गरेका थिए। उनको वास्तविक नाम गुसाई दत्त थियो जसलाई पछिबाट उनले बदलेर सुमित्र नन्दन पन्त राखिदिए।

सन् १९३८ मा उनले प्रगतिशील मासिक पत्रिका 'रूपाभ'-को सम्पादन गरेका थिए। सन् १९५० -देखि १९५७ सम्म आकाशवाणीको सल्लाहकारको रूपमा कार्यरत थिए। सन् १९५८ मा युगवाणीमा वाणी काव्य सङ्ग्रहको प्रतिनिधि कविताको सङ्कलन 'चिदम्बरा' प्रकाशित भएको थियो। यसलाई सन् १९५८ मा भारतीय ज्ञानपीठ पुरस्कारद्वारा सम्मानित गरिएको थियो।

उनको जन्मस्थान कसौनी अति प्राकृतिक सौन्दर्यले भरिपूर्ण स्थान भएकोले गर्दा प्रकृति प्रेम स्वाभाविक देखिन्छ जो उनको रचनामा यथेष्ट रूपमा देख्न पाइन्छ। यही काव्यगत विशेषताहरूले गर्दा उनलाई प्रकृतिप्रेमी कवि मानिन्छ। सन् १९६० मा 'कला र बुढो जुन' नामक काव्य सङ्ग्रहले साहित्य अकादमी पुरस्कार प्राप्त गरेको थियो। सन् १९६१ मा भारत सरकारद्वारा पद्मभूषण सम्मानले विभूषित भएका थिए। सन् १९६४ मा विशाल महाकाव्य 'लोकायतन' प्रकाशित भएको थियो। उनको मृत्यु २८ दिसम्बर १९७७ मा भएको थियो।

श्री अरविन्द आश्रमको यात्राबाट उनमा आध्यात्मिक चेतनाको विकास भएको पाइन्छ जसको कारण उनले आजीवन अविवाहित बस्ने निश्चय गरेका थिए।

उनले सात सालको उमेरदेखि नै उनले कविता लेख्न सुरु गरेका थिए। हाई स्कुलपछि स्नातकका निम्ति इलाहावाद विश्वविद्यालयमा भर्ना लिए तरपछि पढाई छेडेर महात्मा गान्धीसित सत्याग्रह आन्दोलनमा सम्मेलित भए। घरमै बसेर उनले हिन्दी, अङ्ग्रेजी, संस्कृत अनि बङ्गाली साहित्यको अध्ययन गरेका थिए।

**ख. लेखन**

सुमित्रा नन्दन पन्तलाई आधुनिक हिन्दी साहित्यको युग प्रवर्तक कवि पनि मानिन्छ। आफ्नो रचनाको मध्यमबाट उनले भाषामा शुद्धता तथा भाषालाई संस्कार दिने प्रयास गरेका छन्। आफ्नो लेखनशैलीको माध्यमबाट उनले जुन प्रकारको नर्सिह सौन्दर्यलाई शब्दमा प्रयोग गरेका छन् त्यसैले उनलाई हिन्दी साहित्यको वर्डस्वर्थ पनि भनिन्छ। पन्तको रचनाहरूमा रवीन्द्रनाथ ठाकुरबाहेक सेली, किट्स, टेनिसन आदि अङ्ग्रेजी कविहरूको प्रभाव रहेको पाइन्छ। प्रकृतिप्रेमी कवि साथै मानव सौन्दर्य अनि आध्यात्मिक चेतनाको कुशल कविको रूपमा पनि चिनिन्छन्।

## ग. साहित्यिक यात्रा

सुमित्रा नन्दन पन्तले सात सालको उमेरदेखि नै कविता लेख्न सुरु गरेका थिए। १९०७-१९१८ मा पन्तले पाहाडको प्राकृतिक सौन्दर्यबाट प्रेरित भएर सानो सानो कविता रचे जसलाई पछि गएर वीणा (१९२७) कविताहरूको सङ्कलन प्रकाशित गरे। सन् १९२२ पन्तको पहिलो पुस्तक उच्छावास अनि दोस्रो पल्लव प्रकाशित भएको थियो। त्यसपछि ज्योत्सना अनि गुञ्जन प्रकाशित भएको थियो। यी सबै कृतिहरूलाई पन्तको कला-साधना एवं सौन्दर्यको अनुपम नमुना मानिन्छ। हिन्दी साहित्यमा यस काललाई पन्तको स्वर्णिम काल भनिन्छ।

सन् १९३० मा पन्त महात्मा गान्धीका साथ देशसेवामा सामेल भएका थि अनि ग्राम्य जीवनको संवेदनासित नजिक हुने मौका पाएका थिए। त्यतिबेला उनले किसानहरूको दुर्दशाप्रति संवेदना पोखेको उनको कविता 'वे आँखे' -बाट स्पष्ट पाइन्छ। उनले आफ्नो रचनाको माध्यबाट केवल प्राकृतिको माध्यबाट मानव जीवनको उन्नत भविष्यको कामना गरेका छन्।

### पन्तको साहित्यिक यात्रालाई तीन चरणमा विभाजन गर्न सकिन्छ

१. छायावादी, २. प्रगतिवादी ३. अध्यात्मवादी

जीवनको अठाह्र वर्षसम्म उनी छायावादी स्वतन्त्रता आन्दोलनमा मार्क्स र फ्रायडको विचारधाराबाट प्रभावित भएको कारणले प्रगतिवादी तथा पछि पोन्डिचेरीमा अरविन्दोको आश्रम गएर उनको दर्शनबाट प्रभावित भएर उनको रचनाहरूमा अध्यात्मवादको प्रभाव देख्न पाइन्छ। हिन्दी साहित्यलाई विशाल रूप दिने उद्देश्यले पन्तले १९३८ मा 'रूपाभ' नामक एउटा प्रगतिशील मासिक पत्रिका प्रकाशन गरेका थिए। पन्त प्रगतिशील लेखक सङ्घसित सम्बन्धित थिए

साथै १९५५ देखि १९६२ सम्म उनी आकाशवाणी मुख्य निर्माताका पदमा कार्यरत थिए। सन् १९६९ मा प्रकाशिक 'गीतहंस' उनको अन्तिम कृति थियो। उनको प्रकाशित कृतिहरू यस प्रकार छन्।

१ कविता सङ्ग्रह : वीणा, ग्रन्थी, पल्लव, गुञ्जन, युगान्त, युगवाणी, ग्राम्य, स्वर्णकिरण, स्वर्णधूलि, युगान्तर, उत्तरा, युगपथ, चिदम्बरा, कला अनि बुढो जुन, लोकायतन

२. कथा सङ्ग्रहः पाँच कहानिया

३. उपन्यास : हार (१९६०)

४. आत्माकथा संस्मरणः साठ वर्ष : एक रेखाङ्कन।

५. महाकाव्यः लोकायतन

## 4.4 जयशङ्कर प्रसाद

जयशङ्कर प्रसाद भारतेन्दु हरिश्चन्द्रजस्तै बनारसमा जन्मिएको तथा यस्ता साहित्यकार हुन् जो पुरै हिन्दीभाषी भारतमा सबैभन्दा प्रसिद्ध थिए। भारतेन्दुले जस्तै उनले पनि साहित्यका विभिन्न विधाहरूमा कलम चलाएका छन्। तर भारतेन्दुले पत्रकारितालाई अपनाए तर उनले अपनाएनन्। प्रसादका कृतिहरू यस प्रकार छन्।

**कविता** : कामायनी (१९३६), आँसु (१९२५), अनामिका (१९२३), जुही र कली (१९१६), झरना

**नाटक** : स्कन्दगुप्त (१९२८), कामना, विशाख, एकघुँट, अजातसत्रु, चन्द्रगुप्त, ध्रुवस्वामिनी।

**कथा** : छाया, आँधी, प्रतिध्वनि, आकाशदीप, इन्द्रजाल

**उपन्यास** : कङ्कालल, पुतली, इरावती (अपूर्ण),

वैराग्यको दिशातर्फ प्रसाद एकाएक पुगेका होइनन्। देशको अवस्था, पारिवारिक बाधा, आपत्ति, प्रियजनको असामयिक मृत्यु (१७ सालको उमेरमा आमा अनि ठुलो दाजु, त्यसपछि बाबु अनि पत्नी) -बाट भावनात्मक खालीपन सृजना भएर प्रसाद पत्नीको मृत्युपश्चात् वैरागी जीवन धान्न पुगे। तर एक्लै विधवा भाउज्यूको अनुरोधमा प्रसादले वैराग्य जीवन छोडेर सांसारिकतामा फर्केर आएपछि काव्य रचना सुरू गरे। मानव मनमा जागृति ल्याउने नाटक तथा उपन्यासहरूको

रचनाहरूमा सन्यासबाट फर्केर आएर पनि उनको रचनाहरूमा सन्यासको गुफा, साधुहरूको सङ्गति निरूद्देश्य घुम्ने भाव यथेष्टरूपमा देख्न पाइन्छ। उनको रचनामा गहिरो भाव साथसाथै कर्णप्रियता तथा शब्द मिठास पनि पाइन्छ जसले गर्दा उनको रचनाहरूमा उच्चकोटिका हुनुपुगेका छन्।

देशप्रेम अनि देशचिन्ता प्रसादको नाटकहरूको मूल विषय देखिन्छ। कामना र एक घुँटबाहेक सबै नाटकहरू लेखेका छन् जसमध्ये आठ ऐतिहासिक तीन पौराणिक छन्। नाटकको विषयवस्तुको रूपमा उनले महाभारतको कथादेखि लिएर हर्षवर्धनको कालसम्म लिएका छन्। प्रसादले पारसी रङ्गमञ्चको प्रभावलाई महत्व दिएका छन्। प्रसादले आफ्ना नाटकहरूमा गीतको प्रयोग अति रोचक ढङ्गमा नाटकको संवाद स्वरूप गरेका छन्। यी नाटकहरू दशकौँदेखि मञ्चित हुँदै आजसम्म मञ्चन भइरहेका छन्।

छायवादको चार स्तम्भहरूमध्ये एउटा प्रमुख स्तम्भ जयशङ्कर प्रसादले कथा लेखन र उपन्यास लेखनमा नाटक लेखनभन्दा धेर आधुनिकता अपनाएका छन्। कथाकारको रूपमा प्रेमचन्द्रले जस्तो एक रेखीय र आदर्शवादी कथा भने उनले लेखेनन्। उनको कथा द्वन्द्व, भावना, मनोविज्ञान अनि मनभित्र विचलित संवेगहरूजस्ता विशेषताहरू पाइन्छन्। कथाकारको रूपमा उनले उचित प्रतिष्ठा भने हासिल गर्न सकेनन्। यसप्रकारको त्रासदी हरेक रचनाकारसित हुँदछ जो एकै साथ धेरै विधाहरूमा कलम चलाउँदछन्, एक विधाको प्रसिद्धि दोस्रो विधाको प्रतिभालाई लोप गराउँदछ। बहत्तर कथाहरू लिएर प्रसादको पहिलो कथा 'ग्राम' १९१२ मा 'इन्दु' -जस्तो प्रतिष्ठित पत्रिकामा प्रकाशित भएको थियो। 'आकाशदीप', 'गुन्डा', 'पुरस्कार' र 'स्वर्गका खण्डहर' उनको प्रसिद्ध प्रेम कथा हो।

उनले तीन उपन्यासहरू लेखेका छन् : कङ्काल, तितली, इरावती। यसमध्ये इरावती उपन्यास अधुरो रहन गएको छ। केवल ४८ सालको उमेर (जन्म ३० जनवरी १८८९ - मृत्यु १४ जनवरी १९३७) मा लेखकले हिन्दी साहित्यलाई जुन योगदान दिएका छन् त्यो अतुलनीय छ, जसको उचित मूल्याङ्कन आजसम्म हुनसकेको छैन भन्ने विद्वान्हरूको मत पाइन्छ।

जयशङ्कर प्रसादको प्रतिभाको शिखर 'कामयानी' -लाई मान्न सकिन्छ। किनभने यसको मूल पङ्क्ति "नारी तुम केवल श्रद्धा" भनेर स्त्रीको स्थिति, सङ्घर्ष अनि नारीलाई आदर, इज्जत दिने कोसिसमा आज पनि रूपकको रूपमा प्रयोग गरिन्छ। यस रचनालाई कवि सुमित्रा नन्द पन्तले हिन्दीको

'ताजमहल'- को संज्ञा दिएर गौरव अनि मान रचना तथा रचनाकार दुवैलाई प्रदान गरेका छन्।

उपसंहारमा जयशङ्कर प्रसादको व्यक्तित्वको मूल तत्त्वलाई मूल्याङ्कन गर्दा तीन मुख्य गुण जो उनलाई प्रसाद बनाउँएको देखा पर्दछ। जसरी बनारस ज्ञान, भोग र भक्तिको अद्‌भूत सङ्गम हो प्रसाद ज्ञान, अध्यात्म र देशभक्तिको सङ्गम हो।

## 4.5 सूर्यकान्त त्रिपाठी 'निराला'

सूर्यकान्त त्रिपाठी 'निराला'-लाई हिन्दी साहित्यको प्रमिथस भनिन्छ। यो विश्वासको साथ भन्न सकिन्छ कि यदि हिन्दी साहित्यले निरालालाई नभेटेको भए हिन्दी साहित्य आज जुन स्थितिमा छ त्यो स्थितिमा पुग्न सकेको हुने थिएन। जसरी प्रमिथसले मानव जातिको पक्षमा अन्यायको विरोध गर्दै ओलम्पिस पर्वतबाट आगो ल्याइदिएका थिए उसै गरी निरालाले हिन्दी साहित्यमा कविताको आगो ल्याइदिएर गए जो आजसम् बलिरहेको छ। प्रमिथसले मानव जातिको हितका निम्ति धैरै प्रकारको यातनाहरू सहनुपरेको थियो सो निरालाले पनि हिन्दी साहित्यका निम्ति विष पिएर अमृतको वरदान दिएर गए। सन् १९२३ मा कलकत्ताबाट 'मतवाला' प्रकाशित भएको थियो। निरालाले यसको आवरण पृष्ठमा दुई पङ्क्ति लेखेका थिए जसको वर्णन राम विलाश शर्माले यस प्रकार गरेका छन्- "निराला अनुसार 'मतवाला' यस्तो पत्रिका हुनमे छ जसमा जीवन, मृत्यु, अमृत अनि विष, राग-विराग, संसारको यस्तो द्वन्द्वमाथि रचनाहरू प्रकाशित हुनेछन्। तर 'मतवाला' सार्थक भएन, न हिन्दीको कुनै पत्रपत्रिकाले निरालाका ती पङ्क्तीहरूलाई सार्थकयोग्य नै बनाउन सके। निरालाको कवितामा एकापट्टि राग - रञ्जित धरती छ भने अर्कोपट्टि अन्धकारमय आकाश, यसै कारण शर्माले निरालाको कविताहरूमा एकापट्टि आनन्द अमृत छ भने दोस्रोपट्टि वेदनाको विष हुन्छ भन्ने धारणा व्यक्त गरेका छन्। निरालाका कविताहरूलाई दुई चरणमा बाँड्न सकिन्छ।"

क. प्रारम्भिक कविता जसमा आनन्दको अमृत पाइन्छ। ख. कविता जसमा वेदनाको विष पाइन्छ।

उनको कवितामा प्रायःजसो तम अर्थात् अन्धकार शब्दको प्रयोग यत्रतत्र रूपमा पाइन्छ। निराला आफ्नो वास्तविक जीवनमा अन्धकारले घेरेको कारणले नै होला

उनको कवितामा यसको छाप पाउन सकिन्छ। कवितामा उनी अन्धकारसँग लड्दै प्रकाशतर्फ जानको निम्ति सङ्घर्ष गरिरहेको पाइन्छ। कविताको माध्यमबाट उनी पाठकलाई प्रमिथस जस्तै अन्धकारलाई पराजय गरेर प्रकाशतर्फ विजय हुने सन्देश दिएका छन्।

आफ्नो जीवनको विषाद, विष, अन्धकारलाई निरालाले जुन प्रकार करूणा अनि प्रकाशमा परिवर्तत गरिदियो, त्यो हिन्दी साहित्यमा अद्वितीय छ। रामविलास शर्माले "निराला की साहित्य साधना (भाग१)" मा निरालाको जीवनभरिको कष्टलाई मार्मिक रूपमा चित्रण गरेका छन्।

रामविलास शर्माद्वारा लिखित निरालाको जिवनी, संसारकै श्रेष्ठतम् जिवनीहरू माझ एक मानिन्छ। निरालाको जीवनीमा निरालाको असम्भव सम्भावनाहरूले युक्त कविता 'राम की शक्तिपूजा' -मा राम वास्तवमा स्वयम् निराला हुन् भन्ने देखाइएको छ। यो निराला जस्तो कविका निम्ति मात्र सम्भव हुन सक्छ कि उनले आफूलाई राममा अनि राममा आफूलाई उतार्दै रामलाई औसत मध्यमवर्गीय व्यक्तिको प्रतीकमा तयार पार्न सकेका छन्। उनले आफ्नो सङ्घर्षलाई रामको सङ्घर्ष बनाएर त्यसलाई स्वतन्त्रको व्यापक सङ्घर्षमा जोडिदिएका छन्। निरालाले रामको जुन चित्रको वर्णन गरेका छन् त्यो वास्तवमा उनको आफ्नै स्केच हो भन्ने अन्य साहित्यकारहरूको मत रहेको पाइन्छ।

निराला प्रकाशप्रति दृढ आस्था राख्ने कवि देखिन्छन्। उनको यो दृष्टि महत्वपूर्ण छ। सत्य र असत्य, धर्म अनि अधर्मको बिच सङ्घर्ष शाश्व छ, यो कहिले पनि समाप्त हुने छैन, लगातार लडिने युद्ध हो, यसको कुनै आखिरी जित र हार निश्चिचत हुँदैन। लड्दै रहनु नै नियति हो। यसै कारणले निरालाले 'राम की शक्तिपूजा' मा राम-रावणको अपराजय समर भनेर राम रावणको यस्तो युद्ध जसमा कहिले पनि कसैको निर्णायक तरिकाबाट जित वा हारको निर्णय हुन सक्दैन भन्ने वर्णन गरेका छन्।

निरालाको विचारधारालाई उचित मूल्याङ्कन गर्नका निम्ति उनका सम्पूर्ण रचना तथा कविता, लेख, सम्पादकीय टिप्पणी, उपन्यास आदिको ज्ञान हुन आवश्यक छ। यदि यसो नगरे उनको जाति - व्यवस्था, किसान आन्दोलन, नारीको दुर्दशा आदिमाथि उनको विचारलाई उचित टिप्पणी दिन सक्ने छैन।

हिन्दी साहित्यको एउटा दुर्बल पक्ष के छ भने साहित्यको सम्पूर्ण कृतिलाई नसमेटेर केवल कुनै विशेष कृतिको आधारमा मूल्याङ्कन गर्ने गरिन्छ यसले गर्दा लेखकको उचित र ठिक मूल्याङ्कन हुन सक्दैन। निरालाले पनि यस्तै

परिस्थितिहरूको सामना गर्नु परेको थियो। उनको केवल कवितालाई मात्र विश्लेषण गरेर उनको कथा, उपन्यास, आत्माकथात्मक गद्य, निबन्ध आदिले पाउनु पर्ने स्थान पाएको छैन। उनले रूढि तथा अन्धविश्वाकसहरूको घोर विरोध आफ्ना रचनाहरूमा गरेका पाउँछौँ। उनी हिन्दू- मुस्लिम एकताको पक्षमा सदैव तत्पर थिए। वास्तवमा आधुनिक साहित्यको प्रत्येक प्रगतिशील मूल्यप्रति उनी सचेत थिए। निरालाले अङ्ग्रेजी साम्राज्यको आर्थिक आलोचना पनि गरेका थिए। आलोचक, उपन्यासकार दुधनाथ सिंहले निरालाको तुलना टेगोर, बाँदलेयर, जाँज सेफरिस, पास्तरनाक अनि एजरा पाउन्डसित गरेका छन्। निरालामा पनि टेगोर र एजरा पाउन्डमा जस्तै विविधिता रहेको कुरा गरेका छन्। निरालाले गद्यलाई जीवन, सङ्ग्रामको भाषाको रूपमा हेरेका छन्। उनको ‘अलका चतुरी चमार’, ‘बिल्लेसुर बकरिहा’ जस्तो रचनाहरू उनको व्यापकताको परिचय दिएका छन्। छायावादलाई गान्धीवादी स्वतन्त्रता सङ्ग्रामको साहित्यिक संस्करण माने तापनि निराला सुरूदेखि नै गान्धीको प्रभावबाट प्रभावित देखिँदैनन्।

## 4.6 अज्ञेयको साहित्यिक परिचय

सच्चिदानन्द हीरानन्द वात्स्यायन अज्ञेयलाई कवि शैलीकार, कथा साहित्यलाई एक महत्वपूर्ण मोड दिने कथाकार, ललित निबन्धकार, सम्पादक अनि अध्यापकको रूपमा चिनिन्छन्। उनको जन्म ७ मार्च १९११ मा उत्तर प्रदेशको कसया, पुरातत्व- खन्ने शिविरमा भएको थियो। बीएससी पढेर अङ्ग्रेजीमा एमए गर्दागर्दै क्रान्तिकारी आन्दोलमा सामेल भई बम बनाउँदा पक्रा परे तापनि उनी त्यहाँबाट भाग्न सफल भएका थिए। तर पछि सन् १९३० को अन्ततिर उनी फेरि पक्रा परे। अज्ञेय प्रयोगवाद एवम् नयाँ कवितालाई साहित्य जगत्मा प्रतिष्ठित गर्ने कवि थिए। उनले असङ्ख्य जापानी हाइकु कविताहरूलाई अनुवाद गरेका छन्। बहुआयामी व्यक्तित्वको घनी साथै साथै एकान्तमुखी प्रखर कवि तथा अज्ञेय एक राम्रो फोटोग्राफर र सत्यान्वेषी पर्यटक पनि थिए।

१९३० देखि १९३६ सम्मको अवधि अज्ञेयले विभिन्न जेलहरूमा बिताएका छन्। १९३६-३७ मा सैनिक र विशाल भारत नामक पत्रिकाहरूको उनले सम्पादन गरेका थिए। १९४३ देखि १९४६ सम्म ब्रिटिश सेनामा कार्यरत थिए, त्यसपछि ‘इलाहाबाद प्रतीक’ नामक पत्रिका निकालेर त्यसपछि आल इन्डिया रेडियोमा

काम गर्न थाले। देश-विदेशका यात्राहरू गर्दै उनले क्यालिफोर्निया विश्वविद्यालय अनि जोधपुर विश्वविद्यालयमा अध्यापनका काम गरेका थिए। दिल्ली फर्केर आएपछि उनले दिनमान साप्ताहिक, नवभारत टाइम्स, अङ्ग्रेजी पत्र 'वाक' अनि 'एवरीमेन्स' जस्ता प्रसिद्ध पत्र- पत्रिकाहरूको सम्पादन गरेका थिए। १९८० मा उनले 'वत्सलनिधि' नामक एउटा न्यास स्थापना गरे जसको उद्देश्य साहित्य अनि संस्कृतिको क्षेत्रमा कार्य गर्नु थियो। दिल्लीमा ४ अप्रेल १९८७ मा उनको मृत्यु भएको थियो। १९६४ मा आँगन के पार द्वार नामक रचनामा उनलाई साहित्य अकादमी पुरस्कारद्वारा सम्मानित गरेको थियो।

## 4.7 अज्ञेयका प्रमुख कृतिहरू

**कविता सङ्ग्रहः**

भग्नदूत (१९३३), चिन्ता (१९४२) इत्लम् (१९४६), हरी घाँस पर क्षणभर (१९४९), बावरा अहेरी ( १९५४), इन्द्रधनुष रौंद हुये थे (१९५७), अरी ओ करूणा प्रभामय (१९५९), आँगन के पारद्वार (१९६१), कितनी नावोँ मे कितनी बार (१९६७), क्योकि मैँ उसे जानता हूँ (१९७०), सागर मुद्रा (१९७०) पहेले मे सन्नटा बूनता हूँ (१९७४) महावृक्ष के नीचे (१९७७). नदी की बाँक पर छाँया(१९८१), प्रियजन डेज एण्ड अदर पोयम्स(अङ्ग्रेजीमा १९४६) आदि।

**कथाः** विपथगा (१९३७), परम्परा (१९४४), कोठरीकी बात (१९४५), शरणार्थी (१९४८), जयदोल (१९५१)

**उपन्यासः** शेखर एक जीवनी- पहिलो भाग (उत्थान) १९४१, द्वितीय भाग (सङ्घर्ष, १९४४), नदीके द्वीप (१९५१) अपने अपने अजनबी(१९६१) आदि।

**यात्रा वृत्तान्त** : अरे यायावर रहेगा याद्, एक बूँद सहसा उछली (१९६०) आदि

**निबन्ध सङ्ग्रह** : सबरङ्ग, त्रिशुङ्कु, आत्मनेपद, आधुनिक साहित्य : एक आधुनिक परिदृश्य, आलवाल

**आलोचना** : त्रिशुङ्क (१९४५), आत्मनेपद (१९६०), भवन्ती (१९७१), अद्यतन (१९७१)

**संस्मरण** : स्मृत्ति लेखा

डा**यरी लेखन** : भंवती, अन्तरा र शाश्व्ती आदि

**विचार गद्य** : संवत्सार

**नाटक** : उत्तरप्रियदर्शी

उनको समग्र काव्य 'सदानीरा' (दो खण्ड) नामले सङ्कलित भएको पाइन्छ। तथा अन्याय विषयको निबन्ध सृजना अनि सन्दर्भ तथा केन्द्र विभिन्न परिधि नामक ग्रन्थमा सङ्कलित भएको पाइन्छ। विभिन्न पत्र- पत्रिकाहरूको सम्पादन साथ साथै अज्ञेयले कारसप्तक, दोस्रो सप्तक अनि तेस्रो सप्तक जस्तै युगान्तकारी काव्य सङ्कलन हरूको स्पादन पनि गरेका थिए। पुष्पकारिणी अनि रूपाम्बरा जस्तो काव्य- सङ्कलनहरूको पनि सम्पादन गरेका थिए। उनले वत्सलनिधिबाट प्रकाशित आधा दर्जन निबन्ध सङ्ग्रहहरूको सम्पादन गरेका थिए। प्रख्यात साहित्यकार अज्ञेयले यद्पि कथाहरू कम सङ्ख्यामा लेखेता पनि हिन्दी कथालाई आधुनिकताको दिशामा एउटा नयाँ अनि स्थायी मोड दिने श्रेय अज्ञेयलाई नै प्राप्त छ। उनले कविता कथा उपन्यास यात्रा – वृत्तान्त, निबन्ध, गीतिनाट्य, ललित निबन्ध, डायरी लेखन आदि प्रायः जसो सबै साहित्यको विधामा आफ्नो सृजनात्मक प्रतिभाको परिचय दिएका छन्।

उनले आफ्नो विस्तृत अनि वैविध्यपूर्ण जीवनानुभवलाई रचनाहरूमा यथार्थवादी ढङ्गमा अभिव्यक्ति गरेका छन्। उनको कविता कथा उपन्यास सबै रचनाहरूमा उनको जीवनको विभिन्न कालको संवेदनालाई सूत्रपात गर्ने रचनाहरूमा अज्ञेय को नाम शीर्ष आउँछ। आफ्नो समयमा अज्ञेयबाहेक अरू कुनै रचनाकारले साहित्य अनि कला माथि पत्रकारिताको क्षेत्रमा नयाँ प्रयोग गरेका छैनन्। उनको विचारमा प्रयोग को निम्ति कुनै वाद को आवश्यकता पर्दैन। हिन्दी साहित्यको छायावादोत्तर युग उनको प्रयोगधर्मी अवधारणाहरूबाट प्रेरित अनि प्रभावित देखिन्छ।

'तारसप्तक'को भूमिकालाई हिन्दी साहित्यमा नवीन अवधारणाहरूको घोषणा पत्रको रूपमा स्वीकार गर्न सकिन्छ। कारण यसैबाट परम्परा, आधुनिकता प्रयोग - प्रगति, काव्य- सत्य, कविको सामाजिक दायित्व, काव्य शिल्प, काव्य भाषा, छन्द आदि विषयमाथि पहिलोपल्ट चर्चा टिप्पणी गरेर साहित्यालोचनालाई मौलिक स्वरूप प्रदान गरेका थिए।

'प्रतीक', 'नयाँ प्रतीक' तथा 'वाक' -को सम्पादन गर्दै उनले अनेक नयाँ प्रतिभाहरूलाई अघि बढ्ने अवसर दिएका छन्। परवर्ती अनेक साहित्यकारहरूमाथि उनको अमिट प्रभाव परेको देख्न पाइन्छ।

अज्ञेयले साहित्यको लगभग सबै विधाहरूमा कलम चलाएर साठी वर्ष जत्ति साहित्य साधानमा निरन्तर समर्पित भएको देखिन्छ। उनी जस्तो सङ्घर्षशील रचनाकार साँचो अर्थमा समाज, संस्कृतिको निर्माता हुँदछन्। अज्ञेय भारतीय

रचनाकारहरूमध्ये एक हुन् जसले बीसौँ शताब्दीमा भारतीय संस्कृति, भारतीय परम्परा, भारतीय आधुनिकताका साथ साहित्य, कला- संस्कृति, भाषाको बुनियादी समस्या, चिन्तन आदि विशेषसँग पाठकलाई साक्षात्कार गरिदिए। व्यक्तित्वको खोज, अस्मिताको खोज, प्रयोग प्रगति, परम्परा, आधुनिकता, बौद्धिकता, आत्मा-सजगता, कविकर्ममा जटिल संवेदनाको चुनौती रागात्मक सम्बन्धमा बदलावको चेतना, रूढि अनि मौलिकता, आधुनिक संवेदन अनि सम्प्रेषणको समस्या, रचनाकारको दायित्व, नयाँ विषको खोज, पश्चिमको खुला संवाद, औपनिवेशिक आधुनिकताको स्थानमा देशी आधुनिताको आग्रह, नवीन कथ्य अनि भाषाशिल्पको गहन चेतना संस्कृति अनि सृजनात्मकता आदि सबै विषयमाथि अज्ञेयले कुनै न कुनै रचना केन्द्र बनाएका थिए।

आधुनिक हिन्दी साहित्यको उत्तर-छायावाद वा छायावादोत्तर कालमा शायदै कुनै रचनाकार अज्ञेय जस्तै विद्रोही स्वभाव लिएर साहित्य जगत्मा देखापरेका छन्। सप्तहरूको भूमिका नवीन साहित्य प्रवृत्तिको समर्थन गर्दै उनले नवीन सैद्धान्तिक स्थापना गरेर हिन्दीमा नवीन समीक्षा शास्त्रको जग बसाउने काम उनले गरेका थिए। अज्ञेयद्वारा सम्पादित रूढिवाद, रीतिवाद, छायाववादी भावुक संस्कारहरूमाथि आघात गर्दै नयाँ बौद्धिक विवेक चिन्तनको प्रवर्तन गरेका छन्।

हिन्दीको आधुनिक साहित्यमा भारतेन्दु, मैथिलीशरण गुप्त, प्रेमचन्द, प्रसाद, निराला, पन्त, महादेवी वर्मा, माखनलाल चतुर्वेदी, मुक्तिबोध जस्ता महान् लेखकहरू छन् तर यी सबैमा अज्ञेय जस्तो सबै विधाहरूमा शीर्ष चक्रवर्तीत्व स्थापित गर्ने कोही पनि छैनन् भन्ने समालोचकहरूको मत रहेको पाइन्छ। रघुवीर सहाय, निर्मल वर्मा, सर्वेश्वर दयाल सक्सेना, रमेशचन्द्र शाह, नन्दकिशोर आचार्य, मनोहरश्याम जोसी आदि रचनाकारहरूमा अज्ञेयको प्रभाव पाइन्छ। अज्ञेयलाई कहिले टीएस एलियट अनि पश्चिम नकली रचनाकार, विदेशी दलाल, विदेशी साहित्यको डाकिया, काङ्ग्रेस फर कल्चरल फ्रिडमको अमेरिकी प्रचारक जस्ता भनाइहरूका साथ विरोध गरिरहे। उनको 'शेखर एक जीवनी' एउटा नयाँ उपन्यास प्रयोग अनि हिन्दी उपन्यास परम्परामा नयाँ मोड ल्याउने अपूर्व अद्‌भुत उपन्यास थियो। टिएस इलियट, लारेन्स, पाउन्ड आदिबाट प्रभावित भएर पनि अज्ञेयले कसैको पनि अनुकरण नगरी आफ्नै मैलिकपन साहित्यलाई दिएको पाइन्छ।

## 4.8 उपसंहार

हिन्दी साहित्यमा कथाकारका रूपमा प्रेमचन्द प्रख्यात छन्। हिन्दी साहित्यका आलोचकहरू अनुसार प्रेमचन्दले जति कथाहरू हिन्दी साहित्यमा लेखेका छन् व्यक्ति अरू कुनै कथाकारले लेखेका छैनन। फलस्वरूप प्रेमचन्दलाई हिन्दी कथा साहित्यका 'कहानी सम्राट' मानिन्छ। प्रेमचन्दले मानव जीवनका सूक्ष्म घटनाहरूलाई सजीव रूपमा अङ्कन गरेका छन्। सत्यता र यथार्थको चित्रण गर्नु नै उनको कथाकारिताको वैशिष्टय देखिन्छ जस अन्तर्गत सामाजिक विविध क्रियाकलाप सांस्कृतिक, धार्मिक साथै आर्थिक विभिन्न पक्षहरूलाई मनोवैज्ञानिक र दार्शनिक द्दष्टिले हेरेर तिनको समाधान र उत्थान खोज्नु प्रेमचन्दको कथाकरिताको विशेष उद्देश्य देखिन्छ। जयशङ्कर प्रसाद, विश्वम्बरनाथ शर्‍मा, चण्डीप्रसाद हृदयेश, चतुर सेन शास्त्री, जैनेन्द्र वृन्दावन लाव बर्‍मा, रिस्कचरण जैन, रामवृक्ष बिनपुरी, जैनेन्द्र कुमार इलाजोशी, प्रताप नारायण श्रीवास्तव, भगवती प्रसाद बाजपेयी, गोविन्द बल्लभ पन्त, भाववती चन्द्र बर्‍मा, सूर्यकान्त त्रिपाठी 'निराला' आदि उपन्यासकारका समकालीन प्रेमचन्द आफ्ना औपन्यासिक कृतिहरूका सफलताका कारण बेजोड प्रतित हुन्छन्।

पन्त प्रगतिशील लेखक थिए। उनी छायावादी साहित्यकारहरूमा एक स्तम्भ थिए। सुमित्रा नन्दन पन्तलाई आधुनिक हिन्दी साहित्यको युग प्रवर्तक कवि पनि मानिन्छ। आफ्नो रचनाको मध्यमबाट उनले भाषामा शुद्धता तथा भाषालाई संस्कार दिने प्रयास गरेका छन्। आफ्नो लेखनशैलीको माध्यमबाट उनले जुन प्रकारको नर्सिह सौन्दर्यलाई शब्दमा प्रयोग गरेका छन् त्यसैले उनलाई हिन्दी साहित्यको वर्डस्वर्थ पनि भनिन्छ।

छायावादको चार स्तम्भहरूमध्ये एउटा प्रमुख स्तम्भ जयशङ्कर प्रसादले कथा लेखन र उपन्यास लेखनमा नाटक लेखनभन्दा धेर आधुनिकता अपनाएका छन्। देशप्रेम अनि देशचिन्ता प्रसादको नाटकहरूको मूल विषय देखिन्छ। उनको कथा द्वन्द्व, भावना, मनोविज्ञान अनि मनभित्र विचलित संवेगहरूजस्ता विशेषताहरू पाइन्छन्। जयशङ्कर प्रसादको व्यक्तित्वको मूल तत्‌वलाई मूल्याङ्कन गर्दा जसरी बनारस ज्ञान, भोग र भक्तिको अद्‌भूत सङ्गम हो प्रसाद ज्ञान, अध्यात्म र देशभक्तिको सङ्गम हो भन्ने देखिन्छ।

सूर्यकान्त त्रिपाठी 'निराला'-लाई हिन्दी साहित्यको प्रमिथस भनिन्छ। निरालाको कवितामा एकापट्टि राग - रञ्जित धरती छ भने अर्कोपट्टि अन्धकारमय आकाश, यसै कारण शर्माले निरालाको कविताहरूमा एकापट्टि आनन्द अमृत छ भने दोस्रोपट्टि वेदनाको विष हुन्छ भन्ने साहित्यकारहरूको मत पाइन्छ।

अज्ञेय प्रयोगवाद एवम् नयाँ कवितालाई साहित्य जगत्मा प्रतिष्ठित गर्ने कवि थिए। उनको विचारमा प्रयोग को निम्ति कुनै वाद को आवश्यकता पर्दैन। हिन्दी साहित्यको छायावादोत्तर युग उनको प्रयोगधर्मी अवधारणाहरूबाट प्रेरित अनि प्रभावित देखिन्छ।

## 4.9 सार

यस प्रखण्डमा हिन्दी साहित्य निर्माता प्रेमचन्द, पन्त-प्रसाद-निराला, अज्ञेय आदिका साहित्यक कृतित्व र रचनाबारे जानकारी प्राप्त भयो। उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- प्रेमचन्दलाई हिन्दी कथा साहित्यका 'कहानी सम्राट' मानिन्छ।
- प्रेमचन्दले मानव जीवनका सूक्ष्म घटनाहरूलाई सजीव रूपमा अङ्कन गरेका छन्।
- पन्त छायावादी साहित्यकारहरूमा एक स्तम्भ थिए। उनलाई आधुनिक हिन्दी साहित्यको युग प्रवर्तक कवि पनि मानिन्छ।
- प्रसाद आधुनिकता अपनाएर साहित्य लेख्ने साहित्यकार देखिन्छन्। देशप्रेम अनि देशचिन्ता प्रसादको नाटकहरूको मूल विषय देखिन्छ।
- सूर्यकान्त त्रिपाठी 'निराला'-लाई हिन्दी साहित्यको प्रमिथस भनिन्छ। निरालाको कवितामा एकापट्टि राग - रञ्जित धरती छ भने अर्कोपट्टि अन्धकारमय आकाश, यसै कारण शर्माले निरालाको कविताहरूमा एकापट्टि आनन्द अमृत छ भने दोस्रोपट्टि वेदनाको विष हुन्छ भन्ने साहित्यकारहरूको मत पाइन्छ।
- अज्ञेय नित्य प्रयोग गरी नयाँ कवितालाई साहित्य जगत्मा प्रतिष्ठित गर्ने कविका रूपमा देखिन्छ।

## 4.10 अनुशीलन

1. प्रेमचन्दको कथाकारिताको उपादेयताहरू औँल्याउनुहोस्।

2. सूर्यकान्त निरालाको साहित्यमाथि चर्चा गर्नुहोस्।
3. अज्ञेयको साहित्यिक उपलब्धि प्रस्तुत गर्दै मूल्याङ्कन गर्नुहोस्।
4. जयशङ्कर प्रसादको साहित्यिक परिचय लेख्नुहोस्।
5. सुमित्रा नन्दन पन्तको साहित्यिक कार्यहरूको जानकारी गराउनुहोस्।

## 4.11 अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ


नगेन्द्र — हिन्दी साहित्य का इतिहास

रामचन्द्र सुक्ल — हिन्दी साहित्य का इतिहास

Prof. S.K Ghosh (ed) An Integrated History of Indian Literature


तथा क. हिन्दी साहित्यको ऐतिहासिक सर्वेक्षण-आवश्यक।
ख. पूर्वीय साहित्यमा प्रयोज्य रस, अलङ्कार, ध्वनि आदि वाद वा सूत्रहरूको व्याख्या- आवश्यक।
यस अतिरिक्त विभिन्न पत्र-पत्रिका अनि वेभसाइट-विकिपिडिया पनि अध्ययन गर्न सक्ने छन्।

## 4.12 मूल्यवृद्धिका निम्ति उत्तर

नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –

1. प्रेमचन्दको कथाकारितामाथि चर्चा गर्नुहोस्।

________________________________________

________________________________________

(प्रश्न 1 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 4.1 4.2 खण्डमा उत्तर खोज्न सक्नेछन्)

2. हिन्दी साहित्यको विकासमा अज्ञेयको योगदान लेख्नुहोस्।

________________________________________

________________________________________

(प्रश्न 2 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 4.6, 4.7 खण्डमा उत्तर खोज्न सक्नेछन्)

3. निराला कस्ता काव्यकार हुन्?

________________________________________

________________________________________

(प्रश्न 3 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 4.5 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

4. जयशङ्कर प्रसादको गद्यकारिता विषय जानकारी गराउनुहोस्।

_______________________________________________

_______________________________________________

(प्रश्न 4 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 4.4 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )

5. प्रसाद-पन्त-निरालालाई एक साथ हेरिने कारण के हो? उनीहरू के कारणले एक साथ आउने यस नामले जानिन्छ?

_______________________________________________

_______________________________________________

(प्रश्न 5 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 4.3, 4.4, 4.5. खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)

# एकाइ - 5 बङ्गला साहित्य, माइकल मधुसूदन दत्त, बङ्किमचन्द्र चट्टोपाध्याय

**संरचना**

5.0 उद्देश्य

5.1 बङ्गाली साहित्यको परिचय

5.1.1 प्रारम्भिक बङ्गला साहित्य

5.1.2 माध्यमिक बङ्गला साहित्य

5.1.3 सङ्क्रमणकालीन बङ्गला साहित्य

5.1.4 प्रारम्भिक माध्यमिक कालीन बङ्गला साहित्य

5.1.5 उत्तर माध्यमिक कालीन बङ्गला साहित्य

5.1.6 आधुनिक बङ्गला साहित्य

5.1.7 आधुनिककालपछि बङ्गला साहित्य

5.3 माइकल मधुसूदनको साहित्यिक परिचय

5.4 बह्किमचन्द्र चट्टोपाध्यायको परिचय

5.6 उपसंहार

5.7 सार

5.8 अनुशिक्षण

5.9 अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ

5.10 मूल्यवृद्धिका निम्ति उत्तर

## 5.0 उद्देश्य

यस एकाइको अध्ययनपछि तपाइँ निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- बङ्गला साहित्यिकको सङ्क्षिप्त परिचय र ऐतिहासिक सर्वेक्षण
- माइकल मधुसूदन दत्तको साहित्यिक योगदान अनि बङ्गला साहित्यको निर्माणमा उनीहरूको योगदान
- बङ्किमचन्द्र चट्टोपाध्यायको साहित्यिक परिचय, कृतित्व र योगदान

## 5.1 बङ्गला साहित्यको परिचय

बङ्गला साहित्य स्थूल साहित्य हो। यसको अध्ययन सुविधाका निम्ति विद्वान्हरूले स्थूल तीन भागमा बाँढेर अध्ययन गरेको पाइन्छ।

१. प्राचीन (९५०-१२०० ई.),

२. मध्य कालीन (१२००-१८०० ई.) तथा

३. आधुनिक-(१८०० देखि यता)।

प्रारम्भिक साहित्य बङ्गालको जीवन तथा यसको गुण, दोष, विवेचनको दृष्टिले अधिक महत्वपूर्ण मानिन्छ। चण्डीदास, कृत्तिवास, मालाधर, पिपलाई, लोचनदा, ज्ञानदास, कविकङ्कण, मुकुन्दराम, कृष्णदास, काशीराम दास, भारतचन्द राय, गुणाकार आदि कवि यस कालका रचनाकारहरू देखिन्छन्।

## 5.1.1 प्राचीन बङ्गला साहित्य (९५० - १२०० ई.सम्म)

भारतका अन्य विद्वान्हरूले झैँ बङ्गालका विद्वान् संस्कृत रचनाहरूलाई नै विशेष महत्व दिएका देखिन्छन्। उनीहरूका दृष्टिमा त्यसैलाई "अमर भारती" को पदले सुशोभित गर्न सकिन्थ्यो। बोलचालको भाषालाई उनीहरू परिवर्तनशील अनि अस्थायी मान्दथे। तर जनसाधारण त अफ्नो विचारहरू अनि भावहरू प्रकट गर्नका लागि त्यही भाषा रुचाउन पुग्छन् जुन भाषा उसको हृदयको अधिक निकट छ। त्यसै भाषामा उनीहरू उपदेश अनि शिक्षा ग्रहण गर्न सक्तथे। पुरातन बङ्गालमा यस प्रकारको दुई भाषा प्रचलित थियो। एक त स्थानीय भाषा, जसलाई हामी प्राचीन बङ्गला भन्छौँ अनि दोस्रो अखिल भारतीय जन साहित्यिक भाषा, जो सामान्यतः समुच्च उत्तर भारतमा बोलिने अनि बुझ्ने गरिन्छ। यसलाई नागर या शौरसेनी अपभ्रंश भनिन्छ। यो भाषा खास गरी पश्चिमी उत्तरप्रदेश, पूर्वी पञ्जाब तथा राजस्थानको भाषा थियो। सामान्य जनताका लागि यो दुई भाषामा लेखिएको साहित्य बुझ्ने किसिमको हुन्थ्यो रकेही परिचित पनि थिए। प्रेम अनि भक्तिका गीत, उखान-तुक्का अनि लोकगीत मातृभाषामै पाइने गरिन्थ्यो। बौद्ध तथा हिन्दू धर्मका उपदेशक जनतामा धर्म प्रचार गर्नका लागि जस्तो किसिमको रचनाहरू तयार गर्दथे त्यो प्रायः पुरानो बङ्गला तथा नागर अपभ्रंश दुई भाषामा हुने गर्थ्यो।

पुरातन बङ्गलाको उपलब्ध रचनाहरूमा ४७ चर्यापद विशेष महत्वको मानिन्छ। यो प्रायः आठ (याकेही अधिक) पङ्क्तिहरूमा रहस्यमय गीत हो। यसको सम्बन्ध महायान बौद्धधर्म तथा नाथपन्थ, दुवैसँघ सम्बद्ध गुप्त सम्प्रदायसँग छ। यसको सामान्य बाहिरी अर्थ सबैले बुझ्दथियो भने गूढार्थ भने संस्कृत टीकाको सहायता बाट मात्र बुझिने हुन्थ्यो। हरप्रसाद शास्त्रीको यस्तो रचना प्राप्त छ जो

बुझिने किसिमको छ। यी यस्ता गीतहरू या पद्यहरूमा "कविता" को स्वरूप त हुँदैन थियो तर जीवनको एकाध झलक भने अवश्य हुने गर्दथ्यो। यससँग मिल्ने किसिमकोकेही अन्य पद्यात्मक रचनाहरू नेपालबाट डा. प्रबोधचन्द्र बागची तथा राहुल साङ्कृत्यायन आदिलाई प्राप्त भएको थियो।

बाह्रौँ शताब्दीको अन्तसम्म पुरातन बङ्गलामा यथेष्ट साहित्य तयार भएको थियो जसबाट त्यस समयका एक बङ्गाली कविले गर्वोक्ति लेखेका थिए जो यस्तो थियो- "लोग जैसा गंगामा स्नान कर्ने से पवित्र हो जाते हैं, वैसे ही वे 'बङ्गाल वाणी'मा स्नान होकर पवित्र हो सकते हैं।" तर दुर्भाग्यवश उक्त ४७ चर्यापदहरूबाटकेही गीतहरू या पदहरूबाहेक त्यस कालको अन्य एकदमै थोरै रचनाहरूमा आज उपलब्ध रहेको पाइन्छ।

गीतगोविन्दका रचयिता जयदेव बङ्गालको हिन्दू राजा लक्ष्मण सेन (लगभग ११८० ई.) को शासनकालमा विद्यमान थिए। राधा अनि कृष्णतो प्रेम वर्णन गर्ने उनी यस सुन्दर काव्यमा २४ वटा गीत छ सबैमा तुकान्त रहेको छ। संस्कृतमा प्राय: तुकान्त मिल्दैन। यो अपभ्रंश वा नवोदित भारतीय-आर्य भाषाहरूको विशेषता हो।केही विद्वान्हरूको मत छ कि यी पदहरूको रचना मूलत: पुरानो बङ्गलामा या अपभ्रंशमा गरिएको थियो अनि फेरिकेही परिवर्तन गरेर संस्कृत अनुरूप बनाइएको हो। यस कारण जयदेव पुरातन बङ्गालका प्रसिद्ध कवि मानिन्छ। उनले संस्कृतका अतिरिक्त सम्भवत: पुरानो बङ्गलामा पनि रचनाहरू रचेका थिए। उनको कार्यले बङ्गालका अन्य कविहरूलाई प्रेरित गरेको थियो।

## 5.1.2 मध्यकालीन बङ्गला साहित्य (१२०० से १८०० ई. सम्म)

पुरानो बङ्गलामा कुनै ठुलो प्रबन्धकाव्य रचना गरिएको प्रणाण प्राप्त हुँदैन। त्यस समय यस्तो रचनाहरू बङ्गालमा भनिएको पनि प्रायः अपभ्रंशमा नै हुने गरेको पाइन्छ। मिथिला (बिहार) -का प्रसिद्ध कवि विद्यापतिले प्रसिद्ध ऐतिहासिक काव्य 'कीर्तिलता'- को रचना (लगभग १४१० ई.) गरेको देखिन्छ। यो काव्य उनले आफ्नो मातृभाषा मैथिलीमा नगरेर अपभ्रंशमा गरेका छन्। यद्यपि यसमा बिच बिचमा मैथिली शब्दोहरूको प्रयोग गरिएको पनि पाइन्छ। १५ औँ शताब्दी तथा विशेष रूपमा १६ औँ शताब्दीबाट मात्रै ठुला प्रबन्धकाव्यहरू एवम् वर्णनात्मक रचनाहरू रचिन थालिएको पाइन्छ। आदर्श नारी बिहुला अनि उनकी पति लखीधरको कथा, कालकेतु अनि फुल्लरा आदि उदाहरणीय छन्।

### 5.1.3 सङ्क्रमणकालीन साहित्य (१२००-१३५०)

यस समयको साहित्यिक रचनाहरूका केही विशिष्ट प्रामाणिक ग्रन्थ प्राप्त भएको पाइँदैन। पुरानो गायकहरू अनि लोकगीतकारहरूमा 'बिहुला' आदिको कथाहरू प्रचलित थियो, यसैको आधारमा केही अज्ञात कविहरूका रचनाहरू प्रस्तुत पाइन्छ जसलाई बङ्गलाको प्रारम्भिक प्रबन्धकाव्यको रूपमा हेरिएको पाइन्छ।

### 5.1.4 प्रारम्भको मध्यकालीन साहित्य (१३५० से १६०७ तक)

बङ्गालमा शान्ति स्थापित भएपछि जब फेरि संस्कृतको अध्ययन, प्रचार आदिको सुविधा प्राप्त भयो तब शिक्षा अनि साहित्यको प्राथमिक पुनर्जागरण आरम्भ भयो। माध्यमिक बङ्गलाका प्रथम महाकवि कृत्तिवास ओझालाई मानिएको पाइन्छ। संस्कृत रामायणलाई बङ्गलामा प्रस्तुत गर्ने उनी पहिलो लोकप्रिय कवि थिए। उनले रामको चित्रण वाल्मीकिले झैँ विशुद्ध मानव अनि वीर पुरुषका रूपमा नगरेर भगवान्का करुणामय अवतारका रूपमा गरेका छन्। यसै प्रकार कृष्णगाथाको वर्णन पनि  सन् १४७५ तिर मालाधर वसुले गरेका पाइन्छन् जो भागवत पुराणमाथि आधारित छ।

पूर्व माध्यमिक बङ्गलाका एक प्रसिद्ध कवि चन्डीदासलाई मानिन्छ। उनको नाममा लगभग १२ सय पद या कविताहरू प्रचलित छन्। ती पदहरूको भाषा-शैली आदिमा धेरै अन्तर रहेको कारण सबै एकै व्यक्तिद्वारा रचित हो भन्न नसकिने विद्वान्हरूको मत पाइन्छ। माध्यमिक बङ्गलामा यस नामका कम्ती तीनजना कवि थिए भन्ने अनुमान समालोचकहरूले लगाएका छन्। पहिलो चन्डीदास (अनन्त बडु चन्डीदास) श्रीकृष्णकीर्तनका प्रणेता थिए जो चैतन्यको पहिलो लगभग १४०० ई. मा, विद्यमान थिए। दोस्रो चन्डीदास द्विज चन्डीदास थिए जो चैतन्यपछि वा उत्तर कालका थिए। उनले नै राधा-कृष्णका प्रेम विषयक अधिकांश गीतहरू रचना गरेको र यसले नै चन्डीदासलाई धेरै लोकप्रसिद्धि प्राप्त भएको बताइन्छ। तेस्रो चन्डीदास दीन चन्डीदास थिए जो सङ्ग्रहका तीन चौथाई भागका रचयिता प्रतीत हुन्छन्। चन्डीदासको कीर्तिका मुख्य आधार प्रथम दुई चन्डीदास नै थिए।

यसपछिको समयमा प्रसिद्ध वैष्णव कवि चैतन्यको आविर्भाव भयो। समसामयिक कविहरू अनि विचारकहरूमाथि उनको गहिरो प्रभाव पऱ्यो। उनको आविर्भाव

अनि मृत्युका उपरान्त सन्तहरू तथा भक्तहरूका जीवनचरित्रका निर्माणको परम्परा चल्यो। यसबेला वृन्दावनदासकृत चैतन्यभागवत (लग. १५७३), लोचनदासकृत चैतन्यमंगल; जयानन्दका चैतन्यमंगल तथा कृष्णदास कविरत्नका चैतन्यचरितामृत (लग. १५८१) रचना भए। कृष्ण अनि राधाका दिव्य प्रेम सम्बन्धी धेरै गीत अनि कविताहरू यस समय रचिए।

यस समयका लगभग बङ्गला साहित्यमाथि "ब्रजबुलि" को प्रभाव परेको पाइन्छ। बङ्गालका धेरै शिक्षार्थी स्मृति, न्याय, दर्शन आदि अध्ययन गर्न मिथिला गए। मिथिलाका संस्कृतका विद्वान्हरू आफ्नो मातृभाषामा पनि रचना गर्दथे। स्वयं विद्यापतिले संस्कृतमा ग्रन्थ रचना गरेका छन् भने मैथिलीमा पनि उनले सुन्दर प्रेमगीतहरू निर्माण गरेका छन्। उनका यी गीतहरू बङ्गालमा पनि लोकप्रिय भएको पाइन्छ। बङ्किमचन्द्र तथा रवीद्रनाथ ठाकुरले पनि यस्ता प्रकारका गीतहरूको रचना गरे।

वैष्णव प्रेमगीतकारका रूपमा जयदेव कविको चर्चा पाइन्छ। उनीपछि बडु चन्डीदास तथा चैतन्यका अनुयायी आएको देखिन्छ। १६ औँ शताब्दीका दुई कविहरू कालकेतु अनि उनकी पत्नी फुल्लरा तथा धनपति अनि उनका पुत्र श्रीमन्तका आख्यान रचित पाइन्छ जसमा चन्डी या दुर्गादेवीको महिमा वर्णित पाइन्छ। कविकङ्कण मुकुन्ददास चक्रवर्तीले चन्डीकाव्य बनाए जो आज पनि लोकप्रिय छन्। यसमा तत्कालीन बङ्गला जीवनको झलक देख्न पाइन्छ। पद्यलेखक भए पनि एक प्रकारले उनीहरू बङ्किमचन्द्र तथा शरत्चन्द्र चट्टोपाध्यायका पूर्वज मानिएको पाइन्छ।

## 5.1.5 उत्तरकालीन माध्यमिक बङ्गला साहित्य (१६००-१८००)

वैष्णव गीतकार तथा जीवनी लेखकहरूको परम्परा १७ औँ शताब्दीमा पनि चलिरह्यो। जीवनी लेखकहरूमा ईशान नागर (१५६४) अनि नित्यानन्द (१६०० ई.) पछि यदुनन्दनदास (कर्णानन्दका लेखक, १६०७), राजवल्लभ (कृति मुरलीविलास), मनोहरदास (१६५२, कृति "अनुरागवल्ली") तथा घनश्याम चक्रवर्ती (कृति, भक्तिरत्नाकर तथा नरोत्तमविलास) -का नाम उल्लेखनीय छन्। गीतलेखकहरूको सङ्ख्या दुई सयभन्दा अधिक देखिन्छन्। वैष्णव विद्वान्हरू तथा कविहरूले उनीहरूका थुप्रै सङ्ग्रह तयार गरे जसमा वैष्णवदास (१७७०

ई.) का "पदकल्पतरु" विशेष प्रसिद्ध छ। यसमा १७० कविहरू द्वारा रचित ३१०१ पद रहेको पाइन्छ।

यस समय धार्मिक प्रवृत्तिको कथाहरू पनि लेखिएको पाइन्छ। यसमा रूपरामकृत धर्ममङ्गल विशेष प्रसिद्ध छन्। यस प्रकारका कथाका मानिक गाङ्गुलि तथा घनराम चक्रवर्तीले रचनाहरू प्रस्तुत गरेका पाइन्छन्। १७ औँ, १८ औँ शताब्दीमा राजा गोपीचन्दको कथालाई आधार बनाएर रचिएका रचनाहरू पनि पाइन्छ। राजा गोपीचन्द राजा मानिकचन्द्रका पुत्र थिए। कथाअनुसार जब उनी सिंहासनमा बस्न लागेका थि तब उनकी माता मयनामतीलाई उनको पुत्र राजपाठ तथा स्त्री परित्याग गरेर योगी बन्नु पर्छ नत्र उनको अकालमृत्युको सम्भावना रहेको थाहा लाग्छ। अत: माताको आदेश मान्दै उनले यस्तै गर्नु परेको कथा पाइन्छ। भवानीदासकृत "मयनामतिर गान" तथा दुर्लभ मलिकको रचना "गोविन्दचन्द्र गीत" यस कथानकमाथि आधारित छ।

बिहुलाको कथामाथि १८ औँ शताब्दीमा पनि प्रबन्धकाव्य वंशीदास, कातकादास तथा क्षेमानन्द इत्यादि द्वारा रचिएको पाइन्छ। आल्हाको ढङ्गमा थुप्रै वीरकाव्य या गाथाकाव्य १७ औँ शताब्दीमा रचिएको पाइन्छ। उनका एक सङ्ग्रह अङ्ग्रेजी अनुवादसहित दिनेशचन्द्र सेनले तयार गरेका थिए कलकत्ता विश्वविद्यालय-द्वारा प्रकाशित गरिएको थियो। यस समय बङ्गाली मुसलमान लेखकहरूले अरबी अनि फारसीको प्रेम तथा धर्म कथाहरू बङ्गलामा प्रस्तुत गर्ने प्रयत्न गरेको पाइन्छ। यी कविहरूले यस समयका उपलब्ध बङ्गला साहित्य अध्ययन नगरेर संस्कृत, अरबी तथा फारसीका ग्रन्थहरू पढेर अनुशीलन गरेको पाइन्छ। यस प्रकार पूर्वी हिन्दी क्षेत्रबाट सुफी मुसलमान पूर्वी बङ्गाल आइपुगे, उनीहरूले आफ्नो नागरी वर्णमाला पनि लिएर आए। सिलहटका मुसलमान कविहरूले धेरै समयसम्म सिलेट नागरी लिपिमा बङ्गला लेखिरहे। उस समयका केही मुसलमान कविहरू हुन्, दौलत काजी, जसने "लोरचन्दा" अनि "सती मैना" शीर्षक प्रेमकाव्य लेखे, कुरेसी मागन ठाकुर जसले "चन्द्रावती" - रचना गरे, मुहम्मद खाँ, जसको दुई रचनाहरू 'मौतुलहुसेन' तथा 'कायामतनामा' प्रसिद्ध छ; अब्दुल नबी जसले बढो सुन्दर शैलीमा "आमिर हामजा" लेखे। १७ औँ शताब्दीका एक अन्य प्रसिद्ध मुस्लिम कवि आला ओल हुन्। उनको कृति "पद्मावती" (१६५१) यथेष्ट लोकप्रिय रही। उनको अन्य रचनाहरू सैफुल मुल्क बदीउज्जमाँ (सहस्ररजनी चरित्रका आधारमा रचित प्रेमकाव्य), हफ्त पैकार, सिकन्दरनामा तथा तोहफा हुन्।

१७ औँ शताब्दीका तीन हिन्दू कविहरू - काशीरामदास, उनले महाभारतको अनुवाद बङ्गला पद्यमा गरे। उनको दाजु कृष्णकिङ्करले श्रीकृष्णविलास रचना गरे भने गदाधरले 'जगन्नाथ मङ्गल' रचना गरे।

१८ औँ शताब्दीका केही प्रसिद्ध कविहरू रामप्रसाद सेन जसको दुर्गा सम्बन्धी गीत आज पनि लोकप्रिय छ; भारतचन्द्र, जसका "अन्नदामङ्गल" काव्य प्रकाशित छन्, यो काव्य बङ्गलाको एक परिष्कृत रचना मानिन्छ; राजा जयनारायण, उनले पद्मपुराणका काशीखण्डको बङ्गलामा अनुवाद गरे अनि यस समयका बनारसको मनोरञ्जक विवरण यसमा समाविष्ट गरेको पाइन्छ। यस कालमा समस्यापूर्तिका रूपमा लेखिएको पनि पाइन्छ। केही मुसलमान कविहरू मुहर्रम पर्व तथा जङ्गनामा हायत मुहम्मद, नसरुल्ला खाँ तथा याकुब अलीद्वारा रचित मुहर्रम तथा कर्बलाका सम्बन्धमा रचनाहरू प्रस्तुत गरेको पनि पाइन्छ।

बङ्गला गद्यका केही नमुना सन् १५५० पछि चिट्ठी तथा दस्तावेजहरूका रूपमा उपलब्ध देखिन्छ। क्याथलिक धर्म सम्बन्धी केही रचनाहरू पोर्तुगाली तथा अन्य पादरीहरूद्वारा प्रस्तुत गरिएको अनि १७७८ मा नथेनियल ब्रासी हलहदले बङ्गला व्याकरण तयार गरेर प्रकाशित गरेको पाइन्छ। सन् १७९९ मा फोर्ट विलियम कालेजको स्थापनापछि बाइबलको अनुवाद तथा बङ्गला गद्यमा अन्य ग्रन्थ तयार गर्ने उपक्रम अघि बढेको थाहा लाग्छ।

## 5.1.6 आधुनिक बङ्गला साहित्य (१८०० - १९५० सम्म)

१९ औँ शताहब्दीमा अङ्ग्रेजी भाषाका प्रसार अनि संस्कृतका नवीन अध्ययनबाट बङ्गलाका लेखकहरूमा नयाँ जागरण अनि उत्साहको लहर आएको देखिन्छ। एकातिर कम्पनी सरकारका अधिकारी बङ्गला सिक्न इच्छुक हुनु अनि अङ्ग्रेजले कर्मचारिहरूका लागि बङ्गला पाठ्यपुस्तकहरू तयार गर्नु साथै ब्यप्तिस्त मिसनका पादरी कृत्तिवासीय रामायणका प्रकाशन तथा बाइबिल आदिको बङ्गला अनुवाद प्रस्तुत गर्ने प्रयत्नमा जुटेको देखिन्छ। अर्कोतिर बङ्गाली लेखक पनि गद्य ग्रन्थ लेखनतिर ध्यान दिन लागेका थिए। रामराम वसुले राजा प्रतापादित्यको जीवनी लेखे अनि मृत्युठ्जय विद्यालङ्कारले बङ्गलामा "पुरुष परीक्षा" लेखे। सन् १८१८ मा "समाचारदर्पण" नामक साप्ताहिकको प्रकाशनवे बङ्गला पत्रकारिताको पनि घरेडी बसायो।

राजा राममोहन रायले भारतीयहरू "आधुनिक" बन्नुपर्ने विष्यमा जोड दिए। उनले ब्रह्मसमाज स्थापना गरे। उनले कतिपय उपनिषद्को बङ्गला अनुवाद तयार गरे।

अङ्ग्रेजीमा बङ्गला व्याकरण (१८२६) लेखे अनि आफ्नो धार्मिक तथा सामाजिक विचारहरू प्रचारार्थ बङ्गला अनि अङ्ग्रेजी दुवैमा छोटो छोटो पुस्तिकाहरू लेखे। यस समय राजा राधाकान्त देव ले "शब्दकल्पद्रुम" नामक संस्कृत कोष तयार गरे अनि भवानीचरण बनर्जीले कलकत्ताको समाजमाथि व्यङ्ग्यात्मक रचनाहरू प्रस्तुत गरे।

प्रारम्भिक गद्यलेखहरूको भाषा, प्रचलित संस्कृत शब्दका प्रयोगका कारण केही कठिन थिए तर १८५० पछि अधिक सरल अनि प्रभावपूर्ण शैली प्रचलनमा आयो। ईश्वरचन्द्र विद्यासागर, प्यारीचन्द मित्र आदिका यसमा विशेष भूमिका रहेको पाइन्छ। विद्यासागरले अङ्ग्रेजी तथा संस्कृत ग्रन्थहरूको अनुवाद बङ्गलामा गरे अनि गद्यको सुन्दर, सरल शैली विकास गरे। प्यारीचन्द मित्रले "आलालेर घरेर दुलाल" १८५८) नामक सामाजिक उपन्यास लेखे। अक्षयकुमार दत्तले विविध विषयहरूमाथि धेरै निबन्ध लेखे। अन्य गद्यलेखकहरू राजनारायण वसु, ताराशङ्कर तर्करत्न जसले "कादम्बरी" -का संक्षिप्त रूपान्तर बङ्गलामा प्रस्तुत गरे, तारकनाथ गाङ्गुली जसले प्रथम यथार्थवादी सामाजिक उपन्यास "स्वर्णलता" प्रकाशित गरे, आदि देखिन्छन्।

माइकल मधुसूदन दत्तलाई हामी यस समयका "युवक बङ्गाल" का प्रतिनिधि मात्र सक्छौँ। उनको हृदयमा अन्य युवकहरूको झैँ आत्मविकास तथा आत्माभिव्यक्तिका निम्ति हिन्दू समाजमा सीमित अवकास पाउने भन्ने एक प्रकारको असन्तोष थियो। यसको एक विशेष कारण उनको अङ्ग्रेजी तथा अन्य विदेशी साहित्यका सम्पर्कमा आउनु थियो भन्ने मानिन्छ। इसाई धर्मप्रति प्रभावित भएपछि मधुसूदनले पहिला अङ्ग्रेजीमा अनि बङ्गलामा लेखना आरम्भ गरे। उनले भारतीय विषयहरूमाथि कलम चलाए मात्र होइन त्यसलाई युरोपीय ढङ्गमा सजाएर पनि देखाए। उनका मुख्य रचनाहरू 'मेघनाथ वध' काव्य, टवीरङ्गना' काव्य तथा 'व्रजाङ्गना' काव्य प्रकासित पाइन्छ। उनले बङ्गलामा अनुप्रासहीन कविताको प्रचलन बसाले अनि इटालियन सोनेटको प्रकार चतुर्दशपदियको पनि रचना विस्तार गरे।

बङ्किमचन्द्र चट्टोपाध्याय र रवीन्द्रनाथ ठाकुरको आगमनपछि बङ्गाली साहित्यको व्यापक विकास भएको पाइन्छ। उनीहरूलाई बङ्गलाका सर्वश्रेष्ठ लेखक मानिएको पाइन्छ। बङ्किमचन्द्र चट्टोपाध्यायले बङ्गलामा पहिलो उपन्यास दुर्गेशनन्दिनी (१८६५) लेखे। यसपछि उनले एक दर्जनभन्दा अधिक सामाजिक तथा ऐतिहासिक उपन्यास लेखे। यस कारण बङ्गला साहित्यमा उनलाई प्रसिद्धि

प्राप्तिका साथै आधुनिक भारतका विचारशील लेखक तथा चिन्तकमा गणना गरिन्छ। सन् १८७२ मा उनले "बङ्गदर्शन" नामक साहित्यिक पत्र निकालेका थिए जसले बङ्गला साहित्यलाई नयाँ मोड दियो। उनको ऐतिहासिक उपन्यासहरूमा 'राजसिंह', 'सीताराम' तथा 'चन्द्रशेखर' मुख्य रहेको छ। सामाजिक उपन्यासहरूमा "विषवृक्ष" तथा "कृष्णकांतेर विल'' - को स्थान ऊँचा रहेको छ। उनका "कपालकुंडला" शुद्ध प्रेम अनि कल्पनाको उत्कृष्ट नमुना मानिन्छ। "आनन्दमठ" प्रसिद्ध राजनैतिक उपन्यास हो जसको "वंदेमातरम्" गीत निक्कै लामो समयसम्म भारतको राष्ट्रियगान रहेको थियो अनि आज पनि यसलाई त्यसकै समादरमा राखिन्छ। उनका उपन्यासहरू तथा अन्य रचनाहरू भारतका प्राय: सबै भाषाहरूमा अनुवाद भएको पाइन्छ।

बङ्गला साहित्यले भारतीय तथा विश्व साहित्यलाई प्रदान गरेको तेजस्वी लेखक स्वामी विवेकानन्द हुन्। जसले भारतको पुनर्जागरणमा मुख्य स्थान बनाएको पाइन्छ। भारतको गरिब जनता ("दरिद्रनारायण") -को सेवा नै उनको लक्ष्य थियो। उनले अमरिका अनि युरोप गएर आफ्नो प्रभावकारी भाषणद्वारा हिन्दू धर्मको विशद विवेचना प्रस्तुत गरेर त्यसलाई पश्चिमी देशहरूमा ठुलो प्रतिष्ठा प्राप्त गराएको पाइन्छ। बङ्गला तथा अङ्ग्रेजी, दुवै भाषाको प्रभावशाली लेखकका रूपमा उनलाई चिनिन्छ। रङ्गलाल बन्द्योपाध्यायले राजपुहरूको वीरगाथाहरूका आधारमा "पद्मिनी" (१८५८), "कर्मदेवी" (१८६२), तथा "सूरसुन्दरी" (१८६८) आदिको रचना गरे। कालिदासका "कुमारसंभव" को बङ्गला अनुवाद पनि उनले गरेका छन्।

बङ्गला नाटको उदय १८७० को छोउछाउ मानिएको पाइन्छ। यद्यपि यसको पहिला पनि यस दिशामा केही प्रयास भने भएको पाइन्छ। बङ्गालमा पहिले धार्मिक नाटक प्रचलित थियो जसलाई "यात्रा" नाटक भनिन्थ्यो। यसमा दृश्य अनि दर्ा हुँदैन थियो भने गायन अनि वाद्यको प्रधानता धेर हुने गर्थ्यो। एक रुसी नागरिक जेरासिम लेबेडेवले १७९५ मा कलकत्ता आएर बङ्गलाको प्रथम नाट्यशाला स्थापित गरेका थिए तर यो चलेको भने थाहा पाइँदैन। संस्कृत नाटकबाहेक अङ्ग्रेजी नाटकहरू तथा कलकत्तामा स्थापित अङ्ग्रेजी रङ्गमञ्चबाटै बङ्गला लेखकहरूले प्रेरणा पाएको थाहा लाग्छ। दीनबन्धु मित्रले केही सुखान्त नाटक लेखे। उनको एक नाटक नीलदर्पण (१८६०) मा प्रकाशित पाइन्छ जसमा निला-गोराहरूका उत्पीडनको मार्मिक चित्रण पाइन्छ भने यसबाट यस प्रथाको नराम्रोपन देखाएर यो हटाउने उद्देश्य रहेको पाइन्छ।

राजा राजेन्द्रलाल मित्र (१८२२-९१) इतिहासलेखक अनि प्रथम बङ्गाली पुरातत्वज्ञ थिए। भूदेव मुखोपाध्याय (१८२५-९४) शिक्षाशास्त्री, गद्यलेखक अनि पत्रकार थिए। समाज अनि संस्कृतिका संरक्षण तथा पुनरुद्धार सम्बन्धी उनका लेखहरूले आज पनि यथेष्ट महत्व बोकेको पाइन्छ। कालीप्रसन्न सिंह कट्टर हिन्दू समाजका एक प्रगतिशील लेखक थिए। उनले महाभारतको बङ्गला गद्यमा तथा संस्कृतको दुई नाटक अनुवाद गरेका छन्। उनले कलकत्ताको बोलचालको बङ्गलामा "हुतोम पेंचार नक्शा" नामक रचना प्रस्तुत गरेको पाइन्छ। यसमा तत्कालीन समयका कलकतीय समाजको राम्रो चित्रण गरिएको पाइन्छ। हेमचन्द बन्दोपाध्याय (१८३८-१९०३) ले सेक्सयिरका दुई नाटक 'रोमियौँ एन्ड जुलियट' तथा 'टेम्पेस्ट' -लाई बङ्गलामा अनुवाद गरेका छन्। ‘मेघनाथ वध’ बाट प्रोत्साहित बनेर उनले "वृत्तसंहार" नामक महाकाव्य रचना गरेका छन्। नवीनचन्द्र सेन (१८४७- १९०९) ले ‘कुरुक्षेत्र’, ’रैवतक’ तथा ‘प्रभास’ नाटक रचना गरे। यसका साथै उनले बुद्ध, ईसा अनि चैतन्यका जीवनमाथि अमिताभ, ख्रिस्ट तथा अमृताभ नामक लामो कविताहरू लेखेका छन्। पलासीर युद्ध तथा रङ्गमती अनि भानुमतीको लेखक पनि उनी नै हुन्। पाँच खण्डको आफ्नो जीवनी "आमार जीवन" पनि उनले लेखेका छन्।

रवीद्रनाथ ठाकुरका दाजु द्विजेन्द्रनाथ ठाकुर (१८४०-१९२६) कवि, सङ्गीतज्ञ तथा दर्शनशास्त्री थिए। उनको प्रसिद्ध रचना "स्वप्नप्रयाण" हो। रवीद्रनाथका अर्का दाजु ज्योतीन्द्रनाथ ठाकुर थिए। उनले चार नाटक पुरुविक्रम, सरोजिनी, आशुमती तथा स्वप्नमयी लेखेका छन् जो बङ्गला साहित्यमा लोकप्रिय छन्। उनले फ्रेन्च भाषा, अङ्ग्रेजी तथा मराठीबाट पनि धेरै पुस्तकहरू अनुवाद गरेका छन्।

रमेशचन्द्र दत्तले ऋग्वेदको बङ्गला अनुवाद गरे। भारतीय अर्थशास्त्रका पनि उनी प्रसिद्ध लेखक थिए अनि उनले निक्कै उपन्यास पनि लेखे जो यस्ता छन् १. राजपूत जीवनसन्ध्या, २. महाराष्ट्र जीवनसन्ध्या; ३. माधवी कङ्कण; ४. संसार, तथा ५. समाज। उनका समसामयिक गिरीशचन्द्र घोष बङ्गलाका महान् नाटककार थिए। उनले ९० वटा नाटक, प्रहसन आदि लेखे। जसमा प्रसिद्ध भएकाहरू यी देखिन्छन्, बिल्वमङ्गल, प्रफुल्ल, पाण्डव गौरव, बुद्धदेव चरित, चैतन्य लीला, सिराजुद्दौला, अशोक, हारानिधि, शङ्कराचार्य, शास्तिको शान्ति आदि। सेक्सपियरको म्याकबेथ नाटकको बङ्गला अनुवाद पनि उनले गरे। अमृतलाल वसु पनि गिरीशचन्द्र घोषकै प्रवृत्तिका अभिनेता नाटककार थिए। हास्य रसले पूर्ण उनका नाटक तथा प्रहसन बङ्गला भाषीहरूमा निक्कै लोकप्रिय पाइन्छ।

गिरीशचन्द्रलाई बङ्गाली सेक्सपियर मानिन्छ। हास्यरसका दुईजना अन्य बङ्गला लेखक यस समय प्रतिष्ठित देखिन्छन् ती हुन् त्रैलोक्यनाथ मुखेपाध्याय (१८४७-१९१९), उपन्यासकार तथा लघुकथा लेखक अनि इन्द्रनाथ बन्दोपाध्याय (१८४९-१९११), निबन्धलेखक तथा व्यङ्ग्यकार।

संस्कृत अनि इतिहासका प्रसिद्ध विद्वान् हरप्रसाद शास्त्री (१८५३-१९३१) को उल्लेख पाइन्छ। उनी उपन्यासकार अनि अच्छे निबन्धलेखक पनि थिए। उनको दुईवटा उपन्यास "बेणेर मेये" तथा "काँचनमाला" प्रकाशित छन्। भारतीय साहित्य, धर्म तथा सभ्यताका सम्बन्धमा उनको लेख विशेष महत्वपूर्ण मानिन्छ। उनले "बाल्मीकिर जय" नामक गद्यकाव्य सुन्दर प्रभावोत्पादक रचना बङ्गलामा लेखेका छन्।

सन् १९१३ मा रवीन्द्रनाथ ठाकुरलाई साहित्यमा नोबेल पुरस्कार प्राप्त भएपछि बङ्गाल तथा भारतमा राष्ट्रिय भावनाको प्रबलता बढेर गयो। अनि बङ्गला साहित्यमा एक नयाँ युग आरम्भ भयो जसलाई "रवीन्द्रनाथ युग" को संज्ञा दिइएको पाइन्छ।

रवीन्द्रनाथ ठाकुर (१८६१-१९४१) महान् साहित्यकार हुन्। लेखकमा हुनुपर्ने लक्षण सुरुदेखि नै रहेको थियो। के कविता अनि के नाटक, उपन्यास अनि लघु कथा, निबन्ध अनि आलोचना, सबै विधामा उनको बहुमुखी प्रतिभा चम्किएको पाइन्छ। उनका विचारहरू अनि शैलीले बङ्गला साहित्यलाई नयाँ मोड नै दियो। व्यापक दृष्टि अनि गहिरो भावनाबाट संपृक्त उत्कृष्ट सौन्दर्य तथा अज्ञातको रहस्यमय अनुभूति रचनाहरूमा अभिव्यक्त भएको पाइन्छ। गीत रचनाकारका रूपमा पनि उनी अद्वितीय छन्। प्रेम, प्रकृति, ईश्वर अनि मानवमाथि लेखेका उनका गीतहरूको सङ्ख्या दुई सयभन्दा माथिको सङ्ख्यामा रहेको पाइन्छ। यी गीतहरू परमात्मा अनि आदिदैविक शक्तिको रहस्यमय भावनाले ओतप्रोत पाइन्छ। यस कारण संसारका महान् रहस्यवादी लेखकहरूमा उनको गणनाको हुन्छ। उनको निबन्ध स्वस्थ चिन्तन एवम् सुस्पष्ट विवेचनका लागि प्रसिद्ध छ। यी बुद्धिपरक पनि छ साथै कल्पनाप्रधान पनि, याथार्थिक पनि छ भने काव्यमय पनि। उनको उपन्यास तथा लघुकथाहरू तथ्यात्मक, नाटकीयता पूर्ण एवं अन्तर्दृष्टि प्रेरक पाइन्छ। उनी जीवनभरी अन्तर्राष्ट्रिय एवम् मानव एकताका समर्थक रहे। उनी सधैँ भारतलाई गौरवपूर्ण बनाउन देशको प्राचीन कुराहरूको रक्षा गर्ने अनि विश्वका अन्य देशहरूसँग एकता स्थापित गर्नका लागि तत्पर रहेको पाइन्छ।

रवीन्द्रनाथका समसामयिक लेखकहरू विशेष उल्लेखनीय पाइन्छ। कवि गोविंदचन्द्रदास, कवि देवेन्द्रनाथ सेन, कवि अक्षयकुमार बडाल, कवि कामिनी राय, कवि सुवर्णकुमारी देवी, इतिहासलेखक अक्षयकुमार मैत्रेय, निबन्धलेखक, वैज्ञानिक एवं दर्शनशास्त्री रामेद्रसुन्दर त्रिवेदी, उपन्यासकार तथा लघुकथा लेखक प्रभातकुमार मुखर्जी, कवि तथा नाटककार द्विजेन्द्रलाल राय, लगभग ५० नाटकहरूका प्रणेता क्षीरोदचन्द्र विद्याविनोद, इतिहासकार अनि ऐतिहासिक उपन्यासकार राखालदास वन्द्योपाध्याय, सुप्रसिद्ध पत्रकार रामानन्द चट्टोपाध्याय, उपन्यासकार तथा पत्रकार जलधर सेन, सामाजिक उपन्यासकार निरुपमा देवी, अनुरूपा देवी रवीन्द्रका समकालीन साहित्यकारहरू थिए।

आधुनिक बङ्गलाका सर्वप्रसिद्ध उपन्यासकार शरत्चन्द्र चट्टोपाध्याय (१८७६-१९३८) मानिन्छ। सरल अनि सुन्दर भाषामा उनका उपन्यासहरू लोकप्रिय छन्। उनका उपन्यासहरू श्रीकान्त, गृहदाह, पल्ली समाज, देना पावना, देवदास, चन्द्रनाथ, चरित्रहीन, शेष प्रश्न आदि हुन्। पछिल्लो ३० - ३५ वर्षमा, रवीन्द्रयुगको प्रधानता रहँदारहँदै पनि युवा लेखकहरूले नग्न यथार्थवादको बाटो हिँड्ने कदम बढाएको देखिन्छ। यसपछि केही लेखकहरूले समाजवाद तथा साम्यवाद (कम्यूनिज्म) प्रवृत्ति अँगालेको देखिन्छ। यस प्रकार अङ्ग्रेजी तथा रूसी साहित्यको विचार र प्रभावहरू पनि बङ्गला साहित्यकारहरूमा परेको पाइन्छ। धेरै लेखकहरू रवीन्द्र तथा शरत् बाबुको परम्परालाई पछ्याउने प्रयत्न गरेको पाइन्छ। जसमा जतीन्द्र मोहन बागची, करुणानिधान बन्द्योपाध्याय, कुमुदरञ्जन मलिक, कालिदास राय, मोहितलाल मजुम्दार, राधारानी देवी, अमीय चक्रवर्ती प्रेगेन्द्र मित्र, सुधीन्द्रनाथ दत्त, विमलचन्द्र घोष, विष्णु दे, इत्यादि पर्दछन्। गद्यलेखकहरूमा ताराशङ्कर ब्यानर्जी, विभूतिभूषण ब्यानर्जी (जसले पथेर पाञ्चाली, आरण्यकका लेखे। उनले बङ्गालका ग्राम्य जीवन का चित्रण गरे), राजशेखर वसु (हास्य कथालेखक), आनन्दशङ्कर राय, डा. बलाइचाँद मुखर्जी, सतीनाथ भादुडी, मानिक ब्यानर्जी, शैलजान मुखर्जी, प्रथमनाथ वसु, नरेन्द्र मित्र, गौरीशङ्कर भट्टाचार्य, समरेश वसु, वाजिद अली, बुद्धदेव, काजी अब्दुल वदुद, नरेन्द्रदेव, डा. सुकुमार सेन, गोपाल हालदार, शान्तादेवी, सीतादेवी, अवधुत इत्यादि पर्दछन्।

रवीन्द्रनाथ ठाकुर (१८७१-१९५१) पनि उल्लेखनीय छन्। उनले बालक-बालिकाका निम्ति चित्रसज्जाका साथ विभिन्न किताबहरू लेखेको पाइन्छ। उनले छोटा छोटा नाटक पनि लेखेका छन् भने कला विषय गम्भीर निबन्ध पनि

प्रकाशित गरेका छन्। यसै प्रकारले योगी अरविन्द घोषको नाम पनि यहाँ लिनुपर्ने हुन्छ। उनको महत्वपूर्ण रचनाहरूले बङ्गला साहित्यको श्रीवृद्धिमा धेरै भूमिका निर्वाह गरेको पाइन्छ। यसरी नै पुरानो मुसलिम कविहरूमा कैकोवाद अधिक प्रसिद्ध छन् अनि उपन्यासलेखकहरूमा मसरफ हुसेनको नाम लिन सकिन्छ। उनको "विषाद सिंधु" के एक दर्जनभन्दा अधिक संस्करण प्रकाशित भएको पाइन्छ। उपन्यासकार काजी अब्दुल वदुदको नाम पनि उच्च स्थानमा लिइएको पाइन्छ। उनले रवीन्द्र साहित्यमाथि विवेचनात्मक पुस्तक लेखेपछि गेटेमाथि एक ग्रन्थ दुई खण्डमा प्रकाशित गरेको पाइन्छ। केन्द्रीय सरकारको पूर्वकालीन वैज्ञानिक अनुसन्धान मन्त्री हुमायूँ कवीर बङ्गलाका प्रतिभावान् कवि थिए। केही अन्य मुसलिम लेखकको नाम लिँदा कविहरू गुलाम मुस्तफा, अब्दुल कादिर, बन्दे अली, फारुख अहामिद, एहसान हविब आदि; गद्यलेखकहरू डा. मुहम्मद सहुदुल्ला, अबु सैयिद अयुव, मुताहर हुसेन चौधरी, समसुन नहर, अबुल मन्सुर अहामिद, अबुल फजल, महबुबुल आलम आदि लिनुपर्ने हुन्छ।

### 5.1.7 आधुनिक युगपछिको साहित्य

तीसको दशकमा बाङ्गला कविता संसारमा पश्चिमी प्रभाव व्यापक देखिन्छ। चालीसको दशकमा वाम पन्थी कविहरूको बोलबला रह्यो जसमा प्रमुख वीरेन्द्रनाथ चट्टोपध्याय, सुभाष मुखोपाध्याय, कृष्ण धर थिए। पचासको दशकमा पत्रिका केन्द्रित कविहरूको अविर्भाव भयो। शतभिषाका, आलोक सरकार, अलोकरञ्जन दाशगुप्ता प्रमुख रूपमा अघि आए। कृत्तिबासका सुनील गङ्गोपाध्याय, शरतकुमार मुखोपाध्याय, तारापदो राय, समरेन्द्र सेनगुप्ता पनि यसै समय देखिए। यसप्रकार बङ्गला साहित्य विकासको पथमा आरुढ रहेको छ। नयाँ समयमा विश्व साहित्मा गदेखापरेका विभिन्न सिद्धान्ता, धारणा र प्रवृत्तिहरूले बङ्गाल साहित्यलाई पनि अछुतो राखेन भने ती विचार र प्रवृत्तिहरूमा राम्रा साहित्य पनि लेखिए। यसरी विकासित साहित्य बनेर वर्तमान भारतको धनी साहित्यको रूपमा बङ्गला साहित्य दरिइसकेको पाइन्छ।

## 5.2 माइकल मधुसूदन दत्तको साहित्यिक परिचय

माइकल मधुसूदन (१८२४-१८७३) १९ औँ शताब्दीको अति लोकप्रिय बङ्गला नाटककार अनि कवि थिए। उनी आधुनिक बङ्गला नाटक कवितामा सनेटको

जनक भनी परिचित छन्। रवीन्द्रनाथ ठाकुरभन्दा अघिबाटै उनी बङ्गला साहित्यको आकाशमा एक्लै चम्किरहेका थिए। उनले सबैभन्दा पहिले अङ्ग्रेजी शैलीमा बङ्गला नाटक लेखेका थिए जसमा अङ्क अनि दृश्यमा नाटक आधारित थिए। उनलाई बङ्गला भाषाबाहेक संस्कृत, तामिल, ग्रीक, लेटिन, फ्रेन्च अनि अङ्ग्रेजी भाषाको ज्ञान थियो।

मधुसूदन दत्तको जन्म बङ्गालको जेस्सोर जिल्लाको सागादरी नामक गाउँमा भएको थियो। अहिले यो ठाउँ बङ्गलादेशमा पर्दछ। उनको पिता राजनारायण दत्त कलकत्ताको प्रसिद्ध वकिल थिए। १८३७ मा हिन्दू कलेजमा भर्ना भए तर एक इसाई युवतीको प्रेमसम्बन्धमा बाँधिएर उनले इसाई धर्मलाई ग्रहण गर्दै १८४३ मा हिन्दू कलेज छोडिदिए। कलेज जीवनदेखि नै माइकल मधुसूदन दत्तले काव्य रचना आरम्भ गरेका थिए। उनी बिसप कलेजमा भर्ना भए। यस समय उनले फारसी कविताहरू अङ्ग्रेजीमा अनुवाद गर्न थाले। आर्थिक कठिनाईहरूको कारणले गर्दा १८४८ मा उनले बिसप कलेजलाई छोडेर मद्रास गए जहाँ उनले गम्भीर साहित्य साधना गर्ने अवसर पाएका थिए। १९ औँ शताब्दीको उत्तरार्द्धलाई बङ्गला साहित्यमा प्रायः मघुसूदन- बङ्किम युग भनेर चिनिन्छ। दत्तले बङ्गालमा आफ्नो पिँढीको युवकहरूको प्रतिनिधि गरेका थिए जो हिन्दू समाजको राजनैतिक अनि सांस्कृतिक जीवनबाट क्षुब्ध थिए। माइकल अति भावुक किसिमको व्यक्ति थिए। यी भावनाहरू उनको प्रारम्भको अङ्ग्रेजी रचनाहरू तथा पछिको बङ्गला रचनाहरूमा व्याप्त देख्न पाइन्छ। बङ्गला रचनाको भाषा, भाव अनि शैली दृष्टिबाट अधिक समृद्ध बनाउनका निम्ति उनले अङ्ग्रेजी तथा अन्य युरोपीय भाषाहरूको गहन अध्ययन गरेका थिए। संस्कृत अनि तेलुगु भाषाको पनि उनलाई राम्रो ज्ञान थियो।

माइकलले जुन अमित्राक्षर छन्दको सृजना गरे त्यो विदेशीवस्तु नभएर त्यसको मूलमा बङ्गलाको ध्वनि प्रवाह र निर्दिष्ट वर्ण सङ्ख्या भएको, केवल अन्त्यानुप्रासको मात्र नभएको देखिन्छ। बङ्गला छन्दले आफ्नो विशिष्टतालाई पूर्णतया सुरक्षित राख्दै आफ्नो नयाँ अभूतपूर्व रूप प्राप्त गरेको छ। माइकल मधुसुदन दत्त आफ्नो तीन नाटकहरूको सर्मिष्ठा, पद्मावती र कृष्णकुमारी तथा मेघनाद वध नामक गीतात्मक सोनेट पद्धतिको पहिलो र अन्तिम महाकाव्यको कारण साहित्य जगत्मा अमर छन्।

माइकल मधुसुदन दत्तले मद्रासमा केही पत्रिकाको सम्पादकीय विभागमा काम गरेका थिए। उनको पहिलो कविता अङ्ग्रेजी भाषामा १८४९ मा प्रकाशित भएको

थियो। उनलाई वास्तविक प्रतिष्ठा बङ्गला भाषाको रचनाहरूमा मात्र प्राप्त हुन सकेको थियो। अङ्ग्रेजी नाटकलाई बङ्गला भाषामा अनुवाद गर्ने क्रममा उनले मूल बङ्गला भाषामा एउटा नाटक लेख्ने प्रेरणा ग्रहण गर्दै 'सर्मिष्ठा' नामक पहिलो बङ्गला नाटक प्रकाशित गरे। उनको अन्य दुई नाटकहरू 'पद्मावती' अनि 'कृष्णकुमारी' बङ्गला भाषामा प्रकाशित छन्। उनको 'दुई परिहास' (कमेडी) नाटक 'एकेई कि बले सभ्यता' अनि 'बुढो शालिकेर घोडे रो' अति प्रसिद्ध छन्। तर नाटकहरूको सफलतापछि उनी काव्य रचनातर्फ प्रवृत्त भए। उनको प्रमुख काव्य कृतिहरू यस प्रकार छन्। तिलोतमा, मेघनाथ वध, व्रजांगना, वीरांगना, गलतजगह, पैदा हुआ था मै आदि।

निष्कर्षमा भन्नु पर्दा आधुनिक बङ्गला साहित्यमा मधुसूदन दत्तले आफ्नो महाकाव्यको माध्यमबाट बङ्गला साहित्यलाई यथेष्ट योगदान पुऱ्याएका छन्भन्दा अत्युक्ति नहोला। उनी बङ्गला भाषाको प्रसिद्ध कवि साहित्यकार अनि नाटककारक रूपमा परिचित छन्।

## 5.3 बङ्कीमचन्द्र चट्टोपाध्याय (१८३८-१८९९)

बङ्गाली साहित्यमा गद्य लेखेर सर्वाधिक चर्चित बनेका साहित्यकार हुन् बङ्किमचन्द्र चट्टोपाध्याय। बङ्किम बङ्गाली साहित्यका मात्र नभएर भारतीय अनि विश्व साहित्यमा नै प्रसिद्ध छ। उनको चर्चा र स्मरण भारतीय साहित्यकालहरूले मात्र होइन पाश्चात्य जगत्मा समेत गरिएको पाइन्छ। भारतीय साहित्य अनि विश्वसाहित्यकै निर्माणमा पनि बङ्किमको योगदान प्रशस्त रहेको पाइन्छ।

सन् १८३८ को २६ जुनका दिन बङ्गाल प्रदेशको हुगली जिल्लामा जन्मेका अनि ८ अप्रेल १८९४ -मा अवसान भएका बङ्किमचन्द्र बङ्गला साहित्यका एक प्रतिभाशाली साहित्यकार हुन्। गाँउकै प्राथमिक पाठशालाबाट प्रारम्भिक शिक्षा अध्ययन गर्दै कलकत्ता विश्वविद्यालयसम्मको उच्च शिक्षा हासिल गर्ने बङ्किमले १५ वा १६ वर्षको उमेरमा सौन्दर्यमय भावना भएका मौलिक कविता रचना गर्न थालेर साहित्य क्षेत्रमा प्रवेश गरेका थिए। १८४९ तिर त्यसबेलाको राजनैतिक अस्थिरता भित्र बङ्किचन्द्रले "बङ्गदर्शन" नामक पत्रिकाको सम्पादन गर्दै जनजागरण ल्याउने विशेष काम गरेका थिए। सानै देखि प्रखर बुद्धि भएका बङ्किमचन्द्रले विभिन्न पुस्तकहरू मनयोग दिएर पढ्ने गर्थे। १८५७ मा बी.ए. को डिग्री हासिल गरेपछि

बङ्किमचन्द्र प्रशासनका क्षेत्रमा पनि Deputy magistrate को पदमा कार्यरत थिए। भारतका विभिन्न ठाउँ र विदेशका पनि भ्रमण गरेका बङ्किमचन्द्रले प्रशासकीय सेवा कालमा हुँदा नै जनमानसलाई चाहिने गद्य रचनाहरू तथा उत्कृष्ट उपन्यासहरूको रचना गरेका थिए। प्रथम श्रेणीका Magistrate सम्म पुगेका बङ्कमले युवा समाजलाई दायित्वशील बनाउन निम्ति Society for the Higher training to the young men जस्तो संस्थागत परिकल्पना गरेर त्यसलाई व्यावहारिक बनाउने गम्भीर कार्य गरेका थिए। धारा -प्रवाह व्याख्यान दिन सक्ने प्रतिभाका धनी बङ्किमचन्द्र इतिहास, दर्शन, साहित्य, धर्म, कला, संस्कृति आदिका मर्मज्ञ थिए। बङ्गला साहित्य र समाजमा बङ्किमले आफ्नो जीवन नै न्योछावर गरेका थिए तर तिनको साहित्यिक वैशिष्ट्य भारतीय समाजका लागि नै अनुकरणीय र प्रेरणापरक बन्न गएको पाइन्छ। त्यसबेला अङ्ग्रेज सरकारबाट बङ्किमचन्द्रले आफ्नो सेवाकालमा रायबहादुरको उपाधि पनि प्राप्त गरेका थिए।

### बङ्किमचन्द्रका कृति

उपन्यास

दुर्गेशनन्दिनी

कपालकुण्डली

मृणालिनी

विषवृक्ष

इन्दिरा

युगलाङ्गुरीय

चन्द्रशेखर

राधारानी

रजनी

कृष्णकान्तेर उइल

राजसिंह

आनन्दमठ

देवी चौधुरानी

सीताराम

उपकथा

(इन्दिरा, युगलाङ्गुरीय अनि राधारानी त्रयी सङ्ग्रह)

Rajmohan's Wife

प्रबन्ध ग्रन्थ

कमलाकान्तेर दप्तर

लोकरहस्य

कृष्ण चरित्र

विज्ञानरहस्य

विविध समालोचना

प्रबन्ध-पुस्तक

साम्य

कृष्ण चरित्र

विविध प्रबन्ध विविध

ललिता (पुराकालिक गल्प)

धर्म्मतत्त्व

सहज रचना शिक्षा

श्रीमद्‌भगवदगीता

कवितापुस्तक

(किछु कविता, एवं ललिता ओ मानस)

सम्पादित ग्रन्थावली

दीनबन्धु मित्रेर जीवनी

बाङ्‌ला साहित्ये प्यारीचाँद मित्रेर स्थान

सञ्जीवचन्द्र चट्टोपाध्यायेर जीवनी

बङ्किमचन्द्रले आफ्नो साहित्यिक साधना 'बङ्गदर्शन' पत्रिकाको माध्यमबाट सुरु गरेको देखिन्छ। यसै पत्रिकामा पहिलोपल्ट 'साम्य' नामक रचना प्रकाशित गरेर त्यसबेलाको सामाजिक परिवेशमा स्त्रीहरूको अवस्था, स्त्री शिक्षा, देशप्रेम, प्रकृति र पृथ्वी प्रेम, मानवप्रेम आदि सुधारवादी विचारहरू प्रकाशन गर्न उत्सुक रहेका देखिन्छन्। विविध विधामा अनेकौँ रचनाहरू प्रकाशित गरे पनि बङ्किमचन्द्र उपन्यासकारको व्यक्तित्वमा नै प्रतिष्ठित देखिन्छन्। आफ्ना केही उत्कृष्ट उपन्यासहरूमा 'दुर्गेशनन्दिनी' अन्तर्गत यसका नायिका दुर्गेशन्दिनीले कुनै एकजना युवकको स्थानान्तर भइरहेको घटनाक्रमलाई आफनो घनिष्ठ

सम्बन्धमा पाएको तथ्यलाई प्रदर्शन गरेको देखिन्छ। प्रस्तुत उपन्यासमा एउटी नारीको पारिवारिक दायित्व-बोध र परिस्थितिजन्य समयहरूमा साहसिक भूमिका पालन गर्नु पर्ने तथ्यलाई पनि इङ्गित गरिएको छ। आलाङ्कारिक भाषाशैली र प्रवाहमय वर्णनात्मकताका कारणले प्रस्तुत उपन्यास पठनीय र रुचिपूर्ण रहेको छ। प्रस्तुत उपन्यासका एकजना आलोचक रमेशचन्द्र दत्तले बङ्किमचन्द्रलाई बङ्गला साहित्यमा नयाँ मोड ल्याउने र नयाँ लेखनशैलीका प्रवाह सुरु गर्ने एक प्रतिभाशाली स्रष्टाका रूपमा मूल्याङ्कन गरेका छन्। बङ्किमका अन्य उपन्यासहरू कपलाकुण्डला, मृणालिनी, वृष वृक्ष, आनन्दमठ, देवी चौधरानी पनि तत्कालीन इतिहासका यथातथ्य घटना तथा राजनीति र धर्मका द्वन्द्वहरू साथै रोमान्सका कुराहरू आकर्षणपूर्ण ढङ्गमा प्रस्तुत गर्न सक्षम पाइन्छन्।

आफ्ना रचनाहरूमा बङ्किमचन्द्रले सरस, सरल र सन्तुलित भाषा प्रयोग गर्न सक्षम बनेका छन्। बङ्गला साहित्यका विद्वान् अनुसार तिनको गद्य लेखन कलाले पूर्ववर्ती गद्य साहित्यमा देखिएका कतिपय अपरिष्कृत धारणाहरूलाई सुद्धिकरण गरिएको पनि देख्न पाइन्छ। आफ्ना उपन्यासहरू "सत्य नै सुन्दर, सुन्दर नै सत्य" -भन्ने सूत्रलाई बङ्किमले सार्थकता प्रदान गर्ने चेष्टा गरेको पनि देख्न पाइन्छ। यसबाहेक स्वदेश प्रेम, जातीय प्रेम, अपारर्थैय दिव्य जीवन तथा अलौकिक प्रेमको चित्रण गर्न पनि बङ्किम सफल रहेको देखिन्छ। प्रायः जसो मध्यवित्त शिक्षित समाजसित सम्बन्धित जीवन शैलीलाई मार्ग दर्शन गर्न चाहने बङ्किमले आफ्ना उपन्यासहरूमा धर्म, न्याय तथा तार्किक पक्षलाई अग्रसर गरेका देखिन्छन्। बङ्किमको औपन्यासिक सफलताको कारण सामाजिक आदर्शलाई मर्यादा दिन र तिनलाई व्यापक जनमानसमा विस्तार गर्नु हो भन्ने देखिन्छ। आफ्ना उपन्यासकारितामा विभिन्न स्थलहरूको चित्रण र वर्णन साथै स्तरीय गद्य-शैलीलाई आर्कषक, ढङ्गमा प्रस्तुत गर्नु पनि बङ्किमको विशेषता पाइन्छ। बङ्किमको 'दुर्गेशनन्दिनी' पाश्चात्य उपन्यासकार सर वाल्टर स्कटको कतिपय उपन्यासहरूसित मिल्दोजुल्दो रहेको कुरा विद्वान्हरू गर्दछन्। बङ्किमको अर्को श्रेष्ठ उपन्यास 'आनन्दमठ' भित्रको सत्य- असत्य, धर्म -अर्धम, राष्ट्रप्रेम, सौन्दर्यबोध पर्यावरण, नीति उपदेश आदि तथ्यहरूको वर्णन रहेको भेटिन्छ। 'आनन्दमठ' -भित्रको 'बन्दे मातरम्' -कविता पङ्क्तिको गरिमाको कारण सो कविता भारतको 'राष्ट्र-गान' हुने अवसर पनि प्राप्त भएको छ। अर्को उपन्यास- ‘देवी चौध रानी'-मा स्त्री र पुरुष माझको राग-अनुराग तथा आदर्श परिवारको कौतुहलमय घटनाहरू विवरणात्मक रूपमा प्रस्तुत छ। बङ्किमका अधिकांश

उपन्यासहरू आफैद्वारा सम्पादित त्यस बेलाको "बङ्गदर्शन' पत्रिकामा धारावाहिक रूपमा प्रकाशित भएको थाहा पाइन्छ।

बङ्किमको अर्को सफल व्यक्तित्व सफल गद्यकारको रूपमा देखिन्छ। यस अर्न्तगत विभिन्न समालोचना, लोक रहस्य, प्रबन्ध-पुस्तक, विविध प्रबन्ध आदि उल्लेखनीय छन्। यी ग्रन्थहरूमा बङ्किमले नवीन लेखकहरूलाई परिमार्जित रचना लेख्नका लागि विभिन्न नियम तथा सूत्रहरू सङ्केत गरेका पनि देखिन्छन्। एक थरीका विद्वान्हरूले बङ्किमलाई यशका लागि, पैसाका लागि, स्वार्थ सिद्धि जस्ता विषयहरूमा रचना लेख्न नचाहने साहित्यकार ठान्दछन्। तर बङ्किम स्वयंले कतै भनेका छन् - कुनै पनि साहित्यकारले मनुष्य मात्रका लागि र तिनका अधिकारका लागि धेरै सत्य कुराहरू लेख्नु अग्रसर हुनु पर्छ। त्यस्तै कुनै एउटा लेखमा भनेका छन्- 'विषम संसारको नियम हो, संसारको कुनै पदार्थमा विषम छ, जाति, वर्ण भेद आदि अप्राकृतिक विषमताको समान र सहज भावनामा मानिस जिउन पर्दछ। बङ्किमले आफ्ना अधिकांश रचनाहरूमा बहुविवाह, पति - पत्नी वियोग, संस्कार, रूढिवादी धारणा आदिलाई व्यावहारिक रूपमा लाउने सङ्केत पनि गरेका देखिन्छन्। फलस्वरूप उच्च विचार, गूढ आदी रहस्य, धार्मिक चिन्तन, सौन्दर्य शिल्प गुणहरूले बङ्किमको साहित्यिक श्रेष्ठता उल्लेखनीय हुन पुगेको देखिन्छ। बङ्किमचन्द्रका आलोचकहरू भन्दछन् - उनी भारतीय धर्मका पृष्ठपोषक, आदर्शवादी साथै मानवतावादी लेखक हुन्, अर्का थरिका समीक्षकहरू बङ्किमलाई समाज -संस्कारक कवि, मानव चरित्र सुधारक, स्वदेश भक्त, धर्म उपदेशकर, आस्तिक दार्शनिक भनेर मान्दछन्। आफ्ना समयका विद्वान् बङ्गाली साहित्यकार हरिप्रसाद शास्त्रीले बङ्किमको प्रतिभालाई देखेर तिनी इतिहासका उद्भट पाठक र ज्ञाता, साहित्य अनुरागी र मनुष्यका घनिष्ठ हितैशी हुन्, भनेका दखिन्छन्। विषवृक्ष उपन्यासको टिप्पणी गर्दै यसका र अङ्ग्रेजी अनुवादक विलियन राइटले बङ्किमलाई आफ्नो अञ्चलको यथातथ्य विवरण गर्न सक्ने सर्वोत्तम उपन्यास लेखक हुन्'- भनेका छन्। त्यसबेला प्रकाशित Bengal Under the lieutenant Governor भन्ने एउटा लेखमा वकलेट शाह नामक एकजना लेखकले "बङ्किमचन्द्र चट्टोपाध्याय आफ्ना साहित्य लेखनमा समस्त बङ्गाली लेखकहरू मध्ये उच्च दर्जाका लेखक हुन्" समेत भनेका पाइन्छन्। अक्सफोर्ड युनिभसिटिका प्रोफेसर ब्लुमफिल्डले भनेका छन्- बङ्किमचन्द्र भारतका सर्वोत्तम उपन्यास लेखक हुन्, तिनको लेखन शैलीले बङ्गला साहित्यलाई उत्कृष्टता प्रदान गरेको पाइन्छ। त्यसरी नै Literary History of

India का लेखक फ्रेजरले पनि भनेका छन्- बङ्किमचन्द्र चटर्जी आधुनिक भारतका श्रेष्ठ मानव हुन्, तिनले आफ्ना उपन्यासहरूबाट दर्शाएका विचार र भावहरूबाट पाश्चात्य पाठकहरू समेत अत्यन्त प्रभावित छन्। सम्भवतः बङ्किमचन्द्रको दुर्गेशनन्दिनी आनन्दमठ, विषवृक्ष, देवी चौध रानी उपन्यास बङ्गला साहित्यका मात्र नभएर भारतीय साहित्यकै उत्कृष्ट प्राप्ति मानिन्छन्। बङ्गला उपन्यासमा ऐतिहासिक घटनाक्रमलाई आधार गर्दै साथै वर्तमानको सापेक्षतामा लिने प्राचीन भारतीय सांस्कृतिक सम्प्रदायलाई चिनाउने मानव मूल्यको विचारहरू बुझाउन बङ्किमचन्द्र चट्टोपाध्याय एक चिन्तनशील र दुरदर्शी साहित्यकारका रूपमा प्रतिष्ठित छन्। नेपालीका विभिन्न साहित्यकारहरू रूपनारायण सिंह, लैनसिंह बाङदेल, इन्द्र सुन्दास प्रभृति लेखकहरूमा बङ्किमचन्द्रको औपन्यासिक कलाको प्रभाव प्रत्यक्ष रूपमा परेको सम्भावना भेटिन्छ। बङ्किमचन्द्रका अधिकांश रचनाहरू भारत तथा विदेशका विभिन्न भाषाहरूमा अनूदित र रूपान्तरित रहेको पनि थाहा पाइन्छ। बङ्गला साहित्यलाई मात्र होइन तर भारतीय साहित्यलाई नै गरीमामय र विशिष्टता तुल्याउन बङ्किमचन्द्रको साहित्यिक अध्यावसाय उल्लेखनीय र प्रशंसनीय प्रतीत हुन्छ।

## 5.4 उपसंहार

भारतीय साहित्यको निर्माणमा बङ्गला साहित्यको योगदान अतुलनीय रहेको छ। बङ्गला साहित्यका साहित्यकारहरूले लेखेका साहित्यले भारतीय अन्य साहित्यलाई व्यापक प्रभाव पार्नका साथै अनेकन प्रेरणा दिएको देखिन्छ। भारतीय साहित्य मात्र नभएर विश्व साहित्य निर्माणमा पनि बङ्गला साहित्यको अमूल्य योगदान रहेको पाइन्छ। रवीन्द्रनाथ टेगोर, बङ्किमचन्द्र चट्टोपाध्याय. शरत्चन्द्र बन्धोपाध्याय, माइकल मधुसूधनजस्ता हस्तीहरूले विश्व साहित्यलाई नै नयाँ लेखन र विचारहरू प्रस्तुत गरेको पाइन्छ। ऋषि अरविन्द तथा स्वामी विवेकानन्दजस्ता विश्वमा परिचित पुरुषहरू बङ्गला साहित्यले जन्माएको छ। २०१३ मा गीताञ्जलिले नोभेल पुरस्कार पायो। भारतको सम्पूर्ण साहित्यमा यो एउटै मात्र नोभेल पुरस्कार प्राप्त भएको छ। बङ्गला साहित्यको गरिमा विश्वसाहित्मै फैलिएको पाइन्छ। भक्तिकालबाट सुरु भएको यस साहित्यले दीर्घमियादी साहित्यिक इतिहास बनाएको देखिन्छ। मधुसूदन दत्त, बङ्किम,

रवीन्द्र, शरच्चन्द्र, विवेकानन्द लगायत अन्य विशिष्ट साहित्यकारहरू यस साहित्यको निधि देखिन्छन्।

आफ्नो समयमा साहित्याकाशमा एक्लै चम्किन सफल साहित्यकार माइकल मधुसूधन देखिन्छन्। उनी बङ्गला भाषाको प्रसिद्ध कवि साहित्यकार अनि नाटककारक रूपमा परिचित छन्।

बङ्गाली साहित्यमा गद्य लेखेर सर्वाधिक चर्चित बनेका साहित्यकार हुन् बङ्किमचन्द्र चट्टोपाध्याय। बङ्किम बङ्गाली साहित्यका मात्र नभएर भारतीय अनि विश्व साहित्यमा नै प्रसिद्ध छ। बङ्गला साहित्यका विद्वान् अनुसार तिनको गद्य लेखन कलाले पूर्ववर्ती गद्य साहित्यमा देखिएका कतिपय अपरिष्कृत धारणाहरूलाई सुद्धिकरण गरिएको पनि देख्न पाइन्छ। आफ्ना उपन्यासहरू "सत्य नै सुन्दर, सुन्दर नै सत्य" -भन्ने सूत्रलाई बङ्किमले सार्थकता प्रदान गर्ने चेष्टा गरेको पनि देख्न पाइन्छ। ब्लुमफिल्डले भनेका छन्- बङ्किमचन्द्र भारतका सर्वोत्तम उपन्यास लेखक हुन्, तिनको लेखन शैलीले बङ्गला साहित्यलाई उत्कृष्टता प्रदान गरेको पाइन्छ। त्यसरी नै Literary History of India का लेखक फ्रेजरले पनि भनेका छन्- बङ्किमचन्द्र चटर्जी आधुनिक भारतका श्रेष्ठ मानव हुन्, तिनले आफ्ना उपन्यासहरूबाट दर्शाएका विचार र भावहरूबाट पाश्चात्य पाठकहरू समेत अत्यन्त प्रभावित छन्।

## 5.5 सार

यस प्रखण्डमा बङ्गला साहित्यको संक्षिप्त सर्वेक्षणात्मक इमतिहास तथा माइकस मधुसूधन, बङ्किमचन्द्र चट्टोपाध्यायको साहित्यिक व्यक्तित्व र रचनाबारे जानकारी प्राप्त भयो। उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- भारतीय साहित्यमा बङ्गला साहित्यको ठाउँ ठुलो देखिन्छ।
- भारतीय धर्म तथा तत्व ज्ञानदेखि विभिन्न चरममा विभिन्न विचार, धारणयुक्त रचनाहरू लेखेर भारतीय तथा विश्व साहित्यमा नै बङ्गला साहित्यले स्थान बनाएको देखिन्छ।
- माइकल मधुसूधन, बङ्किमचन्द्र, रवीन्द्र, शरत्चन्द्र आदि बङ्गला साहित्यका विश्व चर्चित साहित्यकारहरू हुन्।
- मधुसूधन बङ्गला भाषाको प्रसिद्ध कवि साहित्यकार अनि नाटककारक रूपमा परिचित छन्।

• बङ्किमचन्द्र चटर्जी आधुनिक भारतका श्रेष्ठ मानव हुन्, तिनले आफ्ना उपन्यासहरूबाट दर्शाएका विचार र भावहरूबाट पाश्चात्य पाठकहरू समेत अत्यन्त प्रभावित छन् तिनको लेखनशैलीले बङ्गला साहित्यलाई उच्चता प्रदान गरेको छ।

## 5.6 अनुशीलन

1. बङ्गला साहित्यको इतिहास अध्ययनबाट प्राप्त हुने उपादेयताहरू औँल्याउनुहोस्।
2. माइकल मधुसुधनको काव्य-प्रतिभाको चर्चा गर्नुहोस्।
3. बङ्किमचन्द्रको साहित्यिक उपलब्धि र मूल्याङ्कन गर्नुहोस्।
4. बङ्गला साहित्यको प्रारम्भिक कालको विशेषताहरू परिचय गराउनुहोस्।
5. आधुनिक बङ्गला साहित्यका विशेष साहित्यकारहरू को को थिए। जानकारी गराउनुहोस्।

## 5.7 अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ

सुकुमार सेन(अनु. इन्द्र सुन्दास) बङ्गला साहित्यको इतिहास

Prof. S.K Ghosh (ed) An Integrated History of Indian Literature

तथा पूर्वीय साहित्यमा प्रयोज्य रस, अलङ्कार, ध्वनि आदि वाद वा सूत्रहरूको व्याख्या- आवश्यक।

यस अतिरिक्त विभिन्न पत्र-पत्रिका अनि वेभसाइट-विकिपिडिया पनि अध्ययन गर्न सक्ने छन्।

## 5.8 मूल्यवृद्धिका निम्ति उत्तर

नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –

1. माध्यमिककालीन बङ्गला साहित्यको चर्चा गर्नुहोस्।

_______________________________________________

_______________________________________________

(प्रश्न 1 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 5.1.2 खण्डमा उत्तर खोज्न सक्नेछन्)

2. बङ्किमचन्द्रको दुर्गेशन्दिनीमाथि टिप्पणी लेख्नुहोस्।

---

---

(प्रश्न 2 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 5.3 खण्डमा उत्तर खोज्न सक्नेछन् )

3. माइकल मधुसूदन कस्ता नाटककार हुन्?

---

---

(प्रश्न 3 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 5.2 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

4. बङ्किमचन्द्रको काव्यगत विशेषता विषय जानकारी गराउनुहोस्।

---

---

(प्रश्न 4 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 5.3 अन्तर्गत उत्तर खोज्न सक्नेछन्)

5. बङ्गला साहित्यको आधुनिक कालपछिको साहित्यमाथि चर्चा गर्नुहोस्।

---

---

(प्रश्न 5 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 5.1.7 खण्डअन्तर्गत उत्तर खोज्न सक्ने छन्)

# एकाइ - 6 शरच्चन्द्र चट्टोपाध्याय, रवीन्द्रनाथ ठाकुर, काजी नजरुल इस्लाम

**संरचना**

6.0 उद्देश्य

6.1 शरत्चन्द्र चट्टोपाध्यायको परिचय

6.2 शरतचन्द्रको कृतिहरू

6.3 काजी नजरुल इस्लामको साहित्यिक परिचय

6.4 नजरुल सङ्गीत, नजरुल गीति

6.5 रवीन्द्रनाथ ठाकुरको साहित्यिक परिचय

6.6 रविन्द्रनाथ ठाकुरका साहित्यित विशेषता

6.5 उपसंहार

6.6 सार

6.7 अनुशीलन

6.8 अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ

6.9 मूल्यवृद्धिका निम्ति उत्तर

## 6.0 उद्देश्य

यस एकाइको अध्ययनपछि तपाईँ निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- बङ्गला साहित्यकार शरत्चन्द्रको परिचय र साहित्यिक योगदान
- रविन्द्रनाथ ठकुरको साहित्यिक परिचय अनि बङ्गला साहित्यको निर्माणमा उनको योगदान
- काजी नजरूलको साहित्यिक परिचय तथा कृतित्व

## 6.1 शरत्चन्द्र चट्टोपाध्यायको साहित्यिक परिचय

बीसौँ शताब्दीको सफल र विशिष्ट बङ्गला साहित्यकारका रूपमा परिचित शरत्चन्द्र चट्टोपाध्याय १५ सेप्टेम्बर **१८७६** को दिन हुगली जिल्लाको देवानन्दपुर गाउँमा जन्मेका अनि १८ जनवरी १९३८ का दिन अवसान भएका एक

स्वानामधन्य व्यक्तित्व हुन्। स्थानीय पाठशालाहरूबाट प्रथम स्थानमा उत्तीण हुँदै विशवविद्यालयसम्मको उच्च शिक्षा हासिल गरेका शरत्चन्द्रले ढाका विश्वविद्यालय मानद महाविद्यावारिधी उपाधिबाट सन्मानित भएका थिए। विद्यार्थी अवस्थादेखि नै गम्भीर स्वभाव र घुमक्कढ प्रवृत्ति भएका शरत्चन्द्र सन् १९७० सालदेखि सन्यासीको भेष धारण गरेर विभिन्न देश-विदेशको भ्रमण गरेका थिए। उनी सङ्गीका त्यत्तिकै अनुरागी थिए। जसलाई तिनका मामा लालमोहन गङ्गोपाध्यायले उचित निर्देशन गरेका थिए। आफ्ना माता पिताको असामयिक मृत्युपछि शरत्चन्द्रले कलकत्तास्थित कुनै एउटा विदेशी संस्थामा अङ्ग्रेजीबाट हिन्दीमा अनुवाद गर्ने नियुक्ति पाएका थिए। आफ्नो पहिलो कथा 'मन्दिर' प्रकाशित गरेर पुरस्कृत साथै चर्चित हुन पाउने शारत्वन्द्रले फुर्सदका समयमा अनेकौँ कथा र उपन्यासहरूको सृजनामा आफूलाई एकाग्र गराएका थिए। सन् १९०८ मा वैवाहिक जीवन प्रारम्भ गरेका शरत्वन्द्रले आफ्नो पत्नीको नाम अज्ञात रहने हुनाले स्वयंले हिरण्यमयी देवी नाम राखिदिएका थिए। सन् १९०८ देखि भारती पत्रिकाको माध्यम आफ्ना कथा र उपन्यासहरूलाई धारावाहिक रूपमा प्रकाशित गराउने शरत्वन्द्रले १९२१ तिर भारतीय राष्ट्रिय काङ्ग्रेसको स्वदेशी आन्दोलनमा सक्रिय रूपमा नेतत्व गरेका थिए। शरत्वन्द्रका समकालीन देशबन्धु चित्तरञ्जन दास पनि भएकाले तिनकै सान्निध्यबाट शरत्चन्द्र स्वाधीनता आन्दोलनका लागि पश्चिम बङ्गालको कङ्ग्रेस समितिको कार्यकारी अध्यक्ष बनेर काम गर्न थाले। सन् १८३६ तिर शरत्चन्द्र अकस्मात बिमारी परेका थिए। फलस्वरूप उपचारका निम्ति स्विजरल्यान्ड र अन्याय विदेशी ठाउँहरूमा पुगेका थिए। शरत्चन्द्रको व्यावहारिक जीवन भन्नु नै राजनैतिक चेतना जगाउन शिक्षा प्रसार प्रचार गर्न र साहित्यिक रचनाहरू सृजना गर्ने तथ्यहरू हुन्।

## 6.2 शरत्चन्द्रको कृतिहरू

**उपन्यास**

बडो दिदी, १९१३

बिराजबौ, १९१४

परिणीता, १९१४

बैकुन्ठेर उइल, १९१५

पल्लीसमाज, ११६

चन्द्रनाथ, १९१६

अरक्षणीया, १९१६

पण्डित मोसाइ, १९१७

देवदास, १९१७

चरित्रहीन, १९१७

श्रीकान्त १, १९१७

निष्कृति, १९१७

श्रीकान्त २, १९१८

दत्ता, १९१८

गृहदाह, १९२०

बामुनेर मेये, १९२०

देना पाओना, १९२३

नवविधान, १९२४

पथेर दाबी, १९२६

श्रीकान्त ३, १९२७

शेष प्रश्न, १९३१

विप्रदास, १९३५

श्रीकान्त ४, १९३३

शुभद्र, १९३८

शेषेर परिचय, १९३९

**नाटक**

षोडशी, १९२८

रमा, १९२८

बिराज बौ, १९३४

विजया, १९३५

**गल्प**

रामेर सुमति, १९१४

विन्दुर छेले, १९१४

पथ-निर्देश, १९१४

मेजदिदि, १९१५

आधाँरे आलो, १९१५

दर्पचूर्ण, १९१५

काशीनाथ, १९१७

छवि, १९२०

विलासी, १९२०

मामलार फल, १९२०

हरिलक्षी, १९२६

महेश, १९२६

अभागीर स्वर्ग, १९२६

अनुराधा, १९३४

सती, १९३६

परेश, १९३६

**निबन्ध**

नारीर मूल्य

तरुणेर विद्रोह, १९१९

स्वदेश ओ साहित्य, १९३२

स्वराज साधनाय नारी

शिक्षार विरोध

शरत्चन्द्रले अनेक उपन्यास लेखे जसमा पण्डित मोसाय, बैकुन्ठेर बिल, मेज दिदी, दर्पचूर्ण, श्रीकान्त, अरक्षणीया, निष्कृति, मामलार फल, गृहदाह, शेष प्रश्न, दत्ता, देवदास, बाह्मणकी छोरी, विप्रदास, देना पावना आदि प्रमुख छन्। बङ्गालका क्रान्तिकारी आन्दोलन लिएर "पथेर दावी" उपन्यास लेखेका छन्। पहिला यो "बङ्ग वाणी" मा धारावाहिक रूपमा निस्कालिएको थियो। पछथि फेरि पुस्तकाकारमा प्रकाशित भयो। भनिन्छ पहिलो संस्करणमा यसको प्रकाशन त्यतिबेला तीन हजारवटा भएको थियो जो तीन महिनामै समाप्त भएको थियो। यसपछि ब्रिटिस सरकारले यो किताब जफत गरेको थियो। शरत्चन्द्रको उपन्यासहरू भारतका विभिन्मन भाषाहरूमा अनुवाद भएको पाइन्छ।

शरतचन्द्र चट्टोपाध्याय आफैले आफू अग्रज विशिष्ट बङ्गला साहित्यकार बङ्किमचन्द्र च्याटर्जी अनि रवीन्द्रनाथ ठाकुरको साहित्यबाट प्रेरित रहेको बताएका छन्। तर उनको साहित्यले समाजको तल्लो तबकाको पहिचान

दिलाएको पाइन्छ। यसो हुँदा समाजले उनलाई दुत्कारेको पनि पाइन्छ। 'चरित्रहीन' प्रकाशमा ल्याउँदा उनले धेरै विरोधको सामना गर्नु परेको थियो। यस उपन्यासमा उनले तत्कालीन समयको मान्यताहरू अनि परम्पराहरूलाई निक्कै चुनौति दिएका थिए। उनले सुन्दरताको ठाउँमा कुरूपतालाई अधिक प्रमुखता दिएको अनि यसै कारण उनका रचनाहरू आज पनि प्रासङ्गिक लाग्ने गरेको समालोचकहरूको भनाइ पाइन्छ। उनका पुरुष पात्रहरूको तुलनामा नारी पात्राहरू अधिक बलिष्ठ पाइने पनि समालोचकहरूको मत पाइन्छ।

शरत्चन्द्रको जनप्रियता उनको कलात्मक रचना अनि उचित शब्द संयोजन या जीवन्तताले ओतप्रोत घटनावलिहरूको कारण हो। कुरा यतिमै सकिँदैन। उनका उपन्यासहरूमा नारी जस्तो प्रकारले परम्परागत बन्धनहरूभित्र छटपटाएको दृष्टिगोचर हुन्छ अनि जस्तो प्रकारले पुरुष अनि स्त्रीको सम्बन्धलाई स्थापित गर्नका निम्ति जस्तो नयाँ आधार र पक्ष प्रस्तुत गरिएको छ त्यसले शरत्चन्द्रलाई जनप्रियता बनाएको छ। उनको रचनाले पाठकको हृदयलाई धेरै स्पर्श गर्नेगर्छ।

समाजले नसुनेको मान्छेको आर्तनाद, सम्बोधनमा आउ नसकेको वञ्चितहरू, विलखबन्दमा परेका आवाजहरू शरत्चन्द्रले परख गरेको कुरा उनका कृतिहरूमा पाइन्छन्। जाति, वंश अनि धर्म आदिको नाममा मान्छेलाई ठुलो सानो गरेर वर्गभेद गरिएको कुरा उनका कृतिहरूमा व्यक्त भएको पाइन्छ। उनले आफ्नो लेखनको माध्यमबाट यस षड्यन्त्र अन्तर्गत हुर्किरहेको तथाकथित सामाजिक 'आम सहमति' माथि रचनात्मक हस्तक्षेप गरेको देखिन्छ। यसो भएको कारण उनी लाखौँ- करोडौँ पाठकका प्रिय शब्दकार बने। नारी अनि अन्य शोषित समाजको मात्रै चित्रण नगरेर उनीहरूका आम जीवनमा आच्छादित इन्द्रेणीका रङ्गले भरिएका पाटो पनि प्रस्तुत गरेका पाइन्छन्। प्रेमलाई आध्यात्मिकतासम्म लिएर जाने काममा शरत्चन्द्रको विशेष योगदान रहेको पाइन्छन्।

उपन्यास र कथाका क्षेत्रमा आफ्नो साहित्यिक प्रतिभा प्रस्फुटित पार्ने शरत्चन्द्रले यी दुवै क्षेत्रमा प्रशस्त प्रसिद्धि आर्जन गरेका छन्। शरत्चन्द्रका एक विशिष्ट संरक्षकतुल्य रहेका डा. इन्द्र मदान अनुसार शरत्चन्द्रका उपन्यासकारितालाई तीन श्रेणीमा देखन पाइन्छ:-

क. निष्क्रिय जमिन्दारी व्यवस्था, तुच्छ षड्यन्त्र, विधवा जीवनको विविध थपनाहरू, सम्पत्ति षड्यन्त्र, शिष्टाचार तथा सदाचारको साहसिक कार्य, प्रेम तथा वैवाहिक जीवनप्रति मौलिक धारणा जाति भेद आदिको समस्या, सामाजिक

सुधारका प्रयत्नहरू आदि जस्ता तथ्यहरूलाई प्रकाशमा ल्याउने शरत्चन्द्रका औपन्यासिक विशेषताहरू हुन्।

ख. समाजका विभिन्न पक्षहरूको समस्या, नारी मनोविज्ञान, मानिसका अन्तर्व्दन्द्व र त्यसतर्फको समाधान गरेको उपाय आदि दोस्रो वर्गका औपन्यासिक विशेषताहरू पाइन्छन्।

ग. कतै कतै लेखकको आफ्नो निजी लेखन शैलीको सुरक्षा साहित्यिक कलात्मक सफलताको अपेक्षा भाषिक सौन्दर्यका प्रयोगहरू आदि ती उपन्यासहरूमा थप विशेषताहरू देखिन्छन्।

शरतचन्द्रका उत्कृष्ट उपन्यासहरूमा बडो दिदी एउटा असफल प्रेमको गाथाको रूपमा पाइन्छ। देवदास उपन्यास प्रणय सम्बन्धको आशा र निराशापूर्ण कौतूहलमय गाथाको रूपमा पाइन्छ। काशीनाथ उपन्यासमा कुनै एउटा बालकको शैवव अवस्थाको करुण कथा प्रस्तुत गरिएको पाइन्छ। श्रीकान्त उपन्यासममा प्रेम, कर्तव्य, यौवन र वृद्ध अवस्था साथै अतीत र वर्तमान माझको द्वन्द्व देखाइएको पाइन्छ। गृहदाह उपन्यासमा ग्रामीण जन-जीवनको धर्मसंस्कार, निरूपाय अवस्था अज्ञानता जात -पातका भेदभाव साथै सामाजिक असमान्यतालाई सजीव रूपमा चित्रण गरिएको छ। अरक्षणीय उपन्यासमा एकजना निर्धन बङ्गाली विधवा आइमाईको दयनीय जीवन र चरित्रलाई प्रस्तुत गर्रिँदै तिनको आफ्नो एकलौती छोरीको विवाहका लागि सामाजिक समस्यासँग धृणा, तिरस्कार तथा उपेक्षा, सहनु परेको दुखद् स्थितिलाई वर्णन गरिएको छ। देना पावना लेनदेन उपन्यासमा ग्रामीण इलाकामा हुने कलह, पारस्पारिक षड्यन्त्र, ईष्यालु सामाजिक परिवेश आदिलाई यथातथ्य रूपमा प्रस्तुत गरिएको छ। नव विधान लघु उपन्यासमा बङ्गाली समाजमा विदेशी तथा पाश्चात्य प्रभावहरूलाई सुविधाअनुकूल बनाएर स्वीकार गर्नुपर्ने तथ्यलाई दर्शाएको छ। यस्तै गरी मेज दिदी उपन्यासमा ग्रामीण जनजीवनकै नारी चरित्रलाई तिनको अन्तर्व्ुन्द्वहरू वर्णन गरिएको छ। अर्को उपन्यास विदुर छेले अन्तर्गत विदुर नामक एउटा युवक र विन्दु नामक एउटी युवतीको प्रणय सम्बन्धलाई देखाइएको छ। पण्डित गोसाई ग्रामीण समस्याको साथसाथै कुनै एकजना पण्डितले आफ्नो त्यागको भावना देखाएको घटनालाई प्रदर्शित गरिएको छ। यसबाहेक पथेर दाबेदार शरत्चन्द्रको राजनैतिक उपन्यासको रूपमा चर्चित रहेको छ। जसअन्तर्गत मानव जीवनका विभिन्न समस्या सँगसँगै अप्रत्याशित भाव आवेगहरूलाई मनोवैज्ञानिक रूपमा प्रस्तुत गरिएको छ। अर्को उपन्यास 'शेष

प्रश्न' लेखकको जटिल र दुरूह उपन्यास मानिन्छ। यस उपन्यासमा यौवनको विभिन्न पक्षलाई रहस्यमय ढङ्गमा प्रस्तुत गरिएको छ। अर्का उपन्यास 'विप्रदास' -मा भारतीय नारीको महिमामय चरित्रलाई प्रस्तुत गरिएको छ। यद्यपि दुखान्त उपन्यासहरूको शृङ्खलामा देवदास, परिणीता, शेष प्रश्न -जस्ता उपन्यासहरू शरत्चन्द्रका प्रथम श्रेणीका उपन्यासहरू मानिन्छन्।

माथि उल्लेखित उपन्यासहरूका सन्दर्भमा शरत्चन्द्रले समाजका विभिन्न पक्षलाई गम्भीरतापूर्वक चित्रण र वर्णन गर्ने प्रयास गरेका देखिन्छन्। प्रायै उपन्यासहरू नारी चरित्रलाई प्रधानता दिइएको देखिन्छ। प्रयुक्त नारी पात्रहरू कुनै पतिमाझ स्नेहमयी, कठोर प्रकृति एवं कटुवाणी युक्त, सरल प्रेमिकारूपी, अत्यन्त ग्रहण विचारक, कर्कशा आदि रूपमा प्रस्तुत गरिएका देखिन्छन्। कतिपय नारी पात्रहरू गौण चरित्रका र सामान्य रूपमा प्रयोग गरिएका देखिन्छन्। औपन्यासिक कलाका दृष्टिले शरत्चन्द्रमा उपन्यासहरू रोमान्टिक यथार्थवादी र मनोवैज्ञानिक साथै प्रगतिवादी रूपमा पाइन्छन्। आफ्ना उपन्यासहरूमा शरत्चन्द्रले रवीन्द्रनाथका अनेकौँ विचार र दर्शनलाई आत्मसात् गरेका पनि देखिन्छन्। यस अतिरिक्त अवास्विक कल्पना भाव प्रमणता, आवेगपूर्णता, गतानुगतिकता जस्ता विशेषताहरूलाई प्रस्तुत गर्ने हुँदा शरत्चन्द्रका उपन्यासहरू अत्यन्त सुरुचिपूर्ण र पठनीय बन्न सकेका देखिन्छन्। आफ्ना उपन्यासहरूमा व्यक्ति, समस्या र सामाजिक समस्याहरूलाई निरपेक्ष दृष्टिले हेर्ने शरत्चन्द्रका तटस्थ द्रष्टाका रूपमा पनि देखिन्छन्। कतिपय उपन्यासहरूमा हास्य रोमान्स, मनोरञ्जन, रहस्य कौतुहल आदि सूत्रहरूलाई पनि शरत्चन्द्रले अत्यन्त स्वाभाविक रूपमा प्रस्तुत गरेका देखिन्छन्। अधिकांश बङ्गाली आलोचकहरू शरत्चन्द्रका उपन्यासहरूमा नारी पात्र प्रयोग मानसिक अन्तर्द्वन्द्व कौतुहलमय पक्षाका कारणले ती उपन्यासहरूमा बङ्गला साहित्यका बेजोड निधि बन्न पुगेका छन् भन्ने पक्षमा एक मत रहेका भेटिन्छन्। कतिपय आलोचकहरू आफ्नो उपन्यासकारितामा शरत्चन्द्र बङ्किमचन्द्रबाट टाढो छन् तर रवीन्द्रनाथको नजिक छन् भन्ने पनि मन्तव्य व्यक्त गर्दछन्। शरतचन्द्रका कथाकारितामा एक अलग विशेषता परिलक्षित हुन आउँछ। मन्दिर रामेर समती, स्थानी, एकादशी वैरागी, तस्वीर, विलासी, श्रीकान्ते भ्रमण कहानी -जस्ता कथाहरूमा शरत्चन्द्रले नारी जीवन सम्बन्धी साथै सामाजिक समस्याहरू सम्बन्धी सूक्ष्म विश्लेषण गरेका देखिन्छन्। यद्यपि श्रीकान्तेर भ्रमण कहानी शरत्चन्द्रको महत्वपूर्ण कथासङ्ग्रह मानिन्छ जस अन्तर्गत चार खण्ड छन् अनि प्रायः कथाहरू भ्रमणमूलक ढङ्गमा

प्रस्तुत छन्। अधिकांश बङ्गाली आलोचकहरू शरत्चन्द्रका बङ्गला कथा साहित्यका प्रथम श्रेणीका कथाकार मान्दछन्।

निष्कर्षमा शरत्चन्द्रका उपन्यास र कथाहरू बङ्गला साहित्यका मात्र उपलब्धि होइन तर भारतीय साहित्यकै उपलब्धि मानिन्छन्। आफ्ना यी गद्याख्यानहरूमा शरत्चन्द्रले मानव जीवनका विभिन्न अनुभवहरूको गम्भीरतापूर्वक चित्रण गरेका छन्। निम्न मध्यम वर्गीय समाजलाई सचेत गराउने अभिप्रायमा तिनीहरूका नजिक पुगेका छन्। उपेक्षित र आरदणीय नारी पात्रहरूलाई समान अधिकारका लागि सद्भावना पनि प्रकट गरेका छन् साथै सहज र स्तरीय भाषाशैलीबाट ती उपन्यास र कथाहरूलाई पाठकका रूचि अनुकूल पारेका छन्। आधुनिक बङ्गला साहित्यलाई गरिमामय पार्नमा शरत्चन्द्र चट्टोपाध्यायको साहित्यिक अवदान स्मरणीय प्रतीत हन्छ।

## 6.3 काजी नजरुल इस्लामको साहित्यक परिचय

काजी नजरुल इस्लाम बङ्गला भाषाको अन्यतम साहित्यकार, देशप्रेमी तथा बङ्गलादेशका राष्ट्रिय कवि हुन्। पश्चिम बङ्गाल अनि बङ्गलादेश दुवै ठाउँ उनका कविता अनि गीतलाई समान आदर प्राप्त भएको देखिन्छ। उनका कवितामा विद्रोह स्वर भएको कारण उनलाई 'विद्रोही कवि' नामले चिनिने गरिन्छ। उनका कविताका कथ्य विषय 'मनुष्यमाथि मनुष्यको अत्याचार' तथा 'सामाजिक अनाचार र शोषण विरुद्ध कठोर प्रतिवाद' रहेको देखिन्छ।

## 6.4 नजरुल सङ्गीत' या 'नजरुल गीति'

काजी नजरुल इस्लामले लगभग तीन हजार गीतहरू रचना गर्नका साथै अधिकांशमा स्वर  पनि दिएका छन्। जसलाई आजभोलि 'नजरुल सङ्गीत' या 'नजरुल गीति' नामले चिनिने गरिन्छ।

कवि काजी नजरुल इसलामलाई बङ्गालको "विद्रोही कवि" भनिन्छ। उनको नाम गुरुदेव रवीन्द्रनाथ ठाकुरका साथ लिने गरिएको पाइन्छ। उनका कविता भारतको स्वतन्त्रता सङ्ग्राममा हतियार एवं ऊर्जाका रूपमा अघि आएको मानिन्छ। उनका अनेकौँ गीत अङ्ग्रेज सरकारद्वारा प्रतिबन्ध गरिएको थियो।

कवि हुनका साथै उनी एक अब्बल दर्जाका सङ्गीतकार पनि थिए। देशभक्तिले ओतप्रोत उनका कविता एवं गीत बङ्गालमा आज पनि उत्तिकै जनप्रिय रहैका छन्। आज पनि उनका कविता अनि गीत सुनेर श्रेताको रोमरोम खडा हुने बताइन्छ। यसबाहेक उनले प्रेमगीत, इस्लामी गीत, हाँसोकरो गीत, गजलहरू, साम्यवादका गीत पनि लेखेता थिए भने ती पनि जनप्रिय सङ्गीत रहेको पाइन्छ।

नजरुल इस्लाम एक मुसलमान भएर पनि हिन्दू धर्ममा चासो लिन्थे भन्ने चर्चा पाइन्छ। उनले हिन्दू धर्मको भक्तिगीत रचनामा पनि निक्कै ख्याति कमाएका थिए। "मा काली" को भक्तिगीती, जो बङ्गालमा "श्यामा सङ्गीत" भिन्छ, कवि नजरुल इस्लामको  रचनाहरूको कारण धेरै समृद्ध बनेको पाइन्छ। उनको अन्य धर्मप्रति श्रद्धा आज पनि उदाहरणीय मानिन्छ। व्यक्तिगत जीवनमा पनि उनी धेरै उदार प्रकृतिका थिए। उनले एक हिन्दूसँग विवाह गरेका थिए तर उनले आफ्नी स्वास्नीलाई धर्म परिवर्तन गर्न कहिले कर गरेनन्।

विद्रोही कवि नजरुत देश आजादीका निम्ति लेखिरहेका थिए। उनका काव्य सङ्ग्रह 'अग्निविणा' प्रकाशित भएखो पाइन्छ। यस पुस्तकलाई उनले रातारात क्रान्तिकारीहरूका प्रेरणास्रोत बनाइदिएका थिए। यस सङ्ग्रहको सबैभन्दा प्रसिद्ध कविता 'विद्रोही' थियो। नजरुल सधैँ साम्प्रदायिक सद्भावमाथि जोर दिने गर्थे। उनको धारणा यस्तो थियो, भारत त्यस बेला मात्र स्वन्त्नत हुन्छ जब परस्पर साम्प्रदायिक सौहार्दको भावना मानिसहरूमा आउँछ। उनी अङ्ग्रेजको "टुक्राउ अनि राज गर' नीति बाट निक्कै चितित थिए। उनले बुझेका थिए, ब्रिटिस सरकारले भारतमा हिन्दू अनि मुसलमानहरू माझ फाटो भित्रयाइरहेको छ। यस स्थितिलाई नियासलेर उनले 'अप्रेलमा विश्वास' लेखे जसमा सङ्गीत पनि आफैले भरे र गीत तयार गरे।

## 6.5 रवीन्द्रनाथ ठाकुर (१८६१-१९४१)- को साहित्यिक परिचय

विश्वकवि रवीन्द्रनाथको जन्म कलकत्तानजिकैको एक गाउँमा सन् १८६१ मा राजसी ठाकुर परिवारमा भएको थियो र तिरोभाव सन् १९४१ मा भएको थियो। बङ्गालमा ठाकुर परिवार आफ्नो विद्या र सम्पन्नताले गर्दा धेरै पूर्वकालदेखि नै प्रतिष्ठित घराना मानिँदै आएको थियो। रवीन्द्रनाथका पिता देवेन्द्रनाथ ठाकुर महर्षिका रूपमा भारतमा प्रख्यात भइसकेका थिए। भनिन्छ, जुन वातावरणमा

रवीन्द्रको शैशव बित्यो काव्य-सजनाका निम्ति त्यो नितान्त अनुकूल थियो। पछि रवीन्द्रले पाश्चात्य ढङ्गमा पनि उच्च शिक्षा पाएका थिए। उनमा सानामै साहित्य र कलाप्रति गाढा अभिरूचि उत्पन्न भइसकेको थियो। भारतका प्रसिद्ध कलाविद्हरू रवीन्द्रका घरमा पहिलेदेखि नै आउने जाने गर्दथे। रवीन्द्रको घरको वातावरण नै साहित्य, सङ्गीत, चित्रकला र काव्य-पाठले व्याप्त रहन्थ्यो।' गोविन्द' जस्तो संस्कृत साहित्यको उत्कृष्ट काव्यग्रन्थ रवीन्द्रले केटाकेटी अवस्थामै कण्ठस्थ गरेका र कुमारसम्भव, शाकुन्तल, मेकबेथ, विद्यापतिका पदावली काव्यग्रन्थ पनि सानैमा पढेका थिए। बेलाइतमा पढ्न बस्दा रवीन्द्रले मिल्टन, बाइरन, सेली, बाउनिङ आदि प्रसिद्ध कविका कृतिहरूको गहिरे अध्ययन गरेका थिए।

सधैँ कल्पनाशील रहने, खेलकुद तथा कुस्ती गर्न मन पराउने भुक भुके उज्यालोमा नै उठेर पढ्न रुचाउने, कविता सङ्गीत तथा विभिन्न कलाहरूमा सानैदेखि आकर्षित रहने प्रवृत्ति भएका रवीन्द्रनाथले १८९३ देखि महर्षी देवीनाथको सामिप्यमा आएर विभिन्न - ज्ञान अनुशासनको अध्ययन र मनन गर्ने अवसार पाएका थिए। १३ वर्षको उमेरा ज्ञानअपूर भन्ने पत्रिकाको माध्यम आफ्नो पहिलो कविता ‘वनफुल’ प्रकाशित गरेपछि रवीन्द्रनाथ एकाएक चर्चामा आएका थिए।

उपन्यास, प्रबन्ध, समालोचना आदि भारतीय साहित्यका अनेकन पक्षलाई उनले उच्च उठाएका थिए। खास गरेर कहानी र उपन्यासको क्षेत्रमा रवीन्द्रनाथले अत्यन्त महत्वपूर्ण मौलिक रचनाहरू छाडेर गएका छन् जुन आफ्नै ढङ्गमा अद्वितीय मानिन्छन्। नृत्य, चित्रकला आदि विषयमा पनि उनको देन देख्दा पाठक चकित हुन्छन्। तथापि उनी प्रधानतया कवि नै हुन् र कविक रूपमा उनी विश्वविख्यात भएका पनि छन्।

रवीन्द्रका समस्त विचार-तरङ्गहरू कवितामय थिए र कविकै स्वरमा पाठकले तिनलाई पाउँछन्। शारदाप्रसाद घिमिरे अनुसार "गीत गाउन सकिन" भनेर पनि रवीन्द्रले सुन्दर गीत गाएका हुन्छन्। रवीन्द्रले आफ्नो एक पद्यमा भनेका रहेछन्- “म जुन गीत गाउन यहाँ आएको थिएँ त्यसलाई अहिलेसम्म गाउन सकेको छैन। मेरा प्राण गाउनलाई व्याकुल भइरहेछन्। आज पनि त्यो पुष्प प्रस्फुटित भएको छैन, यद्यपि त्यही एक हावा नै अझसम्म बहिरहेछ।” के यो गीत होइन? डा. सर्वपल्ली राधाकृष्णनका शब्दमा भन्ने हो भने रवीन्द्रनाथमा मानवीय र दिव्य प्रकृतिको प्रातिभ-ज्ञान थियो र रवीन्द्रले त्यही ज्ञानको "गायन" -मै आफ्नो

जीवनको चरम सार्थकता देखेका थिए। अवश्य नै रवीन्द्रनाथ भारतीय वाङमयका अमर सन्देशहरूका सुमधुर गायक हुन्।

सन् १८८६ मा त्यसबेला प्रकशित हुने "अमृतबजार" समाचार पत्रमा एउटा लेख राष्ट्रवादी भावना विषय रहेको प्रकाशित गरेपछि रविद्रनाथ एकाएक चर्चित हुन पुगेका थिए। त्यस बेलाका शिक्षा र रवीन्द्रनाथकै ठुलो दाजु सत्येन्द्रनाथ ठाकुर इङ्ग्ल्यान्डमा पुगेपछि रवीन्द्रनाथले लन्डन युनिर्भसिटीबाट कानुन अध्ययन गर्ने मौका पाएका थिए। सम्भवः विभिन्न अङ्ग्रेजी लेखकहरूको प्रभाव रवीन्द्रनाथमा गहिरो प्रकारले बस्न थालेको थियो। इङ्ग्ल्यान्डपछि रवीन्द्रले पेरिस, इटलीआदि युरोपी देशको भ्रमण गरेका थिए। यसरी विदेशमा हुँदा रवीन्द्रले आफू जहाँ गए पनि आफ्नो देशभक्ति र देश पोशाकलाई दर्शाएकै हुन्थ्ये। विदेशमा रहँदा रवीन्द्रले पी. बी. सेलीका कविताहरू अङ्ग्रेजीमा पढ्न पाएर तिनको विचारधारालाई आत्मसात गर्दै कैयौँ सुन्दर कविताहरू रचना गर्न सक्षम भएका थिए। निकै लामो समयसम्म विदेश बसेर भारत फर्केपछि रवीन्द्रले आफ्नो वासस्थान चन्दननगरमा बसेर साहित्यिक, सामाजिक, धार्मिक तथा चिन्तनपूर्ण रचनाहरू गर्न आफूलाई एकाग्र पारे। अङ्ग्रेजी कवि शेलीको अत्यधिक प्रभाव परेको हुनाले तिनका साथीहरू रवीन्द्रलाई- "बङ्गालका सेली" भन्ने गर्थे। आफ्ना धैरैजसो रचनाहरू रवीन्द्रले त्यसबेला प्रकाशित हुने 'भारती' पत्रिकाका माध्यम प्रकाशित गर्ने गर्दथे। आफ्नो पहिलो उपन्यास 'ओ ठाकुर रानी' र 'हार्ट' भारती पत्रिकाका माध्यम प्रकाशित गरेका थिए। त्यसपछि पनि प्रभात सङ्गीत इत्यादि पत्रिकाका माध्यम रवीन्द्रले लगातर उत्कृष्ठ कविताहरू प्रकाशित गरेका थिए।

सन् १८८८ मा मृणाली देवीसँग उनको विवाह भयो। विवाह गरेपछि रवीन्द्र अझ अरू साहित्यिक रचनाहरू प्रकाशित गर्न प्रेरित भएका थिए। सम्भवत: आलोचना, समालोचना, चिट्ठी पत्र, निबन्ध, सामजिक, राजनैतिक विचार विमर्शा इत्यादि प्रकाशित गर्दै रवीन्द्रनाथले आफ्ना प्रतिभालाई उज्ज्वल पारेका थिए। आफ्ना यी रचनाहरूमा युवा अवस्थाका विचित्र कल्पना, स्वपना, प्रेम, नारी सौन्दर्य, प्रकृति, रहस्य, स्वदेशी भवना आदिलाई प्रखर रूपमा प्रस्तुत गरेका थिए। युवा अवस्थामा प्रकाशित 'बङ्गाल वासिर प्रिति' रवीन्द्रनाथको सर्वश्रेष्ठ स्वदेश प्रेम भावना भएको गीत मानिन्छ। १८७७ देखि १९१७ सम्म रवीन्द्रनाथ साहित्यिक क्षेत्रका अतिरिक्त धार्मिक क्षेत्रमा पनि त्यक्तिकै आशक्ति राख्न पुगेका थिए। फलत: त्यसबेलाको ब्रह्म समाज को मूल मन्त्रीको रूपमा पनि चुनिएका थिए। रवीन्द्रले थुप्रै नाटकहरू पनि रचना गरेका थिए। अधिकांश नाटकहरू

पौराणिक विषयमा आधारित साथै सामाजिक विषयमा आश्रित नाटकहरू अभिनित र मञ्चित दुवै भएका पाइन्छन्। बाल्मीकिर प्रतिभा, मायारखेला, राजा औ रानी, कवि औ कोमल आदि नाटकहरू बीसौँ शताब्दीको प्रारम्भिक चरणतिर अभिनित र मञ्चित भई बहुचर्चित हुन पुगेके थाहा पाइन्छ। आफ्ना थुप्रै कविताहरूको सङ्कलन 'मनिषी' त्यत्तिकै चर्चित पाइन्छ, त्यसरी नै 'कर्णकुन्ती संवाद' गीति आख्यान पनि त्यत्ति कै चर्चित भयो। सन् १९११ देखि रवीन्द्रनाथ शान्तिनिकेतनमा आएर बस्न थालेका थिए।

रवीन्द्रका 'प्रभात-सङ्गीत' -सम्मका रचनाहरूलाई कविका शैशव कालका रचना मान्न सकिन्छ। तिनीहरूको भाव तथा सङ्गीतमा कमै मात्रामा प्रौढताको झल्को पाइन्छ। त्यसैले 'प्रभात-सङ्गीत' -सम्मका रवीन्द्रका रचनाहरूलाई पाठकले उपेक्षा गर्न सक्छन्। यसपछिका कृतिहरूमा 'मानुषी' -लाई कविका उत्कृष्ट कविताहरूको नमुना मान्न सकिन्छ। रवीन्द्रको वास्तविक काव्य-क्षमताको सर्वप्रथम उन्मेष यस पुस्तकदेखि अनुभव हुन्छ। प्रेम अथवा निसर्गका वस्तुहरूप्रति कविको आफ्नो दृष्टिकोणमा एक प्रकारको निर्दिष्टपना आएको यसै समयदेखि हो र यो निदिष्टपना पछिसम्म पनि एकरस चलिरहन्छ। 'मानुषी'मा पाइने भाव, ध्वनि, गाम्भीर्य, गम्भीर चिन्तन र सबल कल्पनाऐश्वर्य पूर्ववर्ती रचनाहरूमा पाइँदैन। शब्द-चयनको क्षमता अनि ध्वनि र छन्दमाथि पूर्णाधिकार कविमा यसै समयदेखि प्राप्त भएको स्पष्ट भान हुन्छ। 'मानुषी' -का कविताहरूको अध्ययन गर्दा कवि-हृदयको गम्भीर सहानुभूति र प्रकृतिसँगको आत्मीयता पनि स्पष्ट झल्किन्छ। रवीन्द्रका कवितामा रहस्यवादी छाया त्यसैबेलादेखि पाउन सकिन्छ। 'खेया', 'गीतिमाल्य', 'गीताञ्जलि', 'नैवेद्य' आदि काव्य ग्रन्थहरूमा रवीन्द्रको काव्यप्रतिभा झन् झन् खारिँदै गएको देखिन्छ। तर जुन गीतिग्रन्थले रवीन्द्र-लाई विश्वका श्रेष्ठ कविहरूमा गन्ती हुने सम्मान प्रदान गऱ्यो त्यो हो 'गीताञ्जलि"। रवीन्द्रका रचनाहरूमा 'गीताञ्जलि' -को नाम सबैभन्दा प्रसिद्ध छ किन कि उनलाई नोवेल पुरस्कार यसै पुस्तकका लागि दिइएको थियो। 'गीताञ्जलि' -को बङ्गाली र अङ्ग्रेजी दुई रूप छन्। अङ्ग्रेजी गीताञजलिमा बङ्गाली 'गीताञ्जलि' -का धेरै गीतहरू परे तापनि अङ्ग्रेजीमा अनूदित 'गीताञ्जलि' मा केही गीत "नैवेद्य" र "खया" बाट लिइएको पाइन्छ।

प्रकाशित काव्यकृतिहरूको आधारमा रवीन्द्रनाथ एक विशिष्ट कवि, कथाकार, उपन्यासकार नाटककार, समालोचक, अन्वेषक निबन्धकार संस्मरण तथा अभिभाषण लेखक आदिका रूपमा बहुचर्चित छन्। रवीन्द्रनाथको साहित्यिक

उपलब्धि अत्यन्त प्रभावशाली र काव्यमय भएकोले तिनलाई बङ्गला साहित्यमा विराट् काव्य पुरुषका रूपमा मानिन्छ। सम्भवत: त्यही धारणा भारतीय साहित्य परिप्रेक्ष्यमा पनि मान्य छ। आफ्ना काव्य कृतिहरूबाट रवीन्द्रनाथले नयाँ-नयाँ रहस्य-चेतना, सौन्दर्य भावना, अप्रतिम कल्पना, मानवप्रेम, राष्ट्रप्रेम संस्कृतिप्रेम आदि तथ्यहरूलाई अभिव्यक्त गरेका छन्। साहित्यकै माध्यम मानव समाजमा आध्यात्मिक दर्शनका कुराहरू, सङ्गीत क्षेत्र, कला आदिका बङ्गला भाषामा लिखित गीताञ्जलि कविता सङ्ग्रहलाई अङ्ग्रेजीका विद्वान् डब्लू. बी यिट्सको भूमिका माध्यम र अनुवाद माध्यम प्रचार प्रसारमा आएपछि गीताञ्जलि कवितासङ्ग्रह त्यस बेलाको विश्वकाव्य साहित्यकै अनुपम उपलब्धि मानिएको देखिन्छ। गीताञ्जलिको नेपाली अनुवाद नेपालीका विद्वान् ओकिउयामा ग्वाइनद्वारा भएको देख्न पाइन्छ। गीताञ्जतिको भूमिका लेख्दै विद्वान् यिट्सले भनेका छन्- "प्रस्तुत कृति सर्वोपरि प्रतिभा र सर्वोत्कृष्ट संस्कृतिको द्योतक हो।" त्यसै प्रसङ्गमा पाश्चात्य कुनै समालोचकले भनेका छन् "प्रस्तुत दिव्य आश्रयबाट नै युरोपीय - साहित्य संसार एउटा नवीन युगमा प्रवेश गर्दछ।" फलस्वरूप रवीन्द्रनाथवाट विश्वसाहित्यका विभिन्न कविहरू, भारतीय स्रष्टाहरू प्रभावित र प्रेरित भएको पाउन सकिन्छ। हिन्दी साहित्यका पण्डित गिरिधर शर्मा, महावीरु प्रसाद दुवेदी, मैथिलीशरण गुप्त, सुमित्रानन्द पन्त आदि कविहरू रवीन्द्रकै काव्य साधनाबाट प्रभावित र प्रेरित भएको मानिन्छ। रवीन्द्रकै प्रणय स्वरूप भारतीय काव्य क्षेत्रमा रहस्यवाद, प्रतीकवाद, छायावाद, चित्रकला सौन्दर्य भाषाप्रौढता जस्ता प्रवृत्तिहरू देखा परेका पाइन्छन्। आधुनिक हिन्दी काव्य साहित्यमा रवीन्द्रको छायावादी प्रवृत्ति विशेष रूपमा परिलक्षित भएको तथ्यलाई हिन्दीका विशिष्ट आलोचक तथा साहित्यकार रामचन्द्र शुक्लले उल्लेख गरेका देखिन्छन्।

कविले आफ्ना विभिन्न रचनाहरूबाट छानेर 'गीताञ्जलि' निर्माण गरेका छन्। यसमा अरू कृतिमा-भन्दा बढी विशेषता रहेको पाइन्छ। 'गीताञ्जलि' मा उपनिषद्हरूको तत्त्वचिन्ता र वैष्णव कविहरूको प्रेम- भावनाको अनौठो सम्मिश्रण देखिन्छ। तर रवीन्द्रका प्रभु न त वैष्णवहरूका साकार भगवान् हुन् न उपनिषद्हरूका निराकार ब्रह्म नै। यसरी रहस्यमय भए तापनि रवीन्द्रका प्रभु हृदयग्राह्य छन् र कवि आफ्ना जीवनीदेवतालाई संसारमा सर्वत्र देख्दछन् र आफ्नो शरीरमा समेत उनको स्पर्शपुलक अनुभव गर्दछन्। साँच्ची नै वैष्णव कविहरूका कवितामा जुन विरह-वेदना र सम्मिलनकातरता पाइन्छ त्यसको पराकाष्ठा 'गीताञ्जलि' -का गीतमा भेटिन्छ। भक्तिभावको प्रदर्शन अङ्ग्रेजी तथा

बङ्गाली दुवै 'गीताञ्जलि' -को पहिलो गीतका प्रथम पङ्क्तिहरूमै पनि स्पष्ट झल्किन्छ। अङ्ग्रेजी 'गीताञ्जलि' -का यी पङ्क्तिहरूलाई हेरौँ –

"मलाई तिमीले अनन्त बनाएका छौ, तिम्रो यस्तै लीला छ।
तिमी यो नश्वर पात्र-शरीर-लाई बारम्बार रिक्त बनाउँछौ
र सदा यसलाई नव जीवनले भर्दछौ। ... ... ... ... "

रवीन्द्रका कवितामा प्रकृतिदेवी नै नयाँ नयाँ रूप लिएर विश्व-देवताको वन्दना गर्छिन्। आफ्ना प्राण-प्रियतमको उनी पूजा गर्छिन्। ऋतु-आवर्तनको माध्यमद्वारा उनको यो अभिसार चल्दछ। उनका अङ्गमा कहिले श्यामला शस्यको हरीतिमा हुन्छ, कहिले नीलाकाशको नीलिमा। "प्रभात के हो, बादल रङ्गहरूका साथ किन खेल्छन्, जलमा रङ्गहरूको वर्षा किन हुन्छ, यो फुल-पातहरूमा रङ्ग किन भरिएको छ" त्यो सब कुराको जानकारी कविलाई छ। "मेरा नेत्रमा तिनै संसार-को छवि व्याप्त छ" भनेर कविले लेखेका छन्। यी मन्त्र, छन्द, ग्रह, चन्द्र, रवि सबै कति सुन्दर छन् ! यो एक पूर्ण छवि कति आनन्ददायक छ ! चराहरूको चिरबिर आरति-ध्वनि हो। पूजाको अर्घ फलफुलहरूद्वारा पूर्ण हुन्छ। पूजारिनी प्रकृतिदेवीको वक्षःस्थलमा भक्तिगङ्गा निरन्तर प्रवाहित भइरहन्छिन्। 'गीताञ्जलि' का सबै गीतहरू कविले आफ्ना प्रभुलाई चढाएका अञ्जलिका पुष्पहरू नै हुन्। 'गीताञ्जलि' का प्रत्येक गीतमा भगवद्भक्तिको झलक पाइन्छ। सबै गीत भक्तिरसले शिक्त भएका भेटिन्छन्। 'गीताञ्जलि' मा मात्र होइन रवीन्द्रका सबै प्रौढ रचनाहरूमा यो कुरा व्याप्त छ। "म यहाँ केवल तिम्रो गुणगान गर्नलाई नै उपस्थित छु" भनेर कविले एक पद्यमा भनेका पनि छन्। रवीन्द्रको सम्पूर्ण काव्यालोक ईश्वराराधनामा मात्र प्रयुक्त पाइन्छ। उनको कविता कुनै एक विषयमा मात्र सीमित छैन। प्रकृति र जीवनका अनेक पक्षलाई उनले आफ्ना विविध पद्यमा प्रस्तुत गरेका छन्। जीवनको प्रथम चरणसम्म रवीन्द्रका कवितामा प्रकृति पूजा, दोस्रो चरणमा सौन्दर्योपासना र तेस्रो चरणमा धार्मिक चिन्तन र दर्शनको प्राधान्य देखिन्छ भन्ने समालोचकहरूको मत पाइन्छ। अनि 'गीताञ्जलि' तेस्रो चरणको रचना हो। यस काव्य ग्रन्थमा परेका धेरै गीतहरू वेद, उपनिषद्का गंभीर चिन्तनद्वारा अनुप्राणित छन्। तर कविका रचनाहरूमा कतै पनि निष्प्राण अनुवादको झल्को पाइँदैन। तत्त्व-चिन्तनमा जेद्वारा अनुप्राणित भएका भए तापनि कविको काव्य-प्रतिभाको चमत्कार सर्वत्र परिलक्षित हुन्छ। छोएपछि त्यसलाई मौलिक रूप दिने अनौठो क्षमता उनमा थियो।

रवीन्द्रले वैष्णव-साहित्यको खूब अध्ययन गरेका थिए। खास गरेर विद्यापति, विहारीलाल र कवीरका भजनहरूको प्रभाव रवीन्द्रका गीतहरूमा स्पष्ट प्रतीत हन्छ। रवीन्द्रनाथको काव्यमा वैष्णव-साहित्यको व्यापक प्रभाव प्रष्ट झल्किन्छ। रवीन्द्रलाई सुरु सुरुमा लेख्ने प्रेरणा बङ्गालका प्रसिद्ध वैष्णव कवि विहारीलालका गीतहरूबाट प्राप्त भएको बताइन्छ। केही समयसम्म रवीन्द्रका आदर्श कवि विहारीलाल नै थिए पनि। विहारीलाल तथा अन्य वैष्णव कविहरूका पदावलीहरूले रवीन्द्रको कवि-हृदयलाई उसैबेला प्लावित गरेको थियो। त्यसको छाप कविको तेस्रो चरणको लेखनीमा प्रष्ट देखिन्छ। वैष्णव काव्यमा पाइने स्वच्छन्द छन्द, ललित तथा सङ्गीतपूर्ण शब्द, उन्मुक्त भावप्रवाह आदि गुण रवीन्द्रका काव्यमा पनि उत्तिकै पाइन्छन्।

रवीन्द्रनाथमा दोस्रो ठुलो प्रभाव महाकवि कालिदासको रोमान्टिक शैलीको परेको थियो। रोमान्टिक भावनाले ओतप्रोत रवीन्द्रका कैयौँ गीतहरू पाइन्छन्। यौवनकालमा मात्र होइन पछिसम्म पनि रवीन्द्रनाथ अत्यन्त रसिक र शृङ्गारप्रिय कवि बनिरहे। यस कालमा रचिएका 'स्तन', 'चुम्बन', 'विवसना", 'पूर्ण-मिलन' आदि रचनाहरूमा नारी- सौन्दर्यलाई रवीन्द्रले गन्ध, रूप, रस आदि जस्तै परम रमणीय र उपभोग्य मानेको प्रष्ट विदित हुन्छ।

रवीन्द्र-काव्य मन्दाकिनीले विश्वका विभिन्न देशका कवि मनीषीहरूलाई मुग्ध पारेको थियो र अझै पार्दैछ। बोसौँ शताब्दीका प्रख्यात महाकवि डब्लू. बी. यिट्सले अङ्ग्रेजी गीताञ्जलिको भूमिकामा आफू ती गीतहरूद्वारा कतिसम्म विमोहित भएका थिए भन्ने प्रष्टै लेखेका छन्। इटलीका प्रसिद्ध दार्शनिक तथा समीक्षक वेनेदितो क्रोचे पनि रवीन्द्र-का कम प्रशंसक थिएनन्। रवीन्द्रनाथलाई लेखेको एक पत्रमा क्रोचेले लेखेका थिए- "म तपाईँको कविताको कतिसम्म प्रशंसक छु भन्ने तपाईँलाई थाहै छैन। तपाईँको कविताले चित्तमा विशेष प्रकारको संस्कार छाड्दछन् भनेर म तिनको प्रशंसक बनेको होइन परन्तु तिनको त्यो प्रशान्त रूपका लागि हो जसलाई हामी 'क्लासिकल फर्म' भन्दछौँ। अहिलेसम्म हामी पौरस्त्य काव्यलाई कल्पनासिक्त सम्झन्थ्यौँ तर तपाईँको कविताले हाम्रो धारणा बदल्दिएको छ।"

विश्वबन्धुत्वको भावना राख्ने कवि रवीन्द्रले आफ्नो काव्य-कौशलद्वारा विश्वलाई मोहित पार्दै थिए। कविको अध्यात्मिक साधना पनि झन् झन् माथि उठ्दै थियो। उनी वृद्धावस्थामा बृहत् आत्मासँग एकरस भइसकेका देखिन्थे। त्यसैले कवि-

मनीषी रवीन्द्रले यौवनागममा "म मृत्यु चाहन्न" भनेका हुन् तापनि पछि गएर उनले मृत्युलाई पनि आफ्नै प्रभुको दूत सम्झेर प्रेम गर्न थालिसकेका थिए।

## 6.6 रवीन्द्रनाथ ठाकुरको साहित्यिक विशेषता

रवीन्द्रनआथ टेगोर विश्व मानवका रूपमा परिचित छन्। उनका साहित्य सङ्गीतले सधइँ मान्वताको गीत गाएको पाइन्छ। अनेकन विचार, दर्सन अनि अवधारणाहरूले उनलो साहित्य परिपोषित छन् जो निम्न रेखाङेकित गरिएको छ-

क. **सङ्गीत**

रवीन्द्रनाथ ठाकुरले लगभग **२,२३०** गीतहरू रचना गरे। रवीन्द्र सङ्गीत बङ्गला संस्कृतिको अभिन्न अङ्ग हो। रवीन्द्रको सङ्गीत उनको साहित्यदेखि अलग गर्न सकिँदैन। उनका अधिकतर रचनाहरू उनका गीतहरूमा सामेल भइसकेको पाइन्छ। भारतीय शास्त्रीय सङ्गीतको ठुमरी शैलीबाट प्रभावित यो गीतले मानवीय भावनाहरूलाई अलग अलग रङ्गमा प्रस्तुत गर्छ। अलग-अलग रागहरूमा गुरुदेवको यो गीत यही राग विशेषका निम्ति बनिएको हो। प्रकृति प्रति गहिरो लगाव राख्ने प्रकृति प्रेमी व्यक्ति रवीन्द्रले देशको राष्ट्रगान रचेका छन्।

### ख. दर्शन

गुरुदेवले जीवनका अन्तिम दिनहरूमा चित्र बनाउन सुरु गरेका थिए। उनले कोरेका चित्रहरूमा युगको संशय, मोह, क्लान्त अनि निराशाको स्वर प्रकट भएखो पाइन्छ। मनुष्य अनि ईश्वर माझ जो चिरस्थायी सम्पर्क हुन्छ त्यो उनको रचनाहरूमा अलग अलग रूपमा प्रकट भएको पाइन्छ। रवीन्द्र अनि महात्मा गान्धीका माझमा राष्ट्रियता अनि मानवता लिएर सधैँ वैचारिक मतभेद रहेको पाइन्छ। यस मामिलामा गान्धी पहिलो स्थानमा राष्ट्रवाद राख्दथे भने रवीन्द्र मानवतालाई राष्ट्रवादभन्दा अधिक महत्त्व दिने गर्दथे। तर दुवै एकार्कामा धेरै सम्मान गर्दथे। रवीन्द्रले गान्धीजीलाई महात्माको विशेषण दिएका थिए।

### ग. रवीन्द्र साहित्य

रवीन्द्रनाथको रवीन्द्र नामले बङ्गला साहित्यलाई एक नयाँ दिशा दियो। रवीन्द्रले बङ्गाली साहित्यमा नयाँ प्रकारले पद्य अनि गद्यका साथ बोलचालको भाषा पनि

प्रयोग गरे। यसले बङ्गाली साहित्य शास्त्रीय संस्कृतको प्रभावबाट मुक्त भयो। रवीन्द्रका रचनाहरू बङ्‌ग्ला साहित्यमा एक नयाँ ऊर्जा लिएर आयो। उनले एक दर्जनभन्दा अधिक उपन्यास लेखे। यसमा चोखेर बाली, घरे बहिरे, गोरा आदि सामेल पाइन्छ। उनका उपन्यासहरूमा मध्यम वर्गीय समाज विशेष रूपले प्रस्तुत भएको पाइन्छ।

निष्कर्षमा गीताञ्जलि काव्य सङ्‌ग्रह साथै अन्य काव्य उपलब्धिका कारण रवीन्द्र विश्व साहित्यमा नै चिस्मरणीय प्रतिभा हुन्। असङ्‌ख्यौँ नाटकहरू लेखेर बङ्गाला अभिनय र रङ्गमञ्चीय कलालाई विकसित पार्न सकेका छन्। नलिनी, मायार खेला, राजा र रानी, भग्न हृदय, विसर्जन जस्ता नाटकहरू आफ्नो रचनाकालदेखि आज पर्यन्त रङ्गमञ्चित हुँदै आएको थाहा पाइन्छ। उपन्यासका क्षेत्रमा राजर्षि, चोखेरबाली, गोरा, घरे बाहिरे, बहर रानी र हाट आदि रवीन्द्रका उत्कृष्ट औपन्यासिक कृतिहरू मानिन्छन्। निबन्धका क्षेत्रमा सामाजिक, राजनैतिक, धार्मिक आदि विषयका अतिरिक्त जीवनीमलूक, संस्मरणात्मक यात्रापरक गद्य रचनाहरूबाट रवीन्द्रको निबन्धकारिताको विशिष्टता प्रमाणित हुन्छ। एक प्रकारले भन्ने हो भने रवीन्द्र बङ्गला साहित्यको मात्र नभएर भारतीय साहित्यका एक विशिष्ट साहित्य महारथी हन। त्यसदेखि अझ विराट काव्यपुरुष हुन्। रवीन्द्रको काव्य अवदानलाई अमेरिकी महाकवि वाल्ट ह्विटम्यानसँग पनि तुलनीय रहेको देख्न पाइन्छ। भारतीय साहित्य मात्र होइन विश्व साहित्यकै परिकल्पना गर्ने एक साहित्यिक पथ-प्रदर्शक हुन् रवीन्द्र। आधुनिक युगमा विश्व-साहित्यको परिकल्पना गर्ने एकजना दुर्दर्शी युगपुरुष पनि हुन् रवीन्द्र।

## 6.7 उपसंहार

समाजको तल्लो तबकाको पहिचान दिलाउन शरत्चन्द्रले साहित्य लेखे। उनले सुन्दरताको ठाउँमा कुरूपतालाई अधिक प्रमुखता दिएको अनि यसै कारण उनका रचनाहरू आज पनि प्रासङ्गिक लाग्ने गरेको समालोचकहरूको भनाइ पाइन्छ। उनका पुरुष पात्रहरूको तुलनामा नारी पात्राहरू अधिक बलिष्ठ पाइने पनि समालोचकहरूको मत पाइन्छ।

समाजले नसुनेको मान्छेको आर्तनाद, सम्बोधनमा आउन नसकेको वञ्चितहरू, विलखबन्दमा परेका आवाजहरू शरत्चन्द्रले परख गरेको कुरा उनका कृतिहरूमा पाइन्छन्। जाति, वंश अनि धर्म आदिको नाममा मान्छेलाई ठुलो

सानो गरेर वर्गभेद गरिएको कुरा उनका कृतिहरूमा व्यक्त भएको पाइन्छ। उनले आफ्नो लेखनको माध्यमबाट यस षड्यन्त्र अन्तर्गत हुर्किरहेको तथाकथित सामाजिक 'आम सहमति' माथि रचनात्मक हस्तक्षेप गरेको देखिन्छ।

उपेक्षित र आरदणीय नारी पात्रहरूलाई समान अधिकारका लागि सद्भावना पनि प्रकट गरेका छन् साथै सहज र स्तरीय भाषाशैलीबाट ती उपन्यास र कथाहरूलाई पाठकका रूचि अनुकूल पारेका छन्। आधुनिक बङ्गला साहित्यलाई गरिमामय पार्नमा शरत्चन्द्र चट्टोपाध्यायको साहित्यिक अवदान स्मरणीय प्रतीत हन्छ।

कविताका कथ्य विषय 'मनुष्यमाथि मनुष्यको अत्याचार' तथा 'सामाजिक अनाचार र शोषण विरुद्ध कठोर प्रतिवाद' काजी नजरुलले कविताहरूमा लेखेका छन्। कवि काजी नजरुल इसलामलाई बङ्गालको "विद्रोही कवि" भनिन्छ। काजी नजरुल इस्लामले लगभग तीन हजार गीतहरू रचना गर्नका साथै अधिकांशमा स्वर  पनि दिएका छन्। जसलाई आजभोलि 'नजरुल सङ्गीत' या 'नजरुल गीति' नामले चिनिने गरिन्छ।

बङ्गला साहित्य अनि भारतीय साहित्यमा रवीन्द्रको नाम शीर्षस्थ स्थानमा रहेको छ। उनले रविन्द्र सङ्गीत स्थापित गरे जो भारतीय शास्त्रीय सङ्गीतको ठुमरी शैलीबाट प्रभावित यो गीतले मानवीय भावनाहरूलाई अलग अलग रङ्गमा प्रस्तुत गर्छ। रवीन्द्र साहित्य बङ्गालमा अझ पनि पूज्य साहित्य छँदैछ। रवीन्द्रको दर्शन सधैँ मानवताको रह्यो। राष्ट्रभक्ति भन दा अधि विश्वबन्धुत्व र मानवतालाई रविन्द्रले राखेको पाइन्छ। भारतीय साहित्य मात्र होइन विश्व साहित्यकै परिकल्पना गर्ने एक साहित्यिक पथ-प्रदर्शक हुन् रवीन्द्र। आधुनिक युगमा विश्व-साहित्यको परिकल्पना गर्ने एकजना दुर्दर्शी युगपुरुष पनि हुन् रवीन्द्र।

## 6.8 सार

यस प्रखण्डमा बङ्गला साहित्यकार शरत्चन्द्र चट्टोपाध्याय, काजी नजरुल इस्लामी अनि कविगुरु रवीन्द्रनाथ ठाकुरको साहित्यिक व्यक्तित्व र रचनाबारे जानकारी प्राप्त भयो। उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- भारतीय साहित्य तथा बङ्गला साहित्यमा शरत्चन्द्र चट्टोपाध्यायको ठाउँ निक्कै ठुलो देखिन्छ।

Notes

- उपेक्षित अनि नारीहरूलाई उनले आफ्ना रचनाहरूमा प्रमुखता दिई परिचय दिलाउने काम गर्न खोजेका छन्।
- विद्रोही, क्रान्तिकारी कविका रूपम चर्चित काजी नजरुल इस्लामले समाजमा व्याप्त अनाचार, शोषण आदिप्रति प्रतिवाद जनाएको पाइन्छ।
- बङ्‌गला साहित्य अनि भारतीय साहित्यमा रवीन्द्रको नाम शीर्षस्थ स्थानमा छ।
- उनले रविन्द्र सङ्गीत स्थापित गरे जो भारतीय शास्त्रीय सङ्गीतको ठुमरी शैलीबाट प्रभावित यो गीतले मानवीय भावनाहरूलाई अलग अलग रङ्गमा प्रस्तुत गर्छ।
- रवीन्द्र साहित्य बङ्गालमा अझ पनि पूज्य साहित्य छँदैछ।
- रवीन्द्रको दर्शन सधैँ मानवताको रहेको छ।
- भारतीय साहित्य मात्र होइन विश्व साहित्यकै परिकल्पना गर्ने एक साहित्यिक पथ-प्रदर्शक हुन् रवीन्द्र।

## 6.9 अनुशीलन

1. बङ्‌गला कवि रवीन्द्रको काव्य प्रतिभाको सविस्तार व्याख्या गर्नुहोस्।
2. काजी नजरुल इस्लामको काव्य स्वरमाथि चर्चा गर्नुहोस्।
3. बङ्‌गला गद्याख्यानमा शरत्चन्द्रका उपलब्धिहरूको मूल्याङ्कन गर्नहोस्।
4. बङ्‌गला साहित्यमा रवीन्द्र सङ्गीतको स्थान कस्तो छ?
5. रविन्द्रनाथको साहित्यिक योगदान प्रस्तुत गर्नुहोस्।

## 6.10 अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ

सुकुमार सेन (अनु. इन्द्र सुन्दास) बङ्‌गला साहित्यको इतिहास

Prof. S.K Ghosh (ed) An Integrated History of Indian Literature

तथा पूर्वीय साहित्यमा प्रयोज्य रस, अलङ्कार, ध्वनि आदि वाद वा सूत्रहरूको व्याख्या- आवश्यक।

यस अतिरिक्त विभिन्न पत्र-पत्रिका अनि वेभसाइट-विकिपिडिया पनि अध्ययन गर्न सक्ने छन्।

## 6.11 मूल्यवृद्धिका निम्ति उत्तर

नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –

1. रवीन्द्रनाथ ठाकुरको दर्शनमाथि चर्चा गर्नुहोस्।

________________________________________________________

________________________________________________________

(प्रश्न 1 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 6.6 खण्डमा उत्तर खोज्न सक्नेछन्)

2. रवीन्द्रनाथको गीताञ्जलिमाथि टिप्पणी लेख्नुहोस्।

________________________________________________________

________________________________________________________

(प्रश्न 2 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 6.6 खण्डमा उत्तर खोज्न सक्नेछन्)

3. काजी नजरुल इस्लाम कस्ता साहित्यकार हुन्?

________________________________________________________

________________________________________________________

(प्रश्न 3 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 6.4 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

4. रवीन्द्र सङ्गीतको काव्यगत विशेषता जानकारी गराउनुहोस्।

________________________________________________________

________________________________________________________

(प्रश्न 4 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 6.6 अन्तर्गत उत्तर खोज्न सक्नेछन्)

5. शरत्चन्द्रको कथागत विशेषता प्रस्तुत गर्नुहोस्।

________________________________________________________

________________________________________________________

(प्रश्न 5 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 6.1 खण्डअन्तर्गत उत्तर खोज्न सक्ने छन्)

# एकाइ - 7 फारसी साहित्यकार अमिर खुसरो, उमर खैय्याम र ग्रिसेली साहित्य अनि होमर,

**संरचना**

7.0 उद्देश्य

7.1 फारसी साहित्यकार अमिर खुसरोको परिचय

7.2 उमर खैय्याम

7.3 ग्रिसेली साहित्यको संक्षिप्त परिचय

7.4 होमर

7.5 उपसंहार

7.6 सार

7.7 अनुशीलन

7.8 अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ

7.9 मूल्यवृद्धिका निम्ति उत्तर

## 7.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईँ निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- फारसी साहित्यकार अमिर खुसरोको साहित्यिक परिचय
- उमर खैय्यामको साहित्यिक परिचय
- ग्रिसेली साहित्यको परिचय
- होमरको साहित्यिक परिचय

## 7.1 फारसी साहित्यकार अमिर खुसरोको परिचय

"गोरी सोवे सेज पर मुख पर डारे केस
चल खुसरो घर आपने रैन भई चहुँ देस"

यसरी खडी बोली हिन्दीमा लेख्ने हिन्दीका प्रथम कविका रूपमा पनि अमिर खुसरोलाई चिनिन्छ। उनी सूफी कवि थिए अनि ख्वाजा निजामुद्दिन

औलियाका प्रशंसक तथा चेला थिए। ख्वाजा निजामुद्दिन औलिया सुफी सन्त थिए उनैको सान्निध्मा खुसरो रहेका थिए।

वर्तमान हरियाणा प्रदेशको इटहा जिल्लाको पटियाला भन्ने गाउँमा सन् १२५३ मा जन्मेका अनि १३२५ मा अवसान भएका अमिर खुसरो फारसी भाषाका प्रसिद्ध गजलकार तथा ऐतिहासिक गद्यकार मानिन्छन्। आफू सात वर्षको उमेर पुग्दा नै टहरो बनेका खसरो आफ्ना बाजे बोजुको देखरेखमा थुप्रै पारिवारिक प्रपञ्चहरू झेल्दै शिक्षा अध्ययन गर्ने क्रममा एकाग्र भएका थिए। भाषा, धर्म, संस्कृति, वाङ्मय आदिका अतिरिक्त दर्शन र विज्ञान जस्ता विषयमा पनि ज्ञान आर्जन गर्ने अवसर पाएका खुसरोले बीस वर्षका उमेरदेखि गजल र गद्य रचनाहरू प्रकाशमा ल्याउन सफल भएका थिए। युवा उमेरमा नै चर्चित बन्न पुगेका खुसरोलाई आफ्ना समाजका प्रबुद्ध व्यक्तिहरूले एक सफल समाज चिन्तकका रूपमा सम्मान र श्रद्धा गर्न थालेका थिए। अत्यन्त कल्पनाशील भएकाले साहित्य क्षेत्रमा अत्यन्त अनुरागी थिए। आफ्नो समयका इस्लाम, खिल्जी, तुघलक वंश साथै सल्तनत वंशका शासन व्यवस्था तथा सांस्कृतिक र सामाजिक पक्षहरूलाई नै खिसरोले फारसी भाषामा अवतरण गर्न सक्षम भएका थिए। आफ्नो पहिलो पस्तक 'मासनषी किरानसुद्दिन' सन् १२८१ मा प्रकाशित गरेपछि खुसरोले साहित्य क्षेत्रमा एकाएक प्रसिद्धि पाएका थिए। खुसरोका उपलब्ध साहित्यिक कृतिहरू निम्न प्रकार भेटिन्छन् :

**आख्यानात्मक गजल:**

१. मेल्लल अन्सवर, २. सिरिन खसारुन ३. लैला मजनु, ४. ऐन-इ-सिकन्दरी, ५. दूष्ट -विद्दष्ट,

**विविध गद्य ग्रन्थ :**

१. खजैनुल फतेह २. इजारव सखी, ३, अलाउद्दिन, ४. देवल रानी खिज्रा खान, ५. नाससेपर, ६. ग्यासुद्दिन तुघलक।

अमिर खुसरोका उक्त उपलब्ध कृतिहरूका आधारमा तिनी एक सफल गजलकर र गद्यकार हुन् भन्ने प्रमाणित हुन्छ। माथि उल्लेखित पाँचवटा गजल सङ्कलनहरू मेल्लल अन सवर, सिरिन खुसारू, लैला मजनि, ऐन-इ-सिकन्दरी र दूष्ट विद्दष्टलाई 'पन्थग्रन्थ' भनिएको भाइन्छ। प्रस्तुत 'पन्थग्रन्थ'लाई खुसरोले आफ्ना प्रिय गुरु सेख इजामुदिन औलियलाई समर्पण गरेका देखिन्छन्। यी पाँचवटा गजल सङ्ग्ररू आ-आफ्नै भाव र अनुभुति व्यक्त गर्न सफल देखिन्छन्। कतै ऐतिहासिक प्रसङ्गहरू साथै विदित-अविदितका प्रसङ्गहरू व्यक्त गर्नमा

गजलहरू अत्यन्त सक्षम छन्। तीमध्ये पनि लैला मजनुको प्रणय सम्बन्धमा कुराहरू आख्यानात्मक रूपमा वर्णित रहेको साथै सजीव रूपमा चित्रण गरिएको पाइन्छ। फारसी र हिन्दी दुवै भाषामा देख्न पाइने लैला मजनुको प्रणय सम्बन्धको गाथा बहुचर्चित र लोकप्रिय रहेको पाइन्छ। धर्म-ग्रन्थहरूका सन्दर्भमा अमिर खुसरोले इस्लामिक धर्मको परम्परा र विधि, प्रचार प्रसार तथा तिनका धार्मिक उद्देश्यलाई वर्णनात्मक ढङ्गमा प्रस्तुत गरेको पाइन्छ। अलाउद्दिन नानक वर्णनात्मक ग्रन्थमा खुसरोले अलाउद्दिनका शासन व्यवस्था, त्यबेलाका सामाजिक व्यवस्था, सांस्कृतिक र राजनैतिक साथै धार्मिक गतिविधिहरूलाई ऐतिहासिक घटनाहरूका आधारमा प्रस्तुत गरेका देखिन्छन्। त्यस्तै देवल रानी खिज्रा खान,- अन्तर्गत ऐतिहासिक घटनाहरू र सांस्कृतिक झाँकीका प्रसङ्गहरू वर्णित पाइन्छन्। 'नास्सेफर' अन्तर्गत  खुसरोले मुबारक शाहको शासन प्रणाली र तिनका साहसिकताको  वर्णन गरेका देखिन्छन्। त्यसरी नै गयासुद्दिन तुघलकको ग्रन्थ अन्तर्गत गयासुद्दिन तुघलकको शासन व्यवस्थाको चर्चा-परिचर्चा साथै ऐतिहासिक घटनाहरूलाई सजीव रूपमा वर्णन गरिएका देखिन्छन्। प्रस्तुत ग्रन्थ लेखेपछिनै अमिर खुसरोले आफ्ना साहित्य साधनाबाट विश्राम लिएका  घटना पनि थाहा पाइन्छ। उलेखनीय कुरा त उक्त पुस्तकको रचनाकालमा नै आफ्ना प्रिय गुरु सेख निजामुद्दिनको आकस्मिक मृत्यु भएकोले खुसरो अत्यन्त दुखी थिए अनि शोकग्रस्त भएका थिए। फलस्वरूप साहित्य साधन मात्र नभएर अन्य कार्यहरूबाट पनि आफूलाई डाढा राख्दै खुसरो धार्मिक चिन्तन गर्न र ईश्वरीय उपासना गर्न एकाग्रह भएका थिए।

अमिर खुसरोका गजल र गद्य रचनाहरूलाई अधिकांश आलोचक तथा विद्वान्हरूले ऐतिहासिक, साहित्यिक कार्यको रूपमा सराहना गरेका देखिन्छन्। कुनै एक विद्वान्ले खुसरोका साहित्यिक उपलब्धिहरूलाई निम्न चार भागमा वर्गीकरण गरी मूल्याङ्कन गरेको देखिन्छ- १. ऐतिहासिक कार्य, २. रोमान्टिक कार्य ३. दिवान कार्य ४. विविध कार्य

यिनै विभिन्न कार्यमा अमिर खुसरोको आफ्नो साहित्यिक साधना समर्पित रहेको देखिन्छ। यी नै उपलब्ध साहित्यिक कार्यको फलस्वरूप आमिर खुसरो फारसी साहित्यमा प्रतिष्ठित छन्।

भारतीय साहित्यमा प्रशंसित छन् साथै विश्वसाहित्यमा नै चर्तिच छन्। अधिकांश विज्वान्हरू अमिर खुसरोलाई फारसी र हिन्दी भाषाका एक सशक्त विद्वान् पनि मान्छन्। त्यति मात्र होइन फारसी र हिन्दीका अतिरिक्त अरवी र उर्दू भाषाका

पनि ज्ञाता रहेका अमिर खुसरोका आख्यानात्मक गजलहरू तया गद्य रचनाहरू आदरपूर्वक पाढिन्छन्। यद्यपि गद्य रचनाहरूमा प्रदर्शित लोकोक्ति र किंवदन्तीहरू अन्यन्तै चर्चायोग्य रहेको पनि भेटिन्छन्। कतिपय विद्वान्ले अमिर खुसरोलाई 'फारसी र हिन्दी भाषाका शब्दकोष निर्माता' पनि ठानेका छन्। खुसरोले पर्याप्त मात्रामा ग्रामीण जनजीवनमा प्रचलित ठेट शब्द, लोक शब्द तथा बोलीहरूलाई समावेश गरेका हुनाले तिनको स्थानीय भाषिक रचनाहरूमा भाषिक सौन्दर्य पनि आकर्षणीय रहेको पाउन सकिन्छ। फारसी र हिन्दीका प्रारिम्भक समयका खडी बोलीलाई भाषिक रूपमा विस्तार गर्नु पनि अमिर खुसरोको महत्त्वपूर्ण भूमिका छ। साहित्यिक उपलब्धिबाट भारतीय प्राचीन, सांस्कृतिक एकत्वको भावना सुरक्षित रहेको कुरो पनि अधिकांश विद्वान्हरूको मूल्याङ्कनबाट थाहा पाइन्छ।

## 7.2 उमर खैय्यामको परिचय

'उमर खय्यामका रुवाईहरू एक विश्वप्रसिद्ध कविता हुन्। यो कविता पढेको हुन वा न हुनलाई एक किसिमले सभ्य संसारमा साहित्यिक रसिकताको मापदण्ड माने पनि हुन्छ। अर्थात् यो कविता पढेको व्यक्ति सक्कली रसिक हो र नपढेको व्यत्ति सो रसिक होइन भन्ने किसिमको एक मोटामोटी हेक्का बनाए हुन्छ।' समालोचक यदुनाथ खनालले उमर खैय्यामका रुवायत पढेपछि यसो भनेका छन्।

उमर खय्याम प्रसिद्ध फारसी कवि थिए। उनको जन्म १८ मई १०४८ मा फारसको निसाफर सहरमा भएको थियो। उनको मृत्यु ५ डिसम्बर ११३१मा भएको थियो। साहित्यमा उमर खय्याम नामले विश्व परिचित उनको पुरा नाम अब्दुल फतह उमर डुब्न इब्राहिम अल खय्यामी थियो। उनी अध्ययनमा चुर्लुम्मै डुब्थे। त्यसैले सानै उमेरमा उनले साहित्य, कविता तथा विज्ञानका विषयमा उनले धेरै ज्ञान हासिल गरे। बाईस वर्षको उमेरमै उनी छिमेकी देशमा समेत प्रख्यात भइसकेका थिए। उनको ख्यातिलाई कदर गरी तत्कालीन एउटा राज्य बुखाराका सुल्तान साम्सउलले उनलाई आफ्नो दरबारमा आश्रय दिएपछि खोरासनका सुल्ताना जलालुद्दिन मल्लिक शाहको निमन्त्रणामा खोरासनमा आश्रय लिए। सुल्तानले उनका लागि भनेर एउटा वेधशाला पनि बनाइदिए अनि उनी

Notes

वेधशालामा बस्थे, ताराहरूका बारेमा अध्ययन गर्थे जहाँबाट उनले १०० वटा ताराहरूको सूची पनि तयार गरे। खगोलशास्त्रमा उनको यो देनलाई महत्वपूर्ण मानिन्छ। उनले सूर्यको गतिमा आधारित नयाँ क्यालेन्डर पनि बनाएका थिए तर मल्लिक शाहसँग पछिल्लो समयमा खटपट हुँदा त्यसलाई बहिष्कार गरिएको थियो। त्यसपछि त अरू राज्यले समेत उनको त्यो नयाँ क्यालेन्डरलाई बहिष्कार गरे। पछि त त्यो प्रचलनमै आउन छाड्यो। उनले गणित पनि पढे। गणितमा उनले युक्लिड र ओयोलोनियमका सिद्धान्त पढेका थिए जसबाट उनी प्रभावित पनि भएका थिए। त्यसक्रममा उनले गणितमा आधुनिक समयको अडिनेट ज्यामितीको जग बसाले।

उनले आजीवन बिहे गरेनन्। साहित्य, गणित, विज्ञानमै डुबिरहे। उनी रोमान्टिक र रहस्यवादी मुक्तकहरूका लागि प्रसिद्ध छन्। उनी चार पङ्क्तिवाला कविताका लागि प्रसिद्ध छन् जसलाई रूवाई भनिन्छ, जसको अनुवाद संसारका धेरै भाषामा भइसकेको छ।

उनी प्राकृतिक सौन्दर्यमा लठ्ठ परेर त्यसको वर्णन गर्छन् जसमा अलिकति निराशा पोख्छन् र मद्यपानको नशा खन्याउँछन्। उनको पुस्तौनी पेशा पाल जमाउने काम थियो। भनिन्छ सारा युरोप अज्ञानताको घोर अन्धकारमा डुबेको बेला मुस्लिम संसारले खगोलशास्त्र, गणितमा धेरै फड्को मारेको थियो। उनी गणितका ठुला विद्वान, दार्शनिक एवं कवि थिए तर उनको जीवनको अन्तिम दश वर्ष भने घोर निराशमा डुब्यो जसको कारण उनले दरवार पनि छाडे अनि आफ्नै जन्मथलोमा फर्के र त्यही मृत्यु वरण गरेका थिए।

"अरूसँगै मैले पनि ज्ञान-बीज रोपेँ
अनि आफ्नै बाहुले त्यसलाई हुर्काउन मेहनत गरेँ
त्यसबाट मैले फसलका रूपमा जे पाएँ त्यो यत्ति नै हो-
"म पानीजस्तै कहाँ कहाँबाट आएँ र हावाजस्तै कहाँ कहाँ जानेछु ।"

(उमर खैय्याम)

सुफीहरूको प्रेमवाद र खय्यामको प्रेमवादमा धेरै अन्तर रहेको समालोचकहरूको भनाइ पाइन्छ। शारदाप्रसाद घिमिरेले लेखेका छन्, "उमरले सुरा साकीका प्रशंसामा जे जे लेखे त्यही नै तिनको अर्थ हो अथवा बढीमा जीवनको प्रेम नै त्यहाँ प्रकट गरिएको हुन्छ। उमर यत्ति स्वतन्त्र मनोवृत्तिका मानिस थिए कि सूफीहरूकै पाखण्ड तथा आडम्बरलाई पनि उनले उदाङ्गो पार्न बाँकी राखेका थिएनन्। यद्यपि खैय्यामका कवितामा दर्शनको पनि ठुलो महत्व छ

तथापि दर्शनभन्दा माथि शुद्ध काव्यगत विशेषतालाई मात्र हेर्ने हो भने पनि 'प्रेम', 'जीवन', 'वसन्त' तथा 'उद्यान' का सम्बन्धमा रचिएका उनका कवितामा जुन सौन्दर्य पाइन्छ त्यत्ति नै पनि 'उमर' लाई 'अमर' बनाउन काफी छन्।" उमर खैय्याम जीवनको गीत गाउने कवि हुन्। क्षणिक जीवनको महत्व उनका कवितामा जस्तो आकर्षक तथा रङ्गीन रूपमा अरू कसैले प्रस्तुत गरेको देख्न पाइन्न।

जीवनलाई खैय्यामले नियतिको हातको खेलौना मानेका छन्। उमर लोक-परलोक जन्म, जन्मान्तर केही पनि मान्दैनथे। उमर लेख्छन्, "पानी जस्तै म कहाँ-कहाँबाट आएँ र हावा जस्तै कहाँ कहाँ जानेछु।" उमरको यो घोर निराशावादी दर्शन सुखवादीहरूको दर्शन होइन दुःखवादीहरूको दर्शन हो। हुन त फारसी साहित्यका सुफी कविहरूको गणना हुँदा मौलाना, रुमी तथा हाफिजपछि उमर खैय्यामको पनि नाम लिने चलन छ। उनका कवितामा सुफीहरूको अद्वैतवादी प्रेम-दर्शनको झलक पनि पाइन्छ। सुफीहरूका कवितामा पाइने आत्मवादका बदलामा उमरका कवितामा निराशावादकै छायाँ धेर रहेको हुन्छ। तर फिजराल्डले अनुवाद गरेकादेखि बाहेक पनि सुफी भावधाराले ओतप्रोत खय्यामका अनेकन रुवाईहरू पाइन्छन् जसले उनलाई सुफी कविहरूमा गणना गराइछाड्छन्। उदाहरण हेरौँ-

"भगवान् ! मैले कहिल्यै तिम्रो पूजा गरिन न तिमीसम्म पुग्ने प्रयत्न नै गरेँ। परन्तु म यति हुँदा पनि निराश छैन। मलाई तिम्रो कृपाको भरोसा छ। यस कारण कि मैले कहिल्यै आफ्नो मुखबाट एक (अद्वैत) -लाई दुई (द्वैत) भनिन। सदैव मलाई तिनै मात्र ध्यान रह्यो।"

उमर खय्यामका नाउँमा पाइएका सबै कविताहरू रुबाइ मात्र छन्। सुगठित अभिव्यञ्जना-शाक्ति र बहुसन्दर्भित रूपक -सम्पन्न फारसी भाषाका रुवाईमा उमरले आफ्ना कोमल कान्त र सङ्गीतमय भावनाहरूलाई अत्यन्त सुन्दरताका साथ सजाएर संसार सामु राखिदिएका छन्। उमरका कवितामा यति विभिन्न भाव तथा विचित्रता पाइन्छ कि उनका कविताको विभिन्न अर्थ लाग्न सक्छन्। कसैले उनका कवितामा विशुद्ध रहस्यवाद देखे, कसैले त्यहाँ सर्वेश्वरवादको छायाँ देखे, कसैले प्रकृतिवादी दर्शन देखे, कसैले सुखवाद देखे, कसैले दुःखवाद अनि कसैले निराशावाद पनि देखे। आफ्नो मनको स्थितिअनुसार विभिन्न पाठकले उमरका कवितामा विभिन्न अर्थ आरोपित गर्न सक्छन्। यस्तो हुनु कविताको एक विशेष लक्षण नै हो। गद्यमा यस्तो हुँदैन। उमरका समस्त कवितामा यो विलक्षण

विशेषता देख्न पाइन्छ। यस्तो हुनुको एउटा कारण उनको कवितामा पाइने प्रबल दार्शनिक रङ्ग हो। दार्शनिक कवि खैय्यामले सृष्टिको रहस्य जान्न धेरै परिश्रम गरेका थिए। 'जीवन किन ?' भन्ने मनुष्य- हृदयको चिरन्तन प्रश्नले उमरलाई निक्कै सताएको थियो। आरम्भदेखि नै मानिसको हृदयमा यो प्रश्न उठेको हो। मानव-हृदयमा बारम्बार उठिरहने यस जटिल समस्याको पलायनवादी उत्तर जगत् र जगत्को समस्यालाई पनि मिथ्या मानिदिनु हो। उमर खैय्यामका रुवाईहरूमा निहित दर्शन पनि जगत्लाई मिथ्या मान्ने दर्शन हो।

विश्वसाहित्यमा यस्ता चार हरफे कविता रुवाईको लेखन मार्फत उमर खैय्याम प्रसिद्ध छन्। विश्वका महान साहित्यकार भन्ने पुस्तकमा यसो भनिएको रहेछ- "सन् १९१२ मा एउटा ठुलो पानीजहाज समुद्रमा अचानक डुब्यो। जहाजका साथै रत्नगर्भाको गर्भमा हीरा-मोती जडिएको एउटा बहुमूल्य पुस्तक पनि डुब्यो जो उसबेलाको मूल्यअनुसार पनि २२ हजार रुपियाँ पर्थ्यो। पुस्तक उमर खैय्यामकै प्रसिद्ध रुवाईहरूको सङ्ग्रह थियो। तर, मनमा खेद लिनुपर्दैन किनकि यहाँ सबै कुरा व्यर्थ छन्। खेद गर्नु पनि व्यर्थ छ। कुनै दिन हामी पनि महागर्तमा विलीन हुनेछौँ। आज जीवन प्याला रित्तो नहोस्- सार वस्तु त्यत्ति हो। डुब्ने पुस्तककै एक पानामा भएको यो श्लोक हामीले कसरी बिर्सन सक्छौँ र। आहा, हामी पनि माटोमा मिल्नुभन्दा पहिले हातमा बाँकी रहेकोलाई हुनेसम्म उपभोग गरौँ; धुलो धुलोमै मिल्ने छ, धुलैमुन्तिर विश्रान्ति छ, गीत न गायक, सुरा न साकी सबै व्यर्थ छन्- अन्त्य पनि।"

उमर खैय्याम फारसी भाषाका सर्वश्रेष्ठ कविहरूमा एक मानिन्छन्। केही मानिसहरू त फारसीका सबैभन्दा ठुला कवि नै यिनै हुन् पनि भन्छन्। उमर एक महाकवि हुन् भन्ने कुरामा कसैले पनि शङ्का गर्दैनन्।

जीवन, प्रेम, वसन्त तथा उद्वयान विषय उमर खैय्यामले लेखेका रचनाहरू अत्यन्त सुन्दर रहेको मानिन्छ। उनलाई अमर बनाउने तत्त्व यी रचनाहरूमा पाइने बताइन्छ। उनका रचनाहरू दर्शनको पनि ठुलो ठाउँ रहेको बताइन्छ। उनका रचनाहरूमा निराशावादी दर्शन पाइने बताइन्छ। सुफीहरूका कवितामा पाइने आत्मवादको साटो खैय्याममा निराशावाद पाइने आलोचकहरूको भनाइ पाइन्छ।

ख्वाजा निजामी उमर खैय्यामका एक शिष्य थिए। यी ख्वाजा निजामी धेरैजसो उद्यानमा बसेर खैय्यामसँग ज्ञानबारे चर्चा गर्ने गर्दथे। उनले उमरको जीवन को अन्त्यतिरको कुरालाई लिएर लेख लेखेका छन्। उनको लेख-अनुसार एकदिन

खैय्यामले निजामीलाई कुरा गर्दैगर्दा भनेछन् "मेरो समाधि एक यस्तो स्थानमा हुनेछ जहाँ उत्तरी हावा त्यसमाथि पाटल प्रसूनहरूको वर्षा गर्नेछन्।" ख्वाजा निजामीलाई दार्शनिक कविको भविष्यवाणीले महान् आश्चर्य पारेको थियो। तर उमर एक कविका साथै महान् ज्योतिषी पनि हुनाले ख्वाजाले खैय्यामको भविष्यवाणीलाई कवि-कल्पना मात्रै हो भनेर हँसीमा उडाउन सकेका थिएनन्। काम विशेषले ख्वाजालाई त्यसपछि अन्यत्र जानुपरेको भए तापनि घुमी- फिरी उनी धेरै वर्षपछि एक पटक फेरि नैसापुर आएछन्। त्यसै बिच महाकवि उमरले चोला फेरिसकेका रहेछन्। कविको समाधिस्थलको दर्शन गर्न जाँदा ख्वाजा निजामीले कविको अन्तिम शैय्या एक उद्यानको नगैचा फेला पारेछन्। पुष्प भारले नुहेका वृक्षशाखाहरूबाट कविको समाधिमाथि फुल बर्सिँदा रहेछन्। अनि त्यो फुलहरूले समाधिको वेदी पुरा ढाकिएको रहेछ। वृक्ष-शाखाहरूमा गाउने बुलबुल चरी झैँ उमर पनि यो संसारबाट सन् ११२३ मा अल्पिए।

## क. रुवाई

गजलजस्तै रुवाई पनि एकातिर फारसी-उर्दू ढाँचाको फुटकर कविताको एउटा प्रकारविशेष हो भने अर्कातिर फुटकर कविता सिर्जना सम्बन्धी एउटा विशिष्ट छन्दविशेष पनि हो। चार पाउमा पूर्ण हुने कविताविशेष वा तत्सम्बन्धी छन्द-विधानलाई नै रुवाई भनिन्छ। यसलाई नेपालीमा 'मुक्तक' र फारसीमै 'तराना' पनि भन्ने गरिन्छ। अझ गजलका अघिल्ला चारओटा पाउहरूलाई समेत रुवाई भन्ने गरेको पाइन्छ। छन्द-विधानका दृष्टिले रुवाईका लक्षणहरूलाई निम्नलिखित बुँदाहरूमा स्पष्ट पार्न सकिन्छ-

१. रुवाईमा कुल चारओटा समवृत्त पाउहरू हुन्छन्।

२. रुवाईका चारओटा पाउहरूमध्ये पहिलो, दोस्रो र चौथो पाउमा गजलमा जस्तो रदिफ एवम् काफिया आएका हुन्छन्।

३. रुवाईको तेस्रो पाउमा भने रदिफ एवम् काफिया परेका हुँदैनन्। यो पाउ स्वतन्त्र किसिमको हुन्छ।

४. रुवाईको चौँथो पाउ सर्वाधिक महत्त्वको र प्रभावकारी हुन्छ; किनभने यो पाउ नै सिङ्गो रुवाईको सारभूत तत्त्वका रूपमा रहेको हुन्छ।

५. रुवाई जुनसुकै विषय वा प्रसङ्गको पनि हुन सक्तछ, तथापि प्रायःजसो यो नैतिक प्रसङ्गसँग नै बढी सम्बद्ध हुन्छ र यसमा सूक्ति वा उक्ति-वैचित्र्यको प्रधानता रहेको हुन्छ।

## 7.3 ग्रिसेली साहित्यको संक्षिप्त परिचय

विश्व साहित्यको इतिहासमा चर्चित र ख्यातिप्राप्त होमर, सोफ्फो, पिन्डार, एस्किलस, सोफोक्लिज, युरिपाइडिज, एटिस्टोक्रेनस जस्ता साहित्यकारहरू ग्रिसेली साहित्यले जन्माएका साहित्यकारहरू हुन्। ग्रिसेली दार्शनिक, चिन्तकहरू प्लेटो अनि अरिस्टोटल आदिले विश्व साहित्यमै महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्। प्राचीन ग्रिसेली यिनै सर्जकहरूले पछिल्ला युगका लागि अनुकरणीय साहित्यिक रचना र साहित्यतर वाङ्मय सिर्जना गरेका थिए। साहित्यका अनुकरणीय कृतिहरूमा त्यसबेलाका महाकाव्य, नाटक, आत्मजीवनी (सुखान्त, दुःखान्त) इतिहास तथा दर्शनसँग सम्बन्धित साहित्यतर वाङ्मयहरू देखापर्छन्। ग्रिसेली साहित्यको परम्परा लगभग ई. पू. १२ औँ शताब्दीदेखि सुरु भएको हो भन्ने कथनहरू प्रशस्त भेटिन्छन् तापनि ई.पू. दशौँ शताब्दीलाई चर्चित महाकाव्यकार होमरको समय अर्थात् युग मानेर त्यही समयावधिदेखि ग्रिसेली साहित्य प्रारम्भ भएको हो भन्ने मतलाई नै धेरैले स्वीकार गरेका देखिन्छन्।

ग्रिसेली साहित्यको चर्चा र परिष्कारवादी युग विश्वकै प्राचीन जातिहरूले साहित्यलाई आफ्नो अनुभूतिलाई अभिव्यक्ति गर्ने माध्यम बनाएको पाइन्छ। साहित्यका माध्यामद्वारा मानिसका अनुभति र मानवीय मूल्यहरूले अभिव्यक्ति पाउँदै आएका छन्। ग्रिसेली साहित्यकारहरूले साहिहत्यको हरेक विधामा कलम चलाएका मात्र होइनन् हरेक विधालाई विकसित गरी चरमोत्कर्षमा पुऱ्याउने काम समेत गरेका पाइन्छन्। वास्तवमा ग्रिसेली साहित्य विश्वकै सशक्त साहित्य हो र पश्चिमी सभ्यताको प्रराम्भ कालको उत्कृष्ट साहित्य हो। ग्रिसेली साहित्यले विश्व साहित्यको इतिहासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ।

होमरदेखि प्रारम्भ भएको ग्रिसेली साहित्यको विकासक्रमलाई विभिन्न काल खण्डमा विभाजित गरेर अध्ययन गर्ने परम्परा कायम रहेको छ। ग्रिसेली साहित्यको ऐतिहासिक विकास क्रमलाई पनि कतिपय विद्वान्हरूले क्लासिकल युग, हेलनिक युग र ग्रेसोरोमन युग भनी कालखण्डको नामकरण गरेका छन् भने कतिले प्राचीन ग्रिसेली साहित्यलाई ई.पू. ९०० देखि ३२३ सम्मको समयलाई क्लासिककल युग र ई.पू. ३२३ देखि ३११ (ई. को समयलाई अलेकजान्ड्रियन युग भनी नामकरण गरेका छन्। यसबाहेक प्राचीन ग्रिसेली साहित्यको विकास क्रम तथा इतिहासलाई निम्नलिखित चार कालखण्डमा विभाजन गर्नेहरूको लर्को धेर पाइन्छन्-

१) पूर्व एथेनेली काल (ई.पू. दसौँ शताब्दी देखि - ई.पू. पाचौँ शताब्दी सम्म)

२) एथेनेल काल (ई.पू. ५ औँ शताब्दी-ई.पू. चौँथो शताब्दीसम्म)

३) हेलेनिक काल (ई.पू. चौँथो शताब्दी - ई.पू. दोस्रो शताब्दीसम्म)

४) ग्रिसो-रोमन काल (ई.पू. दोस्रो शताब्दी - ई.पू. पहिलो शताब्दी सम्म)

## क) पूर्व एथेनेली काल (ई.पू. १० औँ शताब्दी- पाँचौँ शताब्दी सम्म)

पूर्व एथेनेली काल प्राचीन ग्रीस साहित्यको स्वर्णीम काल हो। ग्रिसेली साहित्यमा देखिएका विश्वप्रसिद्ध महाकाव्य र गीति कविता यसै समयका उपज हुन्। यस समयमा महाकाव्य र गीति कविता प्रशस्त लेखिए। यस समयको आठौँ र नवौँ शताब्दीहरू महाकाव्यीय युग थिए भने छैटौँ र सातौँ शताब्दीलाई महान् गीतहरूको युग पनि भनिन्छ। पाँचौँ शताब्दीमा आएर भने प्राचीन ग्रिसेली साहित्यमा नाटक विधामा महत्त्वपूर्ण उपलब्धि प्राप्त भएको मानिन्छ। यस कालखण्डमा लेखिएका महाकाव्य र गीतिकविता तथा नाटकहरू पछिल्लो युगका निम्ति अनुकरणीय र नमुनात्मक कृतिका रूपमा हेरिन्छ। ग्रिसेली साहित्यमा देखापर्ने प्राचीनतम साहित्य- सिर्जनामा होमरका 'इलियड' र 'ओडिसी'। यसै कालखण्डमा लेखिएका महाकाव्यात्मक कृति हुन्। यी महाकाव्यहरू ग्रिसेली लोकपरम्परामा प्रचलित लोकगाथा र गाथाचक्रलाई सर्जकले आफ्नो व्यक्ति प्रतिभाको प्रयोग गरी लिखित परम्परा बसाल्दा जन्मिन पुगेको मानिन्छ। यो महाकाव्यको युग पश्चात् ई.पू. सातौँ शताब्दीपछि महाकाव्यभन्दा कविता र गीति कविता बढी प्रचलित हुन गए।

होमर र होमरपछिको समयमा पनि होमरकै कृतिको केन्द्रीयतामा कविता काव्यको सिर्जना भएको पाइन्छ। होमरपछि पनि महाकाव्यको परम्परामा कलम चलाउने अरू थप्रै कविहरू भए पनि उनीहरूले होमरका कृतिहरूलाई पछाडि पार्न सकेनन् र आफूले पनि होमरको कवितात्मक प्रतिभालाई छुन सकेनन्। होमरपछि अर्का शक्तिशाली सर्जक हिसियड देखा पर्छन्। महाकाव्यकार हेसियडका 'थियोगिनी' र 'वर्स एन्ड डेज' गरी दुई काव्यहरू प्रकाशित भएको पाइन्छ। हेसियडका काव्यमा देखापर्ने वैयक्तिक अभिव्यक्तिको प्रस्तुति महत्त्वपूर्ण मानिन्छ। हेसियडपछिका काव्यकविताहरूमा आत्मापरकता भन्दा वस्तुपरकताको मात्रा तुलनात्मक रूपमा बढी देखापर्न थालेको पाइन्छ।

सातौँ शताब्दीको थालनीतिर आइपुग्दा वैयक्तिक आत्मापरक अनुभूति भएका काव्यहरू नै सर्वप्रिय विधाका रूपमा विकसित हुन थाले। यी व्यक्तिगत तथा व्यक्तिपरक गीतहरूको लोकप्रियता बढ्नुको साथै यस प्रकारका गीतहरू पनि चार प्रकारका देखिन थाले-

१. समूह- गीत वा कोरस

२. एकल- गीत वा सोलो

३. शोकपूर्ण गीत (शोकपूर्ण काव्य)

४. व्यङ्ग्यात्मक कविताहरू

समूह गीतमा समूह र व्यक्तिको कर्तव्यका बारेमा चर्चा गरिएको पाइन्छ। यस प्रकारका समूहगीतहरू पनि विभिन्न विषयसँग सम्बद्ध रहेका हुन्थे। कुनै गीतहरूमा देवी-देवताहरूको गायन गरिएको हुन्थ्यो भने कुनैमा डायोनिससको स्तुति- गान गाइएको हन्थ्यो। यसै गरी यी कोरस गीतहरूमा वैवाहिक सन्दर्भमा गाइने वीर-योद्धाको (वीरगाथा) चरित्रको चित्रण हुने गरी उसको प्रशंसाका गीतहरू देखिन्छन्। यस प्रकारका समूह गीतहरू संरचनाका दृष्टिले एकसय पक्तिदेखि चारसय पंक्तिसम्मको विस्तारमा रचिएको पाइन्छ। स्टेटोकोरस - (६३० - ५५३ ई.पू.) को सय पक्तिको 'ओरेस्टेइया' शीर्षकको समूह गीत र पिन्डार (५२२ - ४४३ ई.पू.) को 'पिथियन' शीर्षकको चार सय पंक्तिको समूह गीत यसका उदाहरण हुन्।

प्राचीन ग्रिसेली साहित्यमा देखिएका समूह गीतपछि अर्को विधा एकल गीत देखिन्छ। यसप्रकारका गीतिकाव्यहरूमा कथा वा उपदेशलाई प्रयोग गरिएको पाइँदैन। एउटै व्यक्तिले आफ्ना प्रेम भावना, दुःख, सुख कुण्ठा तथा हर्ष र विस्मातलाई अभिव्यक्ति दिएको पाइन्छ। यी गीतहरू सरल र यथार्थपरक पनि रहेका देखिन्छन्। एकल - गीतले गायकको वा लेखकको वैयक्तिक जीवनको आत्मप्रकाशन गरेको पाइन्छ। यस प्रकारका गीतहरूले युवा अवस्थाको पीडादेखि पेय -पदार्थलाई समेत विषयवस्तु बनाएका हुन्थे। विषयवस्तुसँग सम्बन्धित भएको नाताले हेर्दा सामान्य जीवन विषयक गीत, प्रेम सम्बन्धी गीत, यौवनावस्थाका गीत, पेय गीत गरी विविध प्रकारका एकल- गीतहरू रचना भएको देखिन्छ। यस प्रकारका गीतिकाव्य (लिरिक) को रचना गर्नमा एक मात्र केन्द्रीय प्रतिभाका रूपमा लेसबोसकी कवियत्री सोफो (सोफ्फो) देखा परेकी छन्।

सफोको समयवधिमा (ई. पू. ६००) लेखिएका गीत र लेख्ने स्रष्टाहरू मध्ये सोफ्फो र उनका गीतलाई नै श्रेष्ठ र उत्तम मानिएको पाइछ। सफोका प्रेम-गीतहरू अत्यन्त सफल र जनप्रिय हुनाको साथै पछिल्लो पुस्ताका निम्ति अनुकरणीय बनेका थिए। सोफ्फोपछि लेसबसकै अलकाएउसले एकल - गीतहरू लेखेका थिए भन्ने उल्लेख पाइन्छ। नका राजनैतिक गीतमा तत्कालीन समयको ग्रिसेली राजनीतिको झलक पाइन्छ।

ग्रिसेली साहित्यमा देखापरेका शोकपूर्ण गीत- (कविता) रचनाहरूलाई एलेजियाक पनि भन्ने गरेको पाइन्छ। 'एलेजियाक' भनेकै शोकपूर्ण काव्य हो। यस प्रकारका शोक- गीतहरू सुरूमा बाँसुरीसँग मात्रै गाइन्थ्यो भन्ने चर्चा पाइन्छ। तर समयको अन्तरालसँगै पछि पछिका कविहरूले अनेक गम्भीर भावनाहरूको प्रकाशनको माध्यम बनाउँदै आए। यी गीतहरूले प्रेम, विरह, विछोड र नैतिक उपदेशलाई पनि आत्मसात गर्दै आफूलाई अगाडि बढाएका थिए। शोक गीत भनेकै प्रेम विरह, विछोडका कविताहरू हुन्। यस्ता शोकपूर्ण अभिव्यक्तिका पक्तिहरू त्यसबेला आफ्ना प्रियजनको, आफन्तको, प्रेमिकाको वा प्रेमीको चिहानमा वा स्मारकमा अकित गर्ने चलन पनि चलेको थियो। ग्रिसेली साहित्यमा यस प्रकारका गीतहरूमा कालिनस र तिराताएउसका शोकगीतहरूलाई सर्वप्राचीन शोकगीत मानिएको पाइन्छ। व्यङ्ग्यात्मक कविताहरू स्वभावले नै ठट्यौली हुन्छन्। ग्रीकहरू आफ्ना रचनामा पनि व्यङग्यलाई प्रशस्त ठाउँ दिन रुचाएको पाइन्छ। ग्रिसेली व्यङग्य कविहरूले परम्परागत रूपमा चल्दै आएको विकृति, विसङ्गतिप्रति व्यङग्य हान्दै निकै खिल्ली उडाएर कविताहरू रचना गरेको देखिन्छ। प्राचीन ग्रिसेली साहित्यमा व्यङग्य कविता परम्पराका विकास भएको पाइन्छ। व्यङयलाई प्रयोग गरी महाकाव्यसम्म लेखिएको थियो भन्ने पाइन्छ। 'भ्यागुता र मुसाको युद्ध' यी रचनाहरूले व्यङग्यलाई त्यति सशक्त रूपमा स्तरीय ढङ्गले प्रस्तुत गर्न नसके पनि एउटा प्रवृत्तिको नेतृत्व गरेको पाइन्छ भन्ने समालोचतकहरूको मत पाइन्छ। अकिलोकस (ई. प.५८६) द्वारा सम्पादित यो कृति व्यङ्ग्य कविताहरूको सङ्गालो हो भनिएको पाइन्छ। यो सङ्ग्रह नै वास्तवमा ग्रिसेली साहित्यको पूर्व एथेनेली कालको व्यङ्ग्यात्मक कविताको लोकप्रिय सामग्रीका रूपमा मानिन्छ। यो व्यङ्ग्यात्मक कविता परम्परा पछि गएर पुरातन 'एट्टिक कमेडी' मा परिणत हुन पुगेको अनुमान गरिएको छ।

## ख. एथनेली काल (ई. पू. पँचौँ शताब्दी ई.पू. चौँथो शताब्दीसम्म)

लगभग दुई सय वर्षको समयवधिसँग हुर्किएको ग्रिसेली साहित्यमा यो काल परिष्कारवादी नाटकको समय रहेको पाइन्छ। यस अवधि साहित्यकारहरूको केन्द्र एथेन्स भएकोले एथेनेली काल नामकरण गरिएको मानिन्छ। पूर्व एथेनेली काल महाकाव्य र कविता लेखनका दृष्टिले अत्यन्त उर्वर रह्यो भने यो काल नाटकको रचनाका दृष्टिले उर्वर बन्न पुग्यो। यस कालमा सुखान्त र दुःखान्त दुवै खालका नाट्यकृतिहरू देखापरे। नाटकको साथ- साथै वक्तृत्त्व शास्त्रले पनि यस चरणमा साहित्यक विधाको स्वरूप धारण गरेको पाइन्छ। यस युगमा इतिहास, दर्शन र विज्ञान जस्ता विषयहरूले पनि साहित्यिक स्वरूप ग्रहण गरेको देखिन्छ। साहित्य गद्य- रचनातिर उत्साहित बन्दै गएको थियो। विविध प्रकारका साहित्यक विधाको स्वरूप देखिए पनि यो काल नाटककार र नाटकको वर्चस्व र आधिपत्य जमेको युग हो। ग्रीक दुःखान्त नाटकको पाँचौँ शताब्दीको इतिहासमा एथेन्सका तीन महान् कविहरू एस्किलस, सोफोक्लिज र युरिपिडिजको गौरव गाथा पाइन्छ। यस युगका प्रथम दुःखान्तकार एस्किलस (ई.पू.५२५-४५६) हुन्। यिनैले दुःखान्तको स्वरूप प्रस्तुत गरेको मानिन्छ। दुःखान्तक नाटकका कथावस्तु पौराणिक कथामा नै आधारित हुने पाइन्छ। धार्मिक तथा नैतिक महत्त्वका विषयहरू प्रदर्शन गर्ने दुःखान्तक नाटकहरूले भाग्यको दुःखान्तक परिवर्तनको माध्यमले दर्शकहरूलाई आनन्द प्रदान गर्थे। एस्किलसले पाँचासौँ नाटकहरू लेखे पनि उनका आधा दर्जन जति मात्रै प्राप्त छन् भन्ने उल्लेख छ। एस्किलसपछि देखापर्ने दुःखान्तक नाटककार सोफोक्लिज  ई. पू. ४९६- ४०६) हुन्। उनले पनि सयौँ नाटकहरू लेखेको चर्चा भए पनि ६, ७ वटा मात्र उपलब्ध रहेको उल्लेख पाइन्छ। उनका नाटकमा दैवी चित्रण भन्दा मानवीय चित्रणलाई प्राथमिकता दिइएको पाइन्छ। यसपछि देखापर्ने अर्का महान् नाटककार युरिपिडिज (युरिपाइडिज) हुन्। उनले पनि सयौ कृति लेखेको चर्चा गरिए पनि झन्डै डेढ दर्जन जति प्राप्त छन् भन्ने उल्लेख गरिएको छ।

ग्रिसेली साहित्यमा दुःखान्तक नाटकको समयपछि सुखान्तक नाटकको थालनी हुन्छ। ई.पू. ४८६ मा आयोजित नाटकीय प्रतियोगिताले पनि सुखान्तक नाट्य -परम्पराको विकासमा सहयोग पुऱ्याएको पाइन्छ। त्यसबेला 'महान् डायोनेसिया' मा यस्ता प्रतियोगिता हुने गर्थे र कविहरूले (नाटककारहरूको) एउटा एउटा

रचना पेश गर्न पाउने व्यवस्था थियो। यी प्राचीन प्रहसनका रचनाहरूले गर्दा नै पछि गएर सुखान्तक नाटक लेख्ने प्रेरणा मिल्यो।

यी प्राचीन प्रहसनका रचनाकारहरूमा केटिनस, क्रेट्स, युपोलिसको नाम लिइन्छ तापनि सुखान्तक नाटककारहरू मध्ये प्राचीन कमेडीका प्रमुख रचनाकार एरिस्टोफेनिसलाई नै मानिन्छ। एरिस्टोफेनिसको समयमा (ई.पू. ४५०- ३८५) लेखिएका उनका नाटकहरू आज पनि प्राप्त छन् भन्ने उल्लेख पाइन्छ। उनका नाटकहरूमा सामाजिक विकृति र विसङ्गतिप्रति हास्य - व्यङग्य गरेको देखिन्छ। यस कालमा लेखिएका कमेडीहरूमा एरिस्टोफेनस भन्दा अगाडिका नाटकहरूलाई प्राचीन कमेडी (old comedy) भनिन्थ्यो र उनीबाट 'माध्यमिक कमेडी' को थालनी भएको मानिन्छ। यी माध्यमिक कमेडीका प्रमुख प्रतिनिधि कविहरूमा एलेक्सिस र एण्टिकेनिसको नाम लिने गरिन्छ। यसैगरी ई.पू. ३३६ तिर 'नयाँ कमेडी' New comedy) को थालनी भएको थियो। जीवित र यथार्थिक पात्रहरूलाई पूर्ण बहिष्कार गरी काल्पनिक चरित्रको उपस्थिति हुन थालेपछि नयाँ कमेडीको प्रारम्भ भएको मानिन्छ। यस्ता नयाँ कमेडी लेख्नेहरूमा फिलेमोन, डिफिलस र भनान्दर हन। यी रचनाकारहरू मध्ये भेनान्दर प्रमुख मानिन्छन्। यस समय विविध प्रकारका कमेडी देखापर्नु महत्त्वपर्ण उपलब्धि हो। यस एथेनेली कालको अर्को महत्त्वपूर्ण उपलब्धिका रूपमा वक्तृत्त्व विधाको थालनी हुनु हो। यस समयमा 'डायलग' (Dialogue) हरूको रचना भएको देखिन्छ। यी डायलगहरूले साहित्यक रूप धारणा रका हुनाले प्राचीन ग्रिसेली साहित्यको इतिहासमा यसको पनि महत्त्वपूर्ण स्थान छ। हास, दर्शन र राजनीतिको क्षेत्रमा समेत उत्तिकै महत्त्वपूर्ण निर्देशन र जानकारी हुन यस प्रकारका डायलगहरू प्रशस्तै लेखिएको पाइन्छ।

**ग. हेलेनिक काल (ई.पू. ३२० - १५०ई.पू.)**

ग्रीक संसारमा परिर्वतन ग्रिसेली सम्राट अलेक्जान्डरको अन्त्य (ई.पू. ३२३) भएपछि आयो भनिन्छ। ग्रीसमा नयाँ हेलेनी राज्यका राजाहरूको ठुलो प्रभाव पऱ्यो। यी हेलेनी राजा र अलेक्जान्ड्रियाका शासकहरूले ग्रिसेली साहित्यको विकासमा ठुलो प्ररेणा र टेवा प्रदान गरेको मानिन्छ। त्यसकारण यो अवधिलाई हेलेनिक काल भनेर चिन्ने गरियो। यस कालमा देखापरेका साहित्यक रचनाहरूले खासै नयाँ प्रवत्तिको निर्माण गर्न सकेका छैनन्। कमेडीका रूपमा देखापर्दै आएको साहित्यिक विधाले दुःखान्तक नाटकको रूप लिएको देखिन्छ। यो काल

निरन्तरताको दृष्टिले जति महत्त्वपूर्ण छ त्यति उत्कृष्ट कति रचनाका दृष्टिले उल्लेख्य रहेन भन्ने समालोचकहरूको मत पाइन्छ। यस युगका चर्चित प्रख्यात कविहरूमा थिओक्रिटसको नाम उल्लेख पाइन्छ। उनले ग्रामीण जीवनसँग सम्बन्धित कविताहरू लेखेका पाइन्छन्। प्रकृति र 'जीवनलाई चित्रित गर्ने यी कविका कविता अझसम्म अनुकरणीय रहेको उल्लेख हा। थिओक्रिटस जस्तै अर्का प्रमुख कविका रूपमा क्यालिमेकस (ई.पू. ३७०-२४०) देखा पर्दछन्। उनका रचनाहरूमा हार्दिकता भन्दा बौद्धिकता ज्यादा भएकोले निकै जटिलता रहेको अनुभव गरिन्छ। उनको 'एर्गोनान्टिका' नामक कृति पाइन्छ। यस कालको चर्चित काव्यका रूपमा 'अलेक्जान्डर' प्राप्य छ जसको रचनाकार लाइकोफोन हुन्। यो कृति पनि होमरका महाकाव्यका तुलनामा क्लिष्ट र जटिल मानिन्छ। यसै गरी ई.पू. १९५० मा इजिप्टमा फेलापारिएको 'दी व्याड ट्याम्पर्ड म्यान' पाण्डुलिपि ई.१९५९ मा प्रकाशित गरिएपछि यसका लेखक मेनान्दर ग्रिसेली साहित्यका यस कालका नयाँ दुःखान्तका महान् सर्जक बन्न पुगेका छन्।

## घ. ग्रिसो-रोमनकाल (ई.पू. दोस्रो शताब्दी- ई. सन् को पहिलो शताब्दी)

यस युगमा ग्रीक र रोमन महापुरुषको जीवनी र दार्शनिक तथा नैतिक यहरूका सङ्कलन 'मोरालिया' जस्ता कृतिहरू देखापरे। यस्ता कृतिहरूको रचना गरेर प्लटाईले (ई. सन्. ५०- १२०) आफूलाई श्रेष्ठ स्रष्टाको रूपमा देखाएका छन्। यस कालमा गद्याख्यानको विकास भएको पाइन्छ। गद्याख्यान (रोमान्स) यस समयको नयाँ विधाको रूपमा देखा पर्नाले पछिल्लो कालको नवीन उपलब्धिलाई सङ्केत गर्दछ। यस युगको गद्याख्यान 'डायनिस एन्ड फोली' नै प्राप्य कृति हो जसको रचनाकार लोगस हुन् भन्ने उल्लेख पाइन्छ। यस कृतिमा लोक तत्त्वबाट कसरी नयाँ विधाको जन्म र विकास हुन्छ भन्ने कुरा देखाइएको छ। यस युगमा साहित्यिक समालोचना शास्त्रको पनि केही प्रगति भएको पाइन्छ। साहित्यिक समालोचनाको क्षेत्रमा कलम चलाउने विद्वान् डायोनिसस थिए भने साहित्यिक शैली सम्बन्धीका ग्रन्थ लेख्ने लेखक डोमोट्रियम यस युगका उपज थिए। वक्तृत्त्व शास्त्र अर्थात् भाषण- शास्त्रको विकास गर्ने कार्यमा लुसियन अग्रणी रूपमा देखापर्दछन्। उनका उत्कृष्ट र व्यङ्ग्यात्मक रचनाहरू 'मरेकाहरूको वार्तालाप' र 'देवताहरूको वार्तालाप' हुन्। यी वार्तालापहरूमा सम्पूर्ण ग्रीक - परम्परा, धर्म -संस्कार, उपाख्यान र दर्शनमाथि तीब्र तर मिठासपूर्ण व्यङग्य गरिएको पाइन्छ।

लुसियनको मूल प्रवृत्ति व्यङ्ग्य भएकोले यी रचनाहरूमा देखिने व्यङ्ग्य पनि निकै स्तरीय र घतिला देखिन्छन्। अन्तमा यस युगका प्रमुख देनहरूमा उपन्यासको थालनी हुनु र लुसियन उत्कृष्ट साहित्यकारका रूपमा स्थापित हुनु अर्थात् देखापर्नु यस कालकै उपलब्धि मानिन्छ।

## 7.4 महाकाव्यकार होमर

प्राचीन ग्रिसेली साहित्यको परिष्कारवादी धारा ई. पू. दसौँ शताब्दीमा नै प्रारम्भ भएको थियो। महाकाव्यकार होमरका 'इलियड' र 'ओडिसी' नै युरोपका प्राचीनतम् साहित्य सिर्जना मानिन्छन्। होमर ग्रिसेली परिष्कारवादी धाराका प्रथम सशक्त महाकाव्यकार हुन्। विश्व प्रसिद्ध महाकाव्यकार होमरका जीवन सम्बन्धी धेरै कुराहरू अज्ञात नै छन्। होमर व्यक्ति र सम्प्रदाय जेसुकै भए पनि उनको समय ई.पू दसौँ शताब्दी मानिएको छ र उनका महाकाव्यको रचनाकाल पनि त्यही समय ठहऱ्याइएको छ। 'इलियड' र 'ओडिसी' पश्चिमी साहित्य जगत्का विश्वविख्यात महाकाव्य हुन्। यी दुवै महाकाव्यले बाह्रौँ शताब्दीमा ट्रयलाई विध्वंश गर्ने एकियन वीरहरूको कथालाई विषयवस्तु बनाएका छन्। यी महाकाव्यमा केही कथावस्तुगत समानता भए पनि विषय भने अलि बेग्लै बेग्लै पारामा उभ्याइएको पाइन्छ।

**इलियड :** (ILIAD) इलियड शब्दको व्युत्पत्ति इलिओस शब्दबाट भएको पाइन्छ। इलियड कुनै एउटा प्रान्त विशेषका नाम को कालान्तरमा इलिओस -बाट इलियड शब्दको पुनर्निर्माण भएको मानिन्छ। वास्तवमा इलिओस र इडिओट शब्दको प्राचीन नाम हो टोरी अनि यो टोरी एउटा प्राचीन नगर हो। अतः प्रस्तुत महाकाव्यमा टोरी नगरमा घटेका विभिन्न घटना विवरणहरू वर्णित र चित्रित पाइन्छन्। ई. पूर्व बीसौँ शताब्दीका ग्रिसेली युद्धको वर्णन, युद्ध समाप्ति पछिका वीरताका कथाहरू सङ्गीत बाजागाजा तथा सांस्कृतिक कलात्मक तथ्यहरूलाई चिनाउन इलियड महाकाव्यको विशेषता रहेको देखिन्छ। महाकाव्यका दुई मूल पात्रहरू यागम्मेमन र अखिलिस माझ एउटी कमारी युवती लिएर भएको झगडाको सूत्रपात देखी ट्रय नगरका सबै बासिन्दामा फैलिएको असामान्य स्थिति र उथलपुथलको इतिवृत्त प्रस्तुत महाकाव्यमा सजीव रूपमा वर्णित पाइन्छन्।

**ओडिसी** (Odiyssey): ओडिसी शब्दको व्युत्पत्ति पनि ओडिस्युन शब्दबाट भएको थाहा पाइन्छ। आडिस्युन ट्रय नगरवासीका एक वीर प्रतिनिधि पुरुष मानिन्छन्। अत: ओडिसी महाकाव्यमा पनि तिनै ग्रिसेली ट्रोयली (Troyli) युद्धको घटना विवरण र युद्धपछि बाँचेका ग्रिसेली वीरहरू मध्ये ओडिस्युन नामक वीरको भूमिकालाई वर्णन गरिएको पाइन्छ। ओडिस्युनलाई ग्रिकवासीहरू समुद्रका देवता मान्दथे र तिनका सङ्घर्ष सधैँ विपरीत चरित्रका देखिने दानवी र राक्षसी स्वभावमा व्यक्तिसँग द्वन्द्व र सङ्घर्ष हुन्थ्यो। अन्त्यमा ओडिस्युनको विजयी देखाइएको छ, सत्रुतामाथि मित्रताको जित देखाइएको र अनि यिनै घटना विवरण ओडिसी महाकाव्यको मूत कथावस्तुका रूपमा वर्णित पाइन्छ।

'इलियड' महाकाव्यमा ग्रिसेलीहरूको युद्ध र ट्रयहरूको पतनको दुःखद् कथा छ भने 'ओडिसी' मा ग्रिसेली युद्धका वीर योध्दा ओडिससको यात्रा - वृतान्तको कथात्मक वर्णन छ। यी दुवै महाकाव्यले ग्रिसेली इतिहासको यथार्थलाई चित्राङ्कन गरेको पाइन्छ। परम्परित र ऐतिहासिक विषयवस्तुका यी कथाहरू होमरको मौलिकता र सिर्जनात्मक प्रतिभाले अत्यन्त आकर्षक ढङ्गमा रङ्गिएका छन्। 'ओडिसी'-मा भन्दा 'इलियड' महाकाव्यमा धेरै उपकथाहरूको उपस्थिति पाइन्छ। यसरी एउटा केन्द्रीय कथाभित्र अन्य उपकथाको उपस्थिति पाइनु 'इलियड' महाकाव्यको आफ्नै निजी विशेषता हो। यी दुवै महाकाव्यमा चरित्रगत विविधता पाइन्छ। दवै महाकाव्यले मानवीय र दैवीशक्तिका चरित्रलाई अङ्कन गरेका छन्। देवता (ईश्वरीय पात्र) र मनुष्य दुवै चरित्रको आवश्यक र सन्तुलित उपस्थितिले कथानकको रोचकता र सार्थकतालाई पुष्टि गरेका छन्। देवता पात्रहरूको चरित्र एकै किसिमको देखापर्छ भने मनुष्य चरित्रका विविध पक्षहरूको चित्रण हुन गएको छ। यी दुवै महाकाव्यले मानिसका तल्लो तहका चरित्रदेखि उपल्लो तहका व्यक्ति चरित्रलाई उभ्याएका छन्। कुटिल र जटिल, उदार र उच्च, स्वार्थी र निर्दयी, स्वाभिमानी र घमण्डी, नैतिक, सामाजिक सबै चरित्रहरूले समान सन्तुलित अनि व्यवस्थित किसिमले चित्रित हुने अवसर यी महाकाव्यमा प्राप्त थरेका छन्। घमण्डी र आत्मकेन्द्री प्रकारका चरित्रहरू एकातिर छन् भने अर्कातिर चाडै रिसाउने र सताउने दुष्ट प्रवृत्तिका चरित्रहरू छन्। यी महाकाव्यहरूमा देख्दा रिसाहा र निर्दयी जस्तो लाग्ने पात्र घटनाक्रममा भित्रीमनमा दयालु र उपकारी देखिन्छन् भने वाह्य रूपमा चिप्लो मसिनो र मायालाग्दो पात्र भित्री रूपमा कुटिल र परपीडक देखा पर्छन्। यसरी होमरले आफ्ना महाकाव्यका पात्रहरूलाई सांसारिक जीवनमा देखा पर्ने मानवीय प्रवृति

र स्वभावका आधारमा विविधमय प्रकारले चित्रण गरेका छन्। उनका नारी पात्रहरू पनि सहासी, उत्साही र सशक्त देखा पर्छन्। होमरले आफ्नो होसियार, चतुर र स्रोत सम्पन्न चरित्रलाई भाग्यले धोका दिएर ठगिएको रूपमा चित्रण गर्दै कथानकको संरचना गरेका छन्। चारित्रिक कमजोरी र भुलका कारण भन्दा भाग्यका कारण उनका सशक्त पात्रहरू दुखित र व्यथित हुन पुग्छन्। विद्वान्हरूले भनेअनुसार  होमरका महाकाव्य मौखिक परम्परामा सुन्ने सुनाउने किसिमले लेखिएको हुनाले पाठ्यका दृष्टिले त्यति महान् देखिँदैनन्। तर पनि यी महाकाव्यहरूले प्राचीन ग्रिसेली समाजको अति प्राचीन आख्यानलाई स्पष्ट पार्न सकेका छन्, ग्रिसेली समाजमा प्रचलित गाथा र गाथाचक्रलाई होमरको प्रतिभाको मौलिक स्पर्श रह्यो। होमरको यही मौलिक स्पर्शले ग्रिसेली वीरता र गौरवको गायन विश्वविख्यात हुन पुग्यो। ग्रिसेली युद्ध कथासँगै प्रेम कथाको प्रासङ्गिक कथाले प्रत्येक पाठकका हृदयमा एउटा चस्को र घोचिरहने हुनाले यी महाकाव्य अविस्मरणीय साहित्यिक निधि बन्न पुगेको मानिन्छ। 'इलियड' महाकाव्य दुःखान्तमा टुङ्गिएको छ भने 'ओडिसी' दुःखान्तक घटनाको प्रस्तुति गर्दै सुखान्तको परिणतिमा उभिएको छ। यी महाकाव्यले आत्मसात गरेको प्राञ्जल र लयात्मक भाषाशैली होमरको महाकाव्यकारिताका विशेष गुण हुन्। दवै महाव्यमा देखिने उपमा र उपयुक्त शब्द चयनले महाकाव्यलाई साङ्गीतिक लयचेतना प्रदान गर्न सहयोग पाएका छन्। काव्यिक अलङ्कार पनि सामान्य जन-जीवनबाट टिपिएर प्रस्तुत गरिएको हुनाले पनि हार्दिक र प्रभावकारी बनेका छन्। सरल र वर्णात्मक शैलीमा जीवनको कथालाई सरलताकासाथ व्यक्त गरिएको हुनाले काव्यिक आनन्द प्राप्त हुन्छ। महाकव्यगत सौन्दर्यको अपूर्व छटा भेटिने र ग्रिसेली वीरगाथा र यात्रा प्रस्टिने भएकोले यी महाकाव्य विश्व विख्यात हुन पुगे र सबैद्वारा रुचिका साथ पढ्ने गरिन्छ। प्राचीन ग्रिसेली साहित्यमा परिष्कावादी युगको नै नेतृत्त्व गरी उत्तरवर्ती कालका सष्टाहरूले उछिन्न र भेट्न समेत नसक्ने उच्च शिखरमा पुगेका यी कृतिका स्रष्टा होमर विश्व साहित्यकै महान् महाकाव्यकारका रूपमा देखा पर्दछन्।

विद्वान्हरू अनुसार पूर्वीय साहित्य संसारमा बाल्मिकी जति चर्चित छनः पाश्चात्य साहित्यमा होमर त्यो भन्दा बढी चर्चित र प्रख्यात छन्। नैतिक भाव र काव्यात्मक भावको अपूर्व समन्वितिले यी दुवै महाकाव्यलाई पाश्चात्य साहित्यकै अमूल्य निधिका रूपमा स्थापित गराएको छ।

## 7.5 उपसंहार

यसरी नै विस्व साहित्यमा फारसी साहित्यको योगदान महत्त्वपूर्ण मानिन्छ। खडी बोली हिन्दीमा लेख्ने हिन्दीका प्रथम कविका रूपमा पनि अमिर खुसरोलाई चिनिन्छ। अमिर खुसरो फारसी भाषाका प्रसिद्ध गजलकार तथा ऐतिहासिक गद्यकार मानिन्छन्। उनको फारसी र हिन्दीका अतिरिक्त अरवी र उर्दू भाषाका पनि ज्ञाता रहेका अमिर खुसरोका आख्यानात्मक गजलहरू तया गद्य रचनाहरू आदरपूर्वक पाढिन्छन्।

यसरी नै उमर खय्याम का रुवाईहरू एक विश्वप्रसिद्ध कविता मानिन्छ। उनको रुवायत पढेको हुने वा न हुनेलाई एक किसिमले सभ्य संसारमा साहित्यिक रसिकताको मापदण्ड माने पनि हुन्छ। अर्थात् यो कविता पढेको व्यक्ति सक्कली रसिक हो र नपढेको व्यत्ति सो रसिक होइन भन्ने किसिमको एक मोटामोटी हेक्का बनाए हुन्छ, भनी नेपाली समालोचक यदुनाथ खनालले भनेको पाइन्छ

ग्रिसेली दार्शनिक, चिन्तकहरू प्लेटो अनि अरिस्टोटल आदिले विश्व साहित्यमै महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्। विश्व साहित्यको इतिहासमा चर्चित र ख्यातिप्राप्त होमर, सोफ्फो, पिन्डार, एस्किलस, सोफोक्लिज, युरिपाइडिज, एटिस्टोक्रेनस जस्ता साहित्यकारहरू ग्रिसेली साहित्यले जन्माएका साहित्यकारहरू हुन्। प्राचीन ग्रिसेली यिनै सर्जकहरूले पछिल्ला युगका लागि अनुकरणीय साहित्यिक रचना र साहित्यतर वाङ्मय सिर्जना गरेका थिए। ग्रिसेली साहित्यको चर्चा र परिष्कारवादी युग विश्वकै प्राचीन जातिहरूले साहित्यलाई आफ्नो अनुभूतिलाई अभिव्यक्ति गर्ने माध्यम बनाएको पाइन्छ। होमरदेखि प्रारम्भ भएको ग्रिसेली साहित्यको विकासक्रमलाई विभिन्न काल खण्डमा विभाजित गरेर अध्ययन गर्ने परम्परा कायम रहेको छ। होमर अनि उनीपछिका साहित्यकारहरूले ग्रिसेली साहित्य तथा विश्व साहित्यलाई राम्रा साहित्यिक कृतिहरू दिएका पाइन्छन्। होमरकृत 'इलियड' र 'ओडिसी' पश्चिमी साहित्य जगत्का विश्वविख्यात महाकाव्य हुन्।

## 7.6 सार

यस प्रखण्डमा फारसी साहित्यकार अमिर खुसरो, उमर खैय्याम र ग्रिसेली साहित्यको सङ्क्षिप्त सर्वेक्षण तथा होमरको साहित्यिक परिचय अध्ययन गरियो। प्रप्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- ग्रिसेली साहित्यका दार्शनिक, चिन्तकहरू प्लेटो अनि अरिस्टोटल आदिले विश्व साहित्यमै महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्।
- विश्व साहित्यको इतिहासमा ग्रिसेली साहित्यकार होमर चर्चित र ख्यातिप्राप्त छन् भने उनका महाकाव्य इल्लियड र ओडेसी सर्वाधिक चर्चित पइन्छ।
- विश्व साहित्यमा फारसी गजलका निम्ति अमिर खुसरो प्रशंसित पाइन्छ।
- विश्व साहित्यमा चार हरफे रुवाईतका निम्ति उमर खैय्याम प्रशंसित पाइन्छ।

## 7.7 अनुशीलन

1. ग्रिसेली साहित्यको अध्ययनबाट प्राप्त हुने उपादेयताहरू औँल्याउनुहोस्।
2. होमरको काव्य-प्रतिभाको चर्चा गर्नुहोस्।
3. रुवाई भनेको के हो? यो कस्तो हुन्छ?
4. उमर खैय्यामको साहित्यिक परिचय लेख्नुहोस्।
5. अमिर खुस्रोको साहित्यिक परिचय प्रस्तुत गर्नुहोस्।

## 7.8 अतिरिक्त अध्ययनका निम्ति सन्दर्भ ग्रन्थ

| | |
|---|---|
| ताना सर्मा | पश्चिमका केही महान् साहित्यकार |
| ने रा प्र प्र | विश्व साहित्यको रूप-रेखा |
| राजनारायण प्रधान | विश्वका महान् साहित्यकारहरू |

यस अतिरिक्त विभिन्न पत्र-पत्रिका अनि वेभसाइट-विकिपिडिया पनि अध्ययन गर्न सक्ने छन्।

## 7.9 मूल्यवृद्धिका निम्ति उत्तर

नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –

Notes

1. उमर खैय्यामको रूवायतमाथि चर्चा गर्नुहोस्।

---

---

(प्रश्न 1 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 7.2 खण्डमा उत्तर खोज्न सक्नेछन् )

2. इल्लियडमाथि टिप्पणी लेख्नुहोस्।

---

---

(प्रश्न २ को मूल्यवृद्धिका निम्ति विद्यार्थीले **7.4** खण्डमा उत्तर खोज्न सक्नेछन्)

3. ओडेसी कस्तो काव्य हो? विश्लेषण गर्नुहोस्।

---

---

(प्रश्न 3 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले **7.4** को खण्डमा उत्तर खोज्न सक्नेछन्)

4. रुवाई कस्तो किसिमको कविता हो? जानकारी गराउनुहोस्।

---

---

(प्रश्न 4 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 7.2 अन्तर्गत उत्तर खोज्न सक्नेछन् )

5. होमरको साहित्यिक योगदानको मूल्याङ्कन गर्नुहोस्।

---

---

(प्रश्न 5 को मूल्यवृद्धिका निम्ति विद्यार्थीले 7.4 खण्डअन्तर्गत उत्तर खोज्न सक्नेछन्)